महालेखापरीक्षकको
छैटौं वार्षिक प्रतिवेदन
२०८१

लुम्बिनी प्रदेश



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

महालेखापरीक्षकको
छैटौं वार्षिक प्रतिवेदन
२०८१


लुम्बिनी प्रदेश



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

महालेखापरीक्षकको
छैटौं वार्षिक प्रतिवेदन
२०८१

लुम्बिनी प्रदेश



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)



जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)



राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)



निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

नेपालका महालेखापरीक्षक

अनामनगर, काठमाडौं, नेपाल
पोष्ट बक्स नं: १३३२८

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

पत्र संख्या : २०८०।८१
च.नं. : १४५

मिति : २०८१।२।१३

विषय : वार्षिक प्रतिवेदन ।

माननीय प्रदेश प्रमुखज्यू,
प्रदेश प्रमुखको कार्यालय,
लुम्बिनी प्रदेश, बुटवल, रुपन्देही ।

नेपालको संविधानको धारा २४१ बमोजिम लुम्बिनी प्रदेशको आर्थिक वर्ष २०७९।८० को लेखापरीक्षण सम्पन्न गरी धारा २९४ को उपधारा (३) बमोजिम वार्षिक प्रतिवेदन पेस गरेको छु ।

(तोयम राया)
महालेखापरीक्षक

फोन नम्बर: ५९१९१६३ फ्याक्स: ४२६८३०९ इमेल: oagnep@ntc.net.np/info@oag.gov.np वेब: www.oag.gov.np

विषय-सूची

परिच्छेद	शीर्षक	पृष्ठ
महालेखापरीक्षकको भनाइ		
लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति		
एकीकृत वित्तीय विवरणउपर लेखापरीक्षण प्रतिवेदन		
परिच्छेद १	**लेखापरीक्षण गरिएका निकायको विवरण**	१
परिच्छेद २	**लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति**.....	५
परिच्छेद ३	**लेखापरीक्षणबाट देखिएका समष्टिगत स्थिति**	९
	खण्ड - १ : प्रदेश मन्त्रालय र निकाय	
	१. प्रदेश सभा सचिवालय	१७
	२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१९
	३. आन्तरिक मामिला, कानुन तथा सहकारी मन्त्राल	२७
	४. आर्थिक मामिला मन्त्रालय	३३
	५. उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय	४४
	६. कृषि तथा भूमि व्यवस्था मन्त्रालय	५१
	७. खानेपानी, ग्रामीण तथा सहरी विकास मन्त्रालय	५७
	८. भौतिक पूर्वाधार विकास मन्त्रालय	६८
	९. वन तथा वातावरण मन्त्रालय	७५
	१०. सामाजिक विकास मन्त्रालय	८२
	११. स्वास्थ्य मन्त्रालय	९०
	१२. प्रदेश योजना आयोग	१००
	१३. प्रदेश लोक सेवा आयोग	१०४
	१४. मुख्य न्यायाधिवक्ताको कार्यालय	१०६
	खण्ड - २ : स्थानीय तह	१०७
परिच्छेद ४	**लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिती**	११३
परिच्छेद ५	**भविष्यमा गर्नुपर्ने सुधार**	११५
	अनुसूचीहरू	११९

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ र लेखापरीक्षण ऐन, २०७५ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय, पूर्ण स्वामित्व भएका संगठित संस्था वा निकायको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । नेपालको संविधानको धारा २९४(३) र लेखापरीक्षण ऐन, २०७५ को दफा १९(४) बमोजिम महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष वार्षिक प्रतिवेदन पेस गर्ने व्यवस्था रहेको छ । सोका अतिरिक्त लेखापरीक्षण मानदण्ड, मार्गदर्शन, निर्देशिका, वार्षिक लेखापरीक्षण योजना तथा असल अभ्याससमेतको आधारमा प्रदेश सरकारका निकायको आर्थिक वर्ष २०७९।८० र बक्यौतासमेत विनियोजन, राजस्व, धरौटी, र अन्य कोषहरूको लेखापरीक्षण सम्पन्न गरी यो वार्षिक प्रतिवेदन तयार गरिएको छ । प्रदेश सरकारतर्फ यो छैटौं वार्षिक प्रतिवेदन हो । प्रतिवेदनमा लेखापरीक्षण गरिएका निकायको विवरण, लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति, लेखापरीक्षणबाट देखिएका समष्टिगत स्थिति, लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति र भविष्यमा गर्नुपर्ने सुधार समावेश गरिएको छ ।

यो वर्ष जोखिम सूचकका आधारमा विश्लेषण गरी निकायहरूलाई उच्च र न्यून जोखिममा वर्गीकरण गरिएको छ । उच्च जोखिमयुक्त निकायको विस्तृतरूपमा स्थलगत र न्यून जोखिमयुक्त निकायको प्रमाणित वित्तीय प्रतिवेदन र आन्तरिक लेखापरीक्षण प्रतिवेदनका आधारमा लेखापरीक्षण गरिएको छ । नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (नाम्स) मार्फत् लेखापरीक्षणका कार्यहरूको व्यवस्थापन गरिएको छ । लेखापरीक्षणको गुणस्तर कायम गर्न एवं प्रदेशगत रुपमा प्रतिवेदनमा एकरुपता कायम गर्ने प्रयास गरिएको छ। लेखापरीक्षणको क्रममा लेखा उत्तरदायी अधिकृतलगायत सम्बद्ध पक्षसँग छलफल गरी प्राप्त राय, सल्लाह र सुझावसमेतलाई आधार लिई प्रतिवेदन तयार गरिएको छ ।

यो वर्ष प्रदेश सभा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित प्रदेश सरकारका मन्त्रालय र मातहतका सरकारी कार्यालय तथा समिति र अन्य संस्थासमेत २८९ निकायको रू. ५७ अर्ब ९१ करोड ५९ लाख २९ हजारको लेखापरीक्षण सम्पन्न भई रू.१ अर्ब १२ करोड ६३ लाख ४५ हजार बेरुजु कायम भएको छ । कुल लेखापरीक्षण अङ्कको तुलनामा बेरुजु १.९४ प्रतिशत रहेको छ । गत वर्ष लेखापरीक्षण अङ्कको १.२४ प्रतिशत बेरुजु कायम भएको थियो । म्याद नाघेको पेस्कीलाई लगती बेरुजु कायम गरिएको छ ।

कानुनको पालना, स्रोत साधन प्राप्ति र परिचालन, सार्वजनिक निर्माण, सेवा प्रवाह, लेखापालन एवम् वित्तीय प्रतिवेदन, खरिद तथा आयोजना व्यवस्थापन, जनशक्ति व्यवस्थापन, संगठनात्मक संरचना, जवाफदेहिता, पारदर्शिता र वित्तीय अनुशासनलगायतलाई लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको छ । आर्थिक कारोबार गर्दा कानुनको परिपालना नभएको, प्रदेशको आन्तरिक आय कम हुँदा संघीय अनुदानमा निर्भर रहेको, चालु खर्चमा वर्षेनी वृद्धि हुँदै गएको, उत्पादनशिल क्षेत्रमा न्यून बजेट परिचालन भएको, आयोजना बैङ्क कार्यान्वयनमा ल्याई योजना छनौट नहुँदा टुक्रे आयोजनाहरूमा खर्च भईरहेको, जटिल प्रकृतिका तथा प्राविधिक ज्ञान र सीप आवश्यक पर्ने कामहरूसमेत उपभोक्ता समितिबाट गराएको, तीन तहबीच समन्वय नहुँदा एकै प्रकृतिका कार्यहरू सबै तहबाट भईरहेको, संगठन संरचना फेरबदल हुँदा जिम्मेवारी र जवाफदेहिता एकिन गर्न नसकेको अवस्था छ । आवश्यक जनशक्ति व्यवस्थापन गरी सेवा प्रवाहलाई सूचना प्रविधिसँग आबद्ध गर्न नसक्दा सेवा प्रवाह नागरिकमैत्री, छिटो छरितो र चुस्त दुरुस्त हुन नसकेको, आवश्यकताको पहिचानबेगर सामान खरिद भएको तर उपयोग हुन नसकेको देखिन्छ ।

लेखापरीक्षणबाट औंल्याइएका व्यहोराहरू कार्यान्वयन गर्नु लेखा उत्तरदायी अधिकृत र सम्बन्धित निकाय प्रमुखको जिम्मेवारी हो । कार्यान्वयन पक्ष कमजोर हुँदा सोही प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेका छन्। लेखापरीक्षण वार्षिक प्रतिवेदनहरू प्रदेश सभाअन्तर्गत् सार्वजनिक लेखा समितिमा छलफल गरी सोउपर कारबाही हुनुपर्नेमा विगतका ५ प्रतिवेदन मध्ये ३ प्रतिवेदन प्रदेश लेखा समितिमा छलफल हुन बाँकी रहेको छ । लेखापरीक्षण प्रतिवेदन कार्यान्यवयन गरी वित्तीय अनुशासन कायम गर्न सबै पक्षबीच कार्यगत समन्वय र सहकार्य हुन जरुरी देखिन्छ। यस प्रतिवेदनको कार्यान्वयनबाट सार्वजनिक सदाचारिता, पारदर्शिता र जवाफदेहिताको प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास लिएको छु ।

अन्त्यमा, लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा अमूल्य सुझाव दिई सहयोग गर्नुहुने माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्रीज्यू तथा मन्त्रीज्यूहरू, प्रदेश सभाका माननीय सभामुखज्यू तथा उपसभामुखज्यू, प्रदेश सभाका माननीय सदस्यज्यूहरू, पदाधिकारीहरू, कर्मचारीहरू, नागरिक समाजका प्रतिनिधिहरू र सञ्चारकर्मीहरूप्रति आभारी छु । लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको उच्च मूल्याङ्कन गर्दै धन्यवाद व्यक्त गर्दछु ।

(तोयम राया)
महालेखापरीक्षक

लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानुनी व्यवस्था -** नेपालको संविधानको धारा २४१ बमोजिम प्रदेश सभा, प्रदेश सरकार र प्रदेश सरकारी कार्यालयको लेखा कानूनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३३ मा प्रत्येक कार्यालयले सबै प्रकारका आयव्यय तथा कारोबारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ ।

२. **उद्देश्य** - सार्वजनिक स्रोतको प्राप्ति र उपयोग तथा सार्वजनिक सेवा प्रवाहको सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको आधारमा लेखापरीक्षण गरी उचित निष्कर्ष र सुझाव प्रदान गर्नु तथा वित्तीय प्रतिवेदनउपर राय प्रदान गर्नु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ। देहायका विषयहरू सुनिश्चित गर्नु लेखापरीक्षणको अन्य उद्देश्यहरू रहेका छन्:

- आर्थिक विवरण तोकिएको ढाँचामा तयार गरी यथार्थ स्थिति चित्रण गरेको,
- सञ्चित कोष तथा अन्य सरकारी कोषको हिसाब यथार्थपरक रहेको,
- प्रदेश विनियोजन ऐनबमोजिम स्वीकृत सीमाभित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्वलगायत समस्त आम्दानी र धरौटी असुली एवम् दाखिला गरेको,
- सरकारी सम्पत्तिको व्यवस्थापन एवम् स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको र सोको कार्यान्वयन भएको,
- आर्थिक कारोबार गर्दा प्रचलित ऐन कानुनको परिपालना गरेको एवम् पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रमअनुसार निर्धारित समयभित्र लक्ष्य र उपलब्धि हासिल गरेको,
- सार्वजनिक निकायले तोकिएबमोजिम विकास निर्माण र सेवा प्रवाह गरेको,
- आर्थिक कारोबार गर्दा मितव्ययिता, कार्यदक्षता र प्रभावकारितामा पर्याप्त ध्यान दिएको,
- सार्वजनिक निकायले जवाफदेहिता वहन गरेको ।

३. **क्षेत्र -** यो वर्ष प्रदेश सभा, प्रदेश मन्त्रालय, प्रदेश कार्यालय र समिति तथा अन्य संस्थासमेत २८९ निकायको २०७९।८० को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षणको क्रममा कानुनको परिपालना, विकास निर्माण र सेवा प्रवाहको स्थिति मूल्याङ्कन गर्न सूचना तथा तथ्याङ्कसमेत सङ्कलन गरी अध्ययन एवम् विश्लेषण गरिएको छ ।

४. **पद्धति -** लेखापरीक्षण ऐन, २०७५ मा उल्लेखित व्यवस्था, नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय, कार्यमूलक, प्रकोप व्यवस्थापन तथा अन्य सान्दर्भिक लेखापरीक्षण निर्देशिका, मार्गदर्शन र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षण गरिएको छ । समग्र लेखापरीक्षण गर्नुपर्ने निकायहरूलाई जोखिम मूल्याङ्कनको आधारमा न्यून र उच्च जोखिमयुक्त निकायमा वर्गीकरण गरी उच्च जोखिमयुक्त १९६ निकायको विस्तृत लेखापरीक्षण र न्यून जोखिमयुक्त ९३ निकायको सामान्य लेखापरीक्षण कार्यविधिबाट लेखापरीक्षण गरिएको छ । सबै निकायको नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीको सफ्टवेयरमार्फत विद्युतीय माध्यमबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ ।

यसका अलावा लेखापरीक्षणबाट देखिएका व्यहोराउपर सम्बन्धित निकायका प्रमुखसँग छलफल गरेपश्चात् लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सोउपर निकायबाट प्राप्त जवाफ/प्रतिक्रियासमेतलाई आधार मानी यो प्रतिवेदन तयार गरिएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न उच्च तहबाट सुपरीवेक्षण, स्थलगत निरीक्षण, लेखापरीक्षण सम्पन्न फाइल तथा प्रतिवेदनको पुनरावलोकन र छनोट भएका लेखापरीक्षण फाइलको गुणस्तर पुनरावलोकनसमेत गर्ने गरिएको छ । नीतिगत विषयमा राय लिन लेखापरीक्षण सल्लाहकार समिति गठन गरिएको र विभिन्न क्षेत्रका विषय विज्ञसमेत संलग्न गराइएको छ ।

५. **वार्षिक प्रतिवेदन -** महालेखापरीक्षकले प्रत्येक प्रदेशमा आफूले गरेको काम कारबाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेस गर्नसक्ने नेपालको संविधानको धारा २९४ को उपधारा (३) को व्यवस्थाअनुसार यो प्रतिवेदन तयार गरिएको छ । यस प्रतिवेदनमा ५ परिच्छेद तथा १५ **अनुसूची** रहेका छन् । परिच्छेद-१ मा लेखापरीक्षण गरिएका निकायको विवरण, परिच्छेद-२ मा लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति, परिच्छेद-३ मा लेखापरीक्षणबाट देखिएका समष्टिगत स्थिति, परिच्छेद-४ मा लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति र परिच्छेद-५ मा भविष्यमा गर्नुपर्ने सुधार उल्लेख गरिएको छ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल/अनामनगर, काठमाण्डौं, नेपाल
Babarmahal / Anamnagar, Kathmandu, Nepal
(अर्थ, राजस्व तथा कार्यमूलक लेखापरीक्षण विभाग)

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

पत्र संख्याः २०८०।८१

चलानी नम्बरः ८८

मितिः २०८१।२।७

विषयः एकीकृत वित्तीय विवरणउपर लेखापरीक्षण प्रतिवेदन ।

श्री सचिवज्यू,
आर्थिक मामिला मन्त्रालय,
रापी उपत्यका (देउखुरी), दाङ ।

१. **कैफियतसहितको राय** - हामीले लुम्बिनी प्रदेश सरकारको आर्थिक वर्ष २०७९।८० को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, प्रदेश सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेश भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९।८० को प्राप्ति तथा भुक्तानीको एकीकृत एवम् वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, प्रदेश सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरू समावेश भएको प्रदेश सरकारको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

२. **कैफियतसहितको राय व्यक्त गर्ने आधार**

२.१. प्रदेश सरकारका मन्त्रालय र मातहतका कार्यालय, समिति र अन्य संस्थाको लेखापरीक्षणबाट रू.१ अर्ब १२ करोड ६३ लाख ४५ हजार बेरुजु देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रू.१७ करोड ९४ लाख ७ हजार, नियमित गर्नुपर्ने रू.७४ करोड ४८ लाख ४३ हजार र पेस्की बाँकी रू.२० करोड २० लाख ९५ हजार रहेको छ ।

२.२. महालेखा नियन्त्रक कार्यालयले तयार गरेको एकीकृत वित्तीय विवरणमा प्रदेश सरकार र मातहत रू.३ अर्ब ७९ करोड १८ लाख ३९ हजारको स्थिर सम्पत्ति रहेको खुलासा गरेको भएपनि प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेश सरकार मातहतका सरकारी निकाय तथा समिति र अन्य संस्थामा रहेका स्थिर सम्पत्तिको विवरण तयार गरेको छैन । प्रदेश सरकार र मातहत निकायसँग रहेका सम्पत्तिको अवस्था र स्वामित्व खुल्ने विवरण तयार गर्नुपर्दछ ।

२.३. प्रदेश सरकारको लागि नेपाल सरकारबाट रू.१८ अर्ब ४७ करोड ६४ लाख प्राप्त हुने अनुमान रहेकोमा रू.१३ अर्ब ४४ करोड ७३ लाख २२ हजार मात्र प्राप्त भएको छ। नेपाल सरकारबाट प्राप्त ससर्त अनुदान रू.५ अर्ब ३५ करोड ३४ लाख ६३ हजार, समपुरक अनुदान रू.३८ करोड ८ लाख ३३ हजार र विशेष अनुदान रू.२३ करोड ९० लाख ३८ हजार समेत रू.५ अर्ब ९७ करोड ३३ लाख ३४ हजार खर्च भएको छ । खर्च नभएको रू.१ अर्ब ५६ करोड ६ लाख ७२ हजार आर्थिक वर्ष समाप्त भएपछि सङ्घीय सञ्चित कोषमा फिर्ता गरेको छ ।

२.४. प्रदेश सरकारबाट स्थानीय तहलाई वित्तीय हस्तान्तरण वापत रू.४ अर्ब ८३ करोड १० लाख हस्तान्तरण गर्ने अनुमान रहेकोमा रू.४ अर्ब १२ करोड ३७ लाख ४० हजार मात्र हस्तान्तरण भएको छ । वित्तीय हस्तान्तरण गरेको रकम सम्बन्धित स्थानीय तहले खर्च गर्न नसकी बाँकी रहेको रकमको विवरण तयार गरेको छैन । प्रदेश

Phone: 01-4772220, 4771270, 4262958, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np/ dir.mgnt@oagnep.gov.np/ Web Page: www.oag.gov.np

सरकारबाट वित्तीय हस्तान्तरण भै स्थानीय तहको खातामा मौज्दात रहेको रकमलाई पनि प्रदेश सञ्चित कोषबाट खर्च देखाएको छ ।

२.५. यस वर्ष राजश्व बाँडफाँटबाट रू.११ अर्ब ८४ करोड ९९ लाख प्राप्त हुने अनुमान रहेकोमा रू.९ अर्ब ८ करोड ५५ लाख प्राप्त भएको छ। यस वर्ष वन रोयल्टी, खानी तथा खनिज सम्बन्धी रोयल्टी, विद्युत सम्बन्धी रोयल्टी तथा पर्वतारोहण वापतको रोयल्टी वापत रकम प्राप्त भएको छैन।

२.६. प्रदेश सरकार मातहत रहेका २२ गैर बजेटरी निकायको आम्दानी तथा खर्च एवम् बाँकी मौज्दात रकमलाई प्राप्ती र भुक्तानीको एकीकृत वित्तीय विवरणमा समावेश गरेको छैन।

२.७. प्रदेश सञ्चित कोषमा यस वर्ष रू.२ अर्ब ७४ करोड ६१ लाख २५ हजार घाटा रहेकोमा धरौटी तथा अन्य कोषहरूमा समेत रू.१७ करोड ६५ लाख ९३ हजार मौज्दा घटेकोले प्रदेश सञ्चित कोषमा रू.२ अर्ब ९२ करोड २७ लाख १८ हजार ऋणात्मक मौज्दात भएको छ । यस वर्षको ऋणात्मक मौज्दातले गर्दा गत वर्ष सम्मको बचत रू.८ अर्ब ३८ करोड १० लाख १७ हजार सो रकमले कमी हुन गई यस वर्षसम्म प्रदेश सञ्चित कोषमा रू.५ अर्ब ४५ करोड ८२ लाख ९९ हजार नगद तथा मौज्दात कायम भएको छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । एकीकृत वित्तीय विवरण तयार गर्ने निकायसँग हामी स्वतन्त्र छौं । त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले लेखापरीक्षण गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं ।

३. **अन्य व्यहोरा** - प्रचलित ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको अभिलेख र संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन, राजश्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति र कार्यान्वयन, अनुदान उपयोगको अनुगमन, सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएको छ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी** - नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोबारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटीका कारणबाट वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी प्रदेश सरकार र मातहतका जिम्मेवार व्यक्तिमा रहेको छ । मन्त्रालयका लेखाउत्तरदायी अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

५. **वित्तीय विवरणको परीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी** - वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटीका कारण सारभूतरूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा यथोचित आश्वस्ततालेउच्चस्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ । यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समयजस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका त्रुटी (Fraud) पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका त्रुटी (Fraud) वा अन्य गल्तीका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

.....

(बामदेव शर्मा अधिकारी)
उप-महालेखापरीक्षक

परिच्छेद

९



लेखापरीक्षण गरिएका निकायको विवरण

परिच्छेद –१

लेखापरीक्षण गरिएका निकायको विवरण

१. समष्टिगत लेखापरीक्षण

क्र.सं.	लेखापरीक्षण गरिएका निकाय	संख्या	रकम (रू. हजारमा)
१.	प्रदेश मन्त्रालय तथा निकाय (बक्यौता १ समेत)	२६७	५००२८२११
२.	समिति र अन्य संस्था	२२	७८८७७१८
	जम्मा	**२८९**	**५७९१५९२९**

यो वर्ष प्रदेश सरकार मातहत २६७ सरकारी निकायको रू.५० अर्ब २ करोड ८२ लाख ११ हजार र समिति तथा अन्य संस्था २२ को रू.७ अर्ब ८८ करोड ७७ लाख १८ हजार समेत २८९ निकायको रू.५७ अर्ब ९१ करोड ५९ लाख २९ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण रकममा प्रदेश सरकारका निकायबाट भएको चालु खर्च रू.८ अर्ब ३८ करोड ३८ लाख ४७ हजार, पुँजीगत खर्च रू.१७ अर्ब ७३ करोड ६५ लाख ६८ हजार र स्थानीय तह वित्त हस्तान्तरण रू.४ अर्ब १२ करोड ३७ लाख ४० हजार समेत रू.३० अर्ब २४ करोड ४१ लाख ५५ हजार समेत समावेश छ । लेखापरीक्षण गरिएका निकायहरूको विवरण **अनुसूची- १, १(क) र १(ख)** मा उल्लेख छ ।

१.१. **प्रदेश मन्त्रालय तथा निकाय** - यो वर्ष प्रदेश सरकार मातहतका २६६ कार्यालयको विनियोजन, राजस्व, धरौटी र अन्य कारोबारको निम्नानुसार लेखापरीक्षण सम्पन्न गरिएको छ ।

(रकम रू. हजारमा)

क्र.सं.	कारोबार	लेखापरीक्षण सम्पन्न रकम
१.	विनियोजन खर्च	३०२४४१५५
२.	राजस्व	१५२८९१५६
३.	धरौटी	२८०५५४०
४.	अन्य कारोबार	१६७९४२२
जम्मा		**५००१८२७३**

- विनियोजन रकममा वित्तीय हस्तान्तरण मार्फत् १०९ स्थानीय तहलाई दिएको निकासा रू.४ अर्ब १२ करोड ३७ लाख ४० हजार समेत समावेश छ ।
- यो वर्ष एक निकायको रू.९९ लाख ३८ हजारको वक्यौता लेखापरीक्षण सम्पन्न भएको छ । निकाय र लेखापरीक्षण रकमको विस्तृत विवरण **अनुसूची-२** मा छ।

१.२. **समिति तथा अन्य संस्था -** यो वर्ष २२ समिति र अन्य संस्थाको रू.७ अर्ब ८८ करोड ७७ लाख १८ हजारको लेखापरीक्षण गरिएको छ । यससम्बन्धमा विस्तृत विवरण **अनुसूची-३** मा उल्लेख छ। लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा परिच्छेद ३ को मन्त्रालय तथा निकायगत व्यहोरामा समावेश छ । लेखापरीक्षण सम्पन्न निकाय र लेखापरीक्षणको विवरण **अनुसूची-३ र ४** मा उल्लेख छ ।

२. सरकारी बजेट विनियोजन, खर्च र राजस्व

२.१. **शीर्षकगत खर्च** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार २०७९।८० को बजेट अनुमान र यथार्थ खर्च निम्नानुसार छः

(रकम रू. हजारमा)

शीर्षक/क्षेत्र	२०७९।८० को		
	बजेट अनुमान रु	यथार्थ खर्च रु	प्रतिशत
चालु खर्च	१३३२७६५२	८३८३८४७	६२.९०
पुँजीगत खर्च	२४४७७०४८	१७७३६५६८	७२.४६
स्थानीय तह वित्त हस्तान्तरण	४८३१०००	४१२३७४०	८५.३५
जम्मा	**४२६३५७००**	**३०२४४१५५**	**७०.९३**

२.२. **निकायगत खर्च** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार यो वर्षको निकायगत चालु र पुँजीगत खर्चको विवरण निम्नानुसार छः

(रकम रू. हजारमा)

क. सं.	मन्त्रालय/ निकाय	कायम बजेट रु		यथार्थ खर्च रु		खर्च प्रतिशत		कुल खर्चको प्रतिशत
		चालु	पुँजीगत	चालु	पुँजीगत	चालु	पुँजीगत	
१	प्रदेश सभा सचिवालय	२३०९८५	१०९८४४	१३९३३२	८४७२०	६०.३२	७७.१३	०.७४
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	९६८४९५	१५०५५०	५९४५३४	७५९३६	६१.३९	५०.४४	२.२२
३	आन्तरिक मामिला, कानुन तथा सहकारी मन्त्रालय	२६००८४	४१२७१५	१३५९४५	२६६८२८	५२.२७	६४.६५	१.३३
४	आर्थिक मामिला मन्त्रालय	३६५९७७	४९९१२	११२८७०	१७१३८	३०.८४	३४.३४	०.४३
५	उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय	३५५११२	५११५५	२४५०१०	१३१६४	६९.	२५.७३	०.८५
६	कृषि तथा भूमि व्यवस्था मन्त्रालय	२३२९५५१	१४९९४९	१४०८०७७	५६६४५	६०.४४	३७.७८	४.८४
७	खानेपानी, ग्रामीण तथा सहरी विकास मन्त्रालय	३५७४२१	६६७४९९१	१९९९८५	५१४८७३१	५५.९५	७७.१३	१७.६९
८	भौतिक पूर्वाधार विकास मन्त्रालय	२४७४८५	९७९७७७२	१३९९३५	७१५०५५७	५६.५४	७२.९८	२४.११
९	वन तथा वातावरण मन्त्रालय	१११४९३९	९२६०५४	७६८७७२	७६७५५५	६८.९५	८२.८८	५.०८
१०	सामाजिक विकास मन्त्रालय	२०८१४७०	७५०९७४	१५३५०२५	५०१३९३	७३.७५	६६.७७	६.७३
११	स्वास्थ्य मन्त्रालय	३२४६३०१	१५३३३००	२५८३६७८	४०९३१९	७९.५९	२६.७	९.९०
१२	श्रम रोजगार तथा यातायत व्यवस्था मन्त्रालय (साविक)	२४९९१७	२९१४५	१५९९०५	२३०८३	६३.९८	७९.२	०.६१
१३	महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय (साविक)	१६२४२०	४३८४१६	६४४५८	२३४९८१	३९.६९	५३.६	०.९९
१४	उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय (साविक)	२७१६५१	३५२६७००	१९१५४८	२९६४४७९	७०.५१	८५.०६	१०.४४
१५	प्रदेश योजना आयोग	२६५०४	१२९५०	१४४४७	६५९४	५४.५१	५०.९२	०.०७
१६	प्रदेश लोकसेवा आयोग	९९४५३	१५६००	७७४६९	१४३८५	७७.८९	९२.२१	०.३०
१७	मुख्य न्यायाधिवक्ताको कार्यालय	१६४८३	१२००	११०९८	१०६१	६७.३३	८८.४६	०.०४
१८	अर्थ विविध	६४२९९१	२९६६७०	१७५८	०	०.२७	०	०.०१
	जम्मा	**१३०२७२४५**	**२४९२७८९७**	**८३८३८४६**	**१७७३६५६८**	**०**	**०**	**८६.३७**
१९	स्थानीय तह वित्तीय हस्तान्तरण	४८३४३००	०	४१२३७४०	०	८५३०	०	१३.६३
	कुल जम्मा	**१७८६१५४५**	**२४९२७८९७**	**१२५०७५८६**	**१७७३६५६८**	**७०.०२**	**७१.१५**	**१००.००**

चालु तर्फ रू.१७ अर्ब ८६ करोड १५ लाख ४५ हजार र पुँजीगत तर्फ रू.२४ अर्ब ९२ करोड ७८ लाख ९७ हजार समेत अन्तिम बजेट रू.४२ अर्ब ७८ करोड ९४ लाख ४२ हजार कायम भएकोमा चालु तर्फ रू.१२ अर्ब ५० करोड ७५ लाख ८६ हजार (७०.०२%) र पुँजीगत तर्फ रू.१७ अर्ब ७३ करोड ६५ लाख ६८ हजार (७१.१५%) समेत रू.३० अर्ब २४ करोड ४१ लाख ५५ हजार खर्च भई अन्तिम बजेटको तुलनामा ७०.६८ प्रतिशत खर्च भएको देखिन्छ।

प्रदेश सरकारको कुल खर्चमध्ये चालु खर्च २७.७२ प्रतिशत, पुँजीगत खर्च ५८.६४ प्रतिशत र स्थानीय तह वित्त हस्तान्तरणमा १३.६४ प्रतिशत खर्च रहेको छ।

२.३. **स्रोतगत खर्च** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार २०७९।८० को अनुमान र यथार्थ खर्चको स्रोतगत विवरण निम्नानुसार छः

(रकम रू. हजारमा)

स्रोत	२०७९।८०		अनुमानको तुलनामा खर्च प्रतिशत
	अनुमान	यथार्थ खर्च	
१. संघीय सरकार अनुदान	**१८४७६४००**	**१३४४७३२२**	**७२.७८**
१.१ समानीकरण अनुदान	८५४१७००	७४७३९८७	८७.५०
१.२ सशर्त अनुदान	८७१२२००	५३५३४६३	६१.४५
१.३ विशेष अनुदान	४८३५००	२३९०३८	४९.४४
१.४ समपुरक अनुदान	७३९०००	३८०८३३	५१.५४
२. प्रदेश सरकार	**२४३१३०४२**	**१६७९६८३३**	**६९.०८**
जम्मा	**४२७८९४४२**	**३०२४४१५५**	**७०.६८**

यो वर्ष बजेट अनुमानको संघीय सरकारतर्फ अनुदानबाट ७२.७८ प्रतिशत र प्रदेश सरकारको स्रोतबाट ६९.०८ प्रतिशत प्राप्त भई रू.३० अर्ब २४ करोड ४१ लाख ५५ हजार खर्च भएको छ । कुल खर्चमध्ये संघीय सरकारको अनुदानबाट ४४.४६ प्रतिशत र प्रदेश सरकारको राजस्वबाट ५५.५४ प्रतिशत व्यहोरेको छ ।

२.४. **राजस्व असुली** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार २०७९।८० मा प्रदेश सरकारले प्राप्त गरेको राजस्वको विवरण निम्न अनुसार छ :

(रकम रू. हजारमा)

क्र.सं.	शीर्षक	२०७७।७८ को यथार्थ असुली	२०७८।७९ को यथार्थ असुली	२०७९।८० को राजस्व		असुली प्रतिशत
				लक्ष्य रु	यथार्थ असुली रु	
१.	कर राजस्व	१०९१०११४	१२७३०६१५	१५३५३५००	११७५९४२३	७६.५९
२.	गैह्रकर राजस्व	१२०८२५०	१५६९१३९	३७३५८००	१४५४७३१	३८.९४
३.	अनुदान	१३९६५१४१	१३०४९७०४	१८४७६४००	१३४४७३२२	७२.७८
४.	विविध प्राप्ती	१२८२२८५	११९११४६	४०७००००	८३६५५३	२०.५५
५.	आन्तरिक ऋण	०	०	१०००००	०	०
	जम्मा	**२७३६५७९०**	**२८५४०६०४**	**४२६३५७००**	**२७४९८०२९**	**६४.४९**

गत वर्षको तुलनामा यो वर्ष राजस्व असुली ३.६५ प्रतिशतले घटेको देखिन्छ तथा गैह्रकर राजस्व असुली न्यून देखिएको छ । राजस्वको वैकल्पिक स्रोत परिचालन गरी राजस्व असुलीमा वृद्धि गर्नुपर्दछ । प्रदेशले बनाएको कानुन बमोजिम प्रदेश सरकारले आफ्नो क्षेत्राधिकार भित्र यो वर्ष असुल गरेको राजस्वको विवरण **अनुसूची–८** मा उल्लेख छ ।

३. **वित्तीय हस्तान्तरण** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार प्रदेश सञ्चितकोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको स्थिति निम्नानुसार छ ।

(रकम रू. हजारमा)

क्र. सं.	अनुदानको विवरण	वार्षिक बजेट	हस्तान्तरण	प्रतिशत
१	समानीकरण अनुदान	८५००००	८५००००	१००
२	सशर्त अनुदान	११२८३००	१०२७७३२	९१.०९
३	विशेष अनुदान	१००१०००	८८९८०९	८८.८९
४	समपुरक अनुदान	१८५५०००	१३५६१९९	७३.११
	जम्मा	**४८३४३००**	**४१२३७४०**	**८५.३५**

प्रदेश सरकारले वित्तीय हस्तान्तरण मार्फत् यो वर्ष १०९ स्थानीय तहमा रू.४ अर्ब १२ करोड ३७ लाख ४० हजार हस्तान्तरण खर्च गरेको छ।

४. **अन्तर सरकारी अख्तियारी** - लुम्बिनी प्रदेश विनियोजन ऐन, २०७९ को दफा ५ मा प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको पूँजीगत तर्फको कुनै आयोजना वा कार्यक्रम नेपाल सरकारका निकाय मार्फत कार्यान्वयन गर्नु पर्ने भएमा प्रदेश सरकारको सम्बन्धित निकायले आर्थिक मामिला तथा सहकारी मन्त्रालयको सहमतिमा संघीय विनियोजन ऐन बमोजिम नेपाल सरकारको सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृति लिई नेपाल सरकारका निकाय मार्फत कार्यान्वयन गर्ने गरी निर्णय गर्न सक्ने व्यवस्था छ।प्रदेश सरकार मातहतका ४ मन्त्रालयले यो वर्ष नेपाल सरकारका ८२ निकायलाई अन्तर सरकारी अख्तियारी मार्फत प्रदेश सरकारको कार्यक्रम कार्यान्वयन लागि रू.१ अर्ब १२ करोड १५ लाख बजेट विनियोजन गरी रू.७३ करोड ८ लाख ९२ हजार खर्च गरेकोमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृति लिएको छैन।यसै गरी प्रदेश विनियोजन ऐन विपरीत चालु खर्च तर्फ पनि बजेट विनियोजन गरी खर्च गरेको छ। उक्त रकमको लेखापरीक्षणबाट देखिएका व्यहोराहरू सम्बन्धित निकायको प्रतिवेदनमा समावेश गरिएको छ । यस सम्बन्धी विवरण **अनुसूची-१२** मा समावेश छ ।

परिच्छेद

२



लेखापरीक्षणबाट देखिएका बेरुजु स्थिति

परिच्छेद – २

लेखापरीक्षणबाट देखिएका बेरुजु स्थिति

१. **बेरुजु -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २(त) र प्रदेशको यस सम्बन्धी कानुनमा प्रचलित कानुनबमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिव तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औँल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजुको रूपमा परिभाषित गरेको छ ।

यसरी बेरुजुलाई असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेस्की गरी ३ वर्गमा वर्गीकरण गरेको छ। बेरुजु वर्गीकरण गर्दा असुल गर्नुपर्ने बेरुजुमा हिनामिना र मस्यौट, हानि नोक्सानी र अन्य असुल गर्नुपर्ने बेरुजु समावेश गरेको छ । नियमित गर्नुपर्ने बेरुजुलाई अनियमित भएको, प्रमाण कागजात पेस नभएको, जिम्मेवारी नसारेको र सोधभर्ना नलिएको गरी ४ समुहमा वर्गीकरण गरेको छ । पेस्कीलाई कर्मचारी, मोविलाईजेसन र अन्य पेस्कीमा वर्गीकरण गरिएको छ ।

प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थाको यो वर्ष (२०७९।८०) को लेखापरीक्षणबाट औँल्याइएको बेरुजु रू.१ अर्ब १२ करोड ६३ लाख ४५ हजार रहेको छ । सो बेरुजु अंकको वर्गीकरण निम्नानुसार छः

(रकम रू. हजारमा)

बर्गीकरण	सरकारी कार्यालय रु	समिति तथा अन्य संस्था रु	जम्मा बेरुजु रु	कुल वेरुजूको प्रतिशत
जम्मा बेरुजु	**१०४१५४५**	**८४८००**	**११२६३४५**	**१००**
१. असुल हुनुपर्ने	**१७२८५९**	**६५४८**	**१७९४०७**	**१५.९३**
२. नियमित हुनुपर्ने	**६६६७३१**	**७८११२**	**७४४८४३**	**६६.१३**
• अनियमित भएको	३१३५६७	५९२२५	**३७२७९२**	३३.१
• प्रमाण कागजात पेस नभएको	३५३१६४	१४०२६	**३६७१९०**	३२.६
• सोधभर्ना नलिएको	०	४८६०	**४८६०**	०.४३
३. पेश्की	**२०१९५५**	**१४०**	**२०२०९५**	**१७.९४**

बेरुजु वर्गीकरणको विवरण **अनुसूची-९ र १०** मा छ ।

२. **लेखापरीक्षण अंकमा बेरुजु -** यो वर्ष प्रदेश मन्त्रालय र समिति तथा अन्य संस्थासमेत २८९ निकायको रू.५७ अर्ब ९१ करोड ५९ लाख २९ को लेखापरीक्षण सम्पन्न गरिएको छ । जसमा रू.१ अर्ब १२ करोड ६३ लाख ४५ हजार बेरुजु कायम भएको छ, जुन लेखापरीक्षण अंकको १.९४ प्रतिशत हुन आउँछ ।लेखापरीक्षण सम्पन्न गरिएका निकाय र विषयगत अवस्था निम्नानुसार छः

(रकम रू. हजारमा)

क्र.सं.	लेखापरीक्षण गरिएका निकाय र विषय	संख्या	लेखापरीक्षण अंक	बेरुजु अंक	बेरुजु प्रतिशत
१.	प्रदेश मन्त्रालय तथा निकाय (बक्यौता १ समेत)	२६७	५००२८२११	१०४१५४५	२.०८
२.	समिति र अन्य संस्था	२२	७८८७७१८	८४८००	१.०८
	जम्मा	**२८९**	**५७९१५९२९**	**११२६३४५**	**१.९४**

३. **हालसम्मको बाँकी बेरुजु -** प्रदेश सरकारी कार्यालय समिति तथा अन्य संस्थाको लेखापरीक्षणबाट औंल्याइएको हालसम्म बाँकी बेरुजु रू.४ अर्ब २ करोड ९ लाख ६९ हजार रहेको छ। हालसम्मको बाँकी बेरुजु गत वर्षभन्दा ३१.४८ प्रतिशतले बढेको छ।

(रकम रू. हजारमा)

क्र.सं.	विवरण	विगतको बेरुजु	फर्स्यौट तथा सम्परीक्षण	सम्परीक्षणबाट थप भएको	विगतको खुद बाँकी	चालु वर्षको थप	अद्यावधिक बाँकी बेरुजु
१.	प्रदेश सरकारी कार्यालयहरू	२५५०००६	३१६४१	१८८	२५१८५५३	१०४१५४५	३५६००९८
२.	समिति तथा अन्य संस्थाहरू	५०८१६९	१३२०९८	०	३७६०७१	८४८००	४६०८७१
	जम्मा	**३०५८१७५**	**१६३७३९**	**१८८**	**२८९४६२४**	**११२६३४५**	**४०२०९६९**

हासम्मको बाँकी बेरुजुको विवरण **अनुसूची - ११** मा उल्लेख छ ।

४. **बेरुजु विश्लेषण** - प्रदेश सरकारी कार्यालय, अन्य संस्था र समितिको बेरुजुको अवस्था निम्नानुसार रहेको छ :-

४.१. प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३८ मा बेरुजु फर्स्यौट गर्ने जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुने व्यवस्था छ । सोही ऐनको दफा ३५ मा औंल्याइएको बेरुजुको ३५ दिन वा म्याद थप भएकोमा सो म्यादभित्र फर्स्यौट गर्ने र फर्स्यौट नगरेमा लेखा उत्तरदायी अधिकृत र विभागीय मन्त्री वा राज्यमन्त्रीलाई जानकारी दिने उल्लेख छ । सोही व्यवस्था बमोजिमको प्रक्रिया पूरा गर्दा समेत २०७९।८० को बेरुजु फर्स्यौट नभएकाले सो अवधिमा कार्यरत लेखा उत्तरदायी अधिकृतहरूको नामावली र बेरुजु रकम **अनुसूची-१५** मा उल्लेख छ ।

४.२. प्रदेश सरकारी कार्यालय तर्फ यो वर्ष रकमगत आधारमा बढी बेरुजु भएका मन्त्रालय/निकाय निम्नानुसार छन्:-

(रकम रू. हजारमा)

क्र.सं.	मन्त्रालय	लेखापरीक्षण अङ्क	बेरुजु रकम				कुल बेरुजुको प्रतिशत	ले.प.अङ्कको तुलनामा बेरुजु प्रतिशत
			असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने	पेश्की बाँकी	जम्मा		
१	भौतिक पूर्वाधार विकास मन्त्रालय	१२४३७१९४	१४१२४६	२५३२९८	१३७९६९	५३२५१३	५१.१३	४.२८
२	खानेपानी, ग्रामीण तथा सहरी विकास मन्त्रालय	५९७६२०६	१६९९०	१८०२४८	४९७७१	२४७००९	२३.७२	४.१३
३	सामाजिक विकास मन्त्रालय	२१२७६५९	३९३०	६५२७०	१००	६९३००	६.६५	३.२६
४	कृषि तथा भूमि व्यवस्था मन्त्रालय	१९५१८१७	१२३२	५१७८९	०	५३०२१	५.०९	२.७२
५	वन तथा वातावरण मन्त्रालय	२२३०३०९	७३७१	३८०५६	३८०९	४९२३६	४.७३	२.२१
६	स्वास्थ्य मन्त्रालय	३७०३९७७	६९१	५१०४८	२६०	५१९९९	४.९९	१.४
७	अन्य मन्त्रालय र निकाय	२१६०१०४९	१३९९	२७०२२	१००४६	३८४६७	३.६९	०.१८
	जम्मा	**५००२८२११**	**१७२८५९**	**६६६७३१**	**२०१९५५**	**१०४१५४५**	**१००.**	**२.०८**

बेरुजु रकमका आधारमा बढी बेरुजु हुने क्रममा पहिलो स्थानमा भौतिक पूर्वाधार मन्त्रालय, दोश्रोमा खानेपानी, ग्रामीण तथा सहरी विकास मन्त्रालय, तेश्रोमा सामाजिक विकास मन्त्रालय र चौथो स्थानमा कृषि तथा भूमि व्यवस्था मन्त्रालय रहेका छन्।

४.३. यो वर्ष वक्यौता १ समेत २६७ प्रदेश कार्यालयको लेखापरीक्षण गरेकोमा २०८ कार्यालय (७७.९० प्रतिशत) मा लगति बेरुजु देखिएको छ। त्यसैगरी २२ समिति तथा अन्य संस्था मध्ये (७७.२७ प्रतिशत) १७ कार्यालयमा लगति बेरुजु देखिएको छ ।

४.४. यो वर्ष प्रदेश मातहत सरकारी निकाय र अन्य संस्था तथा समिति समेत निकायमा ४३४४ बेरुजु दफा मध्ये प्रतिक्रियाबाट १४३ दफा फर्स्यौंट भई ४२०१ दफा बेरुजु देखिएकोमा २६१४ दफा सैद्धान्तिक र १५८७ दफा लगति बेरुजु कायम भएको छ । यससम्बन्धी विवरण **अनुसुची-९ र १०** मा छ ।

४.५. यो वर्ष २०८ निकायको सैद्धान्तिक दफा र लगति दफा समेत रू.१ अर्ब ९ करोड ९ लाख ६ हजार लगति बेरुजु देखिएकोमा प्रतिकृयाबाट सैद्धान्तिक दफा र लगति दफाको रू.४ करोड ९३ लाख ६१ हजार फर्स्यौंट भई रू.१ अर्ब ४ करोड १५ लाख ४५ हजार बाँकी रहेको छ।

४.६. प्रदेश सरकारी कार्यालयतर्फ गतवर्ष सम्मको पेश्की रू.१ अर्ब २९ करोड ८२ लाख ५९ हजार बाँकी रहेको मध्ये रू.५७ करोड ६८ लाख ३२ हजार (४४.४३ प्रतिशत) फर्स्यौंट भई बाँकी रू.७२ करोड १४ लाख २७ हजार बाँकी रहेकोमा यो वर्ष म्याद ननाघेको रू.४६ करोड ८७ लाख ४२ हजार तथा म्याद नाघेको रू.५५ करोड ७६ लाख ४७ हजार समेत कुल पेश्की रू.१ अर्ब ७४ करोड ७८ लाख १६ हजार बाँकी रहेको छ ।

त्यस्तै समिति, अन्य संस्थातर्फ गत वर्षसम्मको पेश्की रू.२ करोड ९५ लाख ६९ हजार बाँकी रहेकोमा यो वर्ष थप तथा फर्स्यौंट नभएकोले उक्त पेश्की बाँकी रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची - ५** मा छ ।

४.७. सरकारी कार्यालय र समिति तथा अन्य संस्थाबाट यो वर्ष लेखापरीक्षणको दौरानमा रू.६६ लाख १८ हजार, प्रारम्भिक प्रतिवेदन पठाएपछि रू.२ करोड ४८ लाख ८४ हजार र सम्परीक्षणको क्रममा रू.१३ करोड ७५ लाख ८७ हजार समेत रू.१६ करोड ९० लाख ८९ हजार असुल भई राजस्वमा दाखिला भएको छ । यस सम्बन्धी विवरण **अनुसूची-६** मा उल्लेख छ ।

४.८. सरकारी कार्यालय, समिति तथा अन्य संस्था तर्फ ३१ कार्यालयको अग्रीम कर कट्टी नभई रू.१८ लाख ३४ हजार बाँकी रहेकोमा ७ कार्यालयको रू.३ लाख ८ हजार असुल भई रू.१५ लाख २६ हजार बाँकी रहेको छ। यस सम्बन्धी विवरण **अनुसूची-७** मा उल्लेख छ ।

४.९. प्रदेशमा पहिलो प्रतिवेदन २०७५ सालमा बुझाइएको थियो । प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थाको ६ वर्षको लेखापरीक्षण र बेरुजु अंकको तुलनात्मक स्थिति निम्नानुसार छः

(रकम रू. हजारमा)

प्रतिवेदन	आर्थिक वर्ष	लेखापरीक्षण अंक रु	बेरुजु अंक रु	प्रतिशत	पेश्की बाहेकको बेरुजु	पेश्की बाहेकको बेरुजु प्रतिशत
पहिलो २०७५	२०७४।७५	२०३५४०	५०८	०.२५	५०८	०.२५
दोस्रो २०७७	२०७५।७६	३०२८३७५३	९४६८३४	३.१३	६२४४७६	२.०६
तेस्रो २०७८	२०७६।७७	३९६४७८६५	९४७४८५	२.३९	८७५८१४	२.२१
चौथो २०७९	२०७७।७८	५४३८४६३४	६४२१५८	१.१८	६२२२०३	१.१४
पाँचौं २०७९	२०७८।७९	५७०८१२६३	१४९८०८५	२.६२	१३७६८५५	२.४१
छैटौं २०८१	२०७९।८०	५७९१५९२९	११२६३४५	१.९४	९२४२५०	१.६०

परिच्छेद

३



लेखापरीक्षणबाट देखिएका समष्टिगत स्थिति

परिच्छेद-३

लेखापरीक्षणबाट देखिएका समष्टिगत स्थिति

प्रदेश मन्त्रालय तथा निकाय

१. **कानुन निर्माण -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ मा नेपालको संविधान बमोजिम बनाउनु पर्ने प्रदेश कानुन तथा स्थानीय तह सम्बन्धी प्रदेश कानुन तर्जुमा गर्ने जिम्मेवारी मुख्यमन्त्री तथा मन्त्रीपरीषद्को कार्यालयलाई तोकिएको छ। प्रदेश सरकारले सालबसाली ऐन र संशोधन कानुन बाहेक विभिन्न ७६ वटा विषयगत ऐन तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ।

२. **संगठन तथा कर्मचारी व्यवस्थापन -** प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९ मा प्रदेश स्तरका सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन परीक्षण गर्ने जिम्मेवारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई तोकिएको छ। छ। सर्वप्रथम प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ अनुसार २०७४।११।७ मा ७ मन्त्रालय गठन गरिएकोमा २०७८।१२।६ मा ९, २०७८।५।१८ मा १३, २०७९।१०।२७ मा १०, २०८०।४।१ मा २ को नाम परिवर्तन, २०८०।९।६ मा मन्त्रालयको नाम र कार्यजिम्मेवारी परिवर्तन, २०८१।१।६ मा ११ तथा २०८१।१।१२ मा १२ मन्त्रालय कायम गरी पटक पटक संख्या थपघट भएको देखिन्छ। मन्त्रालयको कार्य जिम्मेवारीमा पटक पटकको परिवर्तनले मन्त्रालय र मातहतको कार्यक्षेत्रमा परिवर्तन हुँदा बजेट खर्च गर्ने अख्तियारी, वार्षिक कार्यक्रमको प्रगति समीक्षा, लेखापरीक्षण बेरुजु फर्स्यौंट, सम्पत्तिको अभिलेख, अभिलेखको सुरक्षा जस्ता विषयमा जिम्मेवार व्यक्ति एवं लेखा उत्तरदायी अधिकृतको भूमिका अस्पष्ट हुन गएको छ ।

२.१. प्रदेश सरकार मातहतका १९८ निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षणबाट स्थायी ३ हजार ९३९ र अस्थायी ६४८ समेत ४ हजार ५८७ दरबन्दी स्वीकृत भएकोमा १ हजार २५० स्थायी र १ हजार २६० अस्थायी, करार र ज्यालादारी समेत २ हजार ५१० पदपूर्ति गरी दरबन्दीको ५४.७१ प्रतिशत पूर्ति भएको छ । दरबन्दी पूर्ति नहुँदा सेवा प्रवाह र वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयनमा असर पर्न सक्ने भएकोले पदपूर्ति हुनुपर्दछ ।

२.२. यस वर्षको नीति तथा कार्यक्रममा समान प्रकृतिको कार्य सम्पादन गर्ने निकायहरूलाई एकीकृत संगठन संरचनामा रुपान्तरण गर्ने उल्लेख छ। प्रदेश सरकारका मन्त्रालय मातहत रहेको निर्देशनालयहरूको कार्य विवरण मन्त्रालय तथा जिल्लास्तरमा रहेका कार्यालयसँग मिल्दो रहेको देखियो। त्यस्तै, स्थानीय तहमा शिक्षा, स्वास्थ्य, कृषि, पशु, पूर्वाधार निर्माण लगायतका इकाई मार्फत हुन सक्ने सामान्य प्रकृतिका निर्माण कार्य, अनुदान वितरण, तालिम सञ्चालन लगायतका कार्य प्रदेश सरकारका मन्त्रालय वा मातहतका कार्यालयले कार्यान्वयन गरेकाले कार्य क्षेत्रमा दोहोरोपन पर्ने देखिएकाले अधिकार क्षेत्र निर्धारण गरी कामको प्रकृति अनुसार कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

२.३. नेपालको संविधानले विद्यालय शिक्षालाई स्थानीय तहको अधिकार सूचीमा राखेको छ। मुख्यमन्त्री शैक्षिक कार्यक्रम सञ्चालन गर्न कार्यालयले प्रदेश अन्तर्गत ७३ गाउँपालिकाहरूलाई प्रति गाउँपालिका रू.६० लाखका दरले ३२ नगरपालिकाहरूलाई रू.७० लाखका दरले र ४ उप-महानगरपालिकालाई कम्तिमा रू.८० लाखको दरले १०९ स्थानीय तहलाई रकम उपलब्ध गराएको छ। नेपाल सरकारले

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत स्थानीय तहहरूलाई सशर्त अनुदानबाट विद्यालयमा पूर्वाधार निर्माण गर्न विभिन्न शिर्षकमा रकम उपलब्ध तथा प्रदेश सरकार मातहतका सामाजिक विकास डिभिजन कार्यालयले समेत विद्यालय भवन निर्माण लगायतका लागि रू.६९ करोड ४० लाख उपलब्ध गराएको देखिन्छ। विद्यालय शिक्षाका लागि सञ्चालन गरिने कार्यक्रम दोहोरो नपर्ने गरी कार्यान्वयन गर्नुपर्दछ ।

३. **आन्तरिक नियन्त्रण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी एक वर्षभित्र लागू गर्नुपर्ने व्यवस्था छ। आर्थिक कार्यविधि ऐन लागू भएको ६ वर्ष भई सक्दा पनि मन्त्रालय र मातहत कार्यालयबाट सम्पादन गरिने कार्य, प्रदान गरिने सेवा तथा स्वीकृत कार्यक्रम बमोजिमको क्रियाकलाप मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र जोखिमरहित ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्यसम्पादन गर्न कामको प्रकृति अनुसार नियन्त्रणको वातावरण, सम्भावित जोखिम नियन्त्रणको उपाय, सूचना तथा सञ्चार, अनुगमन गर्ने विषय र विधि लगायत विषय समेटिएको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको पाईएन। कानुनमा तोकिए अनुसारको प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

४. **जिम्मेवारी तथा जवाफदेहिता** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ ले प्रदेश सरकारका मन्त्रालयलाई तोकेका विभिन्न कार्यजिम्मेवारीहरू कार्यान्वयन गर्नु पर्दछ। मन्त्रालयहरूका लागि विनियोजित बजेटको ७०.६८ प्रतिशत मात्र वित्तीय प्रगति भएको छ। नियमावलीअनुसार मन्त्रालयहरूले तर्जुमा गर्नुपर्ने नीति, प्रदेश कानुन, मानव संसाधन विकास योजना, विषयगत मापदण्ड तर्जुमा गरेको पाइएन। नेपालको संविधान तथा नेपाल सरकारबाट स्वीकृत कार्य विस्तृतीकरण प्रतिवेदन अनुसारका कानुन, प्रादेशिक नीति, मापदण्ड, निर्देशिका स्वीकृत गरी कार्यविभाजन नियमावलीले तोकेको कार्य जिम्मेवारी प्रभावकारी रुपमा सम्पादन गर्नुपर्दछ ।

५. **नीति तथा कार्यक्रम कार्यान्वयन -** माननीय प्रदेश प्रमुखले प्रदेश सभाको वैठकमा पेस गर्नु भएको २०७९।०८० को नीति तथा कार्यक्रममा १८६ बुँदा रहेका छन्। नीति तथा कार्यक्रम अनुसार स्थानीय सेवाको कानुन तर्जुमा, प्रादेशिक मेडिकल कलेजको निर्माण, बर्दियाको गेरुवा, रुपन्देहीको मर्चवार तथा प्युठानमा प्राविधिक शिक्षालय स्थापना, वृहत बुद्ध र ऐतिहासिक बाइसे चौविसे पर्यटकीय सर्किट, सूचना प्रविधि पार्क, प्रादेशिक डाटा सेन्टर र सञ्चार ग्राम स्थापना, डिजिटल ट्रायल सेन्टर, नदीजन्य प्राकृतिक स्रोत उपयोगको लागि कानूनी प्रवन्ध, स्वीकृत संगठन संरचनालाई रुपान्तरण गरी एकद्वार केन्द्रिकृत सेवाको लागि निर्देशनालय खारेज, प्रदेश राजधानीमा प्रदेश कर्मचारी अस्पताल निर्माण, निजामती विद्यालय र कर्मचारी आवास प्रबन्ध जस्ता नीति तथा कार्यक्रमलाई बजेटमा समावेश गरेको देखिएन। नीति तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

६. **बजेट वक्तव्य कार्यान्वयन** - प्रदेश सरकारका मन्त्रालयले २०७९।८० को बजेट वक्तव्यमा उल्लेख भएका २१६ बुँदाहरू मध्ये "एक निर्वाचन क्षेत्रः एक औद्योगिक कार्यक्रम" अन्तर्गतको औद्योगिक ग्रामहरूको पूर्वाधार निर्माण गर्ने, पिउने पानीको उत्पादन गरी निर्यात गर्न निजी क्षेत्रसँगको सहकार्यमा सम्भाव्यता अध्ययन गर्ने, संघ सरकारसँगको समन्वय र सहकार्यमा बुटवल धागो कारखाना र नवलपरासीको चिनी मिल पुनर्संरचना गरी सञ्चालनमा ल्याउने, "एक घर एक धारा" को संकल्पलाई पुरा गर्न सबै स्थानिय तहमा खानेपानी ,सरसफाइ तथा स्वच्छता योजना सम्पन्न गरी खानेपानी आयोजनाहरूको कार्यान्वयन गर्ने, ज्येष्ठ नागरिकहरूको दिवा मिलन केन्द्रको रुपमा "बाजे-बज्यै

चौतारी" स्थापना र सञ्चालन गर्ने, प्युठानमा ल्याब सहितको "सीप प्रतिष्ठान" स्थापना गर्ने, प्रदेश यातायात कम्पनी स्थापना गर्ने, लुम्बिनी प्रादेशिक अस्पताललाई नमुना अस्पताल र प्रादेशिक मेडिकल कलेजको रुपमा विकास गरी सञ्चालन गर्ने, प्रत्येक जिल्लामा एकीकृत सहकारी नमुना गाउँ स्थापना गर्ने, प्रदेश डाटा सेन्टर निर्माण कार्य, प्रदेश यातायात गुरुयोजना निर्माण, प्रदेश स्तरीय जेष्ठ नागरिक ग्राम निर्माण, विद्यार्थी लक्षित "एक विद्यार्थी एक सीप कार्यक्रम", विज्ञान प्रविधि तथा बहुप्राविधिक प्रतिष्ठान स्थापना, अवध बहुप्राविधिक शिक्षालय, थारुवान बहुप्राविधिक शिक्षालय र मगरात बहुप्राविधिक शिक्षालय तोकिएको ठाउँमा स्थापना गर्ने लगायतका कार्यक्रम कार्यान्वयन भएको छैन। बजेट वक्तव्यमा उल्लेख भएका कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ।

७. **खर्च व्यवस्थापन -** प्रदेश विनियोजन ऐन, २०७९ अनुसार यो वर्ष चालु तर्फ रू.१३ अर्ब ३२ करोड २९ लाख ६५ हजार, पुँजीगत तर्फ रू.२४ अर्ब ४७ करोड ७० लाख ४८ हजार तथा स्थानीय तह वित्तीय हस्तान्तरण तर्फ रू.४ अर्ब ८३ करोड १० लाख गरी रू.४२ अर्ब ६३ करोड ५७ लाख बजेट विनियोजन भएकोमा रकमान्तरबाट रू.१५ करोड ३७ लाख ४२ हजार थप गरी रू.४२ अर्ब ७८ करोड ९४ लाख ४२ हजार अन्तिम बजेट कायम भएको छ । प्रदेश सरकारले चालु तर्फ रू.८ अर्ब ३८ करोड ३८ लाख ४७ हजार, पुँजीगत तर्फ रू.१७ अर्ब ७३ करोड ६५ लाख ६८ हजार तथा स्थानीय तह वित्त हस्तान्तरण तर्फ रू.४ अर्ब १२ करोड ३७ लाख ४० हजार समेत रू.३० अर्ब २४ करोड ४१ लाख ५५ हजार खर्च गरेको छ। प्रदेश सरकारले कायम बजेटको चालु तर्फ ६४.३५ पुँजीगत तर्फ ७१.१५ र स्थानीय तह वित्त हस्तान्तरण तर्फ ८५.३० समेत समग्रमा ७०.६८ प्रतिशत खर्च गरेको छ। प्रदेश सरकारको खर्च गर्ने क्षमता सुधार हुनुपर्दछ ।

८. **राजस्व प्रक्षेपण तथा असुली -** प्रदेश सरकारका अर्थमन्त्रीले प्रदेश सभा समक्ष पेस गरेको वार्षिक बजेट अनुसार यस वर्षको राजस्व प्राप्तिको लक्ष्य र यथार्थ प्राप्तिको अवस्था निम्न रहेको छः

(रकम रू. हजारमा)

विवरण	अनुमान रू.	यथार्थ प्राप्ति	प्राप्ति प्रतिशत
कर राजस्व	१५३५३५००	११७५९४२३	७६.५९
अनुदान	१८४७६४००	१३४४७३२२	७२.७८
अन्य राजस्व	३७३५८००	१४५४७३१	३८.९४
विविध प्राप्ति	४०७००००	८३६५५३	२०.५५
आन्तरिक ऋण	१०००००	०	०
जम्मा	**४२६३५७००**	**२७४९८०२९**	**६४.४९**

प्रदेश सरकारले अनुमानको तुलनामा कर राजस्व ७६.५९ प्रतिशत, अनुदान ७२.७८ प्रतिशत, अन्य राजस्व ३८.९४ प्रतिशत र विविध प्राप्ति २०.५५ प्रतिशत यर्थाथ प्राप्ति भएको छ ।

९. **चौमासिक खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० मा आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा सात दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरी निकासा बन्द गर्नु पर्ने व्यवस्था छ। बजेट वक्तव्यको १९९ बुँदामा विषयगत स्वीकृत कार्यक्रममा चौमासिक विभाजनको कम्तिमा ७० प्रतिशत खर्च नगरेको कार्यक्रम संशोधन, रकमान्तर र खर्च भूक्तानी रोक्का हुनुपर्ने व्यवस्था उल्लेख छ । प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार यो वर्ष रू.४२ अर्ब ६३ करोड ५७ लाख विनियोजन गरी रू.३० अर्ब २४

करोड ४१ लाख ५५ हजार खर्च गर्दा प्रथम चौमासिकमा रू.३ अर्ब ७६ करोड ८० लाख ४१ हजार, दोस्रो चौमासिकमा रू.८ अर्ब ६५ करोड २० लाख ६१ हजार, तेस्रो चौमासिकमा रू.१७ अर्ब ८२ करोड ४० लाख ५३ हजार र आषाढमा रू.८ अर्ब ८१ करोड १५ लाख ५५ हजार अर्थात् २९ प्रतिशत खर्च गरेको छ । आषाढको खर्चमध्ये आषाढ २४ गतेपछि स्थानीय तहबाट फिर्ता भएको रू.२१ करोड ३६ लाख २४ हजार बाहेक रू.४ अर्ब ६१ करोड ३१ लाख ८७ हजार अर्थात् कुल खर्चको १५.२५ प्रतिशत खर्च भएको छ। कानुनको पालना गरी आषाढ महिनाको अन्त्यमा हुने भुक्तानी नियन्त्रण हुनुपर्दछ।

१०. **रकमान्तर -** लुम्बिनी प्रदेश विनियोजन ऐन, २०७९ को दफा ३ मा कुनै अनुदान संख्यामा बचत हुने र कुनै अनुदान संख्यामा अपुग हुने देखिन आएमा आर्थिक मामिला तथा सहकारी मन्त्रालयले बचत हुने अनुदान संख्याबाट अपुग हुने अनुदान संख्यामा दश प्रतिशतमा नबढ्ने गरी रकमान्तर गर्न सक्ने व्यवस्था छ।यो वर्ष मन्त्रालय र मातहत कार्यालयका लागि चालु तर्फ विनियोजित बजेट रू.३६ करोड ५९ लाख ७७ हजारमा ०.६० प्रतिशत थप र पुँजीगत तर्फ रू.४ करोड ६८ लाख ४० हजारमा ६.५५ प्रतिशत थप गरी रू.४१ करोड ६ लाख १७ हजार बजेट कायम भएको छ । सुरू अनुमानको तुलनामा १.२८ प्रतिशतले थप रू.४१ करोड ५८ लाख ८९ हजार बजेट कायम भएको छ । विनियोजन दक्षतामा सुधार गरी सुरूबजेटलाई यर्थाथपरक बनाउनुपर्दछ ।

११. **परामर्श सेवा खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा कुनै व्यक्ति फर्म संस्था वा कम्पनीबाट परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ।सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सम्बन्धित मन्त्रालयले परामर्श सेवाको लागत अनुमान सम्बन्धी नर्म्स तयार गरेको भए त्यस्तो नर्म्स एवम् सम्बन्धित परामर्श सेवाको कार्य क्षेत्रगत शर्तका आधारमा परामर्श सेवाको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ।मन्त्रालयले मन्त्रालय र मातहतका कार्यालयले परामर्श सेवाको लागत अनुमान तयार गर्ने नर्म्स स्वीकृत नगरेको कारण आधार वेगर लागत अनुमान तयार गरी सोझै वार्ताद्धारा खरिद गर्नाले सरकारलाई अनावश्यक व्ययभार परेको छ।मन्त्रालयले आफ्नो कामको प्रकृति अनुसारको नर्म्स स्वीकृत गर्नुपर्दछ।

यो वर्ष मन्त्रालय र मातहतका कार्यालयका लागि सेवा र परामर्श खर्च तथा पुँजीगत परामर्श सेवामा रू.३० करोड ३१ लाख ६३ हजार बजेट विनियोजन भएकोमा रू.११ करोड १९ लाख ३० हजार खर्च भएको छ।मन्त्रालय र मातहतका कार्यालयले परामर्शदाता मार्फत तयार भएका विस्तृत आयोजना प्रतिवेदन वा परामर्शदाताको प्रतिवेदनको अभिलेख प्रदेश योजना आयोगमा रहेको आयोजना बैङ्कमा समावेश हुने व्यवस्था गरी ती प्रतिवेदनको कार्यान्वयन अवस्थाको अनुगमन गरेको छैन ।

१२. **एकीकृत वित्तीय विवरण** - लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २५(२) मा लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आय व्ययको एकीकृत वित्तीय विवरण तयार गरी महालेखापरीक्षकको कार्यालय समक्ष पेस गर्नुपर्ने व्यवस्था छ।प्रदेश सरकार मातहतका कुनै पनि मन्त्रालयले मातहतका कार्यालय समेतको सम्पूर्ण आर्थिक कारोबार समेटिएको एकीकृत वित्तीय विवरण तोकिएको ढाँचामा तयार गरी पेस गरेका छैनन्।कानुन अनुसार वित्तीय विवरण तयार गरी पेश गर्नु पर्दछ।

१३. **अन्तर सरकारी अख्तियारी -** लुम्बिनी प्रदेश विनियोजन ऐन, २०७९ को दफा ५ मा प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको पूँजीगत तर्फको कुनै आयोजना वा कार्यक्रम नेपाल सरकारका निकाय मार्फत कार्यान्वयन गर्नु पर्ने भएमा प्रदेश सरकारको

सम्बन्धित निकायले आर्थिक मामिला तथा सहकारी मन्त्रालयको सहमतिमा संघीय विनियोजन ऐन बमोजिम नेपाल सरकारको सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृति लिई नेपाल सरकारका निकाय मार्फत कार्यान्वयन गर्ने गरी निर्णय गर्न सक्ने व्यवस्था छ। प्रदेश सरकार मातहतका ४ मन्त्रालयले यो वर्ष नेपाल सरकारका ८२ निकायलाई अन्तर सरकारी अख्तियारी मार्फत प्रदेश सरकारको कार्यक्रम कार्यान्वयन लागि रू.१ अर्ब १२ करोड १५ लाख बजेट विनियोजन गरी रू.७३ करोड ८ लाख ९२ हजार खर्च गरेकोमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृति लिएको छैन। यसै गरी प्रदेश विनियोजन ऐन विपरीत चालु खर्च तर्फ पनि बजेट विनियोजन गरी खर्च गरेको छ। प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटमा समावेश भएको रकम कानूनी प्रकृया पुरा नगरी खर्च लेख्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

१४. **अनुदान उपयोग र अनुगमन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४० मा कुनै संघ वा संस्थालाई दिएको अनुदान रकम जुन कामको लागि दिइएको हो सो काममा लक्ष्य अनुसार खर्च गरे वा नगरेको र त्यस्तो रकमको कानुन बमोजिम लेखापरीक्षण भए वा नभएको अनुगमन गरी वार्षिक विवरण तयार गर्नु पर्ने व्यवस्था छ। प्रदेश सरकार मातहतका निकायले यो वर्ष रू.१ अर्ब १९ करोड ७३ लाख २० हजार अनुदान तथा सहायत खर्च लेखेकोमा अनुदान रकम स्वीकृत प्रयोजनमा खर्च गरेको, भएको खर्चबाट लक्षित समूहले प्रत्यक्ष रुपमा लाभ पाएको, अनुदान रकमबाट अपेक्षित नतिजा हासिल भएको, अनुदान रकमबाट निजी स्वामित्वका जग्गामा निर्माण भएका संरचनाहरू संस्था अस्तित्वमा नरहेको अवस्थामा सरकारी संयन्त्रमा हस्तान्तरण हुने प्रबन्ध भएको, खर्च नभएको रकम फिर्ता गरेको तथा अनुदान रकम खर्च गर्दा सार्वजनिक खरिद ऐन बमोजिमको कार्यविधि पूरा गरी खरिद गरेको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन तयार गर्नुपर्दछ।

१५. **आन्तरिक लेखापरीक्षण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२(छ) मा आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएका व्यहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै फर्स्यौंट गराई अन्तिम लेखापरीक्षण समक्ष प्रस्तुत गर्नुपर्ने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयले यस वर्षको आन्तरिक लेखापरीक्षणबाट नियमित गर्नुपर्ने रू.२३ करोड ७० लाख ९७ हजार, असुल गर्नुपर्ने रू.२ करोड ९३ लाख ४१ हजार र म्याद नाघेको पेश्की रू.५५ करोड ७६ लाख ४७ हजार समेत रू.८२ करोड ४० लाख ८५ हजार बेरुजु देखिएकोमा अन्तिम लेखापरीक्षण हुनु अगावै फर्स्यौंट गराएको पाइएन । आन्तरिक लेखापरीक्षण बेरुजु समयमै फर्स्यौंट गराउनु पर्दछ ।

१६. **जिन्सी व्यवस्थापन** - प्रदेश सरकारको (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी लगत तथा असुल उपर गर्ने कार्य मन्त्रालयलाई तोकेको छ । महालेखा नियन्त्रक कार्यालयले पेश गरेको एकीकृत वित्तीय विवरण अनुसार प्रदेश सरकार मातहत रू.३ अर्ब ७९ करोड १८ लाख ३९ हजारको सम्पत्ति देखाएको भए पनि प्रदेश लेखा नियन्त्रक कार्यालय तथा निकायहरूले सम्पत्तिको एकीकृत विवरण तयार गरेको छैन। प्रदेश सरकार मातहत कार्यालयको सम्पत्ति लगत तयार गरी अद्यावधिक गर्नुपर्दछ ।

१७. **प्रगति मूल्याङ्कन** - लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २० मा बजेट तथा कार्यक्रमको कार्यान्वयन अवस्थाको मूल्याङ्कन गरी अर्धवार्षिक र वार्षिक रुपमा सार्वजनिक गर्ने व्यवस्था रहेको छ। यो वर्षको वार्षिक विकास कार्यक्रम अनुसार प्रदेश सभा, आयोग, मन्त्रालय तथा अन्तर्गतका कार्यालयहरूका लागि पुँजीगत खर्च तर्फ १२ हजार ६०२ कार्यक्रममा रू.२४ अर्ब ४७ करोड ७० लाख विनियोजन भएकोमा रू.१७ अर्ब ७३ करोड ६५ लाख (७२.४६ प्रतिशत) खर्च भएको छ । स्वीकृत कार्यक्रममा समावेश भएका क्रियाकलापहरूको भौतिक र वित्तीय प्रगती खुल्ने

गरी एकीकृत प्रगति विवरण तयार गरेको पाइएन। स्वीकृत कार्यक्रम अनुसारको प्रगति विवरण तयार गरी सार्वजनिक गर्नुपर्दछ ।

१८. **अवण्डा बजेट** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १० मा सार्वजनिक निकायहरूले बजेट प्रस्ताव गर्दा प्रस्तावित योजना तथा कार्यक्रमको क्रियाकलापगत विवरण खुलाई बजेट तयार गर्नुपर्ने व्यवस्था छ। प्रदेश सरकारले यो वर्ष अर्थ विविधमा चालुतर्फ रू.१ अर्ब २२ करोड ९९ लाख ४३ हजार तथा पुँजीगत तर्फ रू.१९ करोड गरी रू.१ अर्ब ४१ करोड ९९ लाख ४३ हजार सुरू बजेट विनियोजन गरेकोमा रकमान्तर पश्चात रू.९३ करोड ८६ लाख ६६ हजार कायम गरी रू.१७ लाख ५८ हजार खर्च गरेको छ।

खानेपानी, ग्रामीण तथा सहरी विकास मन्त्रालयले रू.४ करोड ६५ लाख, श्रम रोजगार तथा यातायात व्यवस्था मन्त्रालयले रू.२ करोड, भौतिक पूर्वाधार विकास मन्त्रालयले रू.८८ करोड ५० लाख आयोजनाको पहिचान, अध्ययन, अनुसन्धान तथा अन्य निर्माण कार्यको लागि एकमुष्ट विनियोजन गरी मन्त्रालयबाट विभिन्न मितिमा निर्णय गरी मातहत कार्यालयलाई निकासा दिएको छ ।यस्तो खर्चमा नियन्त्रण गरी आर्थिक वर्षको सुरूमै योजनागत बजेट स्वीकृत गरी कार्यान्वयन गर्नुपर्दछ ।

१९. **दायित्व सिर्जना** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(२) मा कार्यालयले चालु आर्थिक वर्षको विनियोजित बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्न नहुने व्यवस्था छ। प्रदेश सरकार मातहतका कार्यालयहरूले यो वर्ष रू.३५ करोड ३२ लाख ८० हजारको दायित्व आगामी आर्थिक वर्षको लागि सिर्जना गरेको छ। आगामी वर्षको बजेटलाई असर पार्ने गरी दायित्व सिर्जना गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

२०. **कार्यक्षेत्र पालना** -नेपाल सरकार प्रदेश सरकार तथा स्थानीय तहले कार्यान्वयन गर्ने कार्यक्रमलाई व्यवस्थित गर्न नेपाल सरकारले संघ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँट सम्बन्धी मापदण्ड, २०७६ लागू गरेको छ। प्रदेश सरकारका मन्त्रालयले प्रदेश सरकारको सीमाभित्र पर्ने आयोजना वा कार्यक्रमको लागि मात्र बजेट विनियोजन गर्नुपर्नेमा स्थानीय तहको अधिकार क्षेत्रभित्र परेका टुक्रे आयोजना वा कार्यक्रममा बजेट विनियोजन गरी कार्यान्वयन गरेको देखिएकाले यसमा नियन्त्रण हुनुपर्दछ।

२१. **पेश्की फर्स्यौंट -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेश्की दिने र फर्स्यौंट गर्ने व्यवस्था छ। प्रदेश सरकार मातहतका १२ मन्त्रालयले गत आर्थिक वर्षको पेश्की बाँकी रू.७२ करोड १४ लाख २७ हजार तथा यस वर्षको म्याद नाघेको पेश्की रू.५५ करोड ७६ लाख ४७ हजार र म्याद ननाघेको रू.४६ करोड ८७ लाख ४२ हजार समेत रू.१ अर्ब ७४ करोड ७८ लाख १६ हजार रहेको छ । पेश्की बाँकी रकम नियमानुसार फर्स्यौंट हुनुपर्दछ।

२२. **तलबी प्रतिवेदन पारित -** निजामती सेवा ऐन, २०४९ को दफा ७(ख) मा तलबी प्रतिवेदन पारित नगरी तलब भुक्तानी भएमा भुक्तानी गर्नेबाट असुल गर्नुपर्ने व्यवस्था छ। त्यस्तै, लुम्बिनी प्रदेश सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ को दफा १९ मा तलबी प्रतिवेदन पारित नगरी तलब भत्ता खर्च लेखेमा खर्च लेख्ने अधिकारीबाट असुल गर्ने व्यवस्था छ। प्रदेश सरकार मातहतका कार्यालयका लागि यस वर्ष पारिश्रमिकमा रू.२ अर्ब ५१ करोड ५८ लाख ३५ हजार बजेट विनियोजन भई रू.१ अर्ब ९२ करोड ३८ लाख ३७ हजार खर्च लेखेकोमा तलबी प्रतिवेदन पारित गरेको पाइएन। कानूनी व्यवस्था अनुसार तलबी प्रतिवेदन पारित गरेर मात्र खर्च लेख्नु पर्दछ।

२३. **समायोजन ग्रेड -** कर्मचारी समायोजन ऐन, २०७५ को दफा ७ मा सरकारी सेवामा श्रेणीगत रुपमा कार्यरत कर्मचारीलाई प्रदेश वा स्थानीय तहमा समायोजन गर्दा कर्मचारीको सेवा अवधि र शैक्षिक योग्यताका आधारमा तह मिलान तथा ग्रेड तलब वृद्धि कायम गरिने व्यवस्था छ। प्रदेश सरकारका मन्त्रालय मातहतका कार्यालयहरूले कानूनी व्यवस्था अनुसार माथिल्लो तहमा बढुवा भएका कर्मचारीलाई तल्लो तहमा खाईपाई आएको ग्रेड थप गरी तलब भुक्तानी गर्नाले सरकारलाई थप व्ययभार परेको छ। कर्मचारीले समायोजन हुनु पूर्व खाइपाइ आएको ग्रेड रकम र समायोजन पश्चात तह मिलान वा समायोजन हुँदा कायम हुने ग्रेड खुल्ने गरी तलबी प्रतिवेदन पारित गरी ग्रेड रकम भुक्तानी गर्नुपर्दछ।

२४. **सफ्टवेयर सञ्चालन** - प्रदेश सरकार र मातहतका कार्यालयले यो वर्ष सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालन एवम् कम्प्युटर सफ्टवेयर निर्माण तथा खरिदमा रू.२९ लाख ५३ हजार खर्च गरी सूचना प्रविधि सम्बन्धी प्रणाली वा सफ्टवेयर खरिद गरेवापत विभिन्न डेभलपरहरूलाई भुक्तानी दिएका छन् तर कार्यालयमा त्यस्तो प्रणालीको आवश्यकताको विश्लेषण नगरेको, स्पेशिफिकेसन एवम् लागत अनुमान तयार गर्ने नर्म्स स्वीकृत नगरेको, कार्यालयको सञ्चालन तथा मर्मत संभार क्षमता विश्लेषण नगरेको, प्रणालीको सोर्सकोड सहितका आवश्यक कागजात डेभलपरहरूबाट नलिएको, जडान भएका प्रणालीको कार्यान्वयन नभएको जस्ता कारणले प्रणाली वा सफ्टवेयरको सञ्चालनमा समस्या देखिएकाले मन्त्रालयले यस्ता समस्यालाई उचित रुपमा संवोधन गरी प्रणाली वा सफ्टवेयरको प्रयोगमा निरन्तरता दिनु पर्दछ।

२५. **पर्यटन काज -** प्रदेश सरकारबाट स्वीकृत कर्मचारीको आन्तरिक पर्यटन काज कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७९ अनुसार आन्तरिक पर्यटन काजमा जानेले वर्षमा ५ दिन आन्तरिक पर्यटन काज लिन सक्ने र एकमुष्ठ रू.२५ हजार पाउने उल्लेख छ । प्रदेश अन्तर्गत कार्यरत कर्मचारीलाई यस वर्ष समेत भ्रमण खर्च नियमावली अनुसार दैनिक पाउने दरभन्दा बढी हुने गरी पर्यटन काज वापतको रकम खर्च लेखेको छ। आन्तरिक पर्यटन काज खटाउने सम्बन्धमा निजामती सेवा सम्बन्धी कानुनमा व्यवस्था गरी भ्रमण खर्च सम्बन्धी कानुन अनुकुल हुने गरी प्रदेश सरकारको राजस्व क्षमताको आधारमा खर्च गर्नुपर्दछ ।

२६. **खरिदमा प्रतिस्पर्धा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा बीस लाख रुपैयाभन्दा बढी लागत अनुमान भएको खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ। यो वर्ष भौतिक पूर्वाधार विकास मन्त्रालय तथा पर्यटन,ग्रामीण तथा सहरी विकास मन्त्रालयका २० कार्यालयले रू.५९ करोड २२ लाख ९ हजारको खरिद सोझै गरेको देखियो।

२७. **कन्टीन्जेन्सी खर्च** - सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची १ तथा अनुसूची १क मा कन्टन्जेन्सी खर्च गर्न सकिने सीमा तोकिएको छ । यो वर्ष २४ कार्यालयले रू.२२ करोड २७ लाख ७२ हजार कन्टीन्जेन्सी खर्च गरेको छ । कार्यालयहरूले मष्टरोल मार्फत ज्यालामा रू.४ करोड ८० लाख ७१ हजार खर्च लेखेकोमा सुपरभाइजरहरू नियुक्त गरेको आधार एवम् निजहरूले सम्पादन गरेको कामको परिमाण देखिने अभिलेख राख्ने गरेको पाइएन ।यो वर्ष इन्धनमा रू.२ करोड ७७ लाख २७ हजार कार्यालय सामानमा रू.३ करोड ३४ लाख ७० हजार भ्रमण खर्चमा रू.१ करोड ६८ लाख ३० हजार तथा अन्यमा रू.९ करोड ६६ लाख ७४ हजार खर्च गरेका छन।कन्टिन्जेन्सीमा भएको खर्चलाई योजनागत नापी किताबमा उल्लेख गरेको देखिएन। योजना वा ठेक्का प्याकेज अनुसार कन्टिन्जेन्सी खर्च छुट्याई नापी किताबमा प्रविष्टि गर्नुपर्छ ।

२८. **मौज्दातमा राख्न खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ मा खरिदको विवरण तयार गर्नुपर्ने व्यवस्था छ। खानेपानी, ग्रामीण तथा सहरी विकास मन्त्रालय मातहतका ७ खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयले रू.११ करोड ६८ लाख ४४ हजार मूल्यका पाइप तथा रू.७ करोड ९५ लाख १६ हजार मूल्यका फिटिङ्स समेत रू.१९ करोड ६३ लाख ६० हजार मूल्यका निर्माण सामग्री खरिद गरी मौज्दात राखेको विवरण प्राप्त भएको छ। खरिद कार्य गर्दा आयोजनाको विस्तृत प्रतिवेदनमा उल्लेख भए अनुसारका मालसमान खरिद गरी सम्बन्धीत योजनामा पाईप फिटिङ्गसहरू उपयोग हुनुपर्दछ ।

२९. **बीमा** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद सम्झौतामा व्यवस्था भएको बाहेक बीस लाख रुपैयाभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले बीमा गराउनु पर्ने व्यवस्था छ। भौतिक पूर्वाधार एवम् खानेपानी, ग्रामीण तथा सहरी विकास मन्त्रालय मातहतका कार्यालयले रू.७ करोड ६८ लाख २८ हजारका १ हजार ७४१ खरिद सम्झौतामा बीमा गराएको पाइएन। कानुन अनुसार बीमा गराई निर्माणाधिन संरचनाको सुरक्षण हुनुपर्दछ।

३०. **पूर्वनिर्धारित क्षतिपूर्ति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(क) मा निर्माण व्यवसायीको ढिलाइको कारणबाट खरिद सम्झौता बमोजिम तोकिएको अवधिमा कार्य सम्पन्न हुन नसकेमा सार्वजनिक निकायलाई पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । भौतिक पूर्वाधार विकास एवम् खानेपानी, ग्रामीण तथा सहरी विकास मन्त्रालय मातहतका २७ कार्यालयले सम्झौता अवधि समाप्त भएका तर म्याद थप नभएका सम्झौतामा रू.८ करोड ९१ लाख ८० हजार पूर्व निर्धारित क्षतिपूर्ति रकम असुल गरेका छैनन्। सार्वजनिक खरिद कानुन अनुसार पूर्वनिर्धारित क्षतिपूर्ति असुल हुनुपर्दछ।

३१. **प्रदेश र स्थानीय तहबीचको सम्बन्ध** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ मा प्रदेश तथा स्थानीय तहले गर्ने काम कारबाहीमा नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँट लगायतका अन्तर सम्बन्धित विषयहरूमा समन्वय कायम गर्न प्रदेश समन्वय परिषद् रहने व्यवस्था छ। प्रदेशले प्रदेश समन्वय परिषद्को बैठक सम्पन्न गरे पनि प्रदेश सरकारले स्थानीय तहमा हस्तान्तरण गर्नुपर्ने साना योजनाहरू आफैंले सञ्चालन गरेको, स्थानीय तहले गर्ने कार्यको लागि समेत प्रदेशस्तरका कार्यालय स्थापना गरेको, स्थानीय तहले राजस्व बाँडफाँट गरी पठाउनुपर्ने सबै रकम प्रदेश सरकारलाई नपठाएको लगायतको स्थिति देखिएको छ। साझा अधिकार सूचीमा रहेका कार्यको कार्यसम्पादनमा प्रभावकारिता ल्याउन र विकास निर्माणमा सन्तुलन कायम गर्न नियमित रूपमा प्रदेश समन्वय परिषद्को बैठकबाट निर्णय गराई आफ्नो कार्यसम्पादनमा सहजता आउने गरी प्रदेश सरकार र स्थानीय तहबीच समन्वय कायम गर्नुपर्दछ ।

३२. **लेखापरीक्षण बक्यौता** — यो वर्ष प्रदेश अन्तर्गत जिल्ला अस्पताल, रूकमपूर्वको (२०७७।७८) लेखापरीक्षण बक्यौता रहेको छ । यस सम्बन्धी विवरण अनुसूची-३(क) मा उल्लेख छ।

खण्ड

१

प्रदेश मन्त्रालय तथा निकाय

प्रदेश सभा सचिवालय

नेपालको संविधानको धारा १७५ मा प्रदेशमा एक सदनात्मक प्रदेश सभा रहने, धारा १७६ मा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीबाट ८७ जना सदस्य रहने तथा धारा १९५ मा प्रदेश सभाको काम कारबाही सञ्चालन तथा व्यवस्थापन गर्न एक सचिवालय रहने व्यवस्था छ। प्रदेश सभा नियमावली, २०७९ को नियम १४८ अनुसार प्रदेश सभामा ६ विषयगत समिति रहेका छन्।

१. **सरकारी कार्यालय -** यो वर्ष प्रदेश सभा सचिवालयको रू.२४ करोड ५ लाख ४६ हजारको लेखापरीक्षण सम्पन्न गरीएको छ ।

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
२२४०५२	७१	३९८२	१२४४१	२४०५४६

२. **विधेयक दर्ता तथा पारित -** प्रदेश सभा नियमावली, २०७९ को परिच्छेद १५ मा व्यवस्थापन कार्यविधि सम्बन्धी व्यवस्था छ । प्रदेश सभाको प्रथम कार्यकालमा ८३ विधेयक दर्ता भएको मध्ये ७२ पारित भई प्रमाणीकरण भएको तथा यस वर्ष २७ नयाँ कानुन निर्माण गर्ने लक्ष्य रहेकोमा ७ विधेयक दर्ता भएको मध्ये ४ पारित भई प्रमाणिकिकरण भएको विवरण प्राप्त भएको छ।

३. **समितिको निर्णय कार्यान्वयन -** लुम्बिनी प्रदेश सभा नियमावली, २०७९ को नियम १६० मा सभामा पेस भएको प्रतिवेदन सम्बन्धित मन्त्रीले कार्यान्वयन गर्नुपर्ने र प्रतिवेदन कार्यान्वयन भए नभएको अनुगमन एवं मूल्याङ्कन गरी सोको प्रतिवेदन समितिले सभामा पेस गर्ने व्यवस्था रहेको छ । प्रदेश सभाका समितिले गरेको निर्णयको अभिलेख राखी सोको कार्यान्वयनको अनुगमन एवं मूल्याङ्कन हुनुपर्दछ ।

४. **योग्यता र मापदण्ड** - प्रदेश सभा सचिवालयले पदाधिकारीको स्वकीय सचिवालयमा नियुक्त हुने व्यक्तिहरूको योग्यता र पदपूर्ति प्रकृया सम्बन्धमा मापदण्ड तयार गरेको छैन । स्वकीय सचिवालयका कर्मचारीको लागि यो वर्ष प्रदेश सभाका सभामुख, उपसभामुख, विपक्षी दलको नेता, मुख्य सचेतक, राजनैतिक दलको नेता, विपक्षी दलको मुख्य सचेतक, समितिका सभापति, राजनैतिक दलको सचेतक र सांसद सदस्यको लागि उपसचिव १, शाखा अधिकृत २ र अन्य कर्मचारी ८० नियुक्ति गरी पारिश्रमिक वापत रू.२ करोड ८० लाख ८२ हजार खर्च लेखेको छ । स्वकीय सचिवालयका कर्मचारीहरूको लागि शैक्षिक योग्यता र पदपूर्ति प्रकृयाको मापदण्ड तयार गर्न उपयुक्त हुने देखिन्छ।

५. **बजेट र खर्चको अवस्था -** प्रदेश विनियोजन ऐन, २०७९ अनुसार सचिवालयका लागि चालुतर्फ रू.२२ करोड ६४ लाख १० हजार तथा पुँजीगत तर्फ रू.११ करोड ७३ लाख ५६ हजार गरी रू.३४ करोड ३७ लाख ६६ हजार बजेट विनियोजन भएकोमा रकमान्तरबाट थपघट गरी क्रमशः रू.२२ करोड ५७ लाख ५ हजार तथा पुँजीगत तर्फ रू.१० करोड ९८ लाख ४४ हजार गरी रू.३३ करोड ५५ लाख ४९ हजार अन्तिम बजेट कायम भएको छ । सचिवालयले चालु तर्फ रू.१३ करोड ९३ लाख ३३ हजार र पुँजीगत तर्फ रू.८ करोड ४७ लाख १९ हजार समेत रू.२२ करोड ४० लाख ५२ हजार अर्थात् अन्तिम बजेटको तुलनामा ६६.७७ प्रतिशत खर्च गरेको छ। सचिवालयको खर्च गर्ने क्षमता सुधार हुनुपर्दछ ।

६. **सार्वजनिक लेखा समिति** - लुम्बिनी प्रदेश सभा नियमावली, २०७९ को नियम १४८(क) मा सार्वजनिक लेखा सम्बन्धी विषय र महालेखा परीक्षकको प्रतिवेदन सार्वजनिक लेखा समितिको कार्य क्षेत्रमा तोकिएको छ। महालेखा परीक्षकले नेपालको संविधानको धारा २९४(३) बमोजिम पेस गरेका ५ वार्षिक प्रतिवेदनहरू मध्ये ३ प्रतिवेदन समितिमा छलफल नभएकाले प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरू फर्स्यौंट हुन सकेका छैनन। समितिमा प्रतिवेदन छलफल गरी बेरुजु फर्स्यौंटलाई प्रभावकारी बनाउनु पर्दछ।

७. **स्वास्थ्य उपचार कोष** - प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूको स्वास्थ्य उपचार कोष सम्बन्धी कार्यविधि, २०७६ को बुँदा नं.५(५) मा पदाधिकारी तथा सदस्यहरूले स्वीकृत चिकित्सकको सिफारिस बमोजिम उपचार गर्दा लागेको औषधि उपचार खर्चका बिल भर्पाइहरू उपचार कोष सञ्चालन समितिमा पेस गर्ने र सो समितिले चेक जाँच गरी कार्यविधिको बुँदा नं.८ बमोजिम एक वर्षमा बिल बमोजिमको रकम वा रू.५ लाख मध्ये जुन घटि हुन्छ, सोही बमोजिमको उपचार सुविधा पदाधिकारीहरूलाई उपलब्ध गराउने व्यवस्था छ । यो वर्ष २३ सभासदहरूको निजी स्वास्थ्य संस्थाहरूमा उपचार गराए बापत रू.१५ लाख ४१ हजार सचिवालयले सोधभर्ना खर्च लेखेको छ । सरकारी स्वास्थ्य संस्थामा उपचार गराउने र चिकित्सकहरूको सिफारिसमा मात्र निजी स्वास्थ्य संस्थामा उपचार गराउनेकानूनी व्यवस्था हुनुपर्दछ ।

८. **वार्षिक लक्ष्य तथा प्रगति** - लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २० मा बजेट तथा कार्यक्रमको मूल्याङ्कन गर्नुपर्ने व्यवस्था छ । यो वर्ष सभाका लागि रू.१० करोड ९८ लाख ४४ हजार बजेट व्यवस्था भएकोमा रू.८ करोड ४७ लाख १९ हजार बजेटको तुलनामा ७७.१२ प्रतिशत प्रगति भएको छ । सोमध्ये निर्वाचित माननीयहरूको लागि अभिमुखिकरण कार्यक्रम, विधेयक सम्बन्धी अन्तरक्रिया लगायतका रू.८२ लाखको विभिन्न १२ कार्यक्रम कार्यान्वयन हुन सकेको देखिएन । स्वीकृत कार्यक्रम कार्यान्वयन गरी तोकिएको लक्ष्य हासिल गर्नुपर्दछ ।

९. **सेवा करार** - लुम्बिनी प्रदेशको सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ को परिच्छेद-२ खर्चको मापदण्ड बुदा नं १०(ग) बमोजिम कम्प्युटर अपरेटर, सवारी चालक र कार्यालय सहयोगीले गर्नुपर्ने जस्ता कामहरू गर्न स्वीकृत दरबन्दी तथा अख्तियारी भित्र रही प्रचलित न्यूनतम् स्केलभन्दा बढी नहुने गरी सेवा खरिद गर्नुपर्ने उल्लेख छ। कार्यालयको राजपत्र अनंकित प्रथम श्रेणी कम्प्युटर अपरेटर पदमा स्वीकृत दरबन्दी १ रहेकोमा २ तथा कार्यालय सहयोगी पदमा ३ स्वीकृत दरबन्दी रहेकोमा ५ एवम् माली र स्वीपर पदमा दरबन्दी स्वीकृत नरहेकोमा क्रमश: १ र २ जनाको पदपुर्ति गरी दरबन्दी भन्दा ६ कर्मचारी बढी नियुक्त गरी रू.३८ लाख ६ हजार खर्च लेखेको छ। स्वीकृत दरबन्दी भित्र रही कर्मचारी नियुक्ती गर्नुपर्दछ ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा विधायिकी अधिकार प्रत्यायोजन, स्वास्थ्य उपचार कोष, आन्तरिक नियन्त्रण प्रणाली तयार नगरेको, खर्च नगरी बजेट समर्पण गरेको लगायतका व्यहोरा औंल्याएकोमा यो वर्ष पनि सुधार भएको पाइएन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ ।
- **बेरुजु** - यो वर्ष सचिवालयको लेखापरीक्षणबाट रू.१ करोड ५५ लाख ३६ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.५ लाख ४ हजार फर्स्यौंट गरेकोले रू.१ करोड ५० लाख ३२ हजार बाँकी रहेको । बेरुजु मध्ये २९ लाख ६७ हजार पेश्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची-९ मा संलग्न छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

लुम्बिनी प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९ बमोजिम प्रदेश भित्रको शासन व्यवस्थाको नियन्त्रण, निर्देशन र सञ्चालन गर्ने, प्रदेश मन्त्रिपरिषद्को सञ्चालन र निर्णय कार्यन्वयन गर्ने, मातहत प्रदेश मन्त्रालयबाट सम्पादित काम, जनशक्ति, सम्पत्ति र विधिको सुपरीवेक्षण, अनुगमन, मूल्याङ्कन र नियन्त्रण गर्ने, कानुन र विधि तर्जुमा र कार्यान्वयन तथा मूल्याङ्कन, सदाचार र सुशासन सहितको अनुभूतियोग्य सुधार, प्रदेश निजामती सेवाको सञ्चालन, तालिम संगठन तथा व्यवस्थापन संरक्षण र अन्तर प्रदेश परिषद् र स्थानीय तहसँग समन्वय र सम्बन्ध कायम गरी अनुभूतियोग्य भरोसा कायम गर्न प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन गर्ने रहेको छ ।कार्यालय र मातहत सरकारी कार्यालय तथा संगठित संस्थासमेत १४ निकायबाट कार्य सम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय** - यो वर्ष कार्यालय र मातहतका १२ संघीय कार्यालयको रू.७२ करोड ८१ लाख ६७ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
६७०४७०	१५९९	२२८७३	३२२२५	७२८१६७

२. **समिति र अन्य संस्था -** यो वर्ष २ समितिको रू.१ अर्ब १ करोड ४ लाख ३२ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

३. **कानुन निर्माण -** लुम्बिनी प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९ मा नेपालको संविधान बमोजिम बनाउनु पर्ने प्रदेश कानुन तथा स्थानीय तह सम्बन्धी प्रदेश कानुन तर्जुमा गर्ने जिम्मेवारी मुख्यमन्त्री तथा मन्त्रीपरीषद्को कार्यालयलाई तोकिएको छ।प्रदेश सरकारले सालबसाली ऐन र संशोधन कानुन बाहेक विभिन्न ७६ वटा विषयगत ऐन तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ।नेपालको संविधानले तोकेका एकल अधिकार सूची तथा साझा अधिकार सूचीमा उल्लिखित विषयमा कानुन तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु पर्दछ।

४. **संगठन तथा कर्मचारी व्यवस्थापन** - प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९ मा प्रदेश स्तरका सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन परीक्षण गर्ने जिम्मेवारी कार्यालयलाई तोकिएको छ।सर्वप्रथम प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ अनुसार २०७४।११।७ मा ७ मन्त्रालय गठन गरिएकोमा २०७८।१२।६ मा ९, २०७८।५।१८ मा १३, २०७९।१०।२७ मा १०, २०८०।४।१ मा २ को नाम परिवर्तन, २०८०।९।६ मा मन्त्रालयको नाम र कार्यजिम्वेवारी परिवर्तन, २०८१।१।६ मा ११ तथा २०८१।१।१२ मा १२ मन्त्रालय कायम गरी पटक पटक संख्या थपघट भएको देखिन्छ।मन्त्रालयको कार्य जिम्मेवारीमा पटक पटकको परिवर्तनले मन्त्रालय र मातहतको कार्यक्षेत्रमा परिवर्तन हुँदा बजेट खर्च गर्ने अख्तियारी, वार्षिक कार्यक्रमको प्रगति समीक्षा, लेखापरीक्षण बेरुजु फर्स्यौट, सम्पत्तिको अभिलेख, अभिलेखको सुरक्षा जस्ता विषयमा जिम्मेवार व्यक्ति एवं लेखा उत्तरदायी अधिकृतको भूमिका अस्पष्ट हुन गएको छ ।

४.१. यस वर्षको नीति तथा कार्यक्रममा समान प्रकृतिको कार्य सम्पादन गर्ने निकायहरूलाई एकीकृत संगठन संरचनामा रुपान्तरण गर्ने उल्लेख छ । प्रदेश सरकारका मन्त्रालय मातहत रहेको निर्देशनालयहरूको कार्य विवरण मन्त्रालयसँग मिल्दो रहेकाले मन्त्रालय र निर्देशनालयको कार्य विवरणमा थप स्पष्टता ल्याउनुपर्दछ ।

४.२. कार्यालय मातहत रहेको पूर्वाधार विकास प्राधिकरणले गर्ने कार्य अन्य मन्त्रालय मातहत कार्यालयको कार्य जिम्मेवारी मिल्दोजुल्दो छ । प्रदेश राजधानीमा संरचना निर्माण गर्न सञ्चालित आयोजनाका अतिरिक्त राजधानी खानेपानी आयोजना खानेपानी कार्यालयबाट सञ्चालित छ । प्रदेश सरकारको मन्त्रालय, प्राधिकरण, प्रदेश पूर्वाधार निर्माण आयोजना कार्यान्वयन इकाईले सम्पादन गर्ने कार्यमा दोहोरोपन नहुने व्यवस्था मिलाउनु पर्दछ ।

४.३. प्रदेश अन्तरगतको १९८ निकायको संगठन व्यवस्थापन सर्वेक्षणबाट स्थायी ३ हजार ९३९ र अस्थायी ६४८ समेत ४ हजार ५८७ दरबन्दी स्वीकृत भएकोमा १ हजार २५० स्थायी र १ हजार २६० अस्थायी करार र ज्यालादारी समेत २ हजार ५१० पदपूर्ति गरी दरबन्दीको ५४.७१ प्रतिशत पदपूर्ति भएको छ । दरबन्दी बमोजिम पदपूर्ति नहुँदा सेवा प्रवाह तथा वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयनमा असर पर्न सक्ने भएकोले पदपूर्ति हुनुपर्दछ ।

५. **आन्तरिक नियन्त्रण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी एक वर्षभित्र लागू गर्नुपर्ने व्यवस्था छ। आर्थिक कार्यविधि ऐन लागू भएको छ वर्ष भई सक्दापनि कार्यालय र मातहत कार्यालयबाट सम्पादन गरिने कार्य, प्रदान गरिने सेवा तथा स्वीकृत कार्यक्रम बमोजिमको क्रियाकलाप मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र जोखिमरहित ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्यसम्पादन गर्न कामको प्रकृति अनुसार नियन्त्रणको वातावरण, सम्भावित जोखिम नियन्त्रणको उपाय, सूचना तथा सञ्चार, अनुगमन गर्ने विषय र विधि लगायत विषय समेटिएको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको पाईएन। कानुनमा तोकिए अनुसारको प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

६. **नीति तथा कार्यक्रम कार्यान्वयन -** २०७९।०८० को नीति तथा कार्यक्रम अनुसार प्रदेश र स्थानीय सेवाको कानुन तयार गरी सेवालाई नतिजामा आधारित बनाउने, प्रदेशको आर्थिक राजधानी बुटवल र सांस्कृतिक राजधानी कपिलवस्तु घोषणा गरेतापनि कार्ययोजनासहित लगानी, प्रादेशिक मेडिकल कलेज निर्माण, साधारण शिक्षाबाट प्राविधिक र व्यावसायिक शिक्षामा रुपान्तरण गर्न प्रदेश शिक्षा नीति, कृषि वन इन्जिनियरिङ अध्ययन गर्ने लुम्बिनी प्राविधिक विश्वविद्यालय (सेन्टर अफ एक्सेलेन्स), बर्दियाको गेरुवा, रुपन्देहीको मर्चवारमा र प्युठानमा प्राविधिक शिक्षालय, वृहत बुद्ध र ऐतिहासिक वाइसे चौविसे पर्यटकीय सर्किट, सूचना प्राविधिपार्क, प्रादेशिक डाटा सेन्टर र सञ्चार ग्राम स्थापना, सवारी साधनको विद्युतीय अभिलेखीकरण, डिजिटल ट्रायल सेन्टर र अभिलेख भण्डारण, नदिजन्य प्राकृतिक स्रोत उपयोगको लागि नीतिगत संस्थागत कानूनी प्रवन्ध, स्वीकृत संगठन संरचना रुपान्तरण गरी एकद्वार केन्द्रिकृत सेवाको लागि निर्देशनालय खारेज, उपलब्धी र प्रभावको लेखाजोखासहितको अनुगमन प्रणाली, प्रदेश राजधानीमा प्रदेश कर्मचारी अस्पताल, निजामती विद्यालय र कर्मचारी आवास प्रबन्ध जस्ता नीति तथा कार्यक्रममा समावेश गरेतापनि बजेटमा व्यवस्था गरेको देखिएन। नीति तथा कार्यक्रम कार्यान्वयनको प्रगति समीक्षा गर्नुपर्दछ ।

६.१. मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम सञ्चालन गर्न कार्यालयले प्रदेश अन्तर्गत ७३ गाउँपालिकाहरूलाई प्रति गाउँपालिका रू.६० लाख, ३२ नगरपालिकाहरूलाई रू.७० लाख र ४ उप-महानगरपालिकालाई कम्तिमा रू.८० लाखको दरले १०९ पालिकामा उपलब्ध गराएको छ । यसै प्रयोजनमा नेपाल सरकारले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि स्थानीतहहहरूलाई रकम उपलब्ध गराएको छ । प्रदेश सरकार मातहतको सामाजिक विकास मन्त्रालयले विद्यालय भवन निर्माण लगायतका लागि रू.६९ करोड ४० लाख उपलब्ध गराएको देखिन्छ । कार्यक्रम दोहोरो नपर्ने गरी कार्यान्वयन गर्नुपर्दछ ।

७. **खर्च व्यवस्थापन -** प्रदेश विनियोजन ऐन, २०७९ अनुसार कार्यालय र मातहतका कार्यालयका लागि चालु तर्फ रू.९१ करोड ४४ लाख ४५ हजार तथा पुँजीगत तर्फ रू.६ करोड ६७ लाख ५० हजार गरी रू.९८ करोड ११ लाख ९५ हजार बजेट विनियोजन भएकोमा रकमान्तरबाट क्रमशः रू.९६ करोड ८४ लाख ९५ हजार र रू.१५ करोड ५ लाख ५० हजार गरी रू.१ अर्ब ११ करोड ९० लाख ४५ हजार बजेट कायम भएको छ । कार्यालय र मातहतका कार्यालयले चालु तर्फ रू.५९ करोड ४५ लाख ३४ हजार र पुँजीगत तर्फ रू.७ करोड ५९ लाख ३६ हजार समेत रू.६७ करोड ४ लाख ७० हजार अर्थात् बजेटको ५९.९१ प्रतिशत खर्च गरेका छन्। कार्यालय र मातहतका कार्यालयको खर्च गर्ने क्षमता सुधार हुनुपर्दछ ।

८. **रकमान्तर -** लुम्बिनी प्रदेश विनियोजन ऐन, २०७९ को दफा ३ मा कुनै अनुदान संख्यामा बचत हुने र कुनै अनुदान संख्यामा अपुग हुने देखिन आएमा आर्थिक मामिला तथा सहकारी मन्त्रालयले बचत हुने अनुदान संख्याबाट अपुग हुने अनुदान संख्यामा दश प्रतिशतमा नबढ्ने गरी रकमान्तर गर्न सक्ने व्यवस्था छ।यो वर्ष कार्यालय र मातहत कार्यालयका लागि चालु तर्फ विनियोजित बजेट रू.९१ करोड ४४ लाख ४५ हजारमा ५.९१ प्रतिशत थप र पुँजीगत तर्फ रू.६ करोड ६७ लाख ५० हजारमा १२५.५४ प्रतिशत थप गरी रू.१ अर्ब ११ करोड ९० लाख ४५ हजार बजेट कायम भएको छ । सुरू अनुमानको तुलनामा १४.०४ प्रतिशतले थप भएको छ। विनियोजन दक्षतामा सुधार गरी बजेटलाई यर्थाथपरक बनाउनुपर्दछ ।

९. **अन्तर सरकारी अख्तियारी -** लुम्बिनी प्रदेश विनियोजन ऐन, २०७९ को दफा ५ मा प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको पूँजीगत तर्फको आयोजना वा कार्यक्रम नेपाल सरकारका निकाय मार्फत कार्यान्वयन गर्नुपर्ने भएमा प्रदेश सरकारको आर्थिक मामिला तथा सहकारी मन्त्रालयको सहमतिमा संघीय विनियोजन ऐन बमोजिम नेपाल सरकारको सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृति लिई नेपाल सरकारका निकाय मार्फत कार्यान्वयन गर्ने गरी निर्णय गर्न सक्ने व्यवस्था छ। यो वर्ष १२ जिल्ला समन्वय समितिको कार्यालयलाई संघीय अर्थ मन्त्रालय एवं संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको स्वीकृती नलिइ चालु खर्चको लागि रू.३६ लाख बजेट उपलब्ध गराएकोमा रू.९ लाख १५ हजार खर्च भएको छ । कानूनी प्रकृया पुरा गरी बजेट उपलब्ध गराउनुपर्दछ ।

१०. **जिम्मेवारी तथा जवाफदेहिता -** लुम्बिनी प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९ बमोजिम कार्यालयलाई तोकिएको २८ कार्य जिम्मेवारी पूरा गर्न यो वर्ष विभिन्न तीन बजेट उपशीर्षकमा रू.१ अर्ब ११ करोड ९० लाख ४५ हजार बजेट विनियोजन भएकोमा रू.६७ करोड ४ लाख ७० हजार अर्थात् बजेटको ५९.९१ प्रतिशत खर्च भएको छ । कार्य जिम्मेवारीमा तोकिएको कार्यहरू मध्ये

प्रदेश सरकारको नीति तर्जुमा, स्थानीय तहका सम्बन्धमा प्रदेश कानुन तर्जुमा, स्थानीय तहका कर्मचारी सम्बन्धी कानुन तर्जुमा, प्रदेश स्तरीय मानव संसाधन विकास योजना तर्जुमा, प्रदेशस्तरीय तालिम नीति तथा मापदण्ड निर्धारण र स्तरीकरण, प्रदेश स्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण लगायतका कार्य सम्पादन भएको देखिएन । कार्यालयलाई तोकिएको कार्य जिम्मेवारी कार्ययोजना बनाइ कार्यान्वयन गर्नुपर्दछ ।

११. **आवधिक योजना-** लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना (२०७६।०७७- २०८०।०८१) सम्म ५ वर्षको अनुमान रू.२ खर्व १७ अर्ब ५५ करोड मध्ये यो वर्षको रू.२५ अर्ब ५१ करोड पुँजीगत खर्च हुने अनुमान भएकोमा रू.१५ करोड ५ लाख ५० हजार विनियोजन भई रू.७ करोड ५९ लाख ३६ हजार (५०.४४ प्रतिशत) खर्च गरेको छ। यसबाट आवधिक योजनाको अनुमान र यथार्थबीच ठूलो अन्तराल रहेको देखिन्छ । गुणस्तरीय सेवा, जनताको पहुँचमा सेवा प्रवाह, स्वचालित विद्युतीय प्रणाली, सरलीकृत र संक्षेपीकृत कार्यविधि, प्रविधिमा आधारित गुनासो संकलन र सम्बोधन, कार्यक्रम बजेट, आयोजना बैंकको अवधारणा, विनियोजन दक्षता र क्षमता अभिवृद्धि, भूमी बैंकको अवधारणा, खानीको लगत अभिलेख, दक्ष जनशक्ती प्रक्षेपण, लगायतको विषय कार्ययोजना बनाइ कार्यान्वयन गरेको पाइएन। आवधिक योजनालाई वार्षिक कार्ययोजना तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

१२. **एकीकृत वित्तीय विवरण-** लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २५(२) मा लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालय समेतको एकीकृत वित्तीय विवरण तयार गरी पेस गर्नु पर्ने व्यवस्था छ। मातहतका निकायहरूको आर्थिक कारोबार समेटिएको एकीकृत वित्तीय विवरण तयार गरी पेस गरेको छैन। नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसार राय सहितको प्रतिवेदन जारी गर्न सकिने अवस्था देखिएन ।

१३. **निर्णय कार्यान्वयनको अनुगमन -** लुम्बिनी प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९ अनुसार मन्त्रिपरिषद्को निर्णय कार्यान्वयनको अनुगमन गर्ने कार्यजिम्मेवारी कार्यालयलाई तोकिएको छ। यो वर्ष मन्त्रिपरिषद्को बैंठक ११ पटक बसी १६१ निर्णय गरेको छ । कार्यालयबाट निर्णय कार्यान्वयन अनुगमनको प्रतिवेदन पेस भएको पाइएन ।मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन अवस्थाको अनुगमन हुनुपर्दछ ।

१४. **प्रदेश समन्वय परिषद् -** संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २४ र २५ मा मुख्यमन्त्रीको संयोजकत्वमा प्रदेश समन्वय परिषद् रहने व्यवस्था छ । परिषद्को बैठक वर्षको कम्तिमा १ पटक बस्नु पर्ने व्यवस्था छ । गतवर्षसम्म ५ र यो वर्ष १ समेत ६ पटक बैंठक बसी हालसम्म १२३ निर्णय भएको छ। स्थानीय तहको प्राथमिकता प्राप्त कार्यक्रममा नतिजामूलक अनुगमन र प्रतिवेदन, कर परिचालनको साझा अधिकारभित्र कर बाँडफाँट, संघ सरकारबाट सशर्त घटाउने समानीकरण बढाउने अनुरोध, प्राकृतिक स्रोत र सम्पदाको दीगो आयमूलक उपयोग, पूर्वाधार र जनशक्ति विकास, तहगत समन्वय र सहकार्य, सरकारी सम्पत्तीको अभिलेख र सदुपयोग, जस्ता निर्णय भएकोमा सोको वस्तुनिष्ठ कार्यन्वयन भएको देखिएन। कार्ययोजनासहित परिषद्को निर्णय कार्यान्वयन हुनुपर्दछ ।

१५. **प्रगति मूल्याङ्कन -** लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २० मा बजेट तथा कार्यक्रमको कार्यान्वयन अवस्थाको मूल्याङ्कन गरी अर्धवार्षिक र वार्षिक रुपमा सार्वजनिक गर्ने

व्यवस्था रहेको छ । यो वर्षको वार्षिक विकास कार्यक्रम अनुसार मन्त्रालय र मातहतका कार्यालय अन्तर्गत १२१ क्रियाकलापको लागि रू.१ अर्ब ११ करोड ९० लाख ४५ हजार बजेट विनियोजन भएकोमा रू.६७ करोड ४ लाख ७० हजार खर्च भएको छ ।मन्त्रालयको स्वीकृत कार्यक्रममा समावेश भएका क्रियाकलापहरूको भौतिक र वित्तीय प्रगति खुल्ने गरी एकीकृत प्रगति विवरण तयार नगरेकोले क्रियाकलापगत विश्लेषण गर्न सकिएन । स्वीकृत कार्यक्रम अनुसारको प्रगति विवरण तयार गरी सार्वजनिक हुनुपर्दछ ।

१५.१. नवप्रर्वद्धन कार्यक्रम अन्तरगत प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तरगत उत्पादन र उत्पादकत्व वृद्धि, स्वरोजगार सिर्जना, स्थानीय स्रोतको परिचालन, संस्थागत सवलीकरण, नागरिक सहभागिता मार्फत आत्मनिर्भर स्थानीय तहको लागि आधुनिक प्रविधि ज्ञान र उपकरण प्रयोगबाट नवप्रवर्द्धनलाई प्रोत्साहन गर्न स्थानीय तहसँग लागत साझेदारीमा मुख्यमन्त्री नवप्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न विगत वर्षमा रू.१८ करोड ७७ लाख समेत यो वर्ष माग बमोजिम ४२ स्थानीय तहलाई रू.१८ करोड ९८ लाख ५५ हजार गरी हालसम्म कूल रू.३७ करोड ७५ लाख ५५ हजार निकासा गरेकोमा एकीकृत प्रगति विवरण तयार गरेको छैन । मुख्यमन्त्री नवप्रवर्द्धन साझेदारीकोषको अनुगमन गर्नुपर्दछ ।

१५.२. नवप्रवर्द्धन कार्यक्रम अन्तर्गतको प्रदेश तथा स्थानीय सहयोग कार्यक्रमको लागि यस वर्ष रू.३२ करोड ६१ लाख बजेट विनियोजन भएकोमा रू.२० करोड १४ लाख ७३ हजार अर्थात् ६१.७८ प्रतिशत खर्च भएको छ । कार्यक्रम कार्यान्वयन गर्न स्वीकृत भएका ६९ क्रियाकलापहरू मध्ये स्थानीय तहमा नवीनतम् साझेदारी कोष कार्यान्वयन, प्रदेश सकारको संगठन तथा व्यवस्थापन सर्वेक्षण, प्रदेश र स्थानीय सरकारका कानुन एवं कार्यविधि तयारी, प्रदेश सरकारको आन्तरिक नियन्त्रयण प्रणाली निर्देशिका तयारी, स्थानीय तहहरूको आवधिक योजना एवं राजस्व सुधार कार्ययोजना तथा क्षमता विकास योजना तयारीमा अपेक्षित प्रगति भएको पाइएन । स्वीकृत वार्षिक कार्यक्रम अनुसारको प्रगति विवरण तयार गर्नुपर्दछ ।

१६. **करार कर्मचारी व्यवस्थापन -** करार कर्मचारी व्यवस्थापन कार्यविधि, २०८० अनुसार प्रदेश सरकारले स्वीकृत दरबन्दी भित्रका प्राविधिक सातौं तहसम्मका कर्मचारी एक आर्थिक वर्षको लागि करारमा राख्न सक्ने व्यवस्था छ। कार्यालयले कर्मचारी दरबन्दी पदपूर्ति गर्ने प्रक्रिया अघि नबढाइ यो वर्ष १९७ करारमा कर्मचारी नियुक्ति गरी रू.१ करोड १४ लाख ६८ हजार खर्च गरेकोमा कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गरेको पाइएन । करार कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्नुपर्दछ ।

१७. **उपकरणको उपयोग -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४४ मा प्राप्त हुन आएको सरकारी सम्पत्ति उपयोग गर्नुपर्ने व्यवस्था छ । कार्यालयले १५ थान विद्युतीय उपकरण (ट्याव) खरिद गरी रू.१८ लाख ८९ हजार खर्च लेखेकोमा उपयोग गरेको छैन।

१८. **संरचनाको उपयोग -** प्रदेश सुशासन ऐन, २०७६ को दफा ९ मा विषयगत निकायबाट गरेको कामको अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण गरी निर्देशन दिने जिम्मेवारी प्रदेश प्रमुख सचिवलाई तोकेको छ । यो वर्ष निर्माण भएको श्रीनगर र नुवाकोट संचार डवली, भ्यू टावर, पूर्व पश्चिम लोक मार्ग रुपन्देहीको सैनामैना, कपिलवस्तुको चन्द्रौटा, नवलपरासीको बर्दघाट, बर्दियाको बासगढी समेत चार रिफ्रेस केन्द्रमा भएको लगानी रू.१७ करोड, पहाडी मार्गमा निर्माण भएको रोल्पाको गंगादेव

गाउँपालिकामा २०० मेट्रिक टन क्षमताको रू.७० लाख २७ हजार खर्चमा शीतभण्डार र नुवागाउँको ५०० मेट्रिक टन क्षमताको रू.२ करोड ८८ लाख ४९ हजार समेत १२ चिस्यान केन्द्रको रू.११ करोड ८० लाख ३६ हजार र दुध ढुवानीको लागि रू.३४ लाखमा खरिद भएको कृषि उपकरण (दुध ट्याङ्कर) सञ्चालन नभएको अवस्थामा समेत अनुगमन गरेको पाइएन । आयोजनाको अनुगमन गरी उपयोग गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

१९. **तलबी प्रतिवेदन** - लुम्बिनी प्रदेशको सार्वजनिक खर्च ब्यवस्थापन निर्देशिका, २०७९ को दफा १९ उपदफा २ मा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिबेदन पारित नगराई तलब लेख्न नपाइने व्यवस्था छ। कार्यालयले तलबी प्रतिबेदन पारित नगरी रू.२ करोड २९ लाख २६ हजार खर्च लेखेकोमा तलबी प्रतिबेदन पारित नहुँदा ग्रेड र दरबन्दी एकिन हुन सकेन। कर्मचारी समायोजन ऐन, २०७५ को दफा ४ मा सरकारी सेवामा, श्रेणीगत पदमा कार्यरत कर्मचारीलाई प्रदेश वा स्थानीय तहमा समायोजन गर्दा तह मिलान हुने व्यवस्था छ । पाँच वर्ष वा सो भन्दा बढी सेवा अवधी भएकालाई माथिल्लो तहमा समायोजन गर्दा ग्रेड दिने व्यवस्था छैन । कार्यरत ५ कर्मचारी राजपत्र अनंकित प्रथम श्रेणीको छैठौ तहमा समायोजन गर्दा अघिको सो पदमा पाएको ग्रेड छैटौं तहमा थप पाउने आधार पेस नगरी रू.३ लाख ४४ हजार र सातौं र पाचौं तहको ९ कर्मचारीलाई दिएको रू.१० लाख ६७ हजार समेत रू.१४ लाख ११ हजार पाउने आधार पेस गर्नुपर्छ ।

२०. **पर्यटन काज** - प्रदेश निजामती सेवाका कर्मचारीको सेवा शर्त र सुविधा संघीय निजामती सेवा ऐन अनुरुप हुनुपर्ने व्यवस्था छ। कर्मचारीको आन्तरिक पर्यटन काज कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ अनुसार आन्तरिक पर्यटन काजमा जानेले वर्षमा ५ दिन आन्तरिक पर्यटन काज लिन सक्ने र एकमुष्ठ रू.२५ हजार पाउने उल्लेख छ। कार्यालयमा कार्यरत ३८ जना कर्मचारीलाई पर्यटन काज वापत रू.९ लाख ५० हजार खर्च लेखेको छ। आन्तरिक पर्यटन काज खटाउने सम्बन्धमा प्रदेश निजामती कानुनमा व्यवस्था गरि भुक्तानी हुनुपर्दछ ।

समिति र अन्य संस्था

प्रदेश पूर्वाधार विकास प्राधिकरण

२१. **कार्यसम्पादन** - पूर्वाधार विकास प्राधिकरण ऐन, २०७७ को दफा ५ बमोजिम प्रदेशभित्र कुनै क्षेत्रलाई भू-उपयोग योजना बनाई सो अनुरुप पूर्वाधार र अन्य निर्माणका लागि मापदण्ड र विधि निर्धारण गरी कार्यान्वयन गर्ने, गराउने, धार्मिक, साँस्कृतिक, ऐतिहासिक, आर्थिक, सामाजिक र पर्यटकिय दृष्टिकोणले महत्वपूर्ण सम्पदाहरूको संरक्षण गर्दै तिनीहरूको विकासका लागि आवश्यक परियोजना बनाई सञ्चालन गर्ने, गराउने विभिन्न नौ कार्यहरू उल्लेख छ । ऐनमा तोकिएका कार्यहरू मध्ये अर्घाखाँचीको शितगंगा नगरपालिका, गढवा गाउँपालिका तथा रासी गाउँपालिकाको केही वडाहरूमा प्रदेश राजधानी विकास कार्यक्रमका लागि जग्गा विकास कार्यक्रमको गुरुयोजना निर्माणको कार्य सुरू भएको अन्य योजनाको विस्तृत योजना प्रस्ताव तयार गरी कार्यान्वयन चरणमा प्रवेश गरेको छैन । कानुन बमोजिम कार्य सम्पादन गरी योजना छनौट र कार्यान्वयन हुनुपर्दछ ।

२२. **निजी स्वामित्वमा निर्माण कार्य** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) बमोजिम सरकारी रकम खर्च गर्दा स्रोतको उच्चतम प्रतिफल प्राप्त हुनेगरी मितव्ययी रुपमा खर्च गर्नुपर्दछ । प्राधिकरणले एक व्यक्तिसंग मासिक रू.६० हजारका दरले भाडा भुक्तानी गर्ने

सम्झौता गरी सम्झौतामा नभएको पार्किङ, शौचालय, चमेनागृह घेरावार समेतको रू.६० लाख ७७ हजार लागत अनुमान स्वीकृत गरी बोलपत्रद्धारा एक व्यवसायीबाट रू.५१ लाख ५४ हजारको निर्माण कार्य गरी भुक्तानी भएको छ। दीर्घकालीन करार नगरेको निजी स्वामित्वको संरचना निर्माण कार्य गरेको कानुन सम्मत् देखिएन ।

२३. **परामर्शदातालाई भुक्तानी -** प्राधिकरण र परामर्शदातासँग भएको खरिद सम्झौतामा सुरू प्रस्ताव प्रतिवेदन पेस गरेपछि ३० प्रतिशत, मध्यमकालिन प्रतिवेदन पेस गरेपछि २० प्रतिशत, मस्यौदा प्रतिवेदन पेस गरे पछि २० प्रतिशत तथा वाँकी अन्तिम प्रतिवेदन स्वीकृत भएपछि भुक्तानी गर्ने व्यवस्था छ। प्रदेश राजधानी विकास कार्यक्रमको लागि अर्घाखाँची जिल्लाको शीतगंगा नगरपालिकाको २, गढवा गाउँपालिकाको ३ तथा रास्ती गाउँपालिकाको ८ गरी १३ वडामा जग्गा एकिकरणको लागि गुरुयोजना निर्माण गर्न लागत अनुमान रू.६ करोड ९९ लाख २३ हजार स्वीकृत गरी १४ प्याकेजमा परामर्शदाता छनौट गरी खरिद सम्झौता अनुसार २०८० आषाढसम्ममा सम्पन्न गर्नुपर्नेमा सम्झौता बमोजिमको कार्य गर्न सकेको देखिएन। खरिद सम्झौता मध्ये प्याकेज नं. ४,६,८,९ र १० बाहेक अन्य ९ प्याकेजले मस्यौदा प्रतिवेदन पेस गरेको, प्याकेज नं.८, ९ र १० ले मध्यमकालिन प्रतिवेदन पेस गरेको र प्याकेज ६ ले प्रारम्भिक प्रस्ताव प्रतिवेदन पेस गरेकोमा उक्त प्याकेजहरूको लागि हालसम्म रू.१ करोड ८६ लाख ४५ हजार भुक्तानी भएको छ। प्याकेज नं. ४ को काम भएको छैन। सम्झौता अनुसार कार्य सम्पन्न हुनुपर्दछ। साथै यस्ता किसिमका दीर्घकालीन आयोजनाहरूको सञ्चालन गर्दा कार्य सञ्चालन हुने सुरू अवधि र अन्त्य हुने अवधि, लाभ लागत विश्लेषण, जिम्मेवार निकाय र पदाधिकारी तोकेर मात्र सञ्चालन गर्नुपर्दछ ।

२४. **आयोजना कार्यान्वयन -** यस वर्षको स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्राधिकरणबाट पहिचान भएका १२० आयोजनाको सम्झौता अध्ययन गर्न प्रति आयोजना रू.५ लाखका दरले रू.६ करोड, बेलझुण्डी एकीकृत आर्युवेद तथा प्राकृतिक चिकित्सा शिक्षा अस्पताल निर्माण गर्न रू.८ करोड, प्रदेशभित्रका १२ जिल्लाको १०९ पालिकाहरूमा महत्वपूर्ण आयोजनाहरू पहिचान गर्न रू.१ करोड ६३ लाख ५० हजार, १० आयोजनाको विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) तयार गर्न प्रति आयोजना रू.१ करोडका दरले रू.१० करोड, १० आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन गर्न प्रति आयोजना रू.२० लाखका दरले रू.२ करोड, रोल्पा, प्युठान र अर्घाखाँची जिल्लामा भौतिक, अभौतिक सम्पदाहरूको अन्वेषण गर्न प्रति जिल्ला रू.१ करोडका दरले रू.३ करोड समेत रू.५३ करोड ७८ लाख बजेट विनियोजन भएकोमा रू.३५ करोड ६२ लाख ५२ हजार अर्थात् ६६.२४ प्रतिशत खर्च भएको छ। स्वीकृत कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुनुपर्दछ ।

प्रदेश प्रशिक्षण प्रतिष्ठान

२५. **वार्षिक प्रगति** - प्रदेश प्रशिक्षण प्रतिष्ठान विनियमावली, २०७७ को विनियम ३३ मा प्रतिष्ठानले सम्पादन गरेको कामको वार्षिक प्रगति प्रतिवेदन तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस गर्नुपर्ने व्यवस्था छ । प्रतिष्ठानले यो वर्ष सम्पादन गरेका कामको प्रगति विवरण तयार गरेको छैन । कानूनी व्यवस्था अनुसार प्रगति विवरण तयार गरी पेस गर्नुपर्दछ ।

२६. **कार्यक्षेत्र बाहिरको परामर्श -** प्रदेश प्रशिक्षण प्रतिष्ठान (गठन तथा कार्य सञ्चालन) आदेश, २०७८ मा प्रदेश र स्थानीय तहका सरकारी निकाय तथा संस्थानहरूमा निर्वाचित, मनोनित तथा नवनियुक्त

पदाधिकारी र कर्मचारीहरूका लागि क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम र प्रदेश र स्थानीय तहका सरकारी तथा सार्वजनिक संस्थानका कर्मचारीहरूको लागि सेवाकालिन, सेवाप्रवेश र व्यवसायिक ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्ने तालिम कार्यक्रमहरू सञ्चालन गर्ने काम कर्तव्य र अधिकार तोकिएको छ। प्रतिष्ठानले यो वर्ष ३६ परामर्शदातालाई ९ स्थानीय तहको आवधिक योजना तयारी गर्नका लागि रू.१ करोड ४७ लाख ७३ हजार, १०९ स्थानीय तहको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको लागि रू.१ करोड ४८ लाख ४५ हजार समेत रू ८ करोड १७ लाख ११ हजार भुक्तानी गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छनः

२६.१. आफ्नो कार्यक्षेत्रभित्र नपर्ने आवधिक योजना एवं लैंगिक समानता तथा सामाजिक समावेसीकरण परीक्षण कार्यक्रमका लागि ३६ परामर्शदातालाई १ करोड ४८ लाख ४५ हजार भुक्तानी खर्च लेखेको छ । कार्यक्षेत्र बाहिरको स्थानीय तहको योजना बनाई बजेट खर्च भएको छ । स्थानीय तहको क्षेत्राधिकारमा गरेको खर्च नियमसम्मत नभएको व्यहोरा गतवर्ष औंल्याइएकोमा सुधार नभएकोले कार्यक्षेत्र अनुसार कार्य हुनुपर्दछ ।

२६.२. प्रदेश स्थित १०९ पालिकाले लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यको परामर्श सेवा खरिद गरी रू.१ करोड ४८ लाख ४५ हजार भुक्तानी दिएको छ। सो प्रकृतिको कार्यमा दोहोरो व्ययभार नपरेको विषयमा छानविन गर्नुपर्दछ ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा जिम्मेवारी कार्यान्वय, नीति तथा कार्यक्रम कार्यान्वयन नभएको, आवधिक योजनामा उल्लेखित कार्यक्रम कार्यान्वयन नभएको, मन्त्रिपरिषद्को निर्णय कार्यान्वयनको अनुगमन नभएको, दरबन्दी अनुसार पदपूर्ति नभएको, वार्षिक विवरण तथा प्रतिवेदन तयार नगरेको, प्रदेश समन्वय परिषद्को निर्णय कार्यान्वयन नगरेको, मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रमको नियमित अनुगमन नगरेको, कार्यक्षेत्र बाहिर परामर्श खर्च गरेको लगायतका व्यहोरा औंल्याएकोमा यो वर्ष पनि सुधार भएको पाइएन। विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।
- **बेरुजु** - यो वर्ष मातहतका कार्यालयसमेतको लेखापरीक्षणबाट रू.१ लाख ३५ हजार बेरुजु देखिएकोमा फर्स्यौंट नगरेकोले बाँकी रहेको छ । यस सम्बन्धी विवरण अनुसूची-९ मा संलग्न छ।
- यो वर्ष समिति र अन्य संस्था तर्फ २ निकायको लेखापरीक्षणबाट रू.२ करोड ८६ लाख ३० हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.५९ हजार फर्स्यौंट गरेकोले रू.२ करोड ८५ लाख ७१ हजार बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची-१० मा संलग्न छ।

आन्तरिक मामिला, कानुन तथा सहकारी मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ बमोजिम मन्त्रालयको कार्य क्षेत्रमा शान्ति सुव्यवस्था सम्वन्धी नीति, कानुन मापदण्ड र योजना तर्जुमा गर्ने कार्यान्वयन, नियमन, सूचना संकलन, मूल्यांकन गर्ने, कानुन न्याय तथा प्रदेश मामिला सम्वन्धी कार्य गर्ने, आधारभूत मानव अधिकारको संरक्षण, नागरिक स्वतन्त्रताको रक्षा तथा प्रर्वद्धन गर्ने गराउने, स्थानीय प्रशासनको सञ्चालन व्यवस्थापन र समन्वय गर्ने गराउने, सहकारी नियमन गर्न आदि रहेको छ । यस मन्त्रालयको मुख्य उद्देश्य प्रदेश स्तरीय शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, निर्देशन, सुपरीवेक्षण, मूल्याङ्कन र प्रतिवेदनका साथै कानुन, न्याय तथा प्रदेश मामिला लगायतको समन्वय र सहकार्य गर्नु रहेको छ। मन्त्रालय र मातहत सरकारी कार्यालय तथा संगठित संस्थासमेत २४ निकायबाट कार्य सम्पादन गरी सेवा प्रवाह भइरहेको छ।प्रदेश सरकारले २०८०।४।१ मा यस मन्त्रालयको नाम गृह मन्त्रालय कायम गरेको छ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतका २३ सरकारी कार्यालयहरूको निम्नानुसार रू.७८ करोड १५ लाख १३ हजारको लेखापरीक्षण सम्पन्न गरीएको छ ।

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
४०२७७३	८२५	२५८९४	३५२०२१	७८१५१३

२. **समिति र अन्य संस्था -** यो वर्ष मन्त्रालय अन्तर्गतका १ संस्थाको रू.८ करोड १४ लाख ७४ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

३. **नीति तथा कार्यक्रम -** प्रदेश प्रमुखद्धारा प्रस्तुत प्रदेश सरकारको २०७९।८० को नीति तथा कार्यक्रम मध्ये प्रदेश भित्रका कारागारहरूको सुदृढीकरण, कैदी तथा बन्दीहरूका लागि सकारात्मक सोच तथा सीप विकासका कार्यक्रमहरू, लागू औषध न्यूनिकरण शैक्षिक अभियान सञ्चालन, विपद् जोखिम पहिचान र क्षेत्रको नक्साङ्कन कार्य, विपद प्रतिकार्य सम्बन्धी तालिम, हेलिप्याड निर्माण, विपद् पूर्व सूचना प्रणाली विकास तथा क्षमता अभिवृद्धि कार्यक्रम जस्ता कार्यहरू कार्यान्वयन हुन नसकेको देखिन्छ ।यसै गरी संचार तर्फ विद्युतीय अभिलेख, सूचनाको सुरक्षा र गुणस्तर तथा सूचना प्रणालीलाई आफ्नै क्लाउड प्रणालीमार्फत सञ्चालन गर्ने कार्य, रुपन्देही सामुदायिक सञ्चार तथा अध्ययन केन्द्र भवन निर्माण, प्रदेश डाटा सेन्टर डिपिआर र निर्माण तथा उपकरण खरिद र सञ्चालन हुन नसकेको, सूचना प्रविधि पार्कको कार्य सम्पन्न हुन नसकेको, प्रदेश राजधानी भित्र सञ्चार ग्रामको स्थापना र सञ्चालन, "एकीकृत भौगोलिक सूचना व्यवस्थापन प्रणाली" विकास, प्रदेश चलचित्र सम्बन्धी ऐन र नियमावली तर्जुमा, प्रदेश चलचित्र विकास बोर्डको गठन र सञ्चालनका कार्यहरू कार्यान्वयन हुन सकेको छैन। नीति तथा कार्यक्रममा समावेश भएका विषयहरू कार्यान्वयन हुनुपर्दछ ।

४. **खर्च व्यवस्थापन -** प्रदेश विनियोजन ऐन, २०७९ अनुसार मन्त्रालय र मातहतका कार्यालयका लागि चालु तर्फ रू.२२ करोड २९ लाख ९६ हजार तथा पूँजीगत तर्फ रू.४० करोड ७२ लाख १५ हजार गरी रू.६३ करोड २ लाख ११ हजार बजेट विनियोजन भएकोमा रकमान्तरबाट क्रमशः रू.२६ करोड ८४ हजार तथा रू.४१ करोड २७ लाख १५ हजार गरी रू.६७ करोड २७ लाख

९९ हजार बजेट कायम भएको छ । मन्त्रालय र मातहतका कार्यालयले चालु तर्फ रू.१३ करोड ५९ लाख ४५ हजार र पूँजीगत तर्फ रू.२६ करोड ६८ लाख २८ हजार समेत रू.४० करोड २७ लाख ७३ हजार अर्थात् कायम बजेटको ६३.९१ प्रतिशत खर्च गरेको छन्। मन्त्रालय र मातहतका कार्यालयको खर्च गर्ने क्षमतामा अभिवृद्धि गर्नुपर्दछ।

५. **रकमान्तर** - लुम्बिनी प्रदेश विनियोजन ऐन, २०७९ को दफा ३ मा कुनै अनुदान संख्यामा बचत हुने र कुनै अनुदान संख्यामा अपुग हुने देखिन आएमा आर्थिक मामिला तथा सहकारी मन्त्रालयले बचत हुने अनुदान संख्याबाट अपुग हुने अनुदान संख्यामा दश प्रतिशतमा नबढ्ने गरी रकमान्तर गर्न सक्ने व्यवस्था छ।यो वर्ष मन्त्रालय र मातहत कार्यालयका लागि चालु तर्फ विनियोजित बजेट रू.२२ करोड २९ लाख ९६ हजारमा १६.६३ प्रतिशत थप र पूँजीगत तर्फ रू.४० करोड ७२ लाख १५ हजारमा १.३५ प्रतिशत थप गरी रू.६७ करोड २७ लाख ९९ हजार बजेट कायम भएको छ।सुरू अनुमानको तुलनामा बजेट ६.७६ प्रतिशतले थप भएको छ।विनियोजन दक्षतामा सुधार गरी बजेट प्रस्तावलाई यर्थाथपरक बनाउनुपर्दछ ।

६. **अन्तर सरकारी अख्तियारी -** विनियोजन ऐन, २०७९ को दफा ५ मा प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको पूँजीगत तर्फको कुनै आयोजना वा कार्यक्रम नेपाल सरकारका निकाय मार्फत कार्यान्वयन गर्नु पर्ने भएमा प्रदेश सरकारको सम्बन्धीत निकायले आर्थिक मामिला तथा सहकारी मन्त्रालयको सहमतिमा संघीय विनियोजन ऐन बमोजिम नेपाल सरकारको सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृति लिई नेपाल सरकारका निकाय मार्फत कार्यान्वयन गर्ने गरी निर्णय गर्न सक्ने व्यवस्था छ।

मन्त्रालयले यस वर्ष नेपाल सरकारको १६ वटा जिल्ला प्रहरी कार्यालय, प्रदेश प्रहरी तालिम केन्द्र, नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय, लुम्बिनी प्रदेश दंगा नियन्त्रण प्रहरी गण तथा मध्यपश्चिम क्षेत्रीय प्रहरी अस्पतालसमेत गरी २० निकायलाई रू.२८ करोड ८३ लाख १५ हजार बजेट विनियोजन गरी रू.१० करोड ३८ लाख २८ हजार खर्च गरी प्रदेश सरकारको कार्यक्रम कार्यान्वयन गरेकोमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृति लिएको पाइएन। प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटमा समावेश भएको रकम कानूनी प्रक्रिया पूरा गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

७. **जिम्मेवारी तथा जवाफदेहिता** – प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ मा यस मन्त्रालयलाई तोकिएका ४६ जिम्मेवारी पूरा गर्न यस वर्ष विनियोजित बजेटको ५९.८७ प्रतिशत मात्र खर्च भएको छ । मन्त्रालयलाई तोकिएको जिम्मेवारी मध्ये, सामुदायिक प्रहरी गठन, जग्गा अधिग्रहण तथा सम्पत्ति प्राप्ति सम्बन्धी प्रादेशिक नीति तथा कानुन तर्जुमा हुन सकेको छैन । प्रदेश स्तरमा सञ्चार माध्यमको दर्ता र नियमन, केबुल वितरणको इजाजत र नियमन, चलचित्र हल सञ्चालन तथा प्रदर्शन अनुमति र नियमन, विद्युतीय संचार माध्यम दर्ता जस्ता कार्य तथा विपद् व्यवस्थापन तथा न्यूनिकरण सम्बन्धी ऐन, चलचित्र सम्बन्धी ऐन, अनुसन्धान व्युरो सम्बन्धी कानुन, लुम्बिनी प्रदेश प्रहरी नियमावली, विज्ञापन सम्बन्धी ऐन तथा क्यासिनो र चिठ्ठा सम्बन्धी ऐन तर्जुमा गरेको छैन । सहकारी सम्बन्धी प्रादेशिक नीति तथा मापदण्ड सम्बन्धी कार्य कार्यान्वयन, प्रदेश भित्रका गैर सरकारी संघ, संस्थाको अभिलेख राखी कार्य सञ्चालनको अनुगमन गरेको पाईएन। आवश्यक नीति, कानुन, मापदण्ड तर्जुमा गरी कार्य जिम्मेवारीहरू प्राथमिकताको आधारमा पुरा हुनुपर्दछ।

नीति निर्माण एवं अनुगमनको जिम्मेवारीमा रहेको मन्त्रालयले पत्रकार महासंघको भवन निर्माण अनुदान, सामुदायिक एफएम रेडियो भवन निर्माण अनुदान, स्मृति प्रतिष्ठान भवन निर्माण अनुदान, टेलिभिजनका उपकरण खरिद, स्टूडियो निर्माण, सामुदायिक रेडियोको उपकरण खरिद जस्ता कार्यमा संलग्न रहेको छ। कार्यविभाजन नियमावलीमा तोकिएको बमोजिम प्रभावकारी रुपमा कार्य सम्पादन गर्नुपर्दछ।

८. **आवधिक योजना -** प्रदेश सरकारको प्रथम आवधिक योजना (२०७६।७७—२०८०।८१) ले यस मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित कार्यनीतिमध्येको उल्लेखित कार्यक्रमहरू मध्ये २०७९।८० सम्म प्रदेश सूचना केन्द्र सञ्चालनको कार्य नभएको, कारागारको भौतिक पूर्वाधार सुधार कार्यमा न्यून प्रगति भएको, प्रदेश अनुसन्धान ब्युरो स्थापनाको कानुन तर्जुमा चरणमा रहेको, सि.सि.टि.भि. जडानका कार्य आंशिक कार्यान्वयन भएको देखिन्छ ।सहकारी तर्फ सहकारी क्षेत्रको अध्ययन अनुसन्धान तथा नियमन कार्य प्रभावकारी नभएको, प्रत्येक जिल्लामा सहकारी बजार पूर्ण रुपमा कार्यान्वयन नभएको, सहकारी विकास कोषको स्थापना र प्रभावकारी सञ्चालन भएको छैन। संचार तर्फ प्रदेशको यातायात प्रणालीलाई ईन्टरनेटमा आधारित सूचना प्रणालीमा आवद्ध गर्ने कार्य हुन नसकेको, प्रादेशिक सूचना प्रविधि पार्कको कार्य हुन नसकेको, प्रदेश सोधपुछ केन्द्र कल सेन्टरको कार्य हुन नसकेको तथा डिजिटल ढुकुटी सम्बन्धी कार्य भएको छैन ।कार्यान्वयन योग्य कार्यक्रमहरू मात्र आवधिक योजनामा समावेश गरी वार्षिक नीति तथा कार्यक्रम र बजेटमा समावेश गरी कार्यान्वयन गर्नुपर्दछ ।

९. **बजेट बक्तव्यको कार्यान्वयन -** मन्त्रालयको २०७९।८० को बजेट वक्तव्यमा उल्लेखित कार्यक्रम मध्ये विपद् जोखिम क्षेत्रको पहिचान र विपद् प्रतिकार्य तालिम, हेलिप्याड निर्माण, विपद् उद्दार तथा जनशक्ति परिचालन, जोखिमयुक्त तथा विपद् प्रभावित बस्तीहरूको स्थानान्तरण, विपद् प्रभावित क्षेत्रका संरचनाहरूको पुन: निर्माण र विपद्बाट विस्थापितहरूको पुन: स्थापना कार्यक्रम, कारागारको निर्माण र सुढृढीकरण तथा कैदिबन्दीहरूको व्यावसायिक सीप विकास लगायतका कार्यक्रमहरू कार्यान्वयन गरेको छैन। सहकारी तर्फ सहकारी सुपथ मूल्य पसलको लागि रू.१ करोड विनियोजन भएकोमा सो सञ्चालनमा नआएको, सहकारी एकीकरणको कार्य हुन नसकेको, प्रत्येक जिल्लामा एकीकृत सहकारी नमुना गाउँ स्थापनाको कार्य नभएको, महिलाहरू मात्र आबद्ध रहेका सहकारी संस्थाहरूलाई प्रविधिमैत्री बनाउने र कृषि उपजको बजारीकरण गर्न कृषि उपज संकलन केन्द्र तथा बजार स्थापना सम्बन्धी कार्य हुन नसकेको, न्यून आय भएका नागरिकका लागि सहकारी मार्फत न्यून ब्याजदरमा ऋण उपलब्ध गराउन सहकारी कोषको परिचालन नभएको, प्रदेश भित्र कृषि तथा औद्योगिक कर्जा प्रवाह गर्न र प्रदेश सरकारका कारोबार तथा कार्यक्रमहरू सञ्चालन गर्न कानुन बनाई लुम्बिनी प्रदेश बैंकको स्थापना गर्ने कार्यहरू कार्यान्वयन भएको छैन । सञ्चार तर्फ प्रदेश डाटा सेन्टरको कार्य नभएको, रोजगार सम्बन्धी सम्पर्क प्लेटफर्मका लागि मोवाईल एप तयार नभएको देखिन्छ । मन्त्रालयले बजेट वक्तव्यमा उल्लेख भएका विषयहरूलाई कार्यान्वयन गर्नुपर्दछ ।

१०. **प्रदेश विपद् व्यवस्थापन -** प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९ मा विपद् व्यवस्थापन मन्त्रालयको जिम्मेवारीमा रहेको छ । मन्त्रालयबाट प्राप्त विवरण अनुसार यो वर्ष ३३ जनाको भुकम्प, चट्यांङ, बाघ आक्रमण लगायतका कारणबाट मृत्यु, १३५ जना आगलागीबाट, २१२ जना बाढी/पहिरो/वर्षाबाट, ६५७ जना हावाहुरीबाट प्रभावित भएको देखिन्छ । सो मध्ये चट्याङबाट ३ घरमा क्षति र बर्दियामा हावाहुरीबाट ६२७ घर क्षति भएको छ । विपदबाट क्षति भएकालाई

मन्त्रालयले प्रदेश विपद व्यवस्थापन कोषबाट राहत रकम उपलब्ध गराउने गरेको छ । मन्त्रालयले विपद् व्यवस्थापन तर्फ जोखिम न्यूनीकरण र विपद् प्रतिकार्य तर्फ ध्यान दिनुपर्दछ ।

प्रदेश विपद् व्यवस्थापन कार्य सञ्चालन निर्देशिका २०७६ मा जिल्ला विपद् व्यवस्थापन समितिबाट क्षतिको यकिन विवरण सहित सिफारिस भै आए अनुसार राहत उपलब्ध गराउन सक्ने व्यवस्था रहेको छ । मन्त्रालयको प्रदेश विपद् व्यवस्थापन कोषको गतवर्षको जिम्मेवारी रू.९ करोड ९५ लाख २५ हजार भई यो वर्षको आम्दानी रू.८२ लाख ८८ हजार समेत जम्मा रू.१० करोड ७८ लाख १३ हजार आम्दानी भएकोमा रू.८ करोड २९ लाख ३६ हजार राहतको लागि प्रदेश अन्तर्गतका १२ जिल्ला प्रशासन कार्यालयलाई निकासा गरेको छ ।मन्त्रालयले जिल्ला प्रशासन कार्यालयबाट खर्च र वितरण अभिलेख माग गरि विश्लेषण गरेको छैन ।

११. **सहकारीको अनुगमन -** प्रदेश सहकारी ऐन, २०७६ को दफा ५९ मा सहकारी संस्थाहरूले प्रत्येक वर्ष वार्षिक कार्यक्रम, नीति तथा योजना, सञ्चालक वा सदस्यले लिएको तिर्न बाँकी ऋण लगायतका वितरण समेत खुलेको वार्षिक प्रतिवेदन पेस गर्नुपर्ने तथा दफा ८१ मा मन्त्रालयले निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले यस वर्ष सहकारी विकास सम्बन्धी कार्यका लागि रू.२० करोड ५० लाख ५० हजार बजेट विनियोजन भएकोमा विनियोजित बजेटको ६.८२ प्रतिशतले हुने रू.१ करोड ३९ लाख ९४ हजार मात्र खर्च गरेको छ। मन्त्रालयले प्रदेश मातहत दर्ता भएका ७९२ सहकारी संस्था वा संघले आफ्नो उद्देश्य एवं कार्यक्षेत्र अनुसार आफ्ना सदस्यको हितमा प्रतिकुल असर पर्ने गरी कार्य सम्पादन गरे नगरेको, मन्त्रालयको विद्युतीय सूचना व्यवस्थापन प्रणालीमा आवश्यक विवरण प्रविष्ट गरे नगरेको लगायतका विषयमा अनुगमन गरी सोको प्रतिवेदन सार्वजनिक गरेको पाइएन। सहकारी संस्थाले सहकारी ऐन तथा सहकारीका मूल्य, मान्यता र सिद्धान्त पालना गरी कार्यसम्पादन गरेको सम्बन्धमा अनुगमन गर्नुपर्दछ।

१२. **भवन निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ मा सम्झौता कार्यान्वयन सम्बन्धी व्यवस्था छ । मन्त्रालयले नेपाल सरकार मातहत रहेका ११ प्रहरी कार्यालयको भवन निर्माण गर्न रू.३७ करोड ५२ लाख ८४ हजारको खरिद सम्झौता गरेकोमा यस वर्षसम्म रू.१३ करोड ७० लाख खर्च भएको छ । मन्त्रालयबाट प्राप्त विवरण अनुसार ११ प्रहरी कार्यालयको भौतिक प्रगति २५ देखि ७५ प्रतिशत सम्म रहेको छ। सम्झौता अनुसारको कार्य सम्पन्न गराउनुपर्दछ।

१३. **प्रगति मूल्याङ्कन -** लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २० मा बजेट तथा कार्यक्रमको कार्यान्वयन अवस्थाको मूल्याङ्कन गरी अर्धवार्षिक र वार्षिक रुपमा सार्वजनिक गर्ने व्यवस्था छ ।यस वर्षको वार्षिक विकास कार्यक्रम अनुसार मन्त्रालय र मातहतका कार्यालयका लागि १४० क्रियाकलापको लागि रू.६७ करोड २७ लाख ९९ हजार बजेट विनियोजन भएकोमा रू.४० करोड २७ लाख ७३ हजार खर्च भएको छ । प्रदेश डाटा सेन्टर डिपिआर, निर्माण र उपकरण खरिद सञ्चालनको बजेट खर्च नभएको, भि.एम.सिस्टममा कम्प्याटिबल हुनेगरी सि.सि.टि.भी जडानको कार्य जस्ता कार्यक्रम कार्यान्वयन भएका छैनन् ।मन्त्रालयको स्वीकृत कार्यक्रममा समावेश भएका क्रियाकलापहरूको भौतिक र वित्तीय प्रगती खुल्ने गरी एकीकृत प्रगती विवरण तयार नगरेकोले क्रियाकलापगत विश्लेषण गर्न सकिएन । स्वीकृत कार्यक्रम अनुसारको प्रगति विवरण तयार गरी सार्वजनिक हुनुपर्दछ ।

१४. **अनुदान उपयोगको अनुगमन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४० मा विनियोजित रकम अनुदानको रुपमा खर्च गर्न सकिने व्यवस्था छ ।सहकारी विकास तथा गरिवी निवारण कार्यक्रम अन्तर्गत ९ वटा सहकारी संघ-संस्थालाई रू.५१ लाख ९० हजार र सूचना तथा सञ्चार माध्यम अनुदान तर्फ १७ सञ्चार माध्यम संघ-संस्थालाई रू.३ करोड ६३ लाख २२ हजार उपलब्ध गराएको छ । अनुदान भुक्तानी गर्दा लागत व्यहोर्ने शीर्षक नखुलाएकोले अनुदान उपयोगको विवरण एकिन गर्न सकिएन । मन्त्रालयबाट भएका सम्झौतामा एकै प्रकृतिका शर्तहरू रहेको, पुँजीगत प्रकृतिका कार्यमा अनुदान उपलब्ध गराउँदा खरिद सम्बन्धमा अनुगमन गरी प्रतिवेदन लिएको पाइएन ।अनुदान रकमबाट सम्बन्धित लाभग्राहीले लाभ प्राप्त गरेको सुनिश्चित हुनुपर्दछ।

समिति र अन्य संस्था

सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठान

सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा विकास भएका नविनतम प्रविधिलाई प्रदेशको हित अनुकूल प्रयोग गरी प्रदेशलाई सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा सबल र सक्षम बनाउने, प्रविधि सञ्चालनको लागि आवश्यक जनशक्तिको विकास गर्ने, सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा रोजगारी सिर्जना गरी ज्ञानमा आधारित समाज निर्माण गर्ने तथा प्रदेशको सूचना तथा सञ्चार प्रविधिको विकास तथा विस्तार गर्ने उद्देश्यले २०७६ मा प्रतिष्ठानको स्थापना भएको हो ।

१५. **आन्तरिक नियन्त्रण** - लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३०(१) मा प्रदेश तहका लेखा उत्तरदायी अधिकृतले आफू र मातहतका सबै सरकारी कार्यालयबाट सम्पादन गरीने कार्यहरू मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने र त्यसको लागि कार्यालयले आन्तरिक नियन्त्रण समिति गठन गर्नुपर्ने व्यवस्था छ ।प्रतिष्ठानको आन्तरिक नियन्त्रण प्रणाली मूल्यांङ्कन गर्दा प्रतिष्ठानले सो अनुसार नियन्त्रण प्रणाली तयार गरेको देखिएन। समिति गठन गरी ऐनमा तोकिएका कार्यहरू सम्पादन गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

१६. **कार्यसम्पादन** - लुम्बिनी प्रदेश सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठानको स्थापना तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६ को दफा ८ मा परिषद्को बैठक वर्षमा कम्तीमा तीन पटक वस्ने व्यवस्था रहेकोमा यस वर्ष १ पटक मात्र बसेको छ।ऐन बमोजिम परिषद्को बैठक नबस्दा परिषद्को काम, कर्तव्य र अधिकार अन्तर्गत रहेका सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरुयोजना तर्जुमा गर्न प्रदेश सरकारलाई सिफारिस गर्ने, सूचना तथा संचार प्रविधिसम्बन्धी नीति तथा कार्यक्रम तयार गर्न र सोको कार्यान्वयनका लागि प्रदेश सरकारलाई सहयोग गर्ने, प्रदेश सरकारका सूचना प्रविधि सम्बन्धी कार्यक्रमको प्रभावकारी कार्यान्वयन सम्बन्धमा आवश्यक निर्देशन दिने तथा अनुगमन गर्ने गराउने, सूचना तथा सञ्चार प्रविधिसम्बन्धमा आवश्यक अध्ययन, अनुसन्धान गराउने, स्थानीय तहसम्म सूचना तथा सञ्चार प्रविधि पुर्याउन आवश्यक अध्ययन, अनुसन्धान गराउने, प्रदेशमा इनोभेसन सेन्टर, टेक्नोलोजी पार्क, डाटा सेन्टर आदि स्थापना र व्यवस्थापन गर्न प्रदेश सरकारलाई सिफारिस गर्ने लगायतका कार्यक्रम भएको छैन।परिषद्को निर्णय कार्यान्वयन गर्ने जिम्मेवारी पाएको कार्यसमितिले कुनै कार्यक्रम गरेको देखिएन।ऐनमा भएको व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ।

१७. **संगठन तथा कर्मचारी व्यवस्थापन** - कार्यालयको कार्यबोझ, खर्चको आकार र आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा प्रदेश तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । कार्यालय प्रमुख सहित १० दरबन्दी स्वीकृत रहेकोमा ४ जना पदपूर्ति भई ६ पद खाली रहेको देखिन्छ। कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका ईन्जिनियर सातौं ३, सहायक प्रशासन अधिकृत पाचौं १ र असिस्टेन्ट आइटी ईन्जिनियर पाचौं २ पदहरू रिक्त रहेकोमा एक आइटी ईन्जिनियर सातौं करारबाट पदपूर्ति भएको छ। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवाप्रवाह तथा कार्यालयको समग्र कार्यसम्पादनमा असर परेको छ। तसर्थ रिक्त पदहरू यथाशक्य छिटो पूर्ति गरी सेवाप्रवाह प्रभावकारी बनाउनु पर्दछ।

१८. **आचारसंहिता** - सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठान ऐन, २०७६ को दफा २१ बमोजिम प्रतिष्ठानले पदाधिकारी र कर्मचारीहरूको काम कारबाहीका सम्बन्धमा आवश्यक आचारसंहिता तयार गरी लागू गर्ने उल्लेख छ। कार्यालयको काम कारबाहीलाई व्यवस्थित गर्न प्रतिष्ठानले आचारसंहिता तयार गरेको छैन। गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा समेत औल्याइएकोमा सुधार भएको छैन। सेवा प्रवाहलाई चुस्त, छिटो र छरितो बनाउन आचारसंहिता तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा जिम्मेवारी कार्यान्वय, वार्षिक बजेटमा उल्लेख भएका विषयहरू कार्यान्वयन नभएको, कार्य सञ्चालनस्तरका कार्य गरेको, दरबन्दी अनुसार पदपूर्ति नभएको, वार्षिक विवरण तथा प्रतिवेदन तयार नगरेको, लगायतका व्यहोरा औंल्याएकोमा यो वर्ष पनि सुधार भएको पाइएन। विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।
- **बेरुजु** - यो वर्ष मन्त्रालय र मातहतका १५ निकायको लेखापरीक्षणबाट रू.८८ लाख २२ हजार बेरुजु देखिएकोमा फर्स्यौंट नगरेकोले बाँकी रहेको छ । सो मध्ये रू.७० लाख ७९ हजार पेश्की बेरुजु रहेको छ । यससम्बन्धी विवरण अनुसूची-९ मा छ ।

आर्थिक मामिला मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ बमोजिम मन्त्रालयको कार्य क्षेत्रमा प्रदेशको आर्थिक अवस्थाको विश्लेषण, आर्थिक स्थायित्व र मूल्य स्थिरता, आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन, नियमन, सम्पत्तिको एकीकृत विवरण, विकास नीति प्राथमिकता, आवधिक तथा क्षेत्रगत योजना लगायत आर्थिक श्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन, आर्थिक विकासमा सार्वजनिक, निजी, सहकारी तथा गैर सरकारी क्षेत्रसँगको साझेदारी एवं समन्वय र सहकार्यसम्बन्धी नीति, मापदण्ड बनाउने लगायतका कार्य रहेका छन् । मन्त्रालय र मातहत सरकारी कार्यालय १३ निकायबाट कार्य सम्पादन गरी सेवा प्रवाह भइरहेको छ। प्रदेश सरकारले २०८०।४।१ मा यस मन्त्रालयको नाम अर्थ मन्त्रालय कायम गरेको छ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहत १३ सरकारी कार्यालयको निम्नानुसार रू.११ अर्ब २८ करोड ४३ लाख ३६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१३०००८	१११११५८२९	१५८३७	२२६६२	११२८४३३६

२. **आर्थिक कार्यविधि सम्बन्धी कानुन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६१ मा प्रदेश सरकारले आर्थिक कार्यविधि सम्बन्धी कानुन बनाउँदा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को प्रतिकुल नहुने गरी प्रदेश ऐन बनाउनु पर्ने व्यवस्था छ। प्रदेश सरकारले लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई संघीय आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन अनुकुल हुने गरी परिमार्जन गरेको पाइएन। यसै गरी प्रदेश सरकारले हाल कार्यान्वयनमा रहेको प्रदेश आर्थिक कार्यविधि ऐन अनुसार प्रदेश आर्थिक कार्यविधि नियमावली तथा भ्रमण खर्च नियमावली तर्जुमा गरेको पाइएन। संघीय कानुन अनुकुल हुने गरी ऐन र नियमावली बनाई आर्थिक कारोवारलाई व्यवस्थित रुपमा सञ्चालन गर्नुपर्दछ ।

३. **खर्च व्यवस्थापन -** लुम्बिनी प्रदेश विनियोजन ऐन, २०७९ अनुसार मन्त्रालय र मातहतका कार्यालयका लागि चालु तर्फ रू.३६ करोड ३७ लाख ७७ हजार तथा पुँजीगत तर्फ रू.४ करोड ६८ लाख ४० हजार गरी रू.४१ करोड ६ लाख १७ हजार बजेट विनियोजन भएकोमा रकमान्तरबाट क्रमशः रू.३६ करोड ५९ लाख ७७ हजार तथा रू.४ करोड ९९ लाख १२ हजार समेतगरी रू.४१ करोड ५८ लाख ८९ हजार बजेट कायम भएको छ । मन्त्रालय र मातहतका कार्यालयले चालु तर्फ रू.११ करोड २८ लाख ७० हजार र पुँजीगत तर्फ रू.१ करोड ७१ लाख ३८ हजार समेत रू.१३ करोड ८ हजार अर्थात् कायम बजेटको ३१.२६ प्रतिशत खर्च गरेका छन्। मन्त्रालय र मातहतका कार्यालयको खर्च गर्ने क्षमता सुधार हुनुपर्दछ ।

४. **राजस्व प्रक्षेपण तथा असुली -** प्रदेश सरकारका अर्थमन्त्रीले प्रदेश सभा समक्ष पेस गरेको वार्षिक बजेट अनुसार यस वर्षको राजस्व प्राप्तिको लक्ष्य र यथार्थ प्राप्तिको अवस्था निम्न रहेको छः

(रकम रू. हजारमा)

विवरण	अनुमान रू.	यथार्थ प्राप्ति	प्राप्ति प्रतिशत
कर राजस्व	१५३५३५००	११७५९४२३	७६.५९
अनुदान	१८४७६४००	१३४४७३२२	७२.७८
अन्य राजस्व	३७३५८००	१४५४७३१	३८.९४
विविध प्राप्ति	४०७००००	८३६५५३	२०.५५
आन्तरिक ऋण	१००००००	०	०
जम्मा	**४२६३५७००**	**२७४९८०२९**	**६४.४९**

प्रदेश सरकारले अनुमानको तुलनामा कर राजस्व ७६.५९ प्रतिशत, अनुदान ७२.७८ प्रतिशत, अन्य राजस्व ३८.९४ प्रतिशत र विविध प्राप्ति २०.५५ प्रतिशत यर्थाथ प्राप्ति भएको छ। राजस्व अनुमान रू.४२ अर्ब ६३ करोड ५७ लाखमा गत वर्षको मौज्दात रू.४ अर्ब समेत समावेश छ ।

यो वर्षको राजस्व अनुमान मध्ये बाँडफाँट भई प्राप्त हुने वन रोयल्टी रू.४ करोड ५० लाख, खनिज सम्वन्धी रोयल्टी रू.१७ करोड, विद्युत सम्बन्धी रोयल्टी रू.८ करोड ५० लाख तथा टेलिभिजन सञ्चालन दस्तुर रू.१० लाख राजस्व प्राप्त हुने अनुमान गरेकोमा असुली हुन सकेको छैन।

५. **रकमान्तर -** लुम्बिनी प्रदेश विनियोजन ऐन, २०७९ को दफा ३ मा कुनै अनुदान संख्यामा बचत हुने र कुनै अनुदान संख्यामा अपुग हुने देखिन आएमा आर्थिक मामिला तथा सहकारी मन्त्रालयले बचत हुने अनुदान संख्याबाट अपुग हुने अनुदान संख्यामा दश प्रतिशतमा नबढ्ने गरी रकमान्तर गर्न सक्ने व्यवस्था छ।यो वर्ष मन्त्रालय र मातहत कार्यालयका लागि चालु तर्फ विनियोजित बजेट रू.३६ करोड ५९ लाख ७७ हजारमा ०.६० प्रतिशत थप र पुँजीगत तर्फ रू.४ करोड ६८ लाख ४० हजारमा ६.५५ प्रतिशत थप गरी रू.४१ करोड ६ लाख १७ हजार बजेट कायम भएको छ । सुरू अनुमानको तुलनामा १.२८ प्रतिशतले थप रू.४१ करोड ५८ लाख ८९ हजार बजेट कायम भएको छ । विनियोजन दक्षतामा सुधार गरी सुरूबजेटलाई यर्थाथपरक बनाउनुपर्दछ ।

प्रदेश सरकारको सुरू बजेट रू.४१ अर्ब ६२ करोड १७ लाख भएकोमा रकमान्तर एवम् संघीय सरकारबाट थप सशर्त अनुदान रू.१५ करोड ३७ लाख समेत अन्तिम बजेट रू.४२ अर्ब ७७ करोड ८५ लाख मध्ये चालुबाट रु.२९ करोड ७१ लाख रकमान्तर गरी पुँजीगत बजेट कायम गरिएको छ। सुरू बजेट रू.४२ अर्ब ६२ करोड ४७ लाख र रकमान्तर पछिको अन्तिम बजेट रू.४२ अर्ब ७७ करोड ८५ लाख रहेको छ । विनियोजन दक्षता सुधार गरी बजेट बनाउनुपर्छ ।

५.१. चालु शीर्षकमा सुरू विनियोजित भएको बजेट रू.१८ अर्ब १४ करोड ७७ लाख २४ हजार मध्ये रू.२९ करोड ७१ लाख ८ हजार रकमान्तरबाट घटाई रू.१७ अर्ब ८५ करोड ६ लाख १७ हजार बजेट कायम भएको छ । सो शीर्षकमा १.६४ प्रतिशत रकमान्तरबाट घटाई प्रदेश लोक सेवा आयोगमा १.८७ प्रतिशत, प्रदेश सभामा ५३.२१ प्रतिशत, वन तथा वातावरण मन्त्रालयमा २३.१२ प्रतिशत, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्मा ५.९१ प्रतिशत थप गरेको र अर्थ विविधमा ४७.८० प्रतिशत रकमान्तरबाट घटाएको लगायत ९ अनुदान संख्यामा घटाई समेत चालु बजेटको १.६४ प्रतिशत ऋणात्मक रकमान्तर भएको छ।

५.२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको १२५.५४ प्रतिशत थप, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको ९७.६६ प्रतिशत थप, सामाजिक विकास मन्त्रालयको १५.१२ प्रतिशत थप, श्रम तथा यातायत व्यवस्था मन्त्रालयमा २६.७२ प्रतिशत थप र अर्थ विविधबाट ५६.१४ प्रतिशत घटाई रकमान्तर भएको छ।

५.३. अर्थ मन्त्रालय लगायत १६ केन्द्रीय निकायले २०८० आषाढ महिनामा रू.२ अर्ब ३६ करोड ९३ लाख रकमान्तर गरेका छन् । वर्षान्तको रकमान्तर नियन्त्रण गरी खर्चको प्रभावकारिता बढाउनु पर्दछ ।

५.४. लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १६(२) मा बजेटमा पुष्ट्याईको अभिलेख नराखी रकमान्तर गर्न नहुने व्यवस्था छ। अर्थ विविधमा रू.१ अर्ब २२ करोड ९९ लाख र पुँजीगतमा रू.१९ करोड समेत रू.१ अर्ब ४१ करोड ९९ लाख सुरू बजेट व्यवस्था गरी कुल बजेटको ३.३४ प्रतिशत विविध बाँडफाँट गरेको छ। अर्थ मन्त्रालयले चालुमा रू.५८ करोड ८० लाख र पुँजीगतमा रू.१० करोड ६६ लाख थप गरी रू.६९ करोड ४६ लाख रकमान्तरबाट थपघट गरेको छ। विनियोजन ऐन अनुसार अर्थ विविधबाट बजेट खर्च गर्न नमिल्नेमा रू.१७ लाख ५८ हजार खर्च गरेको छ । रकमान्तर गरी खर्च गर्ने प्रवृत्तिमा सुधार गरी आर्थिक अनुशासन पालना गर्नुपर्दछ ।

६. **अन्तर सरकारी अख्तियारी -** लुम्बिनी प्रदेश विनियोजन ऐन, २०७९ को दफा ५ मा प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको पूँजीगत तर्फको कुनै आयोजना वा कार्यक्रम नेपाल सरकारका निकाय मार्फत कार्यान्वयन गर्नु पर्ने भएमा प्रदेश सरकारको सम्बन्धित निकायले आर्थिक मामिला तथा सहकारी मन्त्रालयको सहमतिमा संघीय विनियोजन ऐन बमोजिम नेपाल सरकारको सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृति लिई नेपाल सरकारका निकाय मार्फत कार्यान्वयन गर्ने गरी निर्णय गर्न सक्ने व्यवस्था छ।प्रदेश सरकार मातहतका ४ मन्त्रालयले यो वर्ष नेपाल सरकारका ८२ निकायलाई अन्तर सरकारी अख्तियारी मार्फत प्रदेश सरकारको कार्यक्रम कार्यान्वयन लागि रू.१ अर्ब १२ करोड १५ लाख बजेट विनियोजन गरी रू.७३ करोड ८ लाख ९२ हजार खर्च गरेकोमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृति लिएको छैन।यसै गरी प्रदेश विनियोजन ऐन विपरीत चालु खर्च तर्फ पनि बजेट विनियोजन गरी खर्च गरेको छ। प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटमा समावेश भएको रकम कानूनी प्रकृया पुरा नगरी खर्च लेख्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

७. **वित्तीय हस्तान्तरण -** प्रदेश सरकार मार्फत २०७९।८० मा १०९ स्थानीय तहलाई वित्तीय हस्तान्तरणमा बजेट रू.४ अर्ब ८३ करोड १० लाख मध्ये वित्तीय समानीकरण अनुदान रू.८५ करोड, सशर्त अनुदान रू.१ अर्ब २ करोड ७७ लाख, बिशेष अनुदानमा रू.८८ करोड ९८ लाख र समपूरक अनुदानमा रू.१ अर्ब ३५ करोड ६१ लाख समेत रू.४ अर्ब १२ करोड ३७ लाख ३९ हजार (बजेटको ८५.३५ प्रतिशत) निकासा भएकोमा स्थानीय तहबाट खर्चको विवरण लिइ खर्च नभएको अनुदान फिर्ता लिनुपर्दछ ।

८. **परामर्श सेवा-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सम्बन्धित मन्त्रालयले परामर्श सेवाको लागत अनुमान नर्म्स तयार गरी सेवाको कार्य क्षेत्रगत शर्तका आधारमा परामर्श सेवाको लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ।मन्त्रालयले परामर्श सेवाको लागत अनुमान तयार गर्ने नर्म्स तयार गरेको छैन। मन्त्रालयले कामको प्रकृति अनुसारको नर्म्स तयार गर्नु पर्दछ।

प्रदेश सरकार अन्तर्गत परामर्श सेवामा रू.३१ करोड २ लाख ३२ हजार बजेट विनियोजन भएकोमा रू.११ करोड १९ लाख २९ हजार खर्च भएको छ। आयोजना प्रतिवेदन वा परामर्शदाताको प्रतिवेदनको अभिलेख राखी अध्ययन प्रतिवेदन तयार गरेकोमा कार्यान्वयन स्थिति अनुगमन गरेको छैन। अध्ययन प्रतिवेदन कार्यान्वयन नगर्दा लागत मूल्य सार्थकता प्राप्त हुने अवस्था देखिएन । मूल्य सार्थकता पाउने गरी अध्ययन अनुसन्धान गराउनुपर्दछ ।

९. **जिन्सी व्यवस्थापन** - प्रदेश सरकारको (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदेश स्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी लगत तथा असुल उपर गर्ने कार्य मन्त्रालयलाई तोकेको छ । महालेखा नियन्त्रक कार्यालयले पेश गरेको एकीकृत वित्तीय विवरण अनुसार प्रदेश सरकार मातहत रू.३ अर्ब ७९ करोड १८ लाख ३९ हजारको सम्पत्ति देखाएको भए पनि प्रदेश लेखा नियन्त्रक कार्यालय तथा निकायहरूले सम्पत्तिको एकीकृत विवरण तयार गरेको छैन। प्रदेश सरकार मातहत कार्यालयको सम्पत्ति लगत तयार गरी अद्यावधिक गर्नुपर्दछ ।

१०. **जिम्मेवारी तथा जवाफदेहिता -** प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९ अनुसार मन्त्रालयले तर्जुमा एवं कार्यान्वयन गर्नुपर्ने २६ कार्य जिम्मेवारी भएतापनि विनियोजित बजेटको ३१.२६ प्रतिशत खर्च भएको छ । तोकिएका जिम्मेवारी मध्ये आर्थिक अवस्थाको विश्लेषण, आर्थिक नीति तर्जुमा, आर्थिक स्थायित्व र मूल्य स्थिरता नीति तर्जुमा, वैदेशिक सहयोग, ऋण र अनुदान प्राप्ति, लगानी प्रक्षेपण र लाभ, राजस्व चुहावट नियन्त्रण, प्रादेशिक नीति, तथ्याङ्क, सूचना प्रणाली तथा अभिलेख प्रादेशिक नीति, स्थानीय तहसँग सहयोग, समन्वय र सहकार्य, बीमा प्रवर्द्धन तथा विस्तार, बचत परिचालनको मापदण्ड लगायत अपेक्षित नतिजा हासिल भएको छैन । बजेट तथा जनशक्ति र संयन्त्रको मापदण्ड कार्य जिम्मेवारी पुरा गर्नुपर्दछ ।

११. **प्रादेशिक क्षेत्रगत लक्ष्य-** आर्थिक वृद्धिदरको लक्ष्य तोकिएकोमा प्रगति समिक्षा गरेको देखिएन। मन्त्रालयबाट प्राप्त विवरण अनुसार प्रादेशिक क्षेत्रगत लक्ष्य तथा प्रगतिको अवस्था देहाय अनुसार छः

(प्रतिशतमा)

क्षेत्र	०७७।७८ लक्ष्य	उपलब्धी	०७८।७९ लक्ष्य	उपलब्धी	०७९।८० लक्ष्य	उपलब्धी
कृषि	५.५	४.१	४.६	२.५	६.७	३.६
उद्योग	५.८	९.६	८.१	७.७	-	-१.५
सेवा	२.२	६.५	६.४	५.२	-	२.६
गैरकृषि	२.१	६.६	५.३	५.९	११.५	१.५

प्रादेशिक आर्थिक वृद्धिदर र नतिजाको आधार सूचकसहित नतिजा मापन गर्नुपर्नेमा गरको छैन । प्रादेशिक पूँजी निर्माणमा रू.२४ अर्ब ९२ करोड ७८ लाख मध्ये रू.१७ अर्ब ७३ करोड ६५ लाख खर्च अर्थात् ७१.१५ प्रतिशत पुँजीगत खर्च गरेको छ । उद्योग र सेवा क्षेत्रको २०७९।०८० को लक्ष्य खुलाएको पाइएन। लक्ष्य र प्रगतिको समिक्षा गरी कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

१२. **दिगो विकास लक्ष्य -** बजेट वक्तव्य २०७९।०८० अनुसार यस वर्षको बजेट अनुमान मध्ये ४१.११ प्रतिशतको सांकेतिकरण गरेको छैन ।यसैगरी गरिबी अन्त्यमा ०.५४ प्रतिशत, शुन्य भोकमरीमा

७.७२ प्रतिशत, स्वस्थ जीवनमा ७.२९ प्रतिशत, गुणस्तरीय शिक्षामा ३.३६ प्रतिशत, लैङ्गिक समानतामा ०.४ प्रतिशत, दिगो सफा पानी तथा सरसफाई सेवामा ३.७२ प्रतिशत, आधुनिक उर्जामा पहुँचमा ०.२३ प्रतिशत, समावेशी आर्थिक बृद्धि तथा मर्यादित काममा ०.८५ प्रतिशत, दिगो विकासका लागि साझेदारीमा ०.८९ प्रतिशत, उद्योग, नवीन खोज र पूर्वाधारमा २०.९३ प्रतिशत, असमानता न्यूनीकरणमा ०.७५ प्रतिशत, दिगो शहर र वस्तीहरूमा ५.८६ प्रतिशत, दिगो उपभोग तथा उत्पादनमा १.८७ प्रतिशत, जलवायु परिवर्तन अनुकुलनमा १८५ प्रतिशत, भुसतहको उपयोगमा १३७ प्रतिशत र शान्तीपूर्ण, न्यायपूर्ण र सशक्त समाजमा १.२५ प्रतिशत गरी बजेट सांकेतिकरण गरेको छ। सांकेतिकरण अनुसारको प्रगति प्रतिवेदन तयार नगरेकोले खर्चको अवस्था विश्लेषण गर्न सकिएन। विनियोजित बजेटलाई लक्ष्य अनुसार सांकेतिकरण गरी उपलब्धीको समीक्षा हुनुपर्दछ ।

१३. **मध्यमकालिन खर्च संरचना -** लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५(२) मा आवधिक विकास आयोजनालाई मार्गदर्शनको रुपमा लिएर, मध्यमकालिन खर्च संरचनामा प्रस्तावित कार्यक्रमको क्रियाकलापगत विवरण क्रियाकलापको प्रति ईकाइ लागत, लाग्ने अनुमानित समय र प्रतिफल खुलाई प्राथमिकीकरण गर्नुपर्ने अवस्था छ । प्रति इकाई लागत, समय र प्रतिफलको लक्ष्यबाट प्राथमिकीकरण नहुँदा बजेट परिचालन नतिजामा आधारित हुने देखिदैन। प्रतिफलमा आधारित कार्यक्रमलाई प्राथमिकतामा राखि परिचालन गर्नुपर्छ ।

१४. **चौमासिक खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० मा आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा सात दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरी निकासा बन्द गर्नु पर्ने व्यवस्था छ। बजेट वक्तव्यको १९९ बुँदामा विषयगत स्वीकृत कार्यक्रममा चौमासिक विभाजनको कम्तिमा ७० प्रतिशत खर्च नगरेको कार्यक्रम संशोधन, रकमान्तर र खर्च भुक्तानी रोक्का हुनुपर्ने व्यवस्था उल्लेख छ । प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार यो वर्ष रू.४२ अर्ब ६३ करोड ५७ लाख विनियोजन गरी रू.३० अर्ब २४ करोड ४१ लाख ५५ हजार खर्च गर्दा प्रथम चौमासिकमा रू.३ अर्ब ७६ करोड ८० लाख ४१ हजार, दोस्रो चौमासिकमा रू.८ अर्ब ६५ करोड २० लाख ६१ हजार, तेस्रो चौमासिकमा रू.१७ अर्ब ८२ करोड ४० लाख ५३ हजार र आषाढमा रू.८ अर्ब ८१ करोड १५ लाख ५५ हजार अर्थात् २९ प्रतिशत खर्च गरेको छ । आषाढको खर्चमध्ये आषाढ २४ गतेपछि स्थानीय तहबाट फिर्ता भएको रू.२१ करोड ३६ लाख २४ हजार बाहेक रू.४ अर्ब ६१ करोड ३१ लाख ८७ हजार अर्थात् कूल खर्चको १५.२५ प्रतिशत खर्च भएको छ। कानुनको पालना गरी आषाढ महिनाको अन्त्यमा हुने भुक्तानी नियन्त्रण हुनुपर्दछ।

१५. **स्रोत सुनिश्चितता -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ११ मा प्रदेश सरकारबाट सिर्जित आर्थिक दायित्व, निर्णयबाट खर्च व्यहोर्ने प्रतिबद्धता जनाइएको स्पष्ट अभिलेख लेखा राख्नुपर्छ। यो वर्ष प्रदेश राजधानी, प्युठान अस्पताल, सडक र सिँचाइ मुख्य विषयगत ११ आयोजनामा रू.६ अर्ब ८१ करोड ९१ लाख १४ हजारको स्रोत सुनिश्चितता दिएको छ। स्रोत सुनिश्चितताको अभिलेख राखि आगामी वर्षको बजेटमा समावेश गर्नुपर्दछ ।

१६. **पेश्की फर्स्यौंट -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेश्की दिने र फर्स्यौंट गर्ने व्यवस्था छ। प्रदेश सरकार मातहतका १२ मन्त्रालयले गत आर्थिक वर्षको पेश्की बाँकी रू.७२ करोड १४ लाख २७ हजार तथा यो वर्षको म्याद नाघेको पेश्की रू.५५ करोड

७६ लाख ४७ हजार र म्याद ननाघेको रू.४६ करोड ८७ लाख ४२ हजार समेत रू.१ अर्ब ७४ करोड ७८ लाख १६ हजार बाँकी पेश्की समयमै फर्स्यौंट गर्नुपर्दछ।

१७. **बजेट विनियोजन र खर्च -** लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ मा योजनाको लक्ष्य नीति आयोगको मार्गदर्शनको आधारमा प्रदेशले गर्नुपर्ने काम, तोकिएको लक्ष्य र प्राप्त गर्ने नतिजालाई केन्द्रविन्दुमा राखेर बजेट बनाउनुपर्दछ । विगत ५ वर्षको विनियोजन र खर्च स्थिति देहाय बमोजिम रहेको छः

(रकम रू. हजारमा)

आर्थिक वर्ष	सुरूबजेट	कायम बजेट	खर्च	खर्च प्रतिशत
२०७९।८०	४२६३५७००	४२७८९४४२	३०२४४१५५	७०.६८
२०७८।७९	४०९५९७००	४२९४११९१	३००५४६८२	६९.९९
२०७७।७८	३६३५२५००	३९१५४१६४	३२१०३०४२	८१.९९
२०७६।७७	३६४१६८००	३६४१६८००	२५४०५५९७	६९.७६
२०७५।७६	२५३७११८३	२८०९०३००	१७०३४१२६	६०.६४

तालिका विश्लेषण गर्दा बजेटको तुलनामा २०७५।०७६ देखि २०७९।८० सम्म ५ वर्षमा क्रमशः ६०.६४ प्रतिशत ६९.७६ प्रतिशत ८१.९९ प्रतिशत, ६९.९९ प्रतिशत र यो वर्ष ७०.६८ प्रतिशत खर्च भएको छ । बजेटको तुलनामा ७०.६८ प्रतिशत खर्च भएकाले अनुमान र यथार्थताको दायरा फराकिलो छ । बजेट दक्षता वृद्धि गरी परिचालन गर्नुपर्दछ ।

१८. **प्रगति मूल्याङ्कन -** लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २० मा बजेट तथा कार्यक्रमको कार्यान्वयन अवस्थाको मूल्याङ्कन गरी अर्धवार्षिक र बार्षिक रुपमा सार्वजनिक गर्ने व्यवस्था रहेको छ। यस वर्षको वार्षिक विकास कार्यक्रम अनुसार मन्त्रालय र मातहतका कार्यालयका लागि १२० क्रियाकलापको लागि रू.४१ करोड ५८ लाख ८९ हजार बजेट विनियोजन भएकोमा रू.१३ करोड ८ हजार खर्च भएको छ। मन्त्रालयको स्वीकृत कार्यक्रममा समावेश भएका क्रियाकलापहरूको भौतिक र वित्तीय प्रगती खुल्ने गरी एकीकृत प्रगति विवरण तयार नगरेकोले क्रियाकलापगत विश्लेषण गर्न सकिएन ।यसै गरी लैङ्गिक संकेत तथा जलवायु परिवर्तन संकेत अनुसार बजेट खर्चको अवस्था खुल्ने गरी प्रगति प्रतिवेदन तयार गरेको छैन।स्वीकृत कार्यक्रम अनुसारको प्रगति विवरण तयार गरी सार्वजनिक हुनुपर्दछ ।

१९. **एकीकृत वित्तीय विवरण -** लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २५(२) मा लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आय व्ययको एकीकृत वित्तीय विवरण तयार गरी पेस गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले स्वीकृत ढाँचामा आर्थिक कारोबार समेटिएको एकीकृत वित्तीय विवरण र नेपाल सार्वजनिक क्षेत्र वित्तीय लेखामान बमोजिमको प्रतिवेदन तयार गरेको छैन। नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिम प्रतिवेदन तयार गर्नुपर्दछ ।

२०. **कार्यक्षेत्रको पालना -** तीन तहको सरकारले कार्यान्वयन गर्ने कार्यक्रमलाई व्यवस्थित गर्न नेपाल सरकारले संघ प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँट सम्बन्धी मापदण्ड, २०७६ लागू गरेको छ। मन्त्रालयले प्रदेश सरकारको सीमाभित्र पर्ने आयोजना वा कार्यक्रमको लागि बजेट विनियोजन गर्नुपर्नेमा स्थानीय तहको अधिकार

क्षेत्रभित्र परेका सहकारी संस्थाको भवन निर्माण गर्न २५ संस्थालाई रू.५ लाखका दरले तथा २० संस्थालाई रू.५ लाख देखि रू.१० लाखका दरले कूल रू.५५ लाख बजेट स्वीकृत गरी रू.५१ लाख ९० खर्च गरेको देखिएकाले यसमा नियन्त्रण हुनुपर्दछ।

२१. **अनुदान उपयोगको अनुगमन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४० मा कुनै संघ वा संस्थालाई दिएको अनुदान लक्ष्य अनुसार खर्च भएको तथा कानुन बमोजिम लेखापरीक्षण भएको अनुगमन गरी वार्षिक विवरण तयार गर्नुपर्ने व्यवस्था छ। प्रदेश सरकारले यो वर्ष शैक्षिक संस्थाहरूलाई सहायतामा रू.५७ करोड ३८ लाख १२ हजार, सरकारी निकाय समिति एवम् बोर्डहरूलाई निशर्त चालु अनुदानमा रू.१० करोड ६३ लाख ११ हजार तथा सशर्त चालु अनुदानमा रू.९५ लाख ३३ हजार, अन्य संस्थालाई सशर्त अनुदान चालुमा रू.३३ करोड ९२ लाख ४ हजार तथा सशर्त पुँजीगत अनुदानमा रू.११ करोड ५४ लाख ४० हजार, सरकारी निकाय समिति बोर्डलाई पुँजीगत निशर्त अनुदान रू.२ करोड ७२ लाख ६० हजार तथा शशर्त पुँजीगत अनुदानमा रू.२ करोड ५७ लाख ६० हजार समेत रू.१ अर्ब १९ करोड ७३ लाख २० हजार अनुदान तथा सहायता खर्च लेखेकोमा अनुदान रकम स्वीकृत प्रयोजनमा खर्च गरेको, भएको खर्चबाट लक्षित समूहले प्रत्यक्ष रुपमा लाभ पाएको, अनुदान रकमबाट अपेक्षित नतिजा हासिल भएको, अनुदान रकमबाट निजी स्वामित्व जग्गामा निर्माण भएका संरचनाहरू संस्था अस्तित्वमा नरहेको अवस्थामा सरकारी संयन्त्रमा हस्तान्तरण हुने प्रबन्ध भएको, खर्च नभएको रकम फिर्ता गरेको तथा अनुदान रकम खर्च गर्दा सार्वजनिक खरिद ऐन बमोजिमको कार्यविधि पूरा गरी खरिद गरेको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन तयार गर्नुपर्दछ।

प्रदेश लेखा नियन्त्रक कार्यालय

२२. **प्रदेश सञ्चित कोष -** लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४ बमोजिम प्रदेश संचित कोषको लेखा अद्यावधिक रुपमा र वार्षिक वित्तीय विवरण तयार गर्ने कर्तव्य र उत्तरादायित्व प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था छ । लुम्बिनी प्रदेशको संचित कोषको हिसाब विवरण निम्नानुसार रहेको छः

(रकम रू. हजारमा)

क्र.सं.	विवरण	२०७९।०८०	०७८।०७९
१	राजस्व तथा अनुदान	२७४९८०२९	३०६१५५३४
१.१.	कर राजस्व	११७५९४२३	१२७३०६१४
१.२.	अन्य राजस्व	१४५४७३१	१५६९१३९
१.३.	अनुदान	१३४४७३२२	१५१२४६३४
१.४.	बेरूजु तथा अन्य प्राप्ति	८३६५५३	११९११४५
२.	भुक्तानी	३०२४४१५५	३००५४६८३
२.१.	चालु खर्च	१२५०७५८७	१२६४६८६६
२.२.	पूँजीगत खर्च	१७७३६५६८	१७४०७८१६
३.	नगद तथा बैंक मौज्दात थप (घट)	(२९२२७१८)	७६२६७०
३.१.	यस वर्षको बचत (कमी)	(२७४६१२५)	५६०८५१
३.२.	धरौटी र अन्यकोषको मौज्दात थप (घट)	(१७६५९३)	२०१८१८
४.	गत आर्थिक वर्ष सम्मको नगद तथा बैङ्क मौज्दात	८३८१०१७	७६१८३४७
५.	यस आर्थिक वर्ष सम्मको नगद तथा बैङ्क मौज्दात	५४५८२९९	८३८१०१७

गत वर्षको तुलनामा यस वर्ष राजस्व तथा अनुदान १०.१८ प्रतिशतले घटेको छ भने खर्च ०.६३ प्रतिशतले बढेको छ ।

गत वर्षको लेखापरीक्षणबाट प्रमाणित प्रदेश संचितकोषको एकीकृत वित्तीय विवरणमा राजस्व तथा अनुदान रू.३१ अर्ब २३ करोड ६४ लाख ६ हजार देखाएकोमा यस वर्षको एकीकृत वित्तीय विवरणको गत वर्षको अंकमा रू.३० अर्ब ६१ करोड ५५ लाख ३४ हजार देखाएको छ। लेखापरीक्षणबाट प्रमाणित अङ्क फरक पर्नाको कारण खुलाएको छैन।

२३. **खर्चको विश्लेषण -** प्रदेश विनियोजन ऐन, २०७९ बमोजिम लुम्बिनी प्रदेश सरकारको आर्थिक वर्ष २०७९।८० को बजेट तथा खर्चको अवस्था देहाय बमोजिम रहेको छ।

(रकम रू. हजारमा)

क्र. सं.	शीर्षक	सुरू अनुमान	अन्तिम बजेट	खर्च	सुरू अनुमानको खर्च प्रतिशत	कायम बजेटको खर्च प्रतिशत
१	चालु	१३३२७६५२	१३०२७२४५	८३८३८४७	६२.९	६४.३५
२	पुँजीगत	२४४७७०४८	२४९२७८९७	१७७३६५६८	७२.४६	७१.१५
३	वित्तीय हस्तान्तरण	४८३१०००	४८३४३००	४१२३७४०	७२.४६	८५.३०
	जम्मा	**४२६३५७००**	**४२७८९४४२**	**३०२४४१५५**	**७०.९३**	**७०.६८**

प्रदेश सरकारको रू.३० अर्ब २४ करोड ४१ लाख ५५ हजार खर्च मध्ये चालु खर्च ६२.९ प्रतिशत, पुँजीगत खर्च ७२.७६ प्रतिशत र स्थानीय तह वित्त हस्तान्तरणमा ८५.३५ प्रतिशत खर्च भएको छ। खर्च मध्ये ५० प्रतिशत भन्दा घटी खर्च गर्ने निकायमा प्रदेश सभा ४०.०३ प्रतिशत, अर्थ तथा सहकारी मन्त्रालय ३०.८४ प्रतिशत, महिला बालबालिका मन्त्रालय ३९.६९ प्रतिशत, आन्तरिक मामिला मन्त्रालय ५२.२७ प्रतिशत रहेका छन् ।

पुँजीगत कार्यक्रम सुरू बजेट रू.२४ अर्ब ४७ करोड ७० लाख ४८ हजारमा रू.१७ अर्ब ७३ करोड ६५ लाख ६८ हजार खर्च गरी ७२.४६ प्रतिशत तथा संशोधित बजेट रू.२४ अर्ब ९२ करोड ७८ लाख ७८ हजारको ७१.१५ प्रतिशत खर्च भएको देखिन्छ । पुँजीगत खर्चमध्ये ५० प्रतिशत भन्दा न्यून खर्च हुनेमा आर्थिक मामिला तथा सहकारी मन्त्रालय ३४.३४ प्रतिशत, उद्योग वाणिज्य आपूर्ति २५.७३ प्रतिशत, स्वास्थ्य मन्त्रालय २६.७० प्रतिशत रहेका छन्।विनियोजन ऐन बमोजिम बजेट खर्च नहुँदा बजेटका लक्षित नतिजा प्राप्त नभएकाले मन्त्रालयहरूको खर्च गर्ने क्षमता बढाउनुपर्दछ ।

२४. **वित्तीय हस्तान्तरण प्राप्ति -** नेपाल सरकारबाट प्रदेश सरकारलाई वित्तीय हस्तान्तरणमा यस वर्षको अनुमान तथा यथार्थ प्राप्तीको अवस्था निम्न रहेको छ।

(रकम रू. हजारमा)

क्र.सं.	अनुदानको किसिम	सुरू अनुमान रु	यथार्थ प्राप्ती रु	यथार्थ प्राप्ती प्रतिशत
१	समानीकरण	८५४१७००	७४७३९८७	८७.५
२	सशर्त	८७१२२००	५३५३४६३	६१.४५
३	विशेष	४८३५००	२३९०३८	४९.४४
४	समपुरक	७३९०००	३८०८३३	५१.५३
	जम्मा	**१८४७६४००**	**१३४४७३२२**	**७२.७८**

संघीय सरकारबाट बजेट अनुमानको ७२.७८ प्रतिशत प्राप्त भएको छ। नेपाल सरकारबाट सशर्त, विशेष र समपूरक अनुदान वापत रू.७ अर्ब ५४ करोड ३२ लाख २० हजार प्राप्त भएकोमा रू.५ अर्ब ९७ करोड ३३ लाख ३५ हजार खर्च गरेको पाइयो ।

२५. **स्थानीय तह वित्तीय हस्तान्तरण** - त्यस्तै प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १९ मा प्रदेश संचितकोषबाट स्थानीय तहलाई देहाय वित्तीय हस्तान्तरण गरेको छः

(रकम रू. हजारमा)

क्र.सं.	शीर्षक	सुरूअनुमान	कायम अनुमान	हस्तान्तरण	हस्तान्तरण प्रतिशत
१	समानिकरण	८५००००	८५००००	८५००००	१००
२	सशर्त	११२६०००	११२८३००	१०२७७३२	९१.०८
३	विशेष	१०००००	१००१०००	८८९८०९	८८.८९
४	समपुरक	१८५५०००	१८५५०००	१३५६१९९	७३.११
	जम्मा	**४८३१०००**	**४८३४३००**	**४१२३७४०**	**८५.३**

महालेखा नियन्त्रक कार्यालयले तयार गरेको एकीकृत वित्तीय विवरण (संघ प्रदेश र स्थानीय सरकारहरू) अनुसार स्थानीय तहहरूले रू.३ अर्ब ५५ करोड २४ लाख १८ हजार प्रदेश सरकारबाट अनुदान प्राप्त गरी रू.३ अर्ब ६ करोड ६ लाख ५६ हजार खर्च गरेको देखिएकाले अनुदान प्राप्ती र खर्चको यथार्थ विवरण तयार गर्नु पर्दछ।

२६. **धरौटी** - लुम्बिनी प्रदेश अन्तर्गत २१६ कार्यालयमा गतवर्षको धरौटी बाँकी जिम्मेवारी रू.१ अर्ब ९७ करोड ४६ लाख २७ हजार रहेकोमा यो वर्ष रू.८३ करोड ९ लाख १३ हजार आम्दानी भई रू.२ अर्ब ८० करोड ५५ लाख ४० हजार जम्मा आम्दानी भएकोमा सदरस्याहा रू.९४ लाख ४० हजार र फिर्ता रू.५ करोड ३९ लाख ८३ हजार समेत रू.८१ करोड ६२ लाख ५७ हजार खर्च भई रू.१ अर्ब ९८ करोड ९२ लाख ८३ हजार मौज्दात देखिन्छ। मौज्दात धरौटी मध्ये प्रयोजन समाप्त भएको धरौटी यकिन गरी राजस्वमा आम्दानी बाँध्नु पर्दछ।

२७. **कार्यसञ्चालन र अन्य कोष** - लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २६ मा प्रदेश स्थित सरकारी कोषको एकीकृत वित्तीय विवरण तयार गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था छ । प्रदेश लेखा नियन्त्रक कार्यालयले पेस गरेको विविध कोष अनुसार १२१ कार्यालयमा गत वर्षको मौज्दात रू.१ अर्ब १४ करोड १३ लाख र यो वर्षको आम्दानी रू.५३ करोड ८१ लाख समेत जम्मा रू.१ अर्ब ६७ करोड ९४ लाख आयमा रू.७२ करोड ९४ लाख खर्च गरी रू.९५ करोड मौज्दात रहेको छ । बाँकी मौज्दात रकम तोकिएको काममा परिचालन हुन नसक्ने अवस्थामा सम्बन्धित सञ्चित कोषमा फिर्ता गर्नुपर्दछ ।

२८. **प्रदेश विभाज्य कोष** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा प्रदेश विभाज्य कोषमा जम्मा भएको रकमको ६० प्रतिशत प्रदेश संचित कोषमा र ४० प्रतिशत स्थानीय संचित कोषमा बाँडफाँट गर्नुपर्ने व्यवस्था छ । यो वर्ष विभाज्य कोषमा प्राकृतिक स्रोतको रोयल्टी वापत रू.७ करोड ४२ लाख २८ हजार तथा सवारी साधन कर रू.२ अर्ब ५८ करोड ९१ लाख ३५ हजार समेत रू.२ अर्ब ६६ करोड ३३ लाख ६४ हजार संकलन छ। संकलन भएको रकमबाट संघीय संचित कोषमा

रू.७ करोड ४२ लाख २८ हजार र रू.१ अर्ब ५५ करोड ३४ लाख ८१ हजार प्रदेश संचित कोषमा र रू.१ अर्ब ३ करोड ५६ लाख ५४ हजार स्थानीय संचित कोषमा हस्तान्तरण गरेको छ। विभाज्य कोषको एकीकृत वित्तीय विवरण अनुसार कोषबाट रकम बाँडफाँट हुन बाँकी नरहेकोमा प्रदेश लेखा नियन्त्रक कार्यालयले २०७९।८० को आषाढ महिनामा संकलन भएको सवारी साधन कर रकम रू.६ करोड ७४ लाख ४४ हजार २०८०।८।१० मा बाँडफाँट गरी स्थानीय तहमा पठाएको देखिन्छ। कानुन बमोजिम विभाज्य कोषमा दाखिला गरी मासिक रुपमा बाँडफाँट गर्नुपर्दछ ।

२८.१. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६(५) मा प्रदेशले प्रदेश कानुन बमोजिम घरजग्गा रजिस्ट्रेसन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, कृषि आयकर उठाउने व्यवस्था छ । प्रदेश विभाज्य कोषको केन्द्रीय आर्थिक विवरण अनुसार सवारी साधन कर र वन क्षेत्रको रोयल्टी समेत रू.३ अर्ब ३३ करोड ३३ लाख ३३ हजार प्राप्त हुने अनुमान भएकोमा रू.२ अर्ब ६६ करोड ३३ लाख ६३ हजार आम्दानी गरी लक्ष्यको ७९.९० प्रतिशत प्रगति भएको छ । सवारी साधन कर रू.२ अर्ब ५८ करोड ९१ लाख ३५ हजार र वन क्षेत्रको रोयल्टी रू.७ करोड ४२ लाख २८ हजार समेत रू.२ अर्ब ६६ करोड ३३ लाख ६३ हजार आम्दानी गरी बाँडफाँट गरेको छ ।

२८.२. अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३ मा सवारी साधन कर असुलीको ६० प्रतिशत प्रदेश सञ्चित कोषमा र बाँकी ४० प्रतिशत स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। प्रदेश विभाज्य कोषमा यो वर्ष रू.२ अर्ब ५८ करोड ९१ लाख ३५ हजार प्राप्त भएकोमा रू.१ अर्ब ५५ करोड ३४ लाख ८१ हजार अर्थात् ६० प्रतिशत प्रदेश सञ्चित कोषमा र रू.१ अर्ब ३ करोड ५६ लाख ५४ हजार ४० प्रतिशत स्थानीय सञ्चित कोषमा बाँडफाँट भएको छ। बाँडफाँट गर्दा पालिका दहत्तर बहत्तर बिक्री (१४१५७) को रू.२३ करोड १२ लाख ६८ हजार, (११४७१) मनोरञ्जन कर रू.४३ लाख १३ हजार, विज्ञापन कर (११४७२) को रू.६९ लाख १८ हजार समेत रू.२४ करोड २४ लाख ९९ हजार प्रदेश सञ्चित कोष दाखिला भएको छ। १०९ पालिका विभाज्य कोषको असुली देखिने विवरण पेस नभएकोले प्राप्त हुनुपर्ने यकिन हुन सकेन । पालिका विभाज्य कोषबाट लिनुपर्ने हिसाब यकिन गरी बाँडफाँट गर्नुपर्दछ ।

२९. **आन्तरिक ऋण** - प्रदेश विनियोजन ऐन, २०७९ मा प्रदेश सरकारले आन्तरिक ऋण रू.१ अर्ब उठाउने लक्ष्य देखिन्छ। प्रदेश सरकारले यो वर्ष आन्तरिक ऋण उठाएको देखिएन।

३०. **तलबी प्रतिवेदन** - लुम्बिनी प्रदेश सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ को दफा १९ मा तलबी प्रतिवेदन पारित नगरी तलब भत्ता खर्च लेखेमा खर्च लेख्ने अधिकारीबाट असुल गर्ने व्यवस्था छ। कर्मचारी समायोजन ऐन २०७५ को दफा ७ मा सरकारी सेवामा श्रेणीगत रुपमा कार्यरत कर्मचारीलाई प्रदेश वा स्थानीय तहमा समायोजन गर्दा सेवाअवधि र शैक्षिक योग्यताका आधारमा तहमिलान तथा ग्रेड तलब बृद्धि कायम गरिने व्यवस्था छ। प्रदेश सरकार र अन्तर्गत निकायको तलबी प्रतिवेदन पारित नगरी यो वर्ष रू.१ अर्ब ९२ करोड ३८ लाख ३७ हजार तथा प्रदेश लेखा नियन्त्रक कार्यालयले रू.७६ लाख २३ हजार तलब भुक्तानी गरेको छ। समायोजन भएपश्चात तलबी प्रतिवेदन पारित गरी ग्रेड माथिल्लो तहको तलब स्केल र ग्रेड मिलान गरी तल्लो तहको ग्रेडले तलब थप गर्दा व्ययभार परेको छ। समायोजन हुनु अघिको पारित तलबी प्रतिवेदन अनुसार ग्रेड मिलान गर्नुपर्दछ।

३१. **समायोजन ग्रेड** - कर्मचारी समायोजन ऐन, २०७५ को दफा ४ मा सरकारी सेवामा श्रेणीगत रुपमा कार्यरत प्रदेश वा स्थानीय तहमा समायोजन गर्दा तह मिलान तथा ग्रेड कायम हुने व्यवस्था छ । पाँच वर्ष वा सो भन्दा बढी सेवा अवधी भएका कर्मचारी उच्च तहमा समायोजन गर्दा ग्रेड दिने व्यवस्था छैन। कार्यरत २ कर्मचारी छैठौं तहमा समायोजन गरेकोमा समायोजन हुनु भन्दा साविकको राजपत्र अनांकित प्रथम पदमा वहाल रहदा पाउने ग्रेड भुक्तानी गरेको छ । तलवी प्रतिवेदन पारित नगरेकोले पाचौं तहको १, छैटौं तहको २, सातौं तहको २, आठौं तहको २, दशौं तहको १ समेत ८ कर्मचारीको रू.११ लाख ७ हजार १५ तह मिलान र समायोजन ग्रेड यकिन हुन नसकेकोले तलबी प्रतिवेदन पारित गरी ग्रेड यकिन गर्नुपर्दछ ।

शाखा अधिकृत पदमा पाँच वर्ष सेवा अवधि नपुगेको कर्मचारी सातौं तहमा र सो भन्दा बढी सेवा गरेको कर्मचारी आठौं तहमा र उपसचिब वा सो सरहको पदमा पाँच वर्ष सेवा अवधि नपुगेको नवौं तहमा र सो भन्दा बढी सेवाअवधि भएको कर्मचारी दशौं तहमा समायोजन गर्दा खाइपाई आएको साविक पदको ग्रेड मिलान नगरेकोले समायोजन ग्रेड यकिन गर्न सकिएन । समायोजन हुनु अघि लिएको ग्रेड मिलान गरी समायोजन ग्रेड यकिन गर्नुपर्दछ ।

३२. **आन्तरिक लेखापरीक्षण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२(छ) मा आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएका व्यहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै फर्स्यौंट तथा सम्परीक्षण गराई अन्तिम लेखापरीक्षक समक्ष प्रस्तुत गर्नुपर्ने व्यवस्था छ। कार्यालयले यस वर्षको आन्तरिक लेखापरीक्षणबाट नियमित गर्नुपर्ने रू.२३ करोड ७० लाख ९७ हजार, असुल गर्नुपर्ने रू.२ करोड ९३ लाख ४१ हजार र म्याद नाघेको पेश्की रू.५५ करोड ७६ लाख ४७ हजार समेत रू.८२ करोड ४० लाख ८५ हजार बेरुजु देखिएकोमा अन्तिम लेखापरीक्षण हुनु अगावै फर्स्यौंट तथा सम्परीक्षण कार्यको अनुगमन गरेको पाइएन । आन्तरिक लेखापरीण बेरुजु फर्स्यौंट गरी सम्परीक्षण हुनुपर्दछ ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा जिम्मेवारी कार्यान्वय, घोषित नीति तथा कार्यक्रम कार्यान्वयन नभएको, वार्षिक बजेटमा उल्लेख भएका विषयहरू कार्यान्वयन नभएको, वर्षान्तमा रकमान्तर गरेको, निकासा उपलव्ध गराएकोमा स्थानीय तहबाट खर्चको विवरण नलिएको, सम्पत्तिको एकीकृत विवरण नराखेको, राजस्व प्रक्षेपण यथार्थ नभएको, वार्षिक विवरण तथा प्रतिवेदन तयार नगरेको लगायतका व्यहोरा औंल्याएकोमा यो वर्ष पनि सुधार भएको पाइएन। विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।
- **बेरुजु** - यो वर्ष मन्त्रालय अन्तर्गत ६ निकायको लेखापरीक्षणबाट रू.३ लाख ९८ हजार बेरुजु देखिएकोमा फर्स्यौंट नगरेकोले बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची-९ मा संलग्न छ ।

उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ अनुसार स्वरोजगारका लागि उद्यमशीलता विकास, औद्योगिक प्रवर्द्धन र नियमन, वाणिज्य तथा आपूर्ति, खानी तथा खनिज पदार्थ अन्वेषण, उपभोक्ता हक अधिकार संरक्षण लगायत विषय मन्त्रालयको कार्य क्षेत्रमा रहेका छन् । मन्त्रालय अन्तर्गत उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय र १२ घरेलु तथा साना उद्योग कार्यालयहरू रहेका छन् ।मन्त्रालय र मातहत सरकारी कार्यालय १४ निकायबाट कार्य सम्पादन गरी सेवा प्रवाह भइरहेको छ।प्रदेश सरकारले २०८०।९।६ मा यस मन्त्रालयलाई उद्योग तथा यातायात मन्त्रालयमा गाभेको छ।

१. **सरकारी कार्यालय -** यो वर्ष मन्त्रालय र मातहत समेत १४ निकायहरूको रू.३ अर्ब ८६ करोड ५६ लाखको लेखापरीक्षण सम्पन्न गरीएको छ ।

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
४४११६२	३२५३९९०	१६०८०	१५४३६८	३८६५६००

उपरोक्त रकममा साविकको श्रम तथा यातायात व्यवस्था मन्त्रालय र मातहतका १० निकायहरूको रू.३ अर्ब ३२ करोड ७६ लाख ४३ हजार समेत समावेश छ ।

२. **नीति तथा कार्यक्रम कार्यान्वयन -** प्रदेश प्रमुखद्धारा प्रस्तुत लुम्बिनी प्रदेश सरकारको २०७९।८० को नीति तथा कार्यक्रममा घोषणा भएका मध्ये संघीय सरकारसंगको समन्वयमा तामा, सिसा, सुन जस्ता प्रदेश भित्र सम्भावना भएका बहुमूल्य धातु उत्खननका लागि खानीहरूको सम्भाव्यता अध्ययन गर्ने, प्रदेशमा कागज उद्योग स्थापनाका लागि निजी क्षेत्रलाई प्रोत्साहन गर्ने, सवै स्थानीय तहमा औद्योगिक पूर्वाधार निर्माण गर्ने एक निर्वाचन क्षेत्र एक औद्योगिक ग्राम स्थापना गर्ने र प्रदेशस्तरमा खाद्यवस्तु गुणस्तर मापन प्रयोगशाला स्थापना गरी गुणस्तरीय खाद्यान्न वितरणको सुनिश्चितता गर्ने लगायतका कार्यक्रमहरू कार्यान्वयन भएका छैनन्। सार्वजनिक भएका नीति तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

३. **खर्च व्यवस्थापन -** प्रदेश विनियोजन ऐन, २०७९ अनुसार मन्त्रालय र माताहतका कार्यालयका लागि चालु तर्फ रू.३६ करोड २२ लाख ६७ हजार तथा पुँजीगत तर्फ रू.६ करोड ४६ लाख ५० हजार गरी रू.४२ करोड ६९ लाख १७ हजार बजेट विनियोजन भएकोमा रकमान्तरबाट क्रमशः रू.३५ करोड ५१ लाख १२ हजार तथा रू.५ करोड ११ लाख ५५ हजार गरी रू.४० करोड ६२ लाख ६७ हजार बजेट कायम भएको छ । मन्त्रालय र मातहतका कार्यालयले चालु तर्फ रू.२४ करोड ५० लाख १० हजार र पुँजीगत तर्फ रू.१ करोड ३१ लाख ६३ हजार समेत रू.२५ करोड ८१ लाख ७३ हजार अर्थात् कायम बजेटको ६३.५४ प्रतिशत खर्च गरेको छ। मन्त्रालय र मातहतका कार्यालयको बजेट कार्यान्वयन गर्ने क्षमतामा अभिवृद्धि हुनुपर्दछ ।

४. **रकमान्तर -** लुम्बिनी प्रदेश विनियोजन ऐन, २०७९ को दफा ३ मा कुनै अनुदान संख्यामा बचत हुने र कुनै अनुदान संख्यामा अपुग हुने देखिन आएमा आर्थिक मामिला तथा सहकारी मन्त्रालयले बचत हुने अनुदान संख्याबाट अपुग हुने अनुदान संख्यामा दश प्रतिशतमा नबढ्ने गरी रकमान्तर गर्न सक्ने व्यवस्था छ।यो वर्ष मन्त्रालय र मातहत कार्यालयका लागि चालु तर्फ विनियोजित बजेट रू.३६

करोड २२ लाख ६७ हजारमा १.९८ प्रतिशत घटी र पूँजीगत तर्फ रू.६ करोड ४६ लाख ५० हजारमा २०.८७ प्रतिशत घटाई समग्रमा ४.८४ प्रतिशत रकमान्तरबाट घटाई जम्मा रू.४० करोड ६२ लाख ६७ हजार बजेट कायम भएको छ । विनियोजन दक्षतामा सुधार गरी बजेट प्रस्तावलाई यर्थाथपरक बनाउनुपर्दछ ।

५. **जिम्मेवारी तथा जवाफदेहिता -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ ले मन्त्रालयलाई तोकेको कार्य जिम्मेवारीहरू कार्यान्वयन गर्नु पर्दछ । नियमावली अनुसार तयार गर्नुपर्ने कार्यहरू मध्ये सामाजिक सुरक्षा र संरक्षण, श्रमिक एवं श्रमिकको सामाजिक सुरक्षा तथा ट्रेड यूनियन, व्यापार वाणिज्य बजार प्रतिस्पर्धा, कलकारखाना र औद्योगीकरण, सार्वजनिक सेवा अत्यावश्यक सेवा र वस्तु आपूर्ति, करार, साझेदारी र एजेन्सी, संघसंगको समन्वयमा कम्पनी स्थापना, प्रदेश भित्रका उद्योग, साना र मझौला उद्योग, घरेलु तथा लघु उद्योग स्थापना र प्रवर्द्धन सम्बन्धी नीति मापदण्डहरू तर्जुमा भएका छैनन् ।

सिण्डिकेट तथा कार्टेलिङ्ग नियन्त्रण, व्यापारिक फर्महरू दर्ता, नवीकरण खारेजी र नियमन, उद्योग दर्ता, अनुमति नवीकरण एवं खारेजी, औद्योगिक विकास र व्यवसायको प्रवर्धन, उपभोक्ता अदालत गठन र सञ्चालन, पर्यटकीय होटल, रिसोर्ट, लज ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी, गाईड र्‍याफ्टिङ्ग आदिको दर्ता, अनुमति, नवीकरण, नियमन, प्रदेश स्तरमा संग्राहलयको स्थापना र सञ्चालन तथा व्यवस्थापनका कार्यहरू भएका छैनन् । तोकिएका कार्य जिम्मेवारीहरू कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्दछ ।

६. **आवधिक योजनाको कार्यान्वयन -** प्रदेशको प्रथम आवधिक योजना (२०७६।७७ देखि २०८०।८१) मा उल्लेखित कार्यक्रमहरू मध्ये मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित कार्यनीतिमध्ये रूपन्देही, बाँके र दाङ्गमा नयाँ औद्योगिक क्षेत्र बनाउने, औद्योगिक क्षेत्र, औद्योगिक करिडोर र उद्योग ग्रामहरूमा आवश्यक भौतिक पूर्वाधार पुऱ्याउने, प्रादेशिक ब्राण्ड विकास गरी बजार विस्तार गर्ने, उद्योगहरूलाई सहुलियतपूर्ण ऋण उपलब्ध हुने व्यवस्था गर्ने, औद्योगिक विकासका समस्याहरूको नियमित खोजी गरी समाधानका लागि यस क्षेत्रको अध्ययन अनुसन्धान गर्ने तथा स्थानीय तहहरूको समन्वयमा स्थानीय स्तरमा उद्योग ग्रामहरू स्थापना गर्ने कार्यक्रम कार्यान्वयन हुन सकेको देखिएन। त्यस्तै आवश्यक दक्ष जनशक्ति सहित खानी अन्वेषण र व्यवस्थापनका लागि प्रशासनिक संरचना निर्माण गर्ने, प्रदेशमा रहेका रत्नपत्थर अनुसन्धान, अन्वेषण र उत्खननका कार्यहरू अघि बढाउने, भौगर्भिक अध्ययन अनुसन्धानमा विश्वविद्यालयहरूसँग सहकार्य गर्ने, प्रदेशमा कम्तीमा एक उच्च शैक्षिक संस्थामा भूगर्भ सम्वन्धी अध्यापन थालनी गर्न सहयोग पुऱ्याउने, भू-वैज्ञानिक सर्वेक्षण तथा अनुसन्धान गरी प्रदेशको भौगर्भिक नक्शा तयार गर्ने, स्थानीय तहमै प्यान नम्बर लिन सकिने व्यवस्था तथा एकाधिकार र कार्टेलिङलाई नियन्त्रण गर्न आवश्यक कानुनको तर्जुमा गरी कार्यान्वयनमा ल्याउने कार्यक्रमहरू कार्यान्वयन भएका छैनन् । आवधिक योजनाको कार्यनीति अनुसार कार्यसम्पादन गरी योजनाको लक्ष्य हाँसिल गर्नुपर्दछ

७. **बजेट वक्तव्यको कार्यान्वयन -** मन्त्रालयले प्रदेश सरकारको २०७९।८० को बजेट वक्तव्यमा उल्लेख भएका संघीय सरकारको समन्वयमा तामा, सिसा, सुन जस्ता प्रदेश भित्रका सम्भावना भएका बहुमूल्य धातु उत्खननका लागि खानीहरूको संम्भाव्यता अध्ययन गर्ने, "एक निर्वाचन क्षेत्रः एक औद्योगिक कार्यक्रम" अन्तर्गत घोषित औद्योगिक ग्रामहरूको पूर्वाधार निर्माण गर्ने, पिउने पानीको

उत्पादन गरी निर्यात गर्न निजी क्षेत्रसँगको सहकार्यमा सम्भाव्यता अध्ययन गर्ने, कपिलवस्तुमा कपिल कागज उद्योग स्थापनाको गर्ने, संघ सरकारसँगको समन्वय र सहकार्यमा बुटवल धागो कारखाना र नवलपरासीको चिनी मिल पुर्नसंरचना गरी सञ्चालनमा ल्याउने, खजुराको कपास खेतीलाई विस्तार गर्न आवश्यक कार्य प्रारम्भ गर्ने, संघ सरकारसँगको समन्वयमा रुपन्देहीको मोतिपुर, बाँकेको नौवस्ता, दाङ्गको लक्ष्मीपुरमा उद्योग स्थापनाका लागि प्रोत्साहित गर्ने तथा अन्य औद्योगिक क्षेत्रहरूलाई प्रदेश मातहत सञ्चालन गर्न पहल गर्ने, सुस्ता पारिका बासिन्दाहरूको आवागमन तथा पारवहन सुविधा सहज बनाउन नारायणी नदीमा फेरी सञ्चालन गर्ने कार्यक्रम कार्यान्वयन भएका छैनन् । बजेट वक्तव्यमा उल्लेख भएका कार्यक्रम कार्यान्वयन गर्नु पर्दछ ।

८. **कार्यक्षेत्रको पालना -** नेपाल सरकार प्रदेश सरकार तथा स्थानीय तहले कार्यान्वयन गर्ने कार्यक्रमलाई व्यवस्थित गर्न नेपाल सरकारले संघ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँट सम्बन्धी मापदण्ड, २०७६ लागू गरेको छ। मन्त्रालयले प्रदेश सरकारको सीमाभित्र पर्ने आयोजना वा कार्यक्रमको लागि मात्र बजेट विनियोजन गर्नुपर्नेमा स्थानीय तहको अधिकार क्षेत्रभित्र परेका उपभोक्ता शिक्षा कार्यक्रम, मेला, प्रदर्शनी, वजार अनुगमन, तथ्याङ्क अद्यावधिक जस्ता साना तिना कार्यक्रममा बजेट विनियोजन गरी कार्यान्वयन गरेको देखिएकाले यसमा नियन्त्रण हुनुपर्दछ।

९. **प्रगति मूल्याङ्कन -** लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २० मा बजेट तथा कार्यक्रमको कार्यान्वयन अवस्थाको मूल्याङ्कन गरी अर्धवार्षिक र वार्षिक रुपमा सार्वजनिक गर्ने व्यवस्था रहेको छ । यो वर्षको वार्षिक विकास कार्यक्रम अनुसार मन्त्रालय र मातहतका कार्यालयका ३४२ क्रियाकलापको लागि रू.४० करोड ६२ लाख ६७ हजार बजेट विनियोजन भएकोमा रू.२५ करोड ८१ लाख ७३ हजार खर्च भएको छ। मन्त्रालयको स्वीकृत कार्यक्रममा समावेश भएका क्रियाकलापहरूको भौतिक र वित्तीय प्रगती खुल्ने गरी एकीकृत प्रगति विवरण तयार नगरेकोले क्रियाकलापगत विश्लेषण गर्न सकिएन । स्वीकृत कार्यक्रम अनुसारको प्रगति विवरण तयार गरी सार्वजनिक हुनुपर्दछ ।

यस वर्ष पुँजीगत तथा कार्यक्रम तर्फ रू.२३ करोड ८६ लाख बजेट व्यवस्था भएकोमा रू.१४ करोड ७८ लाख ८७ हजार खर्च भई बजेटको तुलनामा ६१.९८ प्रतिशत प्रगति भएको छ। सो मध्ये घोषित औद्योगिक ग्रामहरूको पूर्वाधार निर्माण, उखु क्रसिङ्ग एवं प्याकिङ्ग सहयोग कार्यक्रम तथा अन्य सार्वजनिक निर्माण समेत १६ कार्यक्रमको रू.५ करोड १ लाखको कार्यक्रम कार्यान्वयन हुन सकेको देखिएन । स्वीकृत कार्यक्रम बमोजिम कार्य सञ्चालन गरी तोकिएको लक्ष्य हासिल गर्नुपर्दछ ।

१०. **प्राईभेट फर्म दर्ता -** प्राईभेट फर्म दर्ता ऐन, २०७६ को दफा ३ मा प्राईभेट फर्म दर्ता सम्वन्धी व्यवस्था रहेको छ । मन्त्रालयको अभिलेख अनुसार प्रदेशमा ५ हजार १३४ घरेलु तथा साना उद्योग दर्ता भएका र ति उद्योगमा रू.१० अर्ब ९६ करोड ५९ लाख पुँजी लगानी भई अनुमानित २० हजार ३४२ जनाले रोजगार प्राप्त गरेका छन् । यसरी दर्ता भएका उद्योगहरूको आधारमा उत्पादनमूलक उद्योग १४.५८ प्रतिशत, कृषि तथा वन जन्य उद्योग ५१.३२ प्रतिशत, निर्माण उद्योग ०.१७ प्रतिशत, पर्यटन उद्योग १०.८१ प्रतिशत, सेवामूलक उद्योग २३.१३ प्रतिशत, सञ्चार तथा सूचना प्रविधि उद्योगमा ०.०३ प्रतिशत रहेका छन् । निर्माणाधीन औद्योगिक ग्रामहरू सम्पन्न नहुनु,

उद्योगहरूका लागि पूर्वाधारको विकास नहुनु जस्ता कारणले उद्योगहरू सञ्चालनमा समस्या भई १ हजार ३०० उद्योगको दर्ता खारेजी भएको देखिन्छ । यस क्षेत्रको विकासका लागि नीतिगत तथा कार्यगत व्यवस्थामा सुधार गरी समग्र प्रदेशको अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदान वढाउने गरी कार्यक्रम सञ्चालन हुनुपर्दछ ।

११. **व्याज अनुदान -** उद्यम विकास कोष सञ्चालन नियमावली, २०७७ बमोजिम बैङ्कबाट उद्योग स्थापना, सञ्चालन एवम् क्षमता अभिवृद्धि गर्न उद्योगहरूले लिएको ऋणको व्याज रकममा अनुदान उपलब्ध गराउने व्यवस्था छ । लुम्बिनी प्रदेशका १२ जिल्लाको ५१ लाख २४ हजार २२५ जनसंख्यालाई आधार मानी व्यवसायको प्रकृति अनुसार ५ वर्ष ऋण अवधिमा रू.११ करोड व्याज अनुदानका लागि नेपाल बैङ्क लिमिटेडसंग ११.५० प्रतिशत ब्याजदरमा ऋण प्रवाह गर्ने गरी सम्झौता भएको छ । उक्त कोषबाट यो वर्ष ९७ उद्यमीलाई रू.४३ लाख २७ हजार ब्याज अनुदान दिएको छ। मन्त्रालयले प्राथमिकता निर्धारण सहित अनुदान प्राप्त गर्ने व्यवसायी तथा उद्योगहरूले संघीय सरकार तथा स्थानीयतहवाट दोहोरो अनुदान नपाउने गरी अभिलेख व्यवस्थित गरेको छैन। अन्तरतह समन्वय गरी एउटै व्यवसायी लाभान्वित नहुने गरी अभिलेख व्यवस्थापन गरी व्याज अनुदान वितरणलाई व्यवस्थित गर्नुपर्दछ ।

१२. **कोष मौज्दात -** उद्यम विकास कोष नियमावली, २०७७ तथा औद्योगिक विकास तथा प्रर्वद्धन कार्यक्रम अन्तर्गत मन्त्रालयको स्वीकृत कार्यक्रम अनुसार कोषमा यस वर्ष रू.१ करोड जम्मा गरीएको रकमसमेत रू.१३ करोड ७१ लाख १७ हजार रहेकोमा कार्यक्रम अनुसार रू.४३ लाख २७ हजार ब्याज अनुदान वितरण गरी रू.१३ करोड २७ लाख ९० हजार मौज्दात रहेको छ । रकम विनियोजन गर्दा सोको उपयोगिता सुनिश्चित नगरी विनियोजन गरेकोले प्रयोगविहिन अवस्थामा कोषमा मौज्दात रहेको देखिन्छ। अतः कोषमा रहेको रकम सम्बन्धित सञ्चित कोषमा फिर्ता हुनुपर्दछ।

घरेलु तथा साना उद्योग कार्यालयहरू

१३. **कोसेली घर अनुदान -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४० मा कुनै संघ वा संस्थालाई दिएको अनुदान रकम जुन कामको लागि दिइएको हो सो काममा लक्ष्य अनुसार खर्च गरे वा नगरेको अनुगमन गरी वार्षिक विवरण तयार गर्नुपर्ने व्यवस्था छ। घरेलु तथा साना उद्योग कार्यालय रुपन्देहीले कोसेली घरहरूको स्थापना तथा सञ्चालन लागि ३ वटा कोसेली घरलाई रू.२९ लाख ५१ हजार अनुदान दिएकोमा लक्ष्य अनुसार खर्च गरे नगरेको अनुगमन गरेको छैन। यस प्रकारका अनुदान वितरण गर्दा अनुदान बिउ पुँजीको रुपमा उपलब्ध गराई सो रकमबाट खरिद भएका समान बिक्री पश्चात अनुदान रकम फिर्ता गर्ने व्यवस्था हुनुपर्दछ।

१४. **पेश्की जफत -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ (६) तथा खरिद सम्झौता बमोजिम निर्माण व्यवसायीले सम्झौता बमोजिमको कार्य सम्झौतामा उल्लेखित अवधिमा कार्यसम्पन्न नगरेमा बैकं जमानतको रकम सम्बन्धीत बैंकवाट प्राप्त गरी पेश्की फस्यौंट गर्नुपर्ने व्यवस्था छ । घरेलु तथा साना उद्योग कार्यालय, बर्दियाको भवन निर्माण गर्ने एक व्यवसायीले सम्झौतामा तोकेको अवधि २०७७।३।३० मा कार्य सम्पन्न नगरेकोमा पटक पटक म्याद थप गर्दा समेत निर्माण स्थलमा कार्यतालिका बमोजिम काम नगरेको कारणवाट रू.८ लाख बैंक जमानत जफत गरी धरौटी खातामा दाखिला गरेको छ। उक्त रकम संञ्चित कोष दाखिला हुनुपर्दछ ।

साविक श्रम तथा यातायात व्यवस्था मन्त्रालय

१५. **आवधिक योजना -** प्रदेश सरकारको प्रथम आवधिक योजनाले श्रम रोजगार तथा यातायात व्यवस्था मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित कार्यनीतिमध्ये लुम्बिनी प्रदेश सरकार प्रथम आवधिक योजना २०७६।७७ – २०८०।८१ मा समावेश भएको मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित प्रदेश स्तरीय यातायात नीति तर्जुमा, एकीकृत यातायात गुरुयोजना तयार, विद्युतीय गाडी उत्पादन केन्द्र स्थापना, श्रमिक आपूर्ती कार्यालय स्थापना नभएको तथा वार्षिक १० हजार जनाको रोजगारी सिर्जना हुने लक्ष्य लिईएकोमा ती कार्यहरू सञ्चालन भएको पाईएन ।आवधिक योजनामा उल्लेख भएका कार्यहरू कार्ययोजना तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

१६. **नीति तथा कार्यक्रम कार्यान्वयनः** प्रदेश प्रमुखद्धारा प्रस्तुत लुम्बिनी प्रदेश सरकारको २०७९।८० को नीति तथा कार्यक्रममा घोषणा भएका मध्ये प्रदेश यातायात पूर्वाधार गुरुयोजना तर्जुमाको कार्य सम्पन्न गर्ने, प्रदेशका प्रमुख सहर जोड्ने रूटहरूमा विद्युतीय बस सेवा सञ्चालन एवं यातायात सेवालाई सुव्यवस्थित बनाउनको लागि यातायात कम्पनी स्थापना गरी सञ्चालनमा ल्याउने, डिजिटल ट्रायल सेन्टरको स्थापना तथा सञ्चालन, रुट इजाजत प्रणालीलाई थप व्यवस्थित बनाउने लगायतका कार्यक्रमहरू कार्यान्वयन भएका छैनन।सार्वजनिक भएको नीति तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

१७. **बजेट वक्तव्य कार्यान्वयन -** मन्त्रालयले प्रदेश सरकारको २०७९।८० को नीति तथा कार्यक्रममा श्रम, रोजगार तथा सीप विकास तर्फ महिलाहरूको व्यावसायिक सीप विकासका कार्यक्रमहरू, गुणस्तरीय तालिम सञ्चालन गर्न प्युठानमा ल्याब सहितको "सीप प्रतिष्ठान" स्थापना गर्न रू.१ करोड विनियोजन गरेकोमा बजेट कार्यान्वयन भएको छैन, निजी क्षेत्रको सहकार्यमा औद्योगिक तथा व्यावसायिक स्थलमा गई काम गरेर सिक्नको लागि प्रोत्साहन गर्ने, बालश्रम निषेध गर्न नियमित अनुगमन तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने लगायतका कार्यक्रमहरू सञ्चालन भएका छैनन्।त्यस्तै यातायात तर्फ सार्वजनिक यातायातको भाडा र बुकिङ्ग विद्युतीय माध्यमबाट भुक्तानी हुनेगरी व्यवस्था गर्ने, प्रदेश भित्र विद्युतीय सवारी साधनको प्रयोगलाई प्रबर्द्धन गर्न प्रदेश यातायात कम्पनी स्थापना गरी सञ्चालनमा ल्याउने र कम्पनी मार्फत प्रदेशका प्रमुख शहर जोड्ने रुटहरूमा विद्युतीय बस सेवा सञ्चालन गर्ने, पूर्व पश्चिम राजमार्गमा सैनामैना, शिवराज र बर्दघाटमा निर्माणाधीन पुनर्तांजगी केन्द्रहरू निर्माण सम्पन्न गर्ने, रुपन्देहीको बेलबासमा डिजिटल ट्रायल सेन्टर निर्माणका गर्ने लगायतका कार्यहरू भएका छैनन् । प्रदेश सरकारको बजेट तथा कार्यक्रममा समावेश भएको कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ ।

१८. **जिम्मेवारी तथा जवाफदेहिता -** प्रदेश सरकार कार्य विभाजन नियमावली, २०७९ मा मन्त्रालयले पुरा गर्नु पर्ने कार्य जिम्मेवारी तोकिएको छ। जसअनुसार मन्त्रालयको जिम्मेवारीमा रहेको सामाजिक सुरक्षा सम्बन्धी प्रादेशिक नीति तथा मापदण्ड तर्जुमा, सामाजिक सुरक्षा सम्बन्धी प्रादेशिक कोष व्यवस्थापन, श्रमिक एवं श्रमिकको सामाजिक सुरक्षा तथा ट्रेड युनियन सम्बन्धी प्रादेशिक नीति, मापदण्ड तर्जुमा, श्रमशक्ति, श्रम बजार सम्बन्धी अध्ययन, श्रमशक्ति योजना तर्जुमा, औद्योगिक विवाद समाधान, श्रम सम्बन्धमा सुधार र न्यायिक निरुपण सम्बन्धी कार्य, कार्यस्थल सुरक्षा, कारखाना निरीक्षण तथा नियमन नीति मापदण्ड निर्धारण गर्ने कार्य भएको पाइएन । यसैगरी प्रदेशस्तरको यातायात सम्बन्धी नीति, मापदण्ड र योजनाको तर्जुमा तथा कार्यान्वयन, अध्ययन, अनुसन्धान र नियमन, प्रदेशभित्र

सार्वजनिक यातायातको रुट अनुमति, मापदण्ड, गुणस्तर र भाडा दर निर्धारण कार्य तथा वातावरणमैत्री, अपाङ्गतामैत्री र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रवर्द्धन गर्ने कार्य,प्रदेश तहमा यातायात सुरक्षा र सवारी प्रदुषण नियन्त्रण सम्बन्धी योजना तर्जुमा लगायतका कार्य सम्पादन नभएकोले मन्त्रालयले कार्य विभाजन नियमावली बमोजिम कार्य योजना तर्जुमा गरी कार्य सम्पादन गर्नु पर्दछ ।

१९. **अवण्डा बजेट -** लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १० बमोजिम प्रस्तावित योजना कार्यक्रमको क्रियाकलापगत विवरण खुलाई आगामी आर्थिक वर्षको बजेट तयार गर्नुपर्ने उल्लेख छ। मन्त्रालयले भैपरि आउने खर्चका लागि रू.१ करोड एकमुष्ट विनियोजन तथा रू.१ करोड रकमान्तरवाट थप गरेको छ । उक्त अवण्डा रकम मन्त्रालयबाट विभिन्न मितिमा निर्णय गरी मातहत निकायलाई निकासा दिएको छ । मातहतका कार्यालयहरूलाई कार्य सहजीकरणका लागि नीति कार्यक्रम स्वीकृती, बजेट व्यवस्था, खर्च र प्रगतिको अनुगमन एवं पृष्ठपोषण गर्नुपर्ने तालुक निकायले बजेट अवण्डा राखी मन्त्रीस्तरीय निर्णयबाट कार्यक्रम बाँडफाँट गरी खर्च गर्ने कार्य बजेट सिद्धान्त विपरीत देखिन्छ । यस्तो खर्चमा नियन्त्रण गरी आर्थिक वर्षको शुरुमा नै योजनागत बजेट स्वीकृत गरी कार्यान्वयन गर्नुपर्दछ ।

२०. **खर्च व्यवस्थापन -** प्रदेश विनियोजन ऐन, २०७९ अनुसार मन्त्रालय र मातहतका कार्यालयका लागि चालु तर्फ रू.३२ करोड २१ लाख २४ हजार तथा पुँजीगत तर्फ रू.२ करोड ३० लाख गरी रू.३४ करोड ५१ लाख २४ हजार बजेट विनियोजन भएकोमा रकमान्तरबाट क्रमशः रू.२४ करोड ९९ लाख १७ हजार तथा रू.२ करोड ९१ लाख ४५ हजार गरी रू.२७ करोड ९० लाख ६२ हजार बजेट कायम भएको छ । मन्त्रालय र मातहतका कार्यालयले चालु तर्फ रू.१५ करोड ९९ लाख ५ हजार र पुँजीगत तर्फ रू.२ करोड ३० लाख ८३ हजार समेत रू.१८ करोड २९ लाख ८८ हजार अर्थात् कायम बजेटको ५३.०२ प्रतिशत खर्च गरेको छ। मन्त्रालय र मातहतका कार्यालयको खर्च गर्ने क्षमतामा सुधार हुनुपर्दछ ।

२१. **रकमान्तर** - लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७ तथा प्रदेश विनियोजन ऐन,२०७९ को दफा ३ बमोजिम रकमान्तर गर्न सकिने व्यवस्था छ । यस वर्ष मन्त्रालय र अन्तर्गतका कार्यालयका लागि रू.३४ करोड ५१ लाख २४ हजार बजेट विनियोजन भएकोमा रकमान्तर पश्चात् रू.२७ करोड ९० लाख कायम गरी सुरू विनियोजनको तुलनामा चालु तर्फ २२.४२ घटी, पुँजीगत तर्फ २६.७२ प्रतिशत वढी तथा कुल बजेटको १९.१४ प्रतिशत बजेट घटाएको छ । पुँजीगत तर्फ २६.७२ प्रतिशत बजेट थप गरे पनि सुरूविनियोजनभन्दा वढी खर्च गरेको नदेखिदा रकमान्तरबाट बजेट थप गर्नुको औचित्य देखिएन । विनियोजन दक्षतामा सुधार गरी बजेट प्रस्तावलाई यथार्थपरक बनाउनु पर्दछ ।

२२. **प्रगति मूल्याङ्कन -** लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २० मा बजेट तथा कार्यक्रमको कार्यान्वयन अवस्थाको मूल्याङ्कन गरी अर्धवार्षिक र वार्षिक रुपमा सार्वजनिक गर्ने व्यवस्था रहेको छ ।यस वर्षको वार्षिक विकास कार्यक्रम अनुसार मन्त्रालय र मातहतका कार्यालयका लागि ५७ क्रियाकलापको लागि रू.२७ करोड ९० लाख ६२ हजार बजेट विनियोजन भएकोमा रू.१८ करोड २९ लाख ८८ हजार खर्च भएको छ ।मन्त्रालयको स्वीकृत कार्यक्रममा समावेश भएका क्रियाकलापहरूको भौतिक र वित्तीय प्रगति खुल्ने गरी एकीकृत प्रगति विवरण तयार नगरेकोले

क्रियाकलापगत विश्लेषण गर्न सकिएन । स्वीकृत कार्यक्रम अनुसारको प्रगति विवरण तयार गरी सार्वजनिक हुनुपर्दछ ।

२२.१. मन्त्रालयले यस वर्ष पुँजीगत कार्यक्रम तर्फ रू.२७ करोड ९० लाख बजेट व्यवस्था भएकोमा रू.१८ करोड ३० लाख बजेटको तुलनामा ६५.५७ प्रतिशत प्रगति भएको छ । त्यस्तै रू.२ करोड ६३ लाख विनियोजन भएका सवारी दुर्घटना न्यूनिकरण तथा सवारी व्यवस्थापन, रुपन्देहीको वेलवासमा डिजिटल ट्रायल सेन्टर निर्माण गर्ने लगायतका कार्यक्रम सञ्चालननै हुन सकेको देखिएन।

२२.२. वार्षिक बजेट तथा कार्यक्रममा प्रदेश भित्र विद्युतीय सवारी साधनको प्रयोगलाई प्रवर्द्धन गर्न प्रदेश यातायात कम्पनी स्थापना गरी सञ्चालनमा ल्याउने तथा सो कम्पनी मार्फत प्रदेशका प्रमुख शहरहरू जोड्ने रुटहरूमा विद्युतीय वस सेवा सञ्चालनका लागि कम्पनीको स्थापना गर्न शेयर पुँजिका लागि रू.५ करोड व्यवस्था गरेकोमा सोको कार्य भएको छैन ।

२२.३. सीप विकास तथा जनचेतना तालिम तर्फ संसोधन सहित रू.५ करोड ४० लाख बजेट विनियोजन गरेकोमा रकमान्तर गरी रू.३ करोड ३ लाख घटाई रू.२ करोड ३७ लाख कायम भएकोमा रू.४१ लाख २९ हजार खर्च भएको छ । जुन सुरू बजेटको तुलनामा ७.६४ प्रतिशत तथा संसोधित बजेटको तुलनामा १७.४० प्रतिशत रहेको छ । मन्त्रालयको वार्षिक कार्यक्रममा समावेश भएका अर्थिक र सामाजिक रुपले पछाडी परेका महिलाहरूको व्यावसायिक सीप विकासका कार्यक्रमहरू, निजी क्षेत्रको सहकार्यमा औद्योगिक तथा व्यावसायिक स्थलमा गई काम गरेर सिक्ने कार्यक्रम, द्धन्द प्रभावित परिवारका लागि सीपमूलक कार्यक्रम, कोभिड १९ वाट रोजगारी गुमाएका युवाहरूका लागि सीप स्तरोन्ती कार्यक्रमहरू, द्धन्द प्रभावित वेरोजगार युवाका लागि ६ महिने सीपमूलक कार्यक्रम, श्रमिक र रोजगारदाता विच सामाजिक सुरक्षा श्रम सम्वन्धी समन्वयात्मक कार्यक्रम, वैदेशिक रोजगार वाट फर्किएका व्यात्तिको शीप परीक्षण, ६ महिने तालिम लिई सीप परीक्षण उतिर्ण भएका व्यक्तिहरूका लागि प्रविधि हस्तान्तरण, सीप परीक्षण प्रतिष्ठान स्थापना तथा सञ्चालन हुन सकेका छैनन्। स्वीकृत कार्यक्रम बमोजिम कार्य सञ्चालन गरी तोकिएको लक्ष्य हासिल गर्नुपर्दछ ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा जिम्मेवारी कार्यान्वय, घोषित नीति तथा कार्यक्रम कार्यान्वयन नभएको, वार्षिक बजेटमा उल्लेख भएका विषयहरू कार्यान्वयन नभएको, वर्षान्तमा रकमान्तर गरेको, सम्पत्ति तथा दायित्वको अभिलेख राखी वार्षिक विवरण तयार गरेको नराखेको, वार्षिक विवरण तथा प्रतिवेदन तयार नगरेको, अनुदानको अनुगमन नगरेको लगायतका व्यहोरा औंल्याएकोमा यो वर्ष पनि सुधार भएको पाइएन। विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।
- **बेरुजु** - यो वर्ष मन्त्रालय अन्तर्गत १५ निकायको लेखापरीक्षणबाट रू.१ करोड १७ लाख ७९ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.१ करोड फर्स्यौट गरेकोले रू.१७ लाख ७९ हजार बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची-९ मा संलग्न छ।
- यो वर्ष साविकको श्रम तथा यातायात व्यवस्था मन्त्रालय मातहतका ९ निकायको लेखापरीक्षणबाट रू.१८ लाख ४६ हजार बेरुजु देखिएकोमा फर्स्यौट नगरेकोले बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची-९ मा संलग्न छ।

कृषि तथा भूमि व्यवस्था मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ बमोजिम यस मन्त्रालयको कार्य क्षेत्रमा कृषि, पशु विकास तथा खाद्य पोषण, कृषि तथा पशुपंक्षीजन्य रोग, किरा एवं महामारी नियन्त्रण, कृषि औद्योगिकिकरण र पशुपन्क्षीजन्य उद्योग व्यवसायको विकास तथा प्रवर्द्धन गर्ने/प्रादेशिक खाद्य सुरक्षा, खाद्य अधिकार, कृषि मल, विउ र विषादी आपूर्ती व्यवस्था र नियमन, चरन तथा खर्क लगायतका विषयमा प्रादेशिक नीति तर्जुमा, कार्यान्वयन र नियमन गर्ने रहेको छ ।मन्त्रालय र मातहत सरकारी कार्यालय ७८ निकायबाट कार्य सम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय** - मन्त्रालय र मातहतका ७८ सरकारी कार्यालयको निम्नानुसार रू.१ अर्ब ९५ करोड १८ लाख १७ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोवार	जम्मा
१४६४७२२	२३४९०	२३१२७	४४०४७८	१९५१८१७

२. **नीति तथा कार्यक्रम कार्यान्वयन** - प्रदेश सभामा पेस भएको प्रदेश सरकारको नीति तथा कार्यक्रममा उल्लेखित विषयहरू मन्त्रालयले कार्यान्वयन गर्नुपर्दछ । गुणस्तरीय उन्नत बिउविजन तथा पशुपंक्षी र मत्स्यको नश्ल सुधार गर्दै "एक जिल्ला: एक निर्यात योग्य बाली तथा वस्तु" पहिचान गरी निर्यातमा जोड दिने तथा खाद्य सुरक्षाको सुनिश्चितता गर्दै खाद्य सुरक्षामा विशेष ध्यान दिने नीति तथा कार्यक्रम कार्यान्वयन भएका छैनन् । नीति तथा कार्यक्रममा उल्लेखित विषयहरू कार्यान्वयन गर्नुपर्दछ।

३. **खर्च व्यवस्थापन** - प्रदेश विनियोजन ऐन, २०७९ अनुसार मन्त्रालय र मातहतका कार्यालयका लागि चालु तर्फ रू.२ अर्ब ३३ करोड ३ लाख ५० हजार तथा पुँजीगत तर्फ रू.१४ करोड ९१ लाख ५० हजार गरी रू.२ अर्ब ४७ करोड ९५ लाख बजेट विनियोजन भएकोमा रकमान्तरबाट क्रमशः रू.२ अर्ब ३२ करोड ९५ लाख ५१ हजार तथा रू.१४ करोड ९९ लाख ४९ हजार गरी रू.२ अर्ब ४७ करोड ९५ लाख बजेट कायम भएको छ । मन्त्रालय र मातहतका कार्यालयले चालु तर्फ रू.१ अर्ब ४० करोड ८० लाख ७७ हजार र पुँजीगत तर्फ रू.५ करोड ६६ लाख ४५ हजार समेत रू.१ अर्ब ४६ करोड ४७ लाख २२ हजार अर्थात् कायम बजेटको ५९.०७ प्रतिशत खर्च गरेको छन्। खर्च गर्ने क्षमतामा अभिवृद्धि हुनुपर्दछ ।

४. **रकमान्तर** - प्रदेश विनियोजन ऐन, २०७९ को दफा ३ मा कुनै अनुदान संख्यामा बचत हुने र कुनै अनुदान संख्यामा अपुग हुने देखिन आएमा आर्थिक मामिला तथा सहकारी मन्त्रालयले बचत हुने अनुदान संख्याबाट अपुग हुने अनुदान संख्यामा दश प्रतिशतमा नबढ्ने गरी रकमान्तर गर्न सक्ने व्यवस्था छ। यो वर्ष मन्त्रालय र मातहत कार्यालयका लागि चालु तर्फ विनियोजित बजेट रू.२ अर्ब ३३ करोड ३ लाख ५० हजारमा ०.०३ प्रतिशत घटी र पुँजीगत तर्फ रू.१४ करोड ९१ लाख ५० हजारमा ०.५४ प्रतिशत थप गरी रू.२ अर्ब ४७ करोड ९५ लाख बजेट कायम भएको छ । विनियोजन दक्षतामा सुधार गरी बजेट प्रस्तावलाई यर्थाथपरक बनाउनुपर्दछ ।

मन्त्रालयले कृषि तथा पशुजन्य उद्योग, यन्त्र तथा पूर्वाधार कार्यक्रमको लागि कृषि उपज ढुवानीका लागि कृषि एम्बुलेन्स खरिदको रू.३ करोड ६० लाख र अन्य प्रदेश स्तरीय

कार्यालयहरूबाट समेत रू.४ करोड ७९ लाख ६३ रकमान्तरबाट (४७९६.३० प्रतिशत) थप गरी यो वर्ष शीत भण्डार अनुदानमा सुरूविनियोजन रू.१० लाखमा बजेट रहेकोमा रू.४ करोड ८९ लाख ६३ हजार बजेट कायम गरेको छ ।

५. **परामर्श सेवा** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा कुनै व्यक्ति फर्म संस्था वा कम्पनीबाट परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सम्बन्धित मन्त्रालयले परामर्श सेवाको लागत अनुमान सम्बन्धी नर्म्स तयार गरेको भए त्यस्तो नर्म्स एवम् सम्बन्धित परामर्श सेवाको कार्य क्षेत्रगत शर्तका आधारमा परामर्श सेवाको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले मन्त्रालय र मातहतका कार्यालयले परामर्श सेवाको लागत अनुमान तयार गर्ने नर्म्स स्वीकृत गरेको छैन । मन्त्रालयले आफ्नो कामको प्रकृति अनुसारको नर्म्स स्वीकृत गर्नु पर्दछ।

६. **अन्तर सरकारी अख्तियारी -** लुम्बिनी प्रदेश विनियोजन ऐन, २०७९ को दफा ५ मा प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको पूँजीगत तर्फको कुनै आयोजना वा कार्यक्रम नेपाल सरकारका निकाय मार्फत कार्यान्वयन गर्नु पर्ने भएमा प्रदेश सरकारको सम्बन्धित निकायले आर्थिक मामिला तथा सहकारी मन्त्रालयको सहमतिमा संघीय विनियोजन ऐन बमोजिम नेपाल सरकारको सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृति लिई नेपाल सरकारका निकाय मार्फत कार्यान्वयन गर्ने गरी निर्णय गर्न सक्ने व्यवस्था छ । मन्त्रालयले १२ जिल्लाका मालपोत तथा नापी कार्यालयलाई रू.२ करोड ३४ लाख चालु खर्चको लागि बजेट उपलब्ध गराई रू.२ करोड २ लाख ३३ हजार खर्च गरेकोमा सो बमोजिम पूर्व स्वीकृती लिएको छैन ।

७. **बजेट वक्तव्यको कार्यान्वयन -** प्रदेश सभामा अर्थ मन्त्रीले पेस गरेको २०७९/०८० को बजेट वक्तव्यमा उल्लेख गरिएका विषय मन्त्रालयले कार्यान्वयन गर्नुपर्दछ । बजेट वक्तव्यमा उल्लेख भएका विभिन्न प्रजातिको गुणस्तरीय कृषिजन्य बिरुवा उत्पादन गरी कृषकलाई सहज, सरल र सुलभ रुपले उपलब्ध गराउन प्रदेशको मुख्य कृषि श्रोत तथा प्रशिक्षण केन्द्रको रुपमा विकास गर्न आधुनिक प्रविधियुक्त तन्तु प्रजनन/टिस्यु कल्चर प्रयोगशाला स्थापना गर्ने उल्लेख भएकोमा प्रयोगशाला स्थापना भएको छैन । त्यसैगरी कृषि प्रविधि प्रसार सेवा र बिउबिजन, उत्पादन, प्रवर्धन, उत्पादनमा आधारित कृषक प्रोत्साहन कार्यक्रम तथा कृषि ऋण र कृषि बीमा कार्यक्रम कार्यान्वयनमा आउन सकेका छैनन् । बजेटमा उल्लेख भएका विषय कार्यान्वयन गर्नुपर्दछ ।

८. **जिम्मेवारी तथा जवाफदेहिता -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ अनुसार मन्त्रालयबाट सम्पादन गर्नु पर्ने कार्य जिम्मेवारी पुरा गर्न यस वर्षको लागि विनियोजित बजेटको ५९.०७ प्रतिशत खर्च भएपनि कृषि, पशु विकास तथा खाद्य पोषण सम्बन्धी प्रादेशिक नीति, मापदण्ड र योजना तर्जुमा, कृषि उपज, कृषिजन्य बस्तु, पशुपन्छीजन्य पदार्थ र पशु उत्पादन सामग्री तथा वीउ विजन एवं नक्ष सम्बन्धी सेवा र प्रविधिको गुणस्तर निर्धारण, सम्बद्धता निर्धारण, स्तरीकरण, प्रमाणीकरण र नियमन, कृषि तथा पशु पन्छी बीमा सम्बन्धी नीति तथा योजना तर्जुमा, चरन तथा खर्क सम्बन्धी प्रादेशिक नीति तर्जुमा जस्ता विषय मन्त्रालयले कार्यसम्पादन गरेको छैन ।

यसैगरी कृषिजन्य र पशुपन्छीजन्य औषधी, विषादी र सुक्ष्म पोषणतत्वयुक्त बस्तुको उपयोग र व्यवस्थापन भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नाँपजाँच, भूमिसुधार, भू उपयोग तथा चक्लाबन्दी गरिव घर परिवार पहिचान, भूमिहिन सुकुम्बासी, दलित, मुक्त कमैया, हलिया, हरवा चरवा आदि वर्गको बसोवास, जीविकोपार्जन र पुनस्थापन, सरकारी जग्गा भाडामा दिने, सुरक्षित बसोवास र जग्गा एकिकरण तथा गुठी तथा गुठी जग्गा व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन सम्बन्धी कार्य सम्पादन गरेको छैन ।

९. **प्रगति मूल्याङ्कन -** लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २० मा बजेट तथा कार्यक्रमको कार्यान्वयन अवस्थाको मूल्याङ्कन गरी अर्धवार्षिक र वार्षिक रुपमा सार्वजनिक गर्ने व्यवस्था रहेको छ ।यो वर्षको वार्षिक विकास कार्यक्रम अनुसार मन्त्रालय र मातहतका कार्यालयका लागि १५६७ क्रियाकलापको लागि रू.२ अर्ब ४७ करोड ९५ लाख बजेट विनियोजन भएकोमा रू.१ अर्ब ४६ करोड ४७ लाख खर्च भएको छ ।मन्त्रालयको स्वीकृत कार्यक्रममा समावेश भएका क्रियाकलापहरूको भौतिक र वित्तीय प्रगति खुल्ने गरी एकीकृत प्रगति विवरण तयार नगरेकोले क्रियाकलापगत विश्लेषण गर्न सकिएन । स्वीकृत कार्यक्रम अनुसारको प्रगति विवरण तयार गरी सार्वजनिक हुनुपर्दछ ।

मन्त्रालयले यस वर्ष कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्थापन कार्यक्रमका लागि रू.२ करोड ४३ लाख एवं भूमि तथा गुठी व्यवस्थापन कार्यक्रमको लागि रू.८४ लाख बजेट विनियोजन भएकोमा क्रमश: रू.१८ लाख ४९ हजार र रू.८ लाख २९ हजार खर्च भएको छ । मन्त्रालयले लक्ष्य अनुसार कार्यसम्पादन गर्न सकेको छैन ।

१०. **कार्य क्षेत्र -** नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले कार्यान्वयन गर्ने कार्यक्रमलाई व्यवस्थित गर्न नेपाल सरकारले सङ्घ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँट सम्बन्धी मापदण्ड, २०७६ लागू गरेको छ।मन्त्रालयले प्रदेश सरकारको अधिकार क्षेत्र पर्ने आयोजना वा कार्यक्रमको लागि मात्र बजेट विनियोजन गर्नु पर्नेमा स्थानीय तहको अधिकार क्षेत्रभित्र परेका कृषि तथा पशु उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने कार्यक्रम, कृषि तथा पशु प्रसार सम्बन्धि कार्यहरू, कृषि क्षेत्रको व्यवसायीकरण, बजारीकरण र औद्योगिकीकरणका लागि उत्पादन वृद्धि कार्यक्रम आदिमा बजेट विनियोजन गरी कार्यान्वयन गरेको देखिएकाले यसमा नियन्त्रण हुनुपर्दछ।

११. **शीत भण्डार निर्माण -** मन्त्रालयको स्वीकृत कार्यक्रम अनुसार यस वर्ष ३ शीत भण्डार निर्माणमा रू.२ करोड ७४ लाख २३ हजार खर्च भएको छ ।रोल्पाको गंगादेवमा एक कृषक समूहसंग २०० मेट्रीक टन क्षमताको शीत भण्डार निर्माण गर्न २०७७ जेठ मसान्त भित्र ७५ प्रतिशत मन्त्रालयले र २५ प्रतिशत कृषक समूहले व्यहोर्ने गरी रू.२ करोड ५३ लाखको सम्झौता भएको र यो वर्ष रू.७० लाख २७ हजार खर्च भएपनि सो निर्माण कार्य सम्पन्न भएको छैन ।मन्त्रालयले कोल्डरुम सेट परीक्षणको लागि एक परामर्शदाता नियुक्ति गरेकोमा परामर्शदाताले पेस गरेको प्रतिवेदनमा कन्डिस्निङ एसी तथा इभापोरेटर इकाईको कार्य नभएकोले मेशिन सञ्चालन नभई शीत भण्डार सञ्चालन हुने अवस्थामा रहेको छैन ।

११.१. रोल्पाको नुवागाउँस्थित एक संस्थासंग ५०० मेट्रीक टन क्षमताको शीतभण्डार निर्माण कार्यको लागत अनुमान रू.५ करोड ५५ लाख ८९ हजारको ७५ प्रतिशत रू.४ करोड १६ लाख ९१ हजार मन्त्रालयले ब्यहोर्ने गरी सम्झौता भएको छ । २०७८।०७९ मा कार्यसम्पन्न भएको यस शीतभण्डारको अन्तिम विलसम्म रू.३ करोड ८४ लाख ६५ हजार भुक्तानी भएको छ । ट्रान्सफर्मर, जेनेरेटर तथा तापक्रम नियन्त्रण प्रणाली लगायतका मेशिनहरूको जडान भएको समयमा गुणस्तर परीक्षण गरेको छैन ।मन्त्रालयले शीतभण्डारको लागत अनुमान अनुसारको कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्नेमा भुक्तानी रकम अनुसारको कार्यसम्पन्न प्रतिवेदन तयार गरेको छ ।

शीत भण्डार निर्माण गर्न रकम उपलब्ध गराँउदा निर्माण भएका संरचनाबाट उपभोक्ताले प्रत्यक्ष लाभ पाउने तथा सरकारी स्वामित्वका जग्गामा निर्माण गरी भण्डारको उपयोग हुन नसकेमा सरकारी संयन्त्रमा हस्तान्तरण हुने व्यवस्था मिलाउनु पर्दछ।

१२. **सीमाभन्दा बढीको कार्य -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा रू.१ करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य सोही स्थानमा बसोबास गर्ने बासिन्दा र त्यस्तो सेवा उपयोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समितिबाट गर्न सकिने व्यवस्था छ ।मन्त्रालयले रू.१ करोड रुपैयाँ भन्दा बढी लागत अनुमान भएका शीत भण्डार निर्माण कार्य कृषि सहकारी एवं कृषक समूहबाट गराएको छ । नियमावलीको व्यवस्थाको पालना गर्नुपर्दछ ।

१३. **स्मार्ट कृषि कार्यक्रम -** स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ मा प्रत्येक निर्वाचन क्षेत्रको कम्तीमा एक स्थानमा कार्यक्रम सञ्चालन गरी रोजगारी सिर्जना गर्दै कृषकको आय स्तर वृद्धिका साथै खाद्य सुरक्षा सुधार गर्न स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालन गर्ने उल्लेख छ । कार्यविधि अनुसार कार्यक्रमको अधिकतम ८५ प्रतिशतसम्म अनुदान दिने तथा कृषक समुदायले कम्तीमा २० प्रतिशत लगानी गरी प्रत्येक वर्ष १० प्रतिशत बढाउदै लानु पर्ने व्यवस्था छ ।

१३.१. मन्त्रालयले यस वर्ष स्मार्ट कृषि गाउँ कार्यक्रममा रू.२१ करोड १५ लाख ६ हजार बजेट विनियोजन गरी रू.१३ करोड ८६ लाख १० हजार खर्च गरेको छ। कृषि गाउँ कार्यक्रमलाई बाली तथा वस्तु विशेषको स्रोत केन्द्रमा रूपान्तरण गर्न आवश्यक पर्ने कार्यक्रमहरू सञ्चालन गरेको छैन । स्मार्ट कृषि गाउँ कार्यक्रम मूल्याङ्कन, कृषि अध्ययनरत विद्यार्थीबाट शोधकार्य अनुसन्धान सहयोग जस्ता कार्यक्रम गरेको छैन । मन्त्रालयले नीति तथा कार्यक्रममा उल्लेख भएका कार्यक्रमलाई कार्यान्वयन गर्नु पर्दछ ।

१३.२. यस कार्यक्रमबाट संचालित आयोजनाहरू चार वर्ष भित्र कार्यान्वयन भई सक्नु पर्नेमा यस वर्ष सम्मको प्रगति अवस्था निम्न रहेको छ :

आर्थिक वर्ष	बजेट विनियोजन कार्यक्रम संख्या	कार्यक्रम कार्यान्वयन संख्या
२०७५।७६	५२	५२
२०७६।७७	७५	५०
२०७७।७८	११६	१०८
२०७८।७९	११५	९४
२०७९।८०	६२	४५

कार्यक्रम अन्तर्गत २०७५।७६ मा बजेट विनियोजन भई आएका ३ कार्यक्रम सञ्चालन भएको छैन । यी कार्यक्रममा भएको लगानीबाट अपेक्षित प्रतिफल प्राप्त भएको छैन ।यो वर्ष ६२ कार्यक्रममा बजेट विनियोजन भएकोमा ४५ कार्यक्रममा सम्झौता भएको छ ।

१३.३. कृषि ज्ञान केन्द्र, कपिलवस्तु अन्तर्गतका ६ स्मार्ट कृषि समितिहरूले कार्यविधिले तोके बमोजिम लागत सहभागिता जुटाई कार्य गरेका छैनन् । २०७५।७६ मा प्राप्त भएका ४ मध्ये ३ समितिले कार्यविधि बमोजिम रू.१ करोड ९५ लाख ५० हजार अनुदान लिएका छन् । कार्यविधि बमोजिम कार्य योजना स्वीकृत गराई कृषक समूहले लागत सहभागिता गरे नगरेको सम्बन्धमा कार्यालयबाट मूल्यांकन भएको छैन ।

१३.४. दाङको पशुपंक्षी स्मार्ट तर्फ एक स्मार्ट कृषि गाउँ कार्यक्रमले २०७८।७९ को कार्यक्रमको दोस्रो वर्ष सम्मको रू.५८ लाख ३५ हजार भुक्तानी लगेकोमा तेस्रो वर्ष २०७९।८० मा कार्यक्रम गरेको छैन। त्यस्तै अर्को कृषि गाउँ स्मार्ट कार्यक्रमले २०७७।७८ सम्म प्रथम किस्ता मात्र रू.२३ लाख ७४ हजार भुक्तानी लिएकोमा त्यसपछि सम्झौता गर्न आएको देखिएन। त्यस्तै रोल्पा जिल्लाको एक स्मार्ट कृषि कार्यक्रमले २०७८।७९ को कार्यक्रमको रू.१३ लाख ५८ हजार अनुदान लगेकोमा २०७९।८० मा कार्यक्रम सञ्चालन गरेको छैन ।त्यस्तै रोल्पाकै अर्को स्मार्ट कृषि गाउँ कार्यक्रमले २०७८।७९ को कार्यक्रमको रू.७ लाख १५ हजार भुक्तानी लिएकोमा २०७९।८० मा सम्झौता गर्न आएको छैन । यसबाट उद्देश्य अनुरुपको स्मार्ट गाउँ छनौट हुन नसकेको तथा उपलब्ध गराएको अनुदान रकम समेत प्रतिफल विहिन हुन सक्ने देखिन्छ । अतः कार्यविधि अनुसार कार्यक्रम सञ्चालन हुने गरी अनुदान रकम उपलब्ध गराई अनुदान उपयोगको अनुगमन हुनुपर्दछ ।स्मार्ट कार्यक्रमका लागि उपलब्ध गराइएको रकमबाट कृषक समूह तथा उपभोक्ताले प्रत्यक्ष लाभ पाउने व्यवस्था मिलाउनु पर्दछ।

१४. **अनुदान उपयोगको अनुगमन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४० मा कुनै संघ वा संस्थालाई दिएको अनुदान रकम जुन कामको लागि दिइएको हो सो काममा लक्ष्य अनुसार खर्च गरे वा नगरेको र त्यस्तो रकमको कानुन बमोजिम लेखापरीक्षण भए वा नभएको अनुगमन गरी वार्षिक विवरण तयार गर्नु पर्ने व्यवस्था छ।मन्त्रालय र मातहतका निकायले देहाय अनुसार २ हजार १७० अनुदानग्राहीलाई प्रदेश सरकार मातहतले रू.५९ करोड ८१ लाख ५३ हजार उपलब्ध गराउने तथा अनुदान पाउने व्यक्ति वा संस्थाले रू.३६ करोड ७१ लाख ८८ हजार ब्यहोर्ने सम्झौता गरी प्रदेश सरकार मातहतबाट रू.५० करोड ३ लाख ७७ हजार भुक्तानी भएको छ।

क्षेत्र	अनुदानग्राही संख्या	सम्झौता रकम (रू.हजारमा)			भुक्तानी रकम (रू.हजारमा)	लाभान्वित घरधुरी संख्या
		प्रदेश सरकारले ब्यहोर्ने	व्यक्ति वा संस्थाले ब्यहोर्ने	जम्मा		
कृषि	११९६	३०६५०८	१९१६५६	४९८१६४	२४४८५३	१७०९७
पशुपन्छी	९७४	२९१६४५	१७५५३२	४६७१७७	२५५५२३	३८१७२
जम्मा	**२१७०**	**५९८१५३**	**३६७१८८**	**९६५३४१**	**५००३७७**	**५५२६९**

मन्त्रालयले अनुदान रकम स्वीकृत प्रयोजनमा खर्च गरेको, एक भन्दा बढी सरकारी निकायबाट एउटै अनुदानग्राहीले अनुदान लिएको, अनुदानबाट व्यहोरिएको रकमबाट लक्षित समूहले प्रत्यक्ष रुपमा लाभ पाएको, अनुदानग्राहीले तोकिएको अनुपातमा रकम ब्यहोरेको, अनुदान रकमबाट

अपेक्षित नतिजा हासिल भएको, अनुदान रकमबाट निजी स्वामित्वका जग्गामा निर्माण भएका संरचनाहरू संस्था अस्तित्वमा नरहेको अवस्थामा सरकारी संयन्त्रमा हस्तान्तरण हुने प्रबन्ध भएको, खर्च नभएको रकम फिर्ता गरेको तथा अनुदान रकम खर्च गर्दा सार्वजनिक खरिद ऐन बमोजिमको कार्यविधि पूरा गरी खरिद गरेको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन तयार गर्नुपर्दछ।

१५. **व्याज अनुदान -** मन्त्रालयले यस वर्ष रू.६८ लाख ९ हजार विभिन्न कृषकहरूलाई ब्याज अनुदान स्वरूप भुक्तानी गरेको छ । कार्यविधिमा व्याज अनुदान प्राप्त गर्ने, स्वीकृत आयोजनाहरूको वीमा गरेको विवरण पेस गर्नुपर्ने तथा आयोजनाको प्रकृतिको आधारमा उत्पादन कार्य सुरू भएको मितिले प्रत्येक वर्ष कम्तीमा २० प्रतिशतका दरले लगानीको तुलनामा प्रतिफल प्राप्त गर्नेलाई मात्र व्याज अनुदान प्रवाहमा निरन्तरता दिइने उल्लेख छ । मन्त्रालयले कार्यविधिमा उल्लेख गरेका विषयको पालना तथा अपेक्षित लाभग्राहीले लाभ प्राप्त गरेको सम्बन्धमा अनुगमन गर्नुपर्दछ ।

१६. **कोषको परिचालन -** मन्त्रालयको प्रदेश सहकारी ऐन, २०७६ बमोजिम सहकारी विकास कोषमा रू.२० करोड मौज्दात रहेको छ । कोषको रकम तोकिएका क्षेत्रमा परिचालन गर्नुपर्दछ ।

कृषि ज्ञान केन्द्रहरू

१७. **अनुदान कार्यविधि -** कृषि ज्ञान केन्द्र, गुल्मी र रुपन्देहीले यो वर्ष विभिन्न कार्यविधिको आधारमा कृषक समूहलाई अनुदान वितरण गरेको छ । उल्लेखित कार्यविधिको आधारमा यस वर्ष रू.७ करोड ५५ लाख २२ हजार अनुदान प्रदान गरेको छ ।कृषि ज्ञान केन्द्र कपिलवस्तु, रोल्पा लगायत ४ जिल्लामा रू.१० करोड ६६ लाख १५ हजार अनुदान वितरण गरेको छ । अनुदान प्राप्त गर्ने संस्था र व्यक्तिले अनुदानको उचित उपयोग गरे नगरेको, सञ्चालित पेशा, व्यवसाय, क्रियाकलापलाई सम्झौता अनुसार निरन्तरता दिए नदिएको, लक्ष्य अनुसार उपलब्धि हासिल भए नभएको सन्दर्भमा अनुगमन मूल्यांकन गरी प्रतिवेदन तयार गरेको छैन ।

१८. **बाली वस्तु विशेष -** कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधी, २०७९ मा कार्यक्रममा नै बाली बस्तु नतोकिएको हकमा कार्यालयले बढीमा २ बाली वस्तुमा कार्यक्रम सञ्चालन गर्नुपर्ने उल्लेख छ । कृषि ज्ञान केन्द्र, रुपन्देहीलाई १२ संस्थाको लागि कार्यक्रम प्राप्त भएपनि सात संस्था छनौट गरी रू.२३ लाख ७७ हजार अनुदान दिएको छ । कृषक समूहहरूको निवेदनमा जमिनको क्षेत्रफल तथा किसानले खेति लगाउने क्षेत्रफल यकिन नभएकोले निजले पाएको सुविधा उपयोगको यकिन गर्न सकिएन ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा जिम्मेवारी कार्यान्वय, घोषित नीति तथा कार्यक्रम कार्यान्वयन नभएको, वर्षान्तमा रकमान्तर गरेको, वार्षिक विवरण तथा प्रतिवेदन तयार नगरेको, अनुदानको अनुगमन नगरेको, स्मार्ट कृषि कार्यक्रम कार्यविधि अनुसार कार्यान्वयन नभएको, निर्माण भएका शीत भण्डार सञ्चालन नभएको लगायतका व्यहोरा औंल्याएकोमा यो वर्ष पनि सुधार भएको पाइएन। विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।
- **बेरुजु** — यो वर्ष मन्त्रालय र मातहतका ४७ निकायको रू.५ करोड ४५ लाख ७२ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.१५ लाख ५१ हजार फर्स्यौट गरेकोले रू.५ करोड ३० लाख २१ हजार बाँकी रहेको छ । यस सम्वन्धी विस्तृत विवरण अनुसुची -९ मा रहेको छ ।

खानेपानी, ग्रामीण तथा सहरी विकास मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ बमोजिम प्रदेश स्तरका सरकारी कार्यालयहरूको भौतिक व्यवस्थापन र निर्माण सम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा र सहरी विकास योजना तर्जुमा, सहरी पूर्वाधार निर्माण, आवास तथा भवन सम्बन्धी योजना कार्यान्वयन, भवन संहिताको कार्यान्वयन, प्रदेश राजधानी र प्रादेशिक शहरको विकास सम्बन्धी नीति तर्जुमा र कार्यान्वयन लगायतका कार्य गर्न प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट २०७९।१०।२७ मा मन्त्रालयको स्थापना भएको हो । मन्त्रालय र मातहत सरकारी कार्यालय १९ निकायबाट कार्य सम्पादन गरी सेवा प्रवाह भइरहेको छ।प्रदेश सरकारले २०८०।९।६ मा यस मन्त्रालयको नाम सहरी विकास मन्त्रालय कायम गरेको छ।

१. **सरकारी कार्यालय -** यो वर्ष मन्त्रालय र मातहतका १९ निकायहरूको रू.५ अर्ब ९७ करोड ६२ लाख ६ हजारको लेखापरीक्षण सम्पन्न गरीएको छ ।

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
५३४८७१६	१७७५५	६०८९५१	७८४	५९७६२०६

२. **खर्च व्यवस्थापन -** प्रदेश विनियोजन ऐन, २०७९ अनुसार मन्त्रालय र माताहतका कार्यालयका लागि चालु तर्फ रू.४३ करोड ४७ लाख ७४ हजार तथा पूँजीगत तर्फ रू.६ अर्ब ४८ करोड ७८ लाख २६ हजार गरी रू.६ अर्ब ९२ करोड २६ लाख बजेट विनियोजन भएकोमा रकमान्तरबाट थपघट भई क्रमशः रू.३५ करोड ७४ लाख २१ हजार तथा रू.६ अर्ब ६७ करोड ४९ लाख ९१ हजार गरी रू.७ अर्ब ३ करोड २४ लाख १२ हजार बजेट कायम भएको छ।कार्यालय र मातहतका कार्यालयले चालु तर्फ रू.१९ करोड ९९ लाख ८५ हजार र पूँजीगत तर्फ रू.५ अर्ब १४ करोड ८७ लाख ३१ हजार समेत रू.५ अर्ब ३४ करोड ८७ लाख १६ हजार अर्थात् कायम बजेटको ७६.०५ प्रतिशत खर्च गरेको छन्। मन्त्रालय र मातहतका कार्यालयको खर्च गर्ने क्षमतामा अभिवृद्धि गर्नुपर्दछ ।

३. **रकमान्तर -** लुम्बिनी प्रदेश विनियोजन ऐन, २०७९ को दफा ३ मा कुनै अनुदान संख्यामा बचत हुने र कुनै अनुदान संख्यामा अपुग हुने देखिन आएमा आर्थिक मामिला तथा सहकारी मन्त्रालयले बचत हुने अनुदान संख्याबाट अपुग हुने अनुदान संख्यामा दश प्रतिशतमा नबढ्ने गरी रकमान्तर गर्न सक्ने व्यवस्था छ।यो वर्ष मन्त्रालय र मातहत कार्यालयका लागि चालु तर्फ विनियोजित बजेट रू.४३ करोड ४७ लाख ७४ हजारमा १७.७९ प्रतिशत घटाई र पूँजीगत तर्फ रू.६ अर्ब ४८ करोड ७८ लाख २६ हजारमा २.८८ प्रतिशत थप गरी रू.७ अर्ब ३ करोड २४ लाख १२ हजार बजेट कायम भएको छ । सुरू अनुमानको तुलनामा १.५८ प्रतिशतले थप भएको छ । विनियोजन दक्षतामा सुधार गरी बजेट प्रस्तावलाई यर्थाथपरक बनाउनुपर्दछ ।

४. **आवधिक योजना -** प्रदेश सरकारको प्रथम आवधिक योजना (२०७६।७७-२०८०।८१) ले मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित क्षेत्रहरूमा लिएको लक्ष्य सूचक उपलब्धिको परिमाणात्मक स्थिति देहायअनुसार रहेको छः

सि. नं.	प्रतिफल सुचकहरू	एकाई	०८०।८१ सम्मको लक्ष्य	०७९।८० को प्रगति	०७९।८० सम्मको प्रगति	०७९।८० सम्मको प्रगति प्रतिशत
१	नयाँ एकीकृत बस्ती	संख्या	२०६	२०	१००	४८.५४
२	नयाँ आवास जनता आवास	संख्या	६८०५०	८६३	६१९९	९.१
३	सरकारी भवन तथा आवास र सभाहल निर्माण	संख्या	५५	१५	३५	६३.६३
४	नयाँ पार्कहरू निर्माण	संख्या	५३	१५	३५	६६.०३
५	खानेपानी आयोजना सम्पन्न (नयाँ)	संख्या	६००	१३३	३६७	६१.१६
६	खानेपानी पहुँच भएका घरधुरी	संख्या	३४८२०५	४५७७८	१३०५९९	३७.५
७	सहरी क्षेत्रमा ढल निर्माण	कि.मी	४२२	५३	११५	२७.२५

आवधिक योजनाको चौथो वर्ष सम्मको प्रगति सुचकमा ३ कार्यक्रममा ९.१० देखि ३७.५० सम्म देखिन्छ। जसबाट आगामी १ वर्षमा योजनाले तोकिएको समयमा शत प्रतिशत प्रतिफल प्राप्त हुने अवस्था देखिएन। आवधिक योजनाको कार्यनीति अनुसार कार्यसम्पादन गरी योजनाको लक्ष्य हासिल गर्नुपर्दछ ।

५. **बजेट वक्तव्य कार्यान्वयन -** मन्त्रालयले प्रदेश सरकारको २०७९।८० को बजेट वक्तव्यमा समावेश भएको वार्षिक नीति तथा कार्यक्रममा प्रदेश सरकारको एक घर एक धारा को संकल्पलाइ पुरा गर्न सबै स्थानीय तहमा खानेपानी ,सरसफाइ तथा स्वच्छता योजना सम्पन्न गरी खानेपानी आयोजनाहरूको कार्यान्वयन गरिने कार्यक्रम रहेकोमा प्रदेशको सबै पालिकामा वास सम्बन्धी तथ्यांक संकलन सम्पन्न भएको छैन। यसै गरी प्रदेशभित्र पूर्व पश्चिम राजमार्गमा निर्माणाधीन पुर्नताजगी केन्द्रहरूको निर्माण कार्य सम्पन्न गरी सम्बन्धित स्थानिय तह वा निजि क्षेत्रको समन्वयमा सञ्चालनमा ल्याइने कार्यक्रम रहेकोमा रुपन्देही सैनामैनास्थित पुर्नताजगी केन्द्रको प्रथम चरणको मात्र निर्माण सम्पन्न भएको छ। बजेटमा समावेश भएका कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ ।

६. **जिम्मेवारी तथा जवाफदेहिता -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ अनुसार मन्त्रालयबाट १० कार्य सम्पादन गर्न यस वर्षको विनियोजित बजेटको ७६.०५ प्रतिशत मात्र खर्च भएको छ। प्रदेशस्तरको खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी प्रादेशिक नीति, सेवाको शुल्क निर्धारण, योजना, खानेपानी तथा सरसफाइ सेवा बिस्तारमा निजी क्षेत्रको सहभागिता प्रबर्द्धन सम्बन्धी नीति तथा सर्वसाधारणलाई स्वच्छ खानेपानीको उपलब्धता र खानेपानी, सरसफाइ तथा स्वच्छतामा पिछडिएका बर्गको पहुँच सुनिश्चितता, बस्ती स्थानान्तरण सम्बन्धी प्रादेशिक नीति तर्जुमा लगायतका कार्य हुन सकेको छैन । आवश्यक नीति, कानुन, मापदण्ड तर्जुमा गरी कार्य जिम्मेवारी प्राथमिकताको आधारमा पुरा हुनुपर्दछ।

७. **जनता आवास कार्यक्रम -** मन्त्रालयबाट पेस भएको विवरण अनुसार मन्त्रालय अन्तर्गतका १२ वटा जिल्लामा २०७५।७६ मा ७ हजार ४१६ आवास संख्या प्रदेशमा हस्तान्तरण गरेकोमा प्रदेशबाट यस २०७९।८० सम्म ६ हजार २१६ सम्पन्न भई १ हजार २०० सम्पन्न हुन बाँकी देखिएकोमा ८०४ क्रमागत किस्ता भुक्तानी बाँकी र ३९६ आवास बनाउन बाँकी देखिन्छ। क्रमागत र बनाउन बाँकी रहेका आवास निर्माण कार्य सम्पन्न गराउनु पर्दछ।

८. **कार्यक्षेत्र** - नेपाल सरकार प्रदेश सरकार तथा स्थानीय तहले कार्यान्वयन गर्ने कार्यक्रमलाई व्यवस्थित गर्न नेपाल सरकारले सङ्घ प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँट सम्बन्धी मापदण्ड,२०७६ लागू गरेको छ ।

८.१. मापदण्ड अनुसार तराई मधेशमा ५ हजार देखि १५ हजार, पहाडी क्षेत्रमा ३ हजार देखि ५ हजार र हिमाली क्षेत्रमा ५ सय देखि ९ हजार सम्मको जनसंख्यालाई खानेपानी सेवा पुऱ्याउने आयोजना, एक भन्दा बढी स्थानीय तहलाई प्रभाव पार्ने आयोजनाहरू प्रदेश सरकारको कार्य क्षेत्रमा समावेश छ। मन्त्रालयले प्रदेश सरकारको कार्य क्षेत्रमा नपर्ने ८१ आयोजनामा रू.१० हजार देखि ८० हजार सम्म, ११९ आयोजनामा रू.८० हजार देखि रू.२ लाख सम्म, ४२४ आयोजनामा रू.२ लाख देखि ५ लाख सम्म र ४५३ आयोजनामा रू.५ लाख देखि रू.१० लाख सम्मका टुक्रे खानेपानी तथा सहरी विकासका आयोजनामा बजेट विनियोजन गरेको छ।

८.२. स्थानीय पर्यटन पूर्वाधार, स्थानीय स्तरको ऐतिहासिक तथा पुरातात्विक महत्वका सम्पदा स्मारक, संस्कृति तथा पर्यटन प्रबर्द्धन सम्बन्धी कार्यहरू स्थानीय तहको अधिकार क्षेत्रमा पर्ने पर्यटन विकास र प्रवर्द्धन कार्यक्रम अन्तर्गत १६२ टुक्रे योजनामा रू.५ लाख देखि रू.१० लाख सम्म बजेट विनियोजन गरेको छ। बजेट विनियोजन गर्दा प्रदेश सरकारको कार्य क्षेत्र भित्रका योजनाहरूमा गर्नुपर्दछ।

९. **प्रगति मूल्याङ्कन** - लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २० मा बजेट तथा कार्यक्रमको कार्यान्वयन अवस्थाको मूल्याङ्कन गरी अर्धवार्षिक र वार्षिक रुपमा सार्वजनिक गर्ने व्यवस्था रहेको छ ।यस वर्षको वार्षिक विकास कार्यक्रम अनुसार मन्त्रालय र मातहतका कार्यालयका लागि २६४८ क्रियाकलापको लागि रू.७ अर्ब ३ करोड २४ लाख १२ हजार बजेट विनियोजन भएकोमा रू.५ अर्ब ३४ करोड ८७ लाख १६ हजार खर्च भएको छ ।मन्त्रालयको स्वीकृत कार्यक्रममा समावेश भएका क्रियाकलापहरूको भौतिक र वित्तीय प्रगति खुल्ने गरी एकीकृत प्रगति विवरण तयार नगरेकोले क्रियाकलापगत विश्लेषण गर्न सकिएन । मन्त्रालयले दिएको विवरण अनुसार मन्त्रालय र अन्तर्गत संचालित १९ कार्यक्रममा वार्षिक लक्ष्यको तुलनामा समग्रमा भौतिक प्रगति ८९ प्रतिशत र वित्तीय प्रगति ८६.७८ प्रतिशत देखिन्छ। एक कार्यक्रममा ५० प्रतिशत भन्दा घटी र ३ वटा कार्यक्रममा ७५ प्रतिशत भन्दा घटि वित्तीय प्रगति गरेको देखिन्छ।वार्षिक स्वीकृत कार्यक्रम बमोजिम कार्यसञ्चालन गरी तोकिएको लक्ष्य हासिल हुनुपर्दछ ।

१०. **अवण्डा बजेट** - लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १० मा सार्वजनिक निकायहरूले बजेट प्रस्ताव गर्दा सोही ऐनको दफा ५ बमोजिम प्रस्तावित योजना कार्यक्रमको क्रियाकलापगत विवरण खुलाई आगामी आर्थिक वर्षको बजेट तयार गर्नुपर्ने उल्लेख छ। मन्त्रालयले यो वर्षको लागि रू.५ करोड ६५ लाख अवण्डा विनियोजन गरेको छ । उक्त अवण्डा रकम मन्त्रालयबाट विभिन्न मितिमा निर्णय गरी आयोजना पहिचान, अध्ययन अनुसन्धान तथा अन्य निर्माणको लागि मातहत निकायलाई निकासा दिएको छ । मातहतका कार्यालयहरूलाई कार्य सहजीकरणका लागि नीति कार्यक्रम स्वीकृती, बजेट व्यवस्था, खर्च र प्रगतिको अनुगमन एवं पृष्ठपोषण गर्नुपर्ने तालुक निकायले बजेट अवण्डा राखी मन्त्रीस्तरीय निर्णयबाट कार्यक्रम बाँडफाँट गरी अधिकांश रकम आफैले खर्च गर्ने कार्य बजेट सिद्धान्त विपरीत देखिन्छ । यस्तो खर्चमा नियन्त्रण गरी आर्थिक वर्षको शुरुमानै योजनागत बजेट स्वीकृत गरी कार्यान्वयन गर्नुपर्दछ ।

११. **परामर्श सेवा** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा कुनै व्यक्ति फर्म संस्था वा कम्पनीबाट परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सम्बन्धित मन्त्रालयले परामर्श सेवाको लागत अनुमान सम्बन्धी नर्म्स तयार गरेको भए त्यस्तो नर्म्स एवम् सम्बन्धित परामर्श सेवाको कार्य क्षेत्रगत शर्तका आधारमा परामर्श सेवाको लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ। मन्त्रालयले मन्त्रालय र मातहतका कार्यालयले परामर्श सेवाको लागत अनुमान तयार गर्ने नर्म्स स्वीकृत नगरेको कारण बिना आधार लागत अनुमान तयार गरी सोझै वार्ताद्धारा खरिद गर्नाले सरकारलाई अनावश्यक व्ययभार परेको छ। मन्त्रालयले आफ्नो कामको प्रकृति अनुसारको नर्म्स स्वीकृत गर्नु पर्दछ।

१२. **विस्तृत आयोजना प्रतिवेदन कार्यान्वयन** - मन्त्रालय मातहतका कार्यालयले यस वर्ष रू.२ करोड २८ लाख ३० हजारको लागतमा परामर्शदाता मार्फत तयार भएका २८ विस्तृत आयोजना प्रतिवेदन मध्ये १३ मात्र कार्यान्वयनमा लगेकोको प्रतिवेदन तयार गर्दा लागेको लागतबाट अपेक्षित उपलब्धी प्राप्त भएको छैन। पेस भएका प्रतिवेदनहरू प्रदेश योजना आयोगमा रहेको आयोजना बैंकमा समावेश गरी कार्यान्वयन हुनु पर्दछ।

१३. **कन्टीन्जेन्सी खर्च** - सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची १ तथा अनुसूची १क मा कन्टन्जेन्सी खर्च गर्न सकिने सीमा तोकिएको छ । यो वर्ष ८ कार्यालयले रू.७ करोड ५१ लाख ९८ हजार कन्टीन्जेन्सी खर्च गरेको छ । कार्यालयहरूले मष्टरोल मार्फत ज्यालामा रू.२ करोड १७ लाख ७९ हजार खर्च लेखेकोमा सुपरभाइजरहरू नियुक्त गरेको आधार एवम् निजहरूले सम्पादन गरेको कामको परिमाण देखिने अभिलेख राख्ने गरेको पाइएन । यसै गरी इन्धनमा रू.५५ लाख ५० हजार कार्यालय सामानमा रू.६१ लाख २६ हजार भ्रमण खर्चमा रू.४६ लाख १९ हजार तथा अन्यमा रू.३ करोड ७१ लाख ९८ हजार खर्च गरेका छन। कन्टिन्जेन्सीमा भएको खर्चलाई योजनागत नापी किताबमा उल्लेख गरेको देखिएन। योजना वा ठेक्का प्याकेज अनुसार कन्टिन्जेन्सी खर्च छुट्याई नापी किताबमा प्रविष्टि गर्नुपर्छ ।

१४. **प्रतिस्पर्धाबाट खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा बीस लाख रुपैयाभन्दा बढी लागत अनुमान भएको खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्ने व्यवस्था छ। यो वर्ष मन्त्रालय मातहतका ६ कार्यालयले निर्माण खरिद रू.१४ करोड ६५ लाख ७९ हजार तथा ६ कार्यालयले परामर्श सेवा रू.२ करोड २८ लाख ३० हजारको खरिद सोझै गरेको देखियो। सार्वजनिक खरिद कानुन अनुसार प्रतिस्पर्धात्मक विधिबाट खरिद हुनु पर्दछ।

१५. **बीमा** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद सम्झौतामा व्यवस्था भएको बाहेक बीस लाख रुपैयाभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले बीमा गराउनु पर्ने व्यवस्था छ। मन्त्रालय मातहतका कार्यालयले रू.७१ लाख ४० हजारका १ हजार ७३७ खरिद सम्झौतामा बीमा गराएको पाइएन। कानुन अनुसार बीमा गराई निर्माणाधिन संरचनाको सुरक्षण हुनु पर्दछ।

१६. **पूर्वनिर्धारित क्षतिपूर्ति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(क) मा निर्माण व्यवसायीको ढिलाइको कारणबाट खरिद सम्झौता बमोजिम तोकिएको अवधिमा कार्य सम्पन्न हुन

नसकेमा सार्वजनिक निकायलाई पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । सम्झौता अवधि समाप्त भएका तर म्याद थप नभएका सम्झौतामा ५ कार्यालयले रू.३१ लाख ४९ हजार पूर्व निर्धारित क्षतिपूर्ति रकम असुल गरेको छैन।

प्रदेश राजधानी निर्माण आयोजना कार्यान्वयन इकाइ

१७. **वातावरणीय प्रभाव मूल्याङ्कन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ मा निर्माण स्थलको व्यवस्था नभई खरिद कारवाही सुरू गर्न नहुने व्यवस्था छ । कार्यालयले मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र विभिन्न ७ मन्त्रालयको प्रशासनिक भवन र अन्य पूर्वाधारहरू प्रथम चरणमा निर्माण गर्न रू.२ अर्ब ८४ करोड ७१ लाखको लागत अनुमान स्वीकृत गरी वोलपत्र आह्वान गरेको देखिन्छ । कार्यालयको माग अनुसार ४ वटा वोलपत्र सम्बन्धी कागजात विक्रि भएपनि एक मात्र दर्ता भएको छ । वातावरणीय प्रभाव मुल्याङ्कन प्रतिवेदन स्वीकृती तथा सो अनुसारका रुख कटान नभएको कारण देखाई सार्वजनिक खरिद अनुगमन कार्यालयबाट बोलपत्र रद्द गरी पुन: बोलपत्र आह्वान गर्न निर्देशन भएको देखिन्छ ।

कार्यालयले पूर्व तयारी कार्य पुरा नभई वोलपत्र आह्वान गरेको कारण बोलपत्र रद्द गरी पुन: बोलपत्र आह्वान गर्न लागत अनुमान परिमार्जन गर्दा थप भएका दुई भवनको रू.२८ करोड ३९ लाख समेत रू.१ अर्ब ३६ करोड २५ लाख लागत अनुमान बृद्धि भएको छ।पूर्व तयारी पश्चात खरिद कारवाही सुरू गरी बोलपत्र आव्हान हुनु पर्दछ।

१८. **अधावधिक प्रगति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ बमोजिम खरिद सम्झौताको कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र विभिन्न ९ मन्त्रालयको प्रशासनिक भवन र अन्य पूर्वाधारहरूको लागत अनुमान रू.४ अर्ब २० करोड ९६ लाख स्वीकृत भई वोलपत्रको माध्यमबाट एक निर्माण व्यवसायीसँग ३६ महिनामा कार्य सम्पन्न गर्ने गरी रू.३ अर्ब १ करोड ९६ लाखको कवोल अंकमा २०७९।८।२८ मा सम्झौता गरेको छ । यो वर्ष सम्म निर्माण व्यवसायीलाई रू.३० करोड १४ लाख ३४ हजार पेश्की भुक्तानी तथा तेस्रो रनिङ्ग विलसम्म रू.४५ करोड ८३ लाख ६१ हजारको कार्य सम्पन्न भएको छ। कार्यतालिका र खरिद सम्झौता अनुसार निर्माण सम्पन्न हुनुपर्दछ ।

१९. **न्यून प्रतिस्पर्धा -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ३१ मा खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ। कार्यालयको सूचना बमोजिम पर्न आएको प्राविधिक प्रस्ताव मध्ये दुई बोलपत्रदाता छनौट भई आर्थिक प्रस्ताव खोल्दा एक निर्माण व्यवसायीले प्रोभिजनल सम र मूल्य अभिवृद्धि कर बाहेक रू.३ अर्ब ९ करोड ५३ लाख ७३ हजारमा लागत अनुमान भन्दा ०.१७ प्रतिशत घटी अर्थात् रू.३ अर्ब १ करोड ९५ लाख ६८ हजार तथा अर्को निर्माण व्यवसायीले लागत अनुमान भन्दा बढीको प्रस्ताव गरेको छ।कार्यालयले अलग प्याकेजमा निर्माण हुन सक्ने ९ भवनहरूलाई एउटै प्याकेजमा समावेश गरी सोही अनुसार योग्यता निर्धारण गरेको कारण पेस भएका ३ प्रस्तावमध्ये १ प्राविधिक मूल्याङ्कनमा असफल भएको तथा सफल भएको एक प्रस्तावदाताले लागत अनुमानभन्दा बढी र अर्कोले लागत अनुमानकै हाराहारीमा कबोल गरेकोले बोलपत्रमा न्यून प्रतिस्पर्धा भएको छ।

२०. **दोश्रो चरणको प्रगति -** प्रदेश राजधानी व्यवस्थापन तथा निर्माण कार्य (दोश्रो चरण) अन्तर्गत प्रदेश सभा समितिको भवन, प्रदेश सभा पुस्तकालय, प्रदेश सभा चमेना गृह, प्रदेश सभा संसदिय दलका कार्यलय भवन ६ वटा ब्लक निर्माण कार्यको लागि रू.६१ करोड ९४ लाख ८२ हजार लागत अनुमान स्वीकृत गरी बोलपत्रको माध्यमबाट एक निर्माण व्यवसायीसंग रू.४७ करोड १७ लाख ६२ हजारमा २०८२।०२।१ मा कार्य सम्पन्न गर्ने गरी २०८०।१।२९ मा सम्झौता भएको छ। निर्माण व्यवसायीले निर्माण कार्य सुरूगरेतापनि निर्माण कार्यको प्रगति न्यून रहेको तथा निर्माण स्थलमा श्रम तथा स्रोत परिचालन सन्तोषजनक नदेखिएकोले संशोधित कार्य तालिका पेस गर्न निर्माण व्यवसायीलाई जानकारी गराएकोमा संसोधित कार्यतालिका पेस गरेको छैन। सम्झौताको शर्त एवं कार्यतालिका अनुसार तोकिएको समयमा निर्माण कार्य सम्पन्न हुनुपर्दछ।

खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरू

२१. **पाइप मौज्दात -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ मा खरिदको विवरण तयार गर्नुपर्ने व्यवस्था छ। मन्त्रालय अन्तर्गतका ७ खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयले रू.१९ करोड ६३ लाख ६० हजार मूल्यका पाइप तथा फिटिङ्स मौज्दात रहने गरी खरिद गरेको पाईयो।

(रकम रू. हजारमा)

क्र. सं.	कार्यालयको नाम	विगतको मौज्दात	यो वर्ष खरिद	यस वर्षको खर्च	यस वर्षको मौज्दात		
					पाइप	फिटिङ्स	जम्मा
१	खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, अर्घाखाँची	२०१७४	३६६१३	३८८२४	१७९६३		१७९६३
२	खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, कपिलवस्तु	१११७२	६९०४	७८८९	७०१४	३१७३	१०१८७
३	खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, बाँके	४९३०९	४२५६३	४९५७८	३७६२५	४६६९	४२२९४
४	खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, पाल्पा	नखुल्ने	नखुल्ने	नखुल्ने	८९०५		८९०५
५	खानेपानी तथा सरसफाई डिभिजन कार्यालय रुकुम पुर्व	१००८५	६३५४	५०३१	६८०५	४६०३	११४०८
६	खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, दाङ	४८४१९	५०७७७	६१०५१	२३७९७	१४३४७	३८१४४
७	खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, प्युठान	९४०१३	४५७८७	७२३४१	१४७३५	५२७२४	६७४५९
	जम्मा	**२३३१७१**	**१८८९९८**	**२३४७१४**	**११६८४४**	**७९५१६**	**१९६३६०**

खरिद कार्य गर्दा आयोजनाको विस्तृत प्रतिवेदनमा उल्लेख भए अनुसारका मालसमान खरिद गरी पाईप फिटिङ्गस हरू सम्बन्धीत योजनामा उपयोग हुनुपर्दछ ।

२२. **जटिल प्राविधिक संरचना** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरूलाई मेशिन, औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था छ। खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरू कपिलवस्तु, पाल्पा र बाँकेले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका खानेपानी ट्याङ्की लगायतका जटिल प्राविधिक संरचना निर्माण कार्य समेतका २७ योजनाहरूको रू.३ करोड ६७ लाख २५ हजार को कार्य उपभोक्ता समितिहरू मार्फत् गराएको देखियो । यस्ता कार्य प्रतिस्पर्धात्मक विधिबाट गराउनुपर्दछ ।

२३. **पाइप घटी जडान** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ उपनियम १ को खण्ड (ख) मा नापजाँच पश्चात् नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादन परिमाणका आधारमा भुक्तानी दिन मिल्ने व्यवस्था छ । खानेपानी डिभिजनहरू अर्घाखाँची, कपिलवस्तु, पाल्पा, गुल्मी, रुपन्देही र प्युठानले विभिन्न खानेपानी आयोजनाका लागि जिन्सी खातामा खर्च लेखेका पाइपको

परिमाण भन्दा नापी किताबमा रू.२ करोड ६७ लाख ४१ हजार मूल्यका पाईप घटी जडान भएको छ । पाइप जडान भएको नापी किताब तथा कार्य सम्पन्न प्रतिवेदन पेस गर्नुपर्दछ ।

२३.१. **गत वर्षको भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई भुक्तानी दिन सकिने व्यवस्था छ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, कपिलवस्तुको २०७८।७९ मा कपिल आरोग्य खानेपानी आयोजनाका लागि रू.२२ लाख ८६ हजार को दायित्व प्रमाणित रहेकोमा थप रू.४० लाख ५३ हजार भुक्तानी गरेको, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, वाँकेले भुक्तानी दिन बाँकीको बिबरण प्रमाणित वेगर ७ खानेपानी उपभोक्ता समितिलाई रू.७३ लाख ४१ हजार भुक्तानी गरेको र खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, रुपन्देहीले भुक्तानी दिन बाँकीको कच्चावारी प्रमाणित नगरी रू.१८ करोड १७ लाख ५ हजार भुक्तानी दिएको छ।नियममा व्यवस्था भए बमोजिम भुक्तानी दिन वाँकीको विवरण प्रमाणित गराई अघिल्लो वर्षको भुक्तानी हुनुपर्दछ ।

२४. **लागत सहभागिता** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ताले व्यहोर्ने वा व्यहोर्नु पर्ने रकम सम्झौतामा उल्लेख गर्नु पर्दछ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, पाल्पा अन्तर्गतका ७८ आयोजनाको रू.२ करोड ४७ लाख ८२ हजार, बाँकेको ९ योजनामा रू.१२ लाख ६७ हजार, कपिलवस्तुको ९ योजनामा रू.२४ लाख ५० हजार, रुकुम पुर्वको ४ योजनामा रू.५ लाख ८७ हजार,प्युठानको २ योजनामा रू.३ लाख ८४ हजार समेत रू.२ करोड ९४ लाख ७० हजार उपभोक्ता संग भएको सम्झौता बमोजिम जनसहभागिता हुनुपर्नेमा जनसहभागिता भएको देखिएन । उपभोक्ता समितिसंग भएको सम्झौता अनुसार जनसहभागिता हुनुपर्दछ ।

२५. **बढी लागत -** खरिद सम्झौताको शर्त बमोजिमको कार्य सम्पन्न गर्नुपर्दछ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय गुल्मीले दिमाग-अमाई-घलाम लिफ्ट खानेपानी योजनाको ५० घनमिटरको फेरो ट्याङ्की ५० घनमिटर ढलान ट्याङ्की लगायत पम्प हाउस र समवेल निमार्णको लागत अनुमान रू.८३ लाख २१ हजार स्वीकृत गरी वोलपत्रद्धारा २५.६० प्रतिशत घटी रू.६१ लाख ९० हजार कबोल गर्ने एक निर्माण व्यवसायीसंग खरिद सम्झौता गरेकोमा ७२.७१ प्रतिशत कार्य सम्पन्न गरी रू.४५ लाख १ हजार भुक्तानी गरेको छ । सम्झौता भएको काम मध्ये समवेलको साईज कम भएको भनी डिजाइन परिवर्तन गरी निर्माण व्यवसायीले रू.१४ लाख ४९ हजार कबोल गरेको उक्त कार्य उपभोक्ता मार्फत गराई रू.२० लाख ६३ हजार भुक्तानी भएकोले रू.६ लाख १३ हजार बढी लागत परेको छ । खरिद सम्झौता बमोजिम निर्माण कार्य हुनुपर्दछ।

२६. **अधुरो आयोजना -** सार्वजनिक निकायले तर्जुमा गरेका कार्यक्रम समयमा कार्यान्वयन गर्नु पर्दछ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, बाँकेमा संघीय सरकारले हस्तान्तरण गरेका २० योजनाहरू २०७९।८० सम्म रू.४२ करोड २८ लाख १७ हजार भुक्तानी भएकोमा सम्पन्न भएको देखिएन। उक्त योजनाहरू मध्ये १२ योजनाको पचास प्रतिशत सम्म, ६ योजनाको ६०, तथा २ योजनाको ७० प्रतिशत सम्म प्रगति भएको देखिन्छ । खानेपानी आयोजनाहरू तोकिएको समयमा सम्पन्न गराउनु पर्दछ।

२७. **न्यून प्रगति** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा सम्झौता गर्नेले सम्झौता बमोजिम काम सुरूनगरेमा, काम सुरूगरी बीचमै छोडेमा वा सम्झौता बमोजिम प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्ने र अन्त्य भएमा बाँकी काम सम्झौता गर्नेको लागतबाट पुरा गराउने र कालोसूचीमा राख्न लेखि पठाउने व्यवस्था छ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, रुपन्देही अन्तर्गत २०७६।७७ का एक, २०७७।७८ का ११ तथा २०७८।७९ का ५ समेत १७ ठेक्काको रू.२२ करोड १३ लाख ९४ हजारको ठेक्का सम्झौता गरी हाल सम्म रू.१३ करोड ४८ लाख ४७ हजार (६०.९ प्रतिशत) काम भई ८ योजनाको ५० प्रतिशत सम्म र ४ योजनाको ७५ प्रतिशत भन्दा कम प्रगति भएको देखिन्छ । बाँकी मध्ये १० ठेक्काको २०७८।७९ मा तथा ७ को २०७९।८० मा म्याद समाप्त भएको देखिन्छ । पटक पटक म्याद थप गर्दा पनि ठेक्काहरूको काम अधुरो रहन गएको अवस्थामा सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न गराउनुपर्दछ ।

२८. **सीमाभन्दा बढीको कार्य** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा रू.१ करोडसम्म लागत अनुमान भएको निमार्ण कार्य सम्बन्धित उपभोक्ता समितिबाट गराउन सकिने व्यवस्था छ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, रुकुम पूर्वले रू.१ करोड भन्दा बढी लागत अनुमान भएका कुल लागत अनुमान रू.८ करोड ५२ लाख ९७ हजारका ३ योजना उपभोक्ता मार्फत कार्य गराएको छ । सार्वजनिक खरिद नियमावलीको व्यवस्था बमोजिम खरिद कार्य हुनुपर्दछ।

२९. **कार्यक्रम विपरीत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८ मा स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम खर्च गर्नुपर्ने व्यवस्था छ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, बाँके अन्तर्गत वैजनाथ गाउँपालिकाको खानेपानी योजनाका लागि रू.१५ लाखको वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत भएकोमा कार्यालयले रझेना खानेपानी तथा सरसफाई खानेपानी योजना सञ्चालन गरी रू.१४ लाख ९१ हजार भुक्तानी दिएको छ ।स्वीकृत कार्यक्रम अनुसार खर्च गर्नुपर्दछ।

३०. **स्थान विशेष खानेपानी** - स्थान बिशेष खानेपानी आयोजनाको लागि कार्यालयले उपभोक्तासँग गरेको सम्झौता बमोजिम योजनास्थलको छनोट सम्बन्धित प्रदेश सभा सदस्यसँग समन्वय गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, रुपन्देही अन्तर्गत ८ स्थानमा वितरण तथा जडान भएका रू.२ करोड ७८ लाख ६६ हजारका ६१२ स्यालो ट्युवेलको लाभग्राही छनौटको आधार तथा विल भरपाई पेस गरेको छैन । स्यालो ट्युवेल निर्माण गर्नुपर्ने सिफारीस वडा तथा प्रदेश सभा सदस्यहरूबाट भएको छैन।निर्माण कार्य गर्दा लाभग्राहीको पहिचान गरी वितरण तथा जडान भएको प्रमाण संलग्न हुनुपर्दछ ।

भवन तथा सहरी विकास कार्यालयहरू

३१. **जनताको आवास कार्यक्रम** - दलित, विपन्न, लोपोन्मुख र अति सिमान्कृत जातिका लागि २०६६।६७ देखि नेपाल सरकारले जनता आवास कार्यक्रम सञ्चालन गर्दै आएकोमा २०७५।७६ देखि सम्बन्धित प्रदेश सरकारबाट कार्यान्वयन हुँदै आएको छ । सहरी विकास तथा भवन कार्यालय दाङबाट रोल्पा,रुकुम पूर्व, प्युठान र दाङ जिल्लामा १ हजार १९० आवासीय भवन निर्माण भएको सो मध्ये

२०७९।८० मा १४५ घर सम्पन्न भएका छन्। यस कार्यक्रमको लागि २०७९।८० मा रू.३ करोड ५६ लाख बजेट विनियोजन भएकोमा रू.२ करोड ७२ लाख ६७ हजार खर्च गरी ७६.५९ प्रतिशत वित्तीय प्रगति हासिल गरेको देखिन्छ । दलित,विपन्न,लोपोन्मुख र अति सिमान्तकृत जाति तथा समुदायका विपन्न वर्गलाई आवासको व्यवस्थाको लागि जनता आवास कार्यक्रममा यस वर्ष ३१५ आवेदन मध्ये १७५ छनौट भएकोमा १६५ कार्यक्रम मात्र सञ्चालन हुन सकेको मध्ये १४५ सम्पन्न भई २० कार्य सम्पन्न हुन बाँकी रहेको साथै १० आवास निर्माण सुरू गर्न सकेको छैन । सम्पन्न हुन बाँकी आवास निर्माण समयमै सम्पन्न हुनुपर्दछ।

३२. **निर्माण कार्य सुरू -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ मा निर्माण स्थलको व्यवस्था नभई खरिद कारवाही सुरूगर्न नहुने व्यवस्था छ । सहरी विकास तथा भवन कार्यालय, रुपन्देही अन्तर्गत चन्द्रौटामा ५० बेड सरुवा रोग नियन्त्रण अस्पताल निर्माणका लागि वोलपत्र पेस भई रू.१८ करोड ५४ लाख ९० हजार कबोल गर्ने एक निर्माण व्यवसायीसंग ३६ महिनामा सम्पन्न गर्ने गरी खरिद सम्झौता गरी रू.१ करोड ८३ लाख पेस्की उपलब्ध गराएकोमा निर्माणस्थलमा वनको जग्गा विवाद रहेकोले निर्माण हुन सकेको देखिएन। जग्गा व्यवस्थापन गरी समयमै निर्माण कार्य गर्नुपर्दछ।

३३. **झुपडीमुक्त आवास कार्यक्रम -** झुपडीमुक्त आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ अनुसार गरीबीको रेखामुनी रहेका पराल वा खरको छाना भएका परिवार र प्राकृतिक प्रकोपका कारण घरवारविहिन भएका परिवारको पहिचान गरी छनौट भएका लाभग्राहीलाई सम्झौता गरी कार्यसम्पन्न भएको प्राविधिक प्रतिवेदनको सिफारिसको आधारमा अनुदान उपलब्ध गराउने व्यवस्था छ । सहरी विकास तथा भवन कार्यालय, रुपन्देही अन्तर्गत बोलपत्रको माध्यमबाट प्रति जस्तापाता रू.२ हजार १९८ को दरले ६ हजार ५०० गोटा जस्तापाता खरिद गरी कपिलवस्तुको कृष्णनगर र विजयनगरमा वितरण गरी रू.१ करोड ४२ लाख ८७ हजार खर्च लेखेको छ ।कार्यविधि अनुसार छनोट भएका ५०० लाभग्राहीलाई प्रति लाभग्राही १३ जस्तापाताको दरले वितरण गरेकोमा १३० घरधुरीले कार्य सम्पन्न गरे पनि ३७० लाभग्राहीले ४ हजार ८१० जस्तापाता बुझेपनि कार्य सम्पन्न गरेको देखिएन । कार्यविधि बमोजिम जनता आवास कार्यक्रमसँग दोहोरो नपर्ने गरी कार्यान्वयन गरी सम्झौता अनुसार कार्य सम्पन्न हुनुपर्दछ ।

३३.१. सहरी विकास तथा भवन कार्यालय, रुपन्देही अन्तर्गत यो वर्ष पहिचान भएका २५६ परिवारलाई रू.८ करोड ३ लाख ३८ हजार उपलब्ध गराइएकोमा १५४ परिवारले आवास निर्माण सम्पन्न पश्चात चौथो किस्तासम्मको रू.४ करोड ९४ लाख ९३ हजार भुक्तानी लिई फरफारक गरेका छन्।बाँकी १०२ परिवारले तेस्रोकिस्ता सम्मको रू.३ करोड ८ लाख ४५ हजार भुक्तानी लिए तापनि निर्माण कार्य सम्पन्न भएको छैन । बाँकी १०२ परिवारको कार्यविधिले तोकेको मापदण्ड अनुसार निर्माण कार्यसम्पन्न गर्नुपर्दछ ।

३३.२. सहरी विकास तथा भवन कार्यालय, बाँकेले यो वर्ष बाँके र बर्दिया जिल्ला अन्तर्गत ७० घरको लागि रू.२ करोड ६ लाख ३० हजार निकासा गरेको छ । निर्देशिका बमोजिम सम्झौता गरी किस्ताअनुसार रकम भुक्तानी भएकोमा कार्यसम्पन्न भएका छैनन। कार्यविधि बमोजिम कार्यसम्पन्न प्रतिवेदन पेस हुनुपर्दछ ।

३४. **अबण्डा बजेट -** लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १० मा सार्वजनिक निकायहरूले बजेट प्रस्ताव गर्दा सोही ऐनको दफा ५ बमोजिम प्रस्तावित योजना कार्यक्रमको क्रियाकलापगत विवरण खुलाई आगामी आर्थिक वर्षको बजेट तयार गर्नुपर्ने उल्लेख छ। सहरी विकास तथा भवन कार्यालय, वाँकेले १ करोड १० लाख अबण्डा बजेट विनियोजन गरेको छ । बजेट अबण्डाको रुपमा रहेको र सो बजेटबाट सरकारी कार्यालय तथा आवासहरू मर्मतका लागि मन्त्रालयले २०७९।४।१६ मा १० सरकारी कार्यालयको कार्यालय/आवास मर्मतको लागि रू.७३ लाख २५ हजार २०८०।२।२ मा रू.८ लाख ८० हजार र २०८०।३।१८ मा रू.४ लाख ७५ हजारको बजेट स्वीकृत गरेको छ । बजेट स्वीकृत गर्दा नै कार्यक्रम तोकी बजेट विनियोजन गर्नुपर्नेमा अबण्डा बजेट राखी पटक पटक कार्यक्रम स्वीकृत गरेको, स्वीकृत कार्यक्रम बजेट प्रणालीमा पोस्टिङ पनि गरेको छैन । आर्थिक वर्षको शुरुमानै योजनागत बजेट स्वीकृत गरी कार्यान्वयन गर्नुपर्दछ ।

३५. **भवन निर्माण -** जग्गाको स्वामित्व वा भोगाधिकार प्राप्त भइसकेपछि मात्र भवन निर्माणको कार्य गर्नुपर्दछ । सहरी विकास तथा भवन कार्यालय पाल्पा अन्तर्गत केवारेमा जडीबुटी संकलन भवनको निर्माण कार्य ठेक्का रकम रू.१० लाख ८२ हजारमा सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायी मार्फत वोलपत्र द्धारा खरिद सम्झौता भएकोमा कार्य सम्पन्न भई रू.१० लाख ७५ हजार भुक्तानी भएको छ। सो भवनको निर्माणका लागि वन क्षेत्रमा पर्ने जग्गा प्रयोग गर्ने स्वीकृति प्राप्त नभएको र सो भवन निर्माण कार्यको लागि बजेट अभाव रहेको भनि भवनका लागि आवश्यक पर्ने इयाल, ढोका र भित्ता बेगर नै कोलम र स्ल्याब मात्र रहेको संरचना निर्माण भएको र २०८०/८१ मा बाँकी कार्यका लागि बजेट विनियोजन भएको नदेखिदा सो संरचना प्रयोगमा आउन सक्ने देखिदैन । खर्चको प्रतिफल सुनिश्चित हुनेगरी निर्माण कार्य गर्नुपर्दछ ।

पर्यटन विकास परिषद्

३६. **खर्चको अवस्था -** परिषद्को लागि यस वर्ष रू.५ करोड बजेट स्वीकृत भएकोमा रू.१ करोड ९९ लाख २४ हजार अर्थात् बजेटको ३९.८४ प्रतिशत मात्र खर्च भएको छ । स्वीकृत कार्यक्रम अनुसार बजेट खर्च गरी लक्ष्य अनुसारको प्रगति हासिल गर्नुपर्दछ ।

३७. **जनशक्ति व्यवस्थान -** पर्यटन परिषद विकास नियमावली, २०७८ मा कार्यसञ्चालनको लागि स्वीकृत दरबन्दीमा पदपूर्ति गर्नुपर्ने र पदपूर्ति नभएसम्म मन्त्रालयले आवश्यक कर्मचारी खटाउन सक्ने व्यवस्था छ । परिषद्मा १६ दरबन्दी स्वीकृत भएकोमा स्थायी २, करार ६ समेत ८ जना पदपूर्ति गरी ८ रिक्त रहेको अवस्था छ । रिक्त पद पूर्ति गर्नुपर्दछ ।

३८. **पर्यटन गुरूयोजना -** पर्यटन विकास परिषद् नियमावली, २०७८ मा आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र सम्पादन गरेको कामको प्रतिवेदन मन्त्रालय समक्ष पेस गर्नुपर्ने व्यवस्था छ। परिषद्ले यो वर्षको वार्षिक प्रतिवेदन तयार गरेको पाइएन। परिषद्ले वर्षभरी सम्पादन गरेको कार्य स्वीकृत वार्षिक लक्ष्य एवं प्रगति अवस्था खुल्ने वार्षिक प्रतिवेदन तयार गरी पेस गर्नुपर्दछ ।

३९. **आर्थिक सहयोग -** पर्यटन विकास परिषद् नियमावली, २०७८ मा व्यापार मेला सांस्कृतिक तथा यूवा महोत्सव, खेलकुद प्रतियोगिता, कला र फिल्म महोत्सव जस्ता कार्यक्रम प्रदेश सरकारको स्वीकृतीमा सञ्चालन गर्ने व्यवस्था छ । पर्यटन मेला महोत्सव र अन्य पर्यटन प्रर्वद्धनमा आर्थिक सहयोग माग

भए बमोजिम १२ जिल्लाका २२ संस्थालाई रू.३४ लाख ६० हजार आर्थिक सहयोग दिएको छ। मापदण्ड तथा कार्यविधि अनुसार सहयोग दिइ सहयोग उपयोगको अनुगमन हुनुपर्दछ । पाएको सुविधा उपयोगको यकिन गर्न सकिएन ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा जिम्मेवारी कार्यान्वय, घोषित नीति तथा कार्यक्रम कार्यान्वयन नभएको, वर्षान्तमा रकमान्तर गरेको, वार्षिक विवरण तथा प्रतिवेदन तयार नगरेको, बजेट अबण्डामा राखेको, सोझै खरिद गरेको, पाइप तथा फिटिङ्गस मौजदात रहने गरी खरिद गरेको, निर्माणस्थल सुनिश्चत नगरी ठेक्का व्यवस्थापन गरेको, योजनाहरू अधुरा रहेको लगायतका व्यहोरा औंल्याएकोमा यो वर्ष पनि सुधार भएको पाइएन। विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।
- **बेरुजु** - यो वर्ष मन्त्रालय मातहतका १९ निकायको लेखापरीक्षणबाट रू.२५ करोड ८७ लाख ७५ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन पश्चात रू.१ करोड १७ लाख ६६ हजार फर्स्यौंट भई रू.२४ करोड ७० लाख ९ हजार फर्स्यौंट गर्न बाँकी रहेको छ । बेरुजु मध्ये रू.४ करोड ९७ लाख ७१ हजार पेश्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची-९ मा संलग्न छ ।

भौतिक पूर्वाधार विकास मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ बमोजिम मन्त्रालयको कार्य क्षेत्रमा, प्रदेश स्तरको सडक निर्माण तथा मर्मत सम्बन्धी अध्ययन, अनुसन्धान, नीति, कानुन, मापदण्ड, गुरुयोजना, योजना, कार्यान्वयन, सञ्चालन, समन्वय र नियमन गर्ने लगायतका कार्य रहेका छन् । मन्त्रालय र मातहत सरकारी कार्यालय ३२ निकायबाट कार्य सम्पादन गरी सेवा प्रवाह भइरहेको छ। प्रदेश सरकारले २०७९।१०।२७ मा उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयलाई यस मन्त्रालयमा गाभेको छ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतका समेत ३२ सरकारी कार्यालयको निम्नानुसार रू.१२ अर्ब ४३ करोड ७१ लाख ९४ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१०४४६५१९	३३३५२८	१६५४३५६	२७९१	१२४३७१९४

उपरोक्त लेखापरीक्षण रकममा साविकको उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयको रू.३ अर्ब ७० करोड ५१ लाख ९१ हजार समेत समावेश छ।

२. **खर्च व्यवस्थापन -** प्रदेश विनियोजन ऐन, २०७९ अनुसार मन्त्रालय र माताहतका कार्यालयका लागि भौतिक पूर्वाधार विकास तर्फ चालु तर्फ रू.२४ करोड ६३ लाख २८ हजार तथा पुँजीगत तर्फ रू.९ अर्ब ८३ करोड ५७ लाख ७२ हजार गरी रू.१० अर्ब ८ करोड २१ लाख बजेट विनियोजन भएकोमा रकमान्तरबाट थपघट गरी चालु तर्फ रू.५१ करोड ९१ लाख ३६ हजार तथा पुँजीगत तर्फ रू.१३ अर्ब ३२ करोड ४४ लाख ७२ हजार अन्तिम बजेट कायम भएको छ। उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय र मातहतका कार्यालयले चालु तर्फ रू.३३ करोड १४ लाख ८३ हजार र पुँजीगत तर्फ रू.१० अर्ब ११ करोड ५० लाख ३५ हजार समेत रू.१० अर्ब ४४ करोड ६५ लाख १९ हजार अर्थात् कायम बजेटको ७५.४६ प्रतिशत खर्च गरेको छन्। मन्त्रालय र मातहतका कार्यालयको खर्च गर्ने क्षमतामा अभिबृद्धि हुनुपर्दछ ।

३. **रकमान्तर—** लुम्बिनी प्रदेश विनियोजन ऐन, २०७९ को दफा ३ मा कुनै अनुदान संख्यामा बचत हुने र कुनै अनुदान संख्यामा अपुग हुने देखिन आएमा आर्थिक मामिला तथा सहकारी मन्त्रालयले बचत हुने अनुदान संख्याबाट अपुग हुने अनुदान संख्यामा दश प्रतिशतमा नबढ्ने गरी रकमान्तर गर्न सक्ने व्यवस्था छ। यो वर्ष मन्त्रालय र मातहत कार्यालयका लागि भौतिक पूर्वाधार विकासतर्फ चालु तर्फ विनियोजित बजेट रू.२४ करोड ६३ लाख २८ हजारमा ०.४६ प्रतिशत थप र पूँजिगत तर्फ रू.९ अर्ब ८३ करोड ५७ लाख ७२ हजारमा ०.३८ प्रतिशत घट गरी रू.१० अर्ब ४ करोड ५२ लाख ५७ हजार र उर्जा जलस्रोत तथा सिंचाईतर्फ चालु तर्फ विनियोजित बजेट रू.२७ करोड ४८ लाख ८ हजारमा १.१४ प्रतिशत घट र पूँजिगत तर्फ रू.३ अर्ब ३८ करोड ४७ लाखमा ४.१९ प्रतिशत थप गरी रू.३ अर्ब ७९ करोड ८३ लाख ५१ हजार समेत रू.१३ अर्ब ८४ करोड ३६ लाख ८ हजार बजेट कायम भएको छ । सुरू अनुमानको तुलनामा ०.७४ प्रतिशतले थप भएको छ । २०८० आषाढ महिनामा मात्र रू.६१ करोड १८ लाख ६९ हजार रकमान्तर गरी खर्च गरेको छ।

विनियोजन दक्षतामा सुधार गरी बजेट प्रस्तावलाई यर्थाथपरक बनाउनुपर्दछ तथा आषाढमा रकमान्तर गर्ने प्रणालीमा सुधार हुनुपर्दछ ।

४. **आवधिक योजना -** प्रदेशको आवधिक योजना (आधार वर्ष २०७६।७७) मा उल्लेख गरेका कार्यहरू कार्यान्वयन गर्नु पर्दछ। यो वर्षसम्म १ हजार ३५ कि.मि. कालोपत्रे, ५२६ कि.मि. नयाँ कच्ची सडक निर्माण तथा १० हजार २५० कि.मी. मर्मत भएको छ । सिँचाई तर्फ मर्मत संभार कोषको स्थापना,नौमुरे आयोजना सुरूगर्ने,कालीगण्डकी तिनाउ बहुउदेश्यीय डाइभर्सन आयोजना निर्माण, प्रदेशमा १५० मेगावाट जलविद्युत उत्पादन गर्ने,सौर्य उर्जाको विकासका लागि आवश्यक नीति नियमको तर्जुमा प्रदेशले ५० मेगावाट र सहकार्यमा कम्तिमा ३०० मगावाट सौर्य उर्जा उत्पादन, सबै पालिका केन्द्रहरूमा कालोपत्रे सडक र जिल्ला जोड्ने सडकहरू दुई लेनमा स्तरोन्नति गर्ने लगायतका कार्यहरू कार्यान्वयन भएको छैन । नेपाल सरकारसँगको सहकार्यमा रेल यातायात विकास गर्ने र लुम्बिनी क्षेत्रमा वुद्ध सर्किट रेल यातायात विकास गर्ने नीति कार्यान्वयन भएको छैन ।

५. **बजेट कार्यान्वयन -** प्रदेश सरकारको बजेट बक्तव्यमा उल्लेख भएका कार्यक्रमहरू मध्ये प्रदेश यातायात गुरुयोजना निर्माण, विद्युतमा पहुँचमा प्राथमिकता,नौमुरे बहुद्देश्यीय जलाशयुक्त परियोजना निर्माण, प्रदेश यातायात पूर्वाधार गुरुयोजना तर्जुमा, प्रदेश राजधानी जोड्ने सडकको दुरी कम गर्न वनकसवा देखि कालाकाटे (मसौट-चौपट्टा) सुरुङमार्गको अध्ययन, नदी सभ्यतामा आधारित कोरिडोर निर्माणका लागि संघीय सरकारसँगको समन्वयमा सम्भाव्यता अध्ययन,सडक सुरक्षाका मापदण्डको कार्यान्वयन, प्रदेशस्तरीय निर्माण सामग्री परीक्षण प्रयोगशाला स्थापना, सहरी क्षेत्रमा सडक निर्माण गर्दा अपाङ्गमैत्री फुटपाथ र ट्राफिक बत्तीको जडान, सडक दुर्घटनाका दृष्टिले संवेदनशील सडक क्षेत्रमा उच्च प्रविधियुक्त सिसिटिभी जडान लगायतका कार्यक्रम कार्यान्वयन भएका छैनन् । बजेट बक्तव्यमा समावेश भएका कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ ।

६. **प्रदेश गौरवको आयोजना -** प्रदेश गौरवका आयोजना निर्धारण सम्बन्धी मापदण्ड, २०७६ ले विशेष महत्वका आयोजना तथा कार्यक्रमहरूलाई प्रदेश गौरवका आयोजनाको रुपमा पहिचान गरी विशेष सुविधा र प्राथमिकता निर्धारण गरेर कार्यान्वयन गर्ने लक्ष्य राखेको छ । यस मन्त्रालय अन्तर्गत रामपुर कपुरकोट सडक निर्माण कार्य प्रदेश गौरवको आयोजनाको रुपमा छनोट भई कार्यान्वयन भईरहेको छ । यस आयोजना अन्तर्गत सञ्चालित योजनाको कुल लागत अनुमान रू.८२ करोड ३९ लाख ६७ हजार र सम्झौता रकम रू.६१ करोड ९१ लाख ३५ हजार रहेकोमा विभिन्न पूर्वाधार सडक डिभिजन कार्यालयहरू अर्घाखाँची, पाल्पा, प्युठान र रोल्पा मार्फत खर्च भएको छ । मापदण्डको अनुसूची १ मा प्रदेश गौरवका आयोजनाहरूको आधारहरूमा निर्माण अवधि ३ देखि ५ वर्ष उल्लेख भएको छ । उक्त योजनाहरू आर्थिक वर्ष २०७५।७६ देखि सम्झौता भई सञ्चालनमा रहेका छन । गौरवको आयोजनामा हालसम्म भएको खर्च र प्रगती सम्बन्धमा मन्त्रालयसंग विवरण माग गरिएकोमा सो को विस्तृत विवरण पेस हुन नआएकोले यस सम्बन्धि थप विश्लेषण गर्न सकिएन । प्रदेश गौरवका आयोजना मापदण्ड अनुसार तोकिएको समयमा सम्पन्न गर्नुपर्दछ ।

७. **जिम्मेवारी तथा जवाफदेहिता -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ अनुसार मन्त्रालयलाई तोकिएका कार्य जिम्मेवारी पुरा गर्न विनियोजन भएको बजेट भौतिक पूर्वाधार तर्फ रु.७ अर्ब २९ करोड ४ लाख ९१ हजार अर्थात् ७२.५७ प्रतिशत र उर्जा, जलस्रोत तथा सिंचाई तर्फ रु.३ अर्ब १५ करोड ६० लाख २७ हजार अर्थात् ८३.०८ प्रतिशत खर्च भएको छ ।मन्त्रालयलाई

तोकिएका कार्यमध्ये प्रदेश लोकमार्ग सम्वन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा, रज्जुमार्ग, जलमार्ग लगायतका वैकल्पिक यातायात प्रविधिको प्रवर्द्धन, सम्भाव्यता अध्ययन, आयोजना कार्यान्वयन, सञ्चालन र व्यवस्थापन, प्रदेशमा निर्माण व्यवसाय सम्वन्धी नीति तथा मापदण्ड तर्जुमा र नियमन लगायतका कार्य हुन बाँकी देखिन्छ । तोकिएको जिम्मेवारी पुरा गर्नुपर्दछ ।

८. **अबण्डा बजेट -** लुम्बिनी प्रदेश आर्थिक कार्यबिधि ऐन, २०७४ को दफा १६(२) मा बजेटमा व्यवस्था भएको रकम अवण्डा राखी खर्च गर्न नहुने व्यवस्था छ । आयोजनागत रुपमा खर्च गर्न स्पष्ट नगरी मन्त्रालयले पुँजीगत शीर्षकमा रू.८८ करोड ५० लाख अबण्डामा राखेको छ । यो अबण्डा बजेटलाई परामर्श सेवा खरिदमा रू.७ करोड ४० लाख, सिंचाई पूर्वाधार, सडक निर्माण र सुधार तथा झोलुङ्गे पूल निर्माणमा रू.८१ करोड १० लाख मातहत निकायलाई थप बजेट दिएको छ। आर्थिक वर्षको शुरुमै योजनागत बजेट बाँडफाँट गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

९. **योजना तर्जुमा -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५ मा मध्यमकालीन खर्च संरचना तयार गर्दा प्रस्तावित योजनाको लागत सञ्चालनमा लाग्ने अनुमानित समय, सोबाट प्राप्त हुन सक्ने प्रतिफल समेत विचार गरी योजना छनोट गर्नुपर्ने व्यवस्था छ। यो वर्ष विनियोजन भएका सडक तथा पुलसँग सम्बन्धित योजना कार्यक्रमहरूको विश्लेषण गर्दा रू.५ लाख सम्मका १६८ , रू.५ देखि १० लाखसम्मका ५४४ , रू.१० देखि २० लाखसम्मका ६११ र रू.२० देखि ५० लाखसम्मका ३९७ समेत १ हजार ७२० योजनाहरूको लागि रू.९ अर्ब ९८ करोड ४९ लाख ५० हजार, र उर्जा तथा सिंचाईतर्फ रू.५ लाख सम्मका ४५१, रू.५ देखि १० लाखसम्मका २६६ वटा, रू.१० देखि २० लाखसम्मका २३६ वटा र रू.२० देखि ५० लाखसम्मका २९८ वटा समेत १ हजार २५१ योजनाहरूको लागि रू.३ अर्ब ४९ करोड २२ लाख ९८ हजार समेत गरी कुल २ हजार ९७१ योजनाहरूको लागि रू.१३ अर्ब ४७ करोड ७२ लाख ४८ हजारको योजनाहरूमा बजेट विनियोजन भएको छ ।मन्त्रालयले स-साना धेरै योजनाहरू छनौट गरी कार्यान्वयन गरेको देखियो । प्रदेश महत्वका र दिगो विकासमा टेवा पुग्ने योजनाहरू छनोट गरी कार्यान्वयन गर्नुपर्दछ ।

१०. **परामर्श सेवा -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा कुनै व्यक्ति, फर्म संस्था वा कम्पनीबाट परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ। मन्त्रालयले मन्त्रालय र मातहतका कार्यालयले परामर्श सेवाको लागत अनुमान तयार गर्ने नर्म्स स्वीकृत गरेको छैन । मन्त्रालयले आफ्नो कामको प्रकृति अनुसारको नर्म्स स्वीकृत गर्नु पर्दछ।

११. **विस्तृत आयोजना प्रतिवेदन कार्यान्वयन -** मन्त्रालय मातहतका कार्यालयले यस वर्ष रू.१ करोड १० लाख ६ हजारको लागतमा परामर्शदाता मार्फत तयार भएका १५ विस्तृत आयोजना प्रतिवेदन प्रतिवेदनमध्ये ४ मात्र कार्यान्वयनमा लगेकोको प्रतिवेदन तयार गर्दा लागेको लागतबाट अपेक्षित उपलब्धी प्राप्त भएको छैन। पेस भएका प्रतिवेदनहरू प्रदेश योजना आयोगमा रहेको आयोजना बैंकमा समावेश गरी कार्यान्वयन हुनु पर्दछ।

१२. **कार्य सञ्चालनस्तरका कार्य -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ मा मन्त्रालयको प्रमुख जिम्मेवारी ऐन, कानुन एवं नीति तर्जुमा एवं कार्यान्वयन, मन्त्रालयहरू बीच समन्वय, मातहत कार्यालयबाट सञ्चालित कामको अनुगमन गर्ने लगायत रहेका छन। मन्त्रालयले यो वर्ष ग्रामीण

विद्युतीकरण कार्यक्रममा रु.२ करोड ९५ लाख ५२ हजार र उर्जा विकास कार्यक्रममा रु.१ करोड २० लाख ९० हजार समेत रु. ४ करोड १६ लाख ४२ हजारको कार्यक्रम कार्यान्वयन गरेको छ । मन्त्रालयले कार्य सञ्चालनस्तरका कार्य नगरी ऐन, कानुन, नीति तर्जुमा तथा कार्यान्वयन र अनुगमन तथा मूल्याकंनमा केन्द्रित हुनुपर्दछ ।

१३. **अन्यत्र अख्तियारी -** लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ मा मन्त्रालयले आफ्नो मातहतको निकायमा अख्तियारी प्रदान गर्नु पर्ने व्यवस्था छ । मन्त्रालयले आफ्नो कार्यक्षेत्रमा नपर्ने कास्की, काठमाडौं र सल्यान जिल्लामा पर्ने योजना तथा कार्यक्रमको रू.३ करोड १९ लाख १६ हजार खर्च गर्न अख्तियारी प्रदान गरेकोले कार्यान्वयन भएको छैन ।

१४. **कार्यक्षेत्रको पालना -** नेपाल सरकार प्रदेश सरकार तथा स्थानीय तहले कार्यान्वयन गर्ने कार्यक्रमलाई व्यवस्थित गर्न नेपाल सरकारले सङ्घ प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँट सम्बन्धी मापदण्ड २०७६ लागू गरेको छ। मन्त्रालयले प्रदेश सरकारको सीमाभित्र पर्ने आयोजना वा कार्यक्रमको लागि मात्र बजेट विनियोजन गर्नुपर्नेमा स्थानीय तहको अधिकार क्षेत्रभित्र परेका आयोजना वा कार्यक्रममा बजेट विनियोजन गरी कार्यान्वयन गरेको देखिएकाले यसमा नियन्त्रण हुनुपर्दछ ।

१४.१. मापदण्ड अनुसार प्रदेश सरकारको कार्य क्षेत्रमा तराई मधेशमा २०० हेक्टर देखि ५०० हेक्टर सम्म, पहाडी क्षेत्रमा ५० हेक्टर देखि १०० हेक्टर सम्म र हिमाली क्षेत्रमा २५ हेक्टर देखि ५० हेक्टर सम्मका मझौला प्रकृतिका सिंचाई आयोजनाको अध्ययन, अनुसन्धान, गुरुयोजना तयारी, निर्माण एवं व्यवस्थापन, एक भन्दा बढी स्थानीय तहसँग सम्बन्धित सिंचाई आयोजनाहरूको निर्माण तथा समन्वय गर्ने रहेको छ । मन्त्रालयले आफ्नो कार्यक्षेत्रमा नपर्ने चारपाला सिंचाई योजना सुनवल २१ हेक्टर, मेलेबास सिंचाई योजना सुनवल ८० हेक्टर लगायत रू.५ लाख भन्दा कम बजेट १६८ योजनामा र रू.५ लाख देखि १० लाख सम्म ५४४ योजनामा गरी कुल १ हजार ३३९ टुक्रे योजनामा बजेट विनियोजन गरेको छ ।

१४.२. प्रगन्ना तथा वड्कापथ सिंचाई आयोजना संघबाट हस्तान्तरण नभए पनि मन्त्रालय मातहत कार्यालय राखी निर्माण गराएको छ ।

१५. **सिंचाई सुविधा** - लुम्बिनी प्रदेशमा कुल खेती योग्य जमीन ६ लाख ९७ हजार ३३१ हेक्टरमध्ये ५ लाख ३९ हजार ४४३ हेक्टर (७७ प्रतिशत) मा मात्र खेती गरिएको छ भने खेती गरिएको जग्गाको ५५.०७ प्रतिशत क्षेत्रफलमा मात्र सिंचाई सुविधा पुगेको छ । खेतीयोग्य बाँकी जमिनमा सिंचाई सुविधा विस्तार गर्नुपर्दछ ।

१६. **कन्टीन्जेन्सी खर्च** - सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची-१ तथा अनुसूची १क मा कन्टीन्जेन्सी खर्च गर्न सकिने सीमा तोकिएको छ । यो वर्ष १६ कार्यालयले रू.१४ करोड ७५ लाख ७४ हजार कन्टीन्जेन्सी खर्च गरेको छ । कार्यालयहरूले मष्टरोल मार्फत ज्यालामा रू.२ करोड ६२ लाख ९२ हजार खर्च लेखेकोमा सुपरभाइजरहरू नियुक्त गरेको आधार एवम् निजहरूले सम्पादन गरेको कामको परिमाण देखिने अभिलेख राख्ने गरेको पाइएन ।यसै गरी इन्धनमा रू.२ करोड २१ लाख ७७ हजार, कार्यालय सामानमा रू.२ करोड ७३ लाख ४४ हजार भ्रमण खर्चमा रू.१ करोड २२ लाख ११ हजार तथा अन्यमा रू.५ करोड ९५ लाख ५०

हजार खर्च गरेका छन। कन्टिन्जेन्सीमा भएको खर्चलाई योजनागत नापी किताबमा उल्लेख गरेको देखिएन। योजना वा ठेक्का प्याकेज अनुसार कन्टिन्जेन्सी खर्च छुट्याई नापी किताबमा प्रविष्टि गर्नुपर्छ ।

१७. **प्रतिस्पर्धाबाट खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा बीस लाख रुपैयाभन्दा बढी लागत अनुमान भएको खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्ने व्यवस्था छ। यो वर्ष मन्त्रालय मातहतका १४ कार्यालयले निर्माण खरिद रू.४० करोड ९९ लाख ३ हजार तथा ६ कार्यालयले परामर्श सेवा रू.१ करोड १० लाख ६ हजारको खरिद सोझै गरेको देखियो। सार्वजनिक खरिद कानुन अनुसार प्रतिस्पर्धात्मक विधिबाट खरिद हुनु पर्दछ।

१८. **बीमा** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद सम्झौतामा व्यवस्था भएको बाहेक बीस लाख रुपैयाभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले बीमा गराउनु पर्ने व्यवस्था छ। मन्त्रालय मातहतका कार्यालयले रू.६ करोड ९६ लाख ८८ हजारका ४ खरिद सम्झौतामा बीमा गराएको पाइएन। कानुन अनुसार बीमा गराई निर्माणाधिन संरचनाको सुरक्षण हुनु पर्दछ।

१९. **पूर्वनिर्धारित क्षतिपूर्ति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(क) मा निर्माण व्यवसायीको ढिलाइको कारणबाट खरिद सम्झौता बमोजिम तोकिएको अवधिमा कार्य सम्पन्न हुन नसकेमा सार्वजनिक निकायलाई पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । सम्झौता अवधि समाप्त भएका तर म्याद थप नभएका सम्झौतामा २२ कार्यालयले रू.८ करोड ६० लाख ३१ हजार पूर्व निर्धारित क्षतिपूर्ति रकम असुल गरेको छैन। यस सम्बन्धमा देखिएका प्रमुख व्यहोराहरू यस प्रकार छन् ।

१९.१. सडक पूर्वाधार विकास कार्यालय, दाङ अन्तर्गत दोलई खोला पुलः एक संयुक्त उपक्रमसंग रू.५ करोड २० लाख ६ हजारको खरिद सम्झौता भएकोमा २०७९।४।१९ सम्म म्याद थप भएतापनि ३० प्रतिशतमात्र कार्य भएको यो वर्ष कुनै कार्य भएको छैन । तत्पश्चात म्याद थप पनि नभएकोले कार्यालयले निर्माण व्यावसायीबाट रू.५२ लाख पूर्वनिर्धारीत क्षतिपूर्ति असुल गर्नुपर्दछ ।

१९.२. सडक पूर्वाधार विकास कार्यालय, दाङ अन्तर्गत पोटली-मिरौली-चखौरा पूर्व-डोङ्ही देखि हेकुली चोक हुँदै रावतगाउँ चितानपुर एकली सडक स्तरोन्नतीका लागि २०७७।७८ मा बोलपत्र हुँदा रू.७ करोड ७ लाख ४४ हजार कबोल गर्ने एक निर्माण व्यबसायीसँग २०७९।११।६ भित्र कार्य सम्पन्न गर्नेगरी खरिद सम्झौता भएकोमा २० प्रतिशत मात्र कार्य भएको तथा यो वर्ष कुनै कार्य भएको छैन निर्माण व्यवसायिले खरिद सम्झौता बमोजिमको कार्यसम्पन्न नगरेकोले म्याद समाप्त भएको अवधि देखि १२७ दिनको रू.३९ लाख ७५ हजार पुर्वनिर्धारीत क्षतिपुर्ति असुल हुनुपर्दछ ।

१९.३. सडक पूर्वाधार कार्यालय, रुपन्देहीले सैना मैना चक्रपथ सडक निर्माण कार्य रू.५७ करोड १२ लाख ६२ हजारमा मिति २०७७।२।१२ मा सम्पन्न गर्ने गरी २०७४।१२।१९ मा सम्झौता भएकोमा निर्माण कार्य सम्पन्न नगरी ०७९।६।३० सम्म म्याद थप भएकोमा समेत निर्माण कार्य सम्पन्न गरेको छैन । थप अवधिमा निर्माण कार्य सम्पन्न नगरेको र म्याद थप समेत नभएकोले सम्झौताअनुसार रू.५ करोड ७१ लाख २६ हजार पुर्वनिर्धारीत क्षतिपुर्ति असुल हुनुपर्दछ ।

१९.४. सडक पूर्वाधार विकास कार्यालय प्युठानले विभिन्न ६ योजनाहरू रू.४२ करोड ६७ लाख १३ हजारमा निर्माण व्यवसायीहरूसंग सम्झौता गरी रू.२५ करोड १६ लाख ४ हजारको कार्य भई भुक्तानी गरेकोमा बाँकी रू.१७ करोड ५१ लाख ९ हजारको कार्य गर्नुपर्नेमा म्याद समाप्त भएतापनि सम्झौताअनुसार म्याद थप तथा पुर्वनिर्धारित क्षतिपुर्ति असुल गरी कार्यसम्पन्न गराएको देखिएन ।

२०. **कार्यसम्पादन जमानत** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ तथा सम्झौताको शर्त र निर्णय बमोजिम निर्माण व्यवसायीसंग भएको सम्झौता अन्त्य भएमा सो वापत राखिएको जमानत जफत हुने उल्लेख छ। जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, बर्दियाले नहर संरचना निर्माण कार्यका लागि एक निर्माण व्यवसायीसँग रू.६८ लाख २ हजारमा २०७९।३।१५ मा कार्यसम्पन्न गर्ने गरी सम्झौता भएकोमा २०८०।३।२० सम्म जम्मा ३५ प्रतिशत प्रगति भएको छ ।निर्माण व्यवसायीसंग कार्यालयले २०८०।६।२१ मा सम्झौता अन्त्य गरेको सूचना जारी गरेकोले निर्माण व्यवसायीले राखेको रू.२२ लाख ७५ हजारको बैंक जमानत जफत गरेको छैन ।कार्यालयले जमानत जफत गरी बाँकी निर्माण कार्य गर्न लाग्ने लागत समेत असुल गर्नुपर्दछ ।

सडक पूर्वाधार विकास कार्यालयहरू

२१. **पेश्की जमानत** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा पेश्की तोकिएको म्यादभित्र फर्स्यौट हुन नसकेमा बैंक जमानतको रकम असुल गरी पेश्की फर्स्यौट गर्नुपर्ने व्यवस्था छ। यो वर्ष ५ कार्यालयको रू.७३ करोड ७९ लाख ८२ हजार पेश्की रकमको म्याद समाप्त भएकोमा बैंक जमानतको रकम प्राप्त गरी पेश्की फर्स्यौट गरेको देखिएन । कानूनी व्यवस्थाको पालना हुनुपर्दछ ।

२२. **खरिद सम्झौताको अन्त्य** - सार्वजनिक खरिद ऐन २०६३, को दफा ५९ मा सार्वजनिक निकायले सम्झौता अन्त्य गर्नसक्ने र सो काम वापत राखेको जमानत जफत हुने र बाँकी कार्य पुरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम कार्य नगर्ने निर्माण व्यवसायीवाट सरकारी बाँकी सरह असुलउपर गर्ने व्यवस्था छ। सडक पूर्वाधार विकास कार्यालय,रोल्पा अन्तर्गत लिवाङ-सल्लीवोट-उगा-धौलावाङ सडक विस्तार तथा स्तरोन्नतीका लागि लागत अनुमान रू.१करोड २० लाख ७१ हजार स्वीकृत गरी वोलपत्र भएकोमा रू.७६लाख ८७ हजार कबोल गर्ने एक निर्माण व्यवसायीसँग २०७९।३।१० भित्र कार्य सम्पन्न गर्ने गरी खरिद सम्झौता गरेकोमा निर्माण कार्य नगरेकोले भुक्तानी गरेको छैन । निर्माण व्यवसायीले २०७९।१२।२६ मा कार्य गर्न नसक्ने निवेदन दिए पछि कार्यालयले खरिद सम्झौताको सर्त ७५.१ बमोजिम बाँकी निर्माण कार्य गर्न लाग्ने रू.१ करोड १८ लाख २५ हजार निजबाट असुल गर्नेगरी २०८०।१।११ मा सम्झौता अन्त्य गरी कार्यसम्पादन जमानत रू.१६ लाख ७२ हजार जफत गरी कालोसूचिमा राख्न लेखि पठाएको छ । बाँकी कार्य गर्न लाग्ने रकम असुल गर्नुपर्दछ।

२३. **पूर्वतयारी बेगर खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ नियम ६ मा निर्माण स्थलको व्यवस्था नभई खरिद कारबाही सुरूगर्न नहुने व्यवस्था छ।सडक पूर्वाधार विकास कार्यालय प्युठानले माडीखोला (लामीदमार) सडक पुल निर्माण कार्य २०७९।१०।०६ भित्र सम्पन्न गर्ने गरी रू.१० करोड ६३ लाख २१ हजारमा एक निर्माण व्यवसायीसँग सम्झौता भएकोमा निर्माण व्यवसायीले सडक पुलको दायाँ किनारामा सडक नभएको र बायाँ किनारामा पनि निकै साँघुरो सडक भएकोले निर्माण

सामग्री एवं हेभी इक्विपमेन्ट लान नसकेको उल्लेख गरी निर्माण कार्य सुरू गर्न नसक्दा प्रगति भएको छैन । निर्माणस्थलको व्यवस्था गरी समयमै निर्माण कार्य सम्पन्न गर्नु पर्दछ ।

माडीखोला पक्कीपुल कुडुलेबजार छतिवन सिरिबारी निर्माण कार्य २०८०।०५।१५ भित्र सम्पन्न गर्ने गरी रू.९ करोड ७७ लाख २३ हजारमा एक निर्माण व्यवसायीसंग सम्झौता भएकोमा निर्माण व्यवसायीले साईडमा ठुलो डिएमसी रिग मेसिन लैजान नसकेको जनाई निर्माण कार्यको प्रगति भएको छैन। यसरी सम्झौता भएको २ वर्षसम्म कार्य सुचारू हुन नसकेको अवस्थामा कार्यालयले पुलको डिपीआर गर्ने परामर्शदातालाई जिम्मेवार बनाएको देखिएन । तसर्थ परामर्शदातालाइ समेत जिम्मेवार बनाइ कानुन बमोजिम आवश्यक कारबाही गर्नुपर्दछ ।

२४. **निर्माण स्थगित** - सडक पूर्वाधार विकास कार्यालय, पाल्पा अन्तर्गत रिडि खोला पुल २०७६।६।१४ सम्ममा सम्पन्न गर्ने गरी एक निर्माण व्यावसायीसँग रू.३ करोड ७१ लाख ८१ हजारको खरीद सम्झौता भएकोमा २०७९।६।३० मा म्याद समाप्त भई हालसम्म रू.३ करोड ८ लाख ३९ हजार भुक्तानी भएको छ । निर्माण चरणमा रहेको पुलको कार्यालयबाट स्थलगत अनुगमन गर्दा डेक स्ल्याव च्याम्वर को लेभल १२ से.मि. डाउन भई पुल स्यागिङ भई भासिएकोले निर्माण कार्य स्थगित गरेको पाइयो । निर्माणाधिन पुल भत्काई नयाँ निर्माण गर्न वा नयाँ प्रविधि प्रस्ताव गर्न कार्यालयले पत्राचार गरेकोमा हाल सम्म निर्माण कार्य सूचारू.भएको छैन ।अतः नियमानुसार तोकिएको गुणस्तरमा निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

२४.१. सडक पूर्वाधार विकास कार्यालय, पाल्पा अन्तर्गत सालझण्डी सुगुरेढुंगा सडक कालोपत्रे कार्य एक निर्माण व्यवसायीसँग रू.२९ करोड ५१ लाख ६३ हजारमा २०७९।४।२२ सम्ममा सम्पन्न गर्ने गरी सम्झौता भएकोमा तेश्रो रनिङ्ग बिलसम्म रू.४ करोड ३५ लाख ८१ हजार भुक्तानी भएको छ । सडकको चेनेज ०+००० देखि ५+००० खण्डमा बन क्षेत्र रहेकाले निर्माण कार्य भएको छैन । त्यस्तै निर्माण व्यवसायीलाई दिएको रू.५ करोड १८ लाख पेश्की प्रयोजन विहिन अवस्थामा छ । खरिद प्रक्रिया सुरूगर्नुपूर्व निर्माणस्थलको व्यवस्था गरेर मात्रै खरिद सम्झौता गर्नुपर्नेमा वन क्षेत्रको नक्शांकन र सडकको विस्तृत अध्ययन प्रतिवेदन फरक भएको कारण कार्य अगाडि बढेको अवस्था छैन । यस सम्बन्धमा सम्बन्धीत पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा जिम्मेवारी कार्यान्वय, घोषित नीति तथा कार्यक्रम कार्यान्वयन नभएको, रकमान्तर गरेको, वार्षिक विवरण तथा प्रतिवेदन तयार नगरेको, बजेट अबण्डामा राखेको, सोझै खरिद गरेको, योजनागत रुपमा अभिलेख नराखि खर्च गरेको , निर्माणस्थल सुनिश्चत नगरी ठेक्का व्यवस्थापन गरेको, निर्माण कार्यहरू अधुरा रहेको, पूर्वनिर्धारित क्षतिपूर्ति असुल नगरेको, बढी भुक्तानी गरेको लगायतका व्यहोरा औंल्याएकोमा यो वर्ष पनि सुधार भएको पाइएन। विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।
- **बेरुजु** - यो वर्ष मन्त्रालय मातहतका ३३ निकायको लेखापरीक्षणबाट रू.५५ करोड ४८ लाख ७ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन पश्चात रू.२ करोड २२ लाख ९४ हजार फर्स्यौट भई रू.५३ करोड २५ लाख १३ हजार फर्स्यौट गर्न बाँकी रहेको छ ।बेरुजु मध्ये रू.१३ करोड ७९ लाख ६९ हजार पेश्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची-९ मा संलग्न छ ।

वन तथा वातावरण मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ बमोजिम प्रदेशस्तरमा वन क्षेत्रको नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, वन्यजन्तु र वन पैदावार ओसारपसार सम्बन्धी नियमन र अपराध नियन्त्रण, वन, वनस्पति, वन्यजन्तु र जैविक विविधतासम्बन्धी प्रादेशिक सङ्ग्रहालय व्यवस्थापन, प्रदेशस्तरमा संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन, जैविक विविधता पार्क, हात्तीसार तथा चिडियाखानाको व्यवस्थापन, जडिबुटी खेती प्रविधि प्रर्वद्धन, विस्तार तथा बजारीकरण सम्बन्धी नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन अनुसन्धान तथा तथ्याङ्क संकलन लगायतका कार्यहरू रहेका छन्। मन्त्रालय र मातहत सरकारी कार्यालय २१ निकायबाट कार्य सम्पादन गरी सेवा प्रवाह भइरहेको छ। प्रदेश सरकारले २०८०।९।६ मा यस मन्त्रालयको नाम वन, वातावरण, पर्यटन तथा खानेपानी मन्त्रालय कायम गरेको छ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतका २१ सरकारी कार्यालयहरूको निम्नानुसार रू.२ अर्ब २३ करोड ३ लाख ९ हजारको लेखापरीक्षण सम्पन्न गरीएको छ ।

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१५३६३२७	२१०९०८	२७११२०	२११९५४	२२३०३०९

२. **नीति तथा कार्यक्रम -** प्रदेश प्रमुखद्धारा प्रस्तुत लुम्बिनी प्रदेश सरकारको २०७९/८० को नीति तथा कार्यक्रममा घोषणा भएका मध्ये एक वडा एक पोखरी कार्यक्रम, वन्यजन्तु उद्धार केन्द्र स्थापना, प्रादेशिक वनस्पति उद्यान सञ्चालन, जगदिशपुर ताल क्षेत्रलाई चरा आरक्ष क्षेत्र तोकिए पनि बढैया ताल क्षेत्र नतोकिएको, नदि प्रणालीको संरक्षण व्यवस्थापन र सदुपयोगसम्बन्धी बृहत कार्यक्रम प्रभावकारी हुन नसकेको, हरित रोजगारी सृजना कार्यक्रम कार्यान्वयन हुन सकेको छैन । प्रदेश सरकारद्धारा घोषित नीति तथा कार्यक्रम कार्यान्वयन हुनुपर्दछ ।

३. **खर्च व्यवस्थापन -** प्रदेश विनियोजन ऐन, २०७९ अनुसार मन्त्रालय र माताहतका कार्यालयका लागि चालु तर्फ रू.९० करोड ५५ लाख ७१ हजार तथा पुँजीगत तर्फ रू.१ अर्ब ११ करोड ५१ लाख २९ हजार गरी रू.२ अर्ब २ करोड ७ लाख बजेट विनियोजन भएकोमा रकमान्तरबाट क्रमशः रू.१ अर्ब ११ करोड ४९ लाख ३९ हजार तथा रू.९२ करोड ६० लाख ५४ हजार गरी रू.२ अर्ब ४ करोड ९ लाख ९३ हजार बजेट कायम भएको छ । कार्यालय र मातहतका कार्यालयले चालु तर्फ रू.७६ करोड ८७ लाख ७१ हजार र पुँजीगत तर्फ रू.७६ करोड ७५ लाख ५५ हजार समेत रू.१ अर्ब ५३ करोड ६३ लाख २७ हजार अर्थात् कायम बजेटको ७६.४० प्रतिशत खर्च गरेको छन्। मन्त्रालय र मातहतका कार्यालयको खर्च गर्ने क्षमतामा अभिवृद्धि हुनुपर्दछ ।

४. **रकमान्तर** - लुम्बिनी प्रदेश विनियोजन ऐन, २०७९ को दफा ३ मा कुनै अनुदान संख्यामा बचत हुने र कुनै अनुदान संख्यामा अपुग हुने देखिन आएमा आर्थिक मामिला तथा सहकारी मन्त्रालयले बचत हुने अनुदान संख्याबाट अपुग हुने अनुदान संख्यामा दश प्रतिशतमा नबढ्ने गरी रकमान्तर गर्न सक्ने व्यवस्था छ। यो वर्ष मन्त्रालय र मातहत कार्यालयका लागि चालु तर्फ विनियोजित बजेट रू.९० करोड ५५ लाख ७१ हजारमा २३.१२ प्रतिशत थप र पुँजीगत तर्फ रू.१ अर्ब ११ करोड ५१ लाख २९ हजारमा १६.९६ प्रतिशत घटाई गरी रू.२ अर्ब ४ करोड ९ लाख ९३ हजार बजेट

कायम भएको छ । सुरू अनुमानको तुलनामा बजेट एक प्रतिशतले थप भएको छ । विनियोजन दक्षतामा सुधार गरी बजेट प्रस्तावलाई यर्थाथपरक बनाउनुपर्दछ ।

५. **आवधिक योजना -** प्रदेश सरकारको प्रथम आवधिक योजना (२०७६।७७-२०८०।८१) ले वन तथा वातावरण मन्त्रालयको कार्यक्षेत्रसंग सम्बन्धित कार्यनीतिमध्येको उल्लेखित कार्यक्रमहरू मध्ये २०७९।८० सम्म वन तथा वातावरण सम्बन्धि अनुसन्धान, स्थानीय तह र निजी क्षेत्रसंगको समन्वयमा वन तथा जैविक विविधतासम्बन्धी प्रादेशिक संग्रहालय तथा चिडियाघर स्थापना, मूल्यवान रसायनहरूको उत्पादन प्रदेशस्तरबाट सुरूगर्ने कार्य कार्यान्वयन भएको छैन । आवधिक योजनामा समावेश गरिएका कार्यक्रमहरू वार्षिक नीति तथा कार्यक्रम र बजेटमा समावेश गरी कार्यान्वयन गर्नुपर्दछ ।

६. **बजेट वक्तव्य कार्यान्वयन -** मन्त्रालयले प्रदेश सरकारको २०७९।८० को बजेट वक्तव्यमा उल्लेख भएका कार्यक्रम मध्ये पिडीतसंग प्रदेश सरकार आंशिक रुपमा मात्र कार्यान्वयन भएको, बढैयाताल क्षेत्रलाई चरा आरक्ष क्षेत्र तोक्ने कार्य, एक वडा एक पोखरी कार्यक्रम सञ्चालन, २० स्थानीय तह मध्ये १६ स्थानीय तहमा मात्र एक वन एक नर्सरी कार्यक्रम कार्यान्वयन,३८ वटा मध्ये ३२ वटा स्थानीय तहमा मात्र कृषि वन कार्यक्रम सञ्चालन तथा ३०० मध्ये २०० हेक्टर जग्गामा मात्र कृषि वन विस्तार, जडिबुटी पार्कको कार्य, एक घर एक विरुवाको नीति आंशिक रुपमा मात्र कार्यान्वयन भएको छ। बजेट बक्तव्यमा उल्लेख भएका विषयहरू कार्यान्वयन गर्नुपर्दछ ।

७. **जिम्मेवारी तथा जवाफदेहिता -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ अनुसार मन्त्रालयलाई तोकिएको ३० जिम्मेवारी पूरा गर्न यस वर्ष विनियोजित बजेटको ७६.४० प्रतिशत खर्च भएको छ । मन्त्रालयबाट सम्पादन गर्नुपर्ने कार्यहरूमध्ये वातावरणीय प्रयोगशालाको स्थापना, न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास प्रकृयाको सम्बन्धी कार्य, हानिकारक पदार्थहरूको नियमन कार्य, वन, वनस्पति र जैविक विविधता सम्बन्धी प्रादेशिक सङग्रहालय स्थापना, प्रदेशस्तरमा वातावरणीय संरक्षण तथा स्वच्छता सम्बन्धी प्रविधि विकास, वातावरणीय सूचना प्रणालीको स्थापना, भूपरिधि क्षेत्र तथा वन क्षेत्रको पहिचान, प्रदुषणको मापदण्ड निर्धारण, जलाधार संरक्षण नीति जारी, वन्यजन्तु र चराचुरुङ्गी सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापण्ड तर्जुमा सम्बन्धी कार्यहरू कार्यान्वयन भएको पाइएन । प्रदेशको वन व्यवस्थापन रणनीतिक योजना, वन क्षेत्रको नदिजन्य पदार्थ व्यवस्थापन सम्बन्धी मापदण्ड, प्रदेश भित्र वृक्षारोपण तथा संभार सम्बन्धी नीति, कानुन र मापदण्ड, वन्यजन्तु र वनस्पती उद्यान, प्राणी उद्यानको स्थापना तथा सञ्चालन सम्बन्धी मापदण्ड जस्ता कानुनहरू निर्माण भएको छैन । कार्यक्षेत्र भित्रका नीति, कानुन, मापदण्ड तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

८. **परामर्श सेवा -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा कुनै व्यक्ति फर्म संस्था वा कम्पनीबाट परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ।सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सम्बन्धित मन्त्रालयले परामर्श सेवाको लागत अनुमान सम्बन्धी नर्म्स तयार गरेको भए त्यस्तो नर्म्स एवम् सम्बन्धित परामर्श सेवाको कार्य क्षेत्रगत शर्तका आधारमा परामर्श सेवाको लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ।मन्त्रालयले मन्त्रालय र मातहतका कार्यालयले परामर्श सेवाको लागत अनुमान तयार गर्ने नर्म्स स्वीकृत गरेको छैन ।मन्त्रालयले आफ्नो कामको प्रकृति अनुसारको नर्म्स स्वीकृत गर्नु पर्दछ।

९. **वन पैदावार संकलन तथा बिक्री वितरण** - मन्त्रालय मातहतका कार्यालयबाट प्राप्त विवरण अनुसार यस वर्ष काठ, दाउरा लगायतको बिक्री परिमाण र सोबाट प्राप्त भएको आम्दानी विवरण निम्न रहेको छ ।

क्र.सं.	विवरण	इकाई	गत वर्षको मौज्दात समेत आम्दानी	बिक्री परिमाण	बाँकी परिमाण
१	काठ	घन फिट	३८८२४६३	२८१२०८८	१०७०३७५
२	दाउरा	चट्टा	७७११	४३४८	३३६३
३	गैर काष्ठ	के.जी.	१३६६१४०	१३४२१९४	२३९४६
४	खोटो	के.जी.	३५५२४६०	३२९५८८५	२५६५७५
५	नदिजन्य पदार्थ	घन फिट	१२७१६६३	५०८७२१	७६२९४२

उल्लिखित वनपैदावारको बिक्रीबाट प्राप्त भएको राजस्व असुली तथा दाखिलाको अभिलेख अद्यावधिक गर्नु पर्दछ।

९.१. मन्त्रालयले यो वर्ष व्यवस्थापन योग्य वन क्षेत्रलाई वन व्यवस्थापनका माध्यमबाट ५० हजार हेक्टर वन क्षेत्रमा सघन वन व्यवस्थापन गर्ने लक्ष्य लिएकोमा ६० हजार १८४ हेक्टर व्यवस्थापन गरेको प्रगति विवरण तयार गरेको छ । ४२ लाख १३ हजार २५९ घन फिट काठ र २८ हजार ५२० चट्टा दाउरा उत्पादन भएको उल्लेख छ । बजेट वक्तब्यको प्रगति विवरण र मन्त्रालयले संकलन गरेको विवरणमा काठ उत्पादनमा ५ लाख ९० हजार ८५९ घन फिट र दाउरा उत्पादनमा २१ हजार ५५५ चट्टा फरक परेको छ । मन्त्रालयले तथ्यांक फरक परेको सम्बन्धमा यकिन गर्नुपर्दछ।

१०. **विरुवा उत्पादन र वितरण** - डिभिजन वन कार्यालयहरूले उत्पादन गरी वितरण गरेको बिरुवा सदुपयोग हुने गरी वृक्षारोपण तथा हुर्काउने कार्य गर्नुपर्दछ । प्रदेश भरी एक वर्षीय १४ लाख र वहुवर्षीय विरुवा समेत जम्मा २० लाख ६५ हजार विरूवा उत्पादन भई वितरण भएको मन्त्रालयको वार्षिक प्रगति प्रतिवेदनबाट देखिन्छ ।वृक्षारोपण कार्यक्रमको अवस्थाको अनुगमन हुनुपर्दछ ।

११. **वन अतिक्रमण** - प्रदेश वन ऐन, २०७६ को दफा ४९ (ग) मा वन क्षेत्रको जग्गा फाँड्न, जोत्न, खन्न वा आवाद गर्न वा त्यस्तो जग्गामा घर, छाप्रो बनाउने कार्य गरेमा कारबाही हुने व्यवस्था छ । यसै गरी वन अतिक्रमण नियन्त्रण नीति, २०६८ मा तोकिएको कार्यविधि अपनाई कार्यालयले वनको अतिक्रमण हुन नदिने र अतिक्रमण हटाउनु पर्ने तथा अतिक्रमण क्षेत्रमा वृक्षारोपण गर्नुपर्ने उल्लेख छ। कानुन तथा नीति अनुसार वन अतिक्रमण नियन्त्रण गरी वनको संरक्षण गर्नुपर्दछ।

१२. **वन मुद्धा फर्स्यौंट** - प्रदेश वन ऐन, २०७६ को दफा ६७(१) मा दुईलाख रुपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुने मुद्धा नेपाल सरकारको डिभिजन वन अधिकृतले विशेष अदालत ऐन, २०५९ बमोजिम कारबाही र किनारा गर्ने व्यवस्था रहेको छ । यो वर्ष डिभिजन वन कार्यालयमा ५ र जिल्ला अदालतमा ५३ समेत ५८ मुद्धा दायर भएकोमा ४ वटा मुद्धा फर्स्यौंट भएको देखिन्छ। त्यस्तै राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐनबाट कारवाही हुने मुद्धा तर्फ २०७९।८० भन्दा अगाडि १० मुद्धा दायर रहेकोमा १ फर्स्यौंट भएको र २०७९।८० मा २ मुद्धा दायर भएको छ ।

१३. **वन डढेलो नियन्त्रण** - मन्त्रालयबाट प्राप्त भएको यस वर्षको प्रगति प्रतिवेदन अनुसार मन्त्रालय अन्तर्गतका १४ मध्ये १७५ किलोमिटर अग्नी रेखा सरसफाई तथा मर्मत सम्भार भएको, वन डढेलो घटना १ हजार ४३ पटक भएको, ४५ हजार ३३० हेक्टर वन क्षेत्र डढेलोबाट प्रभावित भएको, २

हजार ४ सय २७ घन फिट काठ तथा ६.७५ दाउरा चट्टा डढेलोबाट क्षति भएको छ । वन डढेलो व्यवस्थापन तथा नियन्त्रणको लागि आवश्यक प्रविधि तथा क्षमता कार्यालयस्तर र उपभोक्ता स्तरमा बढाई वन डढेलोको व्यवस्थापन हुनुपर्दछ ।

१४. **सामुदायिक वन व्यवस्थापन -** मन्त्रालयबाट प्राप्त भएको यस वर्षको प्रगति प्रतिवेदन अनुसार मन्त्रालय अन्तर्गतका १४ मध्ये १० डिभिजन वन कार्यालयले वन सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन अन्तर्गत ४९ हजार २५२ हेक्टर जग्गाको ३१४ सामुदायिक वन व्यवस्थापन भएको छ । उक्त सामुदायिक वनमा १ लाख ८ हजार ६१६ घरधुरी आबद्ध रहेको छ । वन सम्बर्द्धन प्रणालीमा आधारित रहि सामुदायिक वन विकास कार्यलाई पारदर्शि, विपन्नमुखी, समावेशी र सहभागितामूलक बनाई दिगो व्यवस्थापन गर्नुपर्दछ ।

१५. **प्रगति मूल्याङ्कन** - लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २० मा बजेट तथा कार्यक्रमको कार्यान्वयन अवस्थाको मूल्याङ्कन गरी अर्धवार्षिक र वार्षिक रुपमा सार्वजनिक गर्ने व्यवस्था रहेको छ ।यस वर्षको वार्षिक विकास कार्यक्रम अनुसार मन्त्रालय र मातहतका कार्यालयका लागि १ हजार १७० क्रियाकलापको लागि रू.२ अर्ब ४ करोड ९ लाख ९३ हजार बजेट विनियोजन भएकोमा रू.१ अर्ब ५३ करोड ६३ लाख २७ हजार खर्च भएको छ । मन्त्रालयको स्वीकृत कार्यक्रममा समावेश भएका क्रियाकलापहरूको भौतिक र वित्तीय प्रगती खुल्ने गरी एकीकृत प्रगति विवरण तयार नगरेकोले क्रियाकलापगत विश्लेषण गर्न सकिएन । स्वीकृत कार्यक्रम अनुसारको प्रगति विवरण तयार गरी सार्वजनिक हुनुपर्दछ ।

१५.१. मन्त्रालयले जडिवुटी विकास कार्यक्रम संघ सशर्त अनुदानमा रू.१ करोड र नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम संघ सशर्त अनुदानमा रू.६ लाख बजेट स्वीकृत भएकोमा खर्च गरेको छैन ।सोको अतिरिक्त मन्त्रालयले विभिन्न कार्यक्रमको लागि विनियोजित रू.२५ करोड ४१ लाख २४ हजार रकमको कार्यक्रम सञ्चालन नगरी बजेट निस्कृय रहेको छ । विनियोजित बजेटको स्वीकृत कार्यक्रम र कार्य योजना अनुसार खर्च गरी उपलब्धी हासिल गर्नु पर्दछ ।

१५.२. न्युन प्रगति मध्ये वन क्षेत्र भित्रका खोल्सा खोल्सी व्यवस्थापन कार्यक्रममा ५९.८ , नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रममा ३८.७ प्रतिशत प्रगति देखिन्छ । समृद्धिका लागि वन कार्यक्रम तर्फ रू.२५ करोड ३२ लाख बजेट विनियोजन भएकोमा रू.३ करोड ३२ लाख मात्र खर्च भई १३.१ प्रतिशत वित्तीय प्रगति भएको देखिन्छ । तोकिएको कार्यक्रमहरू सञ्चालन नहुँदा नीति तथा कार्यक्रम कार्यान्वयनमा प्रभाव परेको छ । अतः वार्षिक स्वीकृत कार्यक्रम बमोजिम कार्य सञ्चालन गरी तोकिएको लक्ष्य हासिल गर्नुपर्दछ ।

१६. **समृद्धिका लागि वन-** मन्त्रालयलाई संघ सशर्त कार्यक्रम अन्तर्गत रू.२५ करोड ३२ लाख बजेट प्राप्त गरेकोमा रू.३ करोड ३२ लाख ४२ हजार मात्र खर्च अर्थात् १३.१ प्रतिशत प्रगति भई अधिकांश कार्यक्रमहरू सञ्चालन भएको देखिएन । कार्यक्रम अन्तर्गत विभिन्न कार्ययोजना, निर्देशिका तथा कार्यविधि तयार गर्नुपर्नेमा तयार गरेको देखिएन । तालिमका कार्यक्रमहरू तोकिएअनुसार केही मात्र सञ्चालन भएको, वन व्यवस्थापन सम्बन्धी कार्ययोजना तयारी तथा पुनरावलोकन केही मात्र भएको, सम्बर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापनका अधिकांश कार्यक्रमहरू भएको छैन। कार्यक्रम अन्तर्गत खरिद, प्राविधिक, वातावरण सुरक्षा र सामाजिक तथा लैङ्गिक सुरक्षा विज्ञहरू परामर्शदातामा

नियुक्त गरेकोमा समेत बजेट तथा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन भएको छैन । बजेट तथा कार्यक्रम कार्यान्वयन गरी तोकिएको उपलब्धी प्राप्त गर्नुपर्दछ।

१७. **वन उद्यम कार्यक्रम अनुदान -** लुम्बिनी प्रदेश सरकार अनुदान व्यवस्थापन एकीकृत मार्गदशन, २०७६ को दफा १४(१) अनुसार अनुदान रकमबाट सञ्चालन हुने कार्यक्रम पारदर्शी र प्रभावकारी भए नभएको सम्बन्धमा मन्त्रालय वा निकायले द्वैमासिक रुपमा अनुगमन गर्नु पर्ने व्यवस्था छ । निजी उद्यमको हकमा कुल लागतको ५० प्रतिशत र सहकारी समुदायिक वा अन्य साझेदारीको हकमा ७५ प्रतिशत अनुदान दिन सक्ने र यसरी कार्य सम्पन्न पश्चात उद्यमको नाम ठेगाना उद्यमको प्रकार, मेशिनमा मन्त्रालयबाट भएको योगदान प्रतिशत उल्लेख गर्नुपर्ने, उत्पादित वस्तु सहितको फोटो, उत्पादन हुने सेवा कुल लागत अनुदान तथा उद्यमीको अंश रोजगारीको अवस्था सम्बन्धि विवरण समेटी प्रगति प्रतिवेदन पेस गर्नु पर्ने उल्लेख छ। मन्त्रालयले स्वीकृत बार्षिक कार्यक्रम अनुसार यस वर्ष ९ वन समूह तथा संस्थालाई रू.५७ लाख ८५ हजार अनुदान उपलब्ध गराएको छ। उक्त अनुदानको अनुगमन हुनुपर्दछ ।

१८. **गुणस्तर प्रवर्द्धन प्रविधि -** मन्त्रालयले वन उद्यम र पर्यापर्यटन कार्यक्रम अन्तर्गत नरम प्रजाति विशेष काष्ठजन्य वन पैदावरको गुणस्तर प्रवर्द्धन प्रविधि भित्राउने उद्यम विकास सहयोग कार्यक्रमका लागि रू.६५ लाख बजेट विनियोजन गरेकोमा एक निजी नाफामूलक संस्थालाई ५० प्रतिशत अनुदान व्यहोर्ने गरी रू.६२ लाख अनुदान दिएको छ । मन्त्रालयले नरम प्रजातिका काठहरूलाई विशेष प्रकारले प्रशोधन गरि काष्ठजन्य सामाग्रीहरूको आयातलाई निरुत्साहित गर्न र खेर गईरहेको नरम प्रजातिका काष्ठजन्य वन पैदावारको प्रशोधन गरी गुणस्तर प्रवर्द्धन गर्ने प्रविधि भित्र्याउन आवश्यक मेसिन, उपकरण खरिद तथा स्थापना गर्न कार्यविधि स्वीकृत नगरी १५ दिने म्याद दिई प्रस्ताव माग गरेको छ । माग अनुसार एक मात्र प्रस्तावदातालाई उड ट्रिटमेन्ट, उड सिजनिंग तथा केमिकल ट्रिटमेन्ट खरिद तथा व्यवस्थापनमा लगानी गर्न ५० प्रतिशत अनुदान दिने सम्झौता गरी रू.६२ लाख अनुदान दिएको छ । सम्झौता अनुसार भएको कार्य प्रगतिको अनुगमन हुनुपर्दछ ।

डिभिजन वन कार्यालयहरू

१९. **रकम प्राप्ति -** डिभिजन वन कार्यालय, रोल्पा र ग्रामीण सडक संजाल सुधार आयोजना विच विरुवा उत्पादन खरिद तथा रोपण, विरुवाको हेरचाह रेखदेख तथा ५ वर्षसम्म हुर्काउने कार्यको लागि २ वर्ष भित्र रू.१ करोड ३२ लाख ९८ हजार उपलब्ध गराउने सम्झौता भएकोमा रू.९९ लाख ७८ हजार मात्र प्राप्त भएकोले बाँकी रू.३३ लाख २१ हजार प्राप्त गरी तोकिएको कार्यमा उपयोग गर्नु पर्दछ ।

२०. **लेखापरीक्षण -** प्रदेश वन ऐन, २०७८ र नियमावली ,२०७९ मा सामुदायिक वनको लेखापरीक्षण गर्नु पर्ने व्यवस्था छ । मन्त्रालयले डिभिजन कार्यालयहरूबाट सामुदायिक वनको लेखापरीक्षण गराएको सम्बन्धमा विवरण पेस गरेको छैन । डिभिजन वन कार्यालय, प्युठानमा ४४९ मध्ये २४३, बर्दियामा २८१ मध्ये ७४ र देउखुरीमा १४९ मध्ये यो वर्ष ११९ वटा सामुदायिक बन उपभोक्ता समितिले लेखापरीक्षण गराएको छैन । सामुदायिक वनको लेखापरीक्षण गराउनु पर्दछ । डिभिजन वन कार्यालयले सामुदायिक वनले लेखापरीक्षण गराए नगराएको सम्बन्धमा अनुगमन गर्नुपर्दछ ।

२१. **साझेदारी योगदान -** डिभिजन वन कार्यालय, रुपन्देहीमा लुम्बिनी साझेदारी वन व्यवस्थापनमा लुम्बिनी साझेदारी कार्यक्रमको लागि झाडी, लाप्रा पत्ल्याउने, अग्नीरेखा बनाउने, पोल तारबार र हेरालु विशेष

हेरालु काममा रू.४१ लाख ४७ हजारको काम गरेकोमा सो मध्ये रू.१७ लाख ४७ हजारको विरुवा खरिद गरी वितरण गरेको देखिएको छ । साझेदारी योगदान वेगर विरुवा वितरण गरी रोपणको अभिलेख पेस गरेको देखिएन । डिभिजन वन कार्यालय, रुपन्देहीमा साझेदारी वन व्यवस्थापन कार्यक्रम तर्फ दुई साझेदारी वनले कार्यक्रम सञ्चालन गर्दा रू.७९ लाख ९७ हजारमा रू.८ लाख साझेदारी योगदान गरेको छैन ।

२२. **बोलपत्र स्वीकृति** – सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम बोलपत्रदाताको योग्यता बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित मूल्याङ्कनका आधार अनुरुप भएको योग्यता नपाइएमा निजको बोलपत्र मूल्याङ्कनबाट हटाउनुपर्ने र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्र मात्र स्वीकृतीको लागि छनौट गर्नुपर्ने व्यवस्था छ । डिभिजन वन कार्यालय, रुकुम पूर्वमा सञ्चालन भएको उच्च पहाडी क्षेत्रमा ओखर विकास कार्यक्रममा कार्यालयले १६ हजार वटा ओखर कलमी बिरुवा खरिदका लागि सूचना प्रकाशन गरी बोलपत्र आव्हान गरेकोमा विभिन्न प्राविधिक स्पेशिफिकेसन थप गरी बोलपत्रदाताले कम्तिमा १ वर्षमा रू.४ लाख मूल्य बराबरका उच्च घनत्व भएका ओखरका बिरुवाहरू निकासी र आपूर्ति गरेको अनुभवको प्रमाण बोलपत्रदाताले पेस गर्नुपर्ने शर्त उल्लेख छ। बोलपत्र पेस गर्ने अन्तिम मितिसम्म २ वटा बोलपत्र पेस हुन आएकोमा बोलपत्र मूल्याङ्कन प्रतिवेदन अनुसार एक प्रा.लि.ले संस्था दर्ता, मू.अ.कर दर्ता र कर चुक्ता प्रमाणपत्र पेस नगरेको र अर्को एक निर्माण सेवाले अनुभवको पत्र पेस नगरेकोमा दुवै बोलपत्रदाताहरू सारभूत रुपमा प्रभावग्राही भएको भनी घटी कबोलवालाको बोलपत्र स्वीकृत गरी रू.७९ लाख २० हजार भुक्तानी गरेको छ । कानुनको पालना गरी बोलपत्रदाता छनौट हुनुपर्दछ ।

२३. **परीक्षण अनुसार रोपण** - डिभिजन वन कार्यालय, रुकुम पूर्वमा ओखरजोनको कार्यक्रम सञ्चालन भई हालसम्म ४० हजार बिरुवा वितरण भईसकेको र नयाँ कार्यक्रमको नतिजा प्रभावकारी नदेखिएको अवस्थामा कार्यालयले टर्कीबाट आयातित १६ हजार फेरर र फेर्नेट प्रजाती र जुम्लाबाट १ हजार ७ सय ६३ वटा दाँते ओखर समेत १७ हजार ७ सय ६३ बिरुवा खरिद गरी निशुल्क वितरण गरेको छ। एकै कार्यक्रम अलग अलग कार्यालयबाट सञ्चालन हुँदा कार्यक्रममा दोहोरोपना देखिएको छ । डिभिजन वन कार्यालयले गत वर्ष १० हजार ३०० र यस वर्षमा १७ हजार ७ सय ६३ वटा उन्नत जातिका ओखरका बिरुवा वितरण गरेकोमा कार्यालयको अनुगमन प्रतिवेदनबाट बिरुवाहरूको जीवित रहने दर ४० प्रतिशतभन्दा कम रहेको उल्लेख छ । बिरुवाको प्रजाती विस्तार कार्यक्रम सञ्चालन गर्नु अघि निश्चित क्षेत्रमा परीक्षणको रुपमा बिरुवा लगाई त्यसबाट प्राप्त नतिजाहरूको आधारमा विस्तार कार्यक्रम सञ्चालन गर्नुपर्नेमा सो नगरी एकै पटक विस्तार कार्यक्रम सञ्चालन गरेको कारण धेरै विरुवाहरू जीवित नरहेकोले अपेक्षित रुपमा कार्यक्रम सफल हुन सकेको छैन ।कार्यक्रम सञ्चालन गर्दा परीक्षणको रुपमा सञ्चालन गरी प्राप्त नतिजाको मूल्याङ्कन सहित उच्च प्रतिफल प्राप्त गर्ने गरी कार्यान्वयन गर्नुपर्दछ ।

२४. **कार्ययोजना निर्माण** - सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ मा उपभोक्ता समितिले पाएको काम आफैंले सम्पन्न गर्नुपर्ने व्यवस्था छ । डिभिजन वन कार्यालय कपिलवस्तुबाट एक सामुदायिक वन उपभोक्ता समितिको कार्ययोजना निर्माण गर्न समितिलाई पेश्की दिएकोमा समितिले आफैं नगरि एक संस्थासंग रू.१९ लाख ६८ हजारको सम्झौता गरेकोमा सम्झौता अवधिसम्म कार्ययोजनाको काम सम्पन्न नगरेको भएतापनि समितिलाई दिएको पेश्कि फर्स्यौंट गरि परामर्शदातालाई

भुक्तानी दिएको छ । परामर्शदाताले सम्झौता बमोजिमको कार्य सम्पन्न नगरेकोमा परामर्शदाताबाट पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरेको देखिएन ।

यसैगरी डिभिजन वन कार्यालय, कपिलवस्तुले तीन सामुदायिक वन उपभोक्ता समितिहरूको कार्ययोजना तयार गर्न रू.३२ लाख ९० हजार समितिहरूलाई पेश्की दिई समितिहरूले परामर्शदाताबाट काम गर्ने गरि समितिहरूले सम्झौता गरेको पाइयो । उक्त तीन परामर्शदाताहरूले सम्झौता अनुसार तोकिएको समयमा प्रतिबेदन तयार गरि पेस गरेको देखिएन । नियममा भएको प्रकृया पूरा गरि परामर्श सेवा खरिद गर्नुपर्दछ ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा जिम्मेवारी कार्यान्वय, घोषित नीति तथा कार्यक्रम कार्यान्वयन नभएको, रकमान्तर गरेको, वार्षिक विवरण तथा प्रतिवेदन तयार नगरेको लगायतका व्यहोरा औंल्याएकोमा यो वर्ष पनि सुधार भएको पाइएन। विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।
- **बेरुजु -** यो वर्ष मन्त्रालय र मातहतका २१ निकायको लेखापरीक्षणबाट रू.४ करोड ९२ लाख ३६ हजार बेरुजु देखिएकोमा फस्यौंट नगरेकोले बाँकी रहेको छ । सो मध्ये रू.३८ लाख ९ हजार पेश्की बेरुजु रहेको छ । यससम्बन्धी विवरण अनुसूची-९ मा छ ।

सामाजिक विकास मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमाली, २०७९ बमोजिम प्रदेश स्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्वन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन गर्ने, शैक्षिक परामर्श सेवा, प्रादेशिक शिक्षा, पुस्तक तथा पाठ्यपुस्तक, मानव संशाधन, प्राज्ञिक अनुसन्धान तथा व्यवस्थापन लगायत विषयको नीति, मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन गर्न यस मन्त्रालयको स्थापना भएको छ ।मन्त्रालय र मातहत सरकारी कार्यालय तथा संगठित संस्थासमेत १२ निकायबाट कार्य सम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतका ९ निकायको निम्नानुसारको रू.२ अर्ब ४४ करोड ३० लाख १० हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
२३३५८५७	६७४०९	१७७१२	२२०३२	२४४३०१०

उपरोक्त रकममा साविकको महिला, बालबालिका तथा जेष्ठ मन्त्रालय र मातहतको एक कार्यालयसमेतको रू.३१ करोड ५३ लाख ५० हजार समेत समावेश छ ।

२. **समिति र अन्य संस्था -** यो वर्ष ३ संगठित संस्था तथा समितिको रू.२२ करोड ७६ लाख ६९ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

३. **नीति तथा कार्यक्रम -** प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रममा वर्तमान शिक्षा प्रणालीलाई बजारको माग, उत्पादन र उद्यमसँग सम्बन्धित प्राविधिक तथा व्यावसायिक शिक्षामा रुपान्तरण गर्ने, अनुसन्धानमा आधारित गुणस्तरीय शिक्षाको विकास, विशिष्ट प्रतिभाहरूको संरक्षण, उत्पादनमूलक क्षेत्रमा नवप्रवर्तन प्रविधिको प्रयोग उदियमान प्रविधिको प्रयोगलाई प्रोत्साहन र नवप्रवर्तन लाई प्रवर्द्धन सहयोग, प्रदेशमा सीपको नक्साङ्कन तथा युवा स्वरोजगार कार्यक्रम, हिंसा प्रभावित महिलाहरूका लागि एकीकृत सेवासहितको पुनर्स्थापना केन्द्र निर्माण, प्रादेशिक लैङ्गिक समानता नीति जस्ता कार्यक्रम कार्यान्वयनमा आएका छैनन् । मन्त्रालयले वार्षिक नीति तथा कार्यक्रममा उल्लेखित विषयहरूलाई कार्यान्वयनमा ल्याउनुपर्दछ ।

४. **खर्च व्यवस्थापन -** प्रदेश विनियोजन ऐन, २०७९ अनुसार मन्त्रालय र मातहतका कार्यालयका लागि चालु तर्फ रू.२ अर्ब १४ करोड ९० लाख ९४ हजार तथा पुँजीगत तर्फ रू.६५ करोड २३ लाख ५० हजार गरी रू.२ अर्ब ८० करोड १४ लाख ४४ हजार बजेट विनियोजन भएकोमा रकमान्तरबाट क्रमशः रू.२ अर्ब ८ करोड १४ लाख ७० हजार तथा रू.७५ करोड ९ लाख ७४ हजार गरी रू.२ अर्ब ८३ करोड २४ लाख ४४ हजार बजेट कायम भएको छ । मन्त्रालय र मातहतका कार्यालयले चालु तर्फ रू.१ अर्ब ५३ करोड ५० लाख २५ हजार र पुँजीगत तर्फ रू.५० करोड १३ लाख ९३ हजार समेत रू.२ अर्ब ३ करोड ६४ लाख १८ हजार अर्थात् कायम बजेटको ७१.८९ प्रतिशत खर्च गरेको छन्। मन्त्रालय र मातहतका कार्यालयको खर्च गर्ने क्षमतामा अभिवृद्धि हुनुपर्दछ ।

५. **रकमान्तर** - लुम्बिनी प्रदेश विनियोजन ऐन, २०७९ को दफा ३ मा कुनै अनुदान संख्यामा बचत हुने र कुनै अनुदान संख्यामा अपुग हुने देखिन आएमा आर्थिक मामिला तथा सहकारी मन्त्रालयले बचत हुने अनुदान संख्याबाट अपुग हुने अनुदान संख्यामा दश प्रतिशतमा नबढ्ने गरी रकमान्तर गर्न सक्ने व्यवस्था छ। यो वर्ष मन्त्रालय र मातहत कार्यालयका लागि चालु तर्फ विनियोजित बजेट रू.२ अर्ब १४ करोड ९० लाख ९४ हजारमा ३.१४ प्रतिशत घटी र पुँजीगत तर्फ रू.६५ करोड २३ लाख ५० हजारमा १५.१२ प्रतिशत थप गरी रू.२ अर्ब ८३ करोड २४ लाख ४४ हजार बजेट कायम भएको छ । सुरू अनुमानको तुलनामा बजेट १.११ प्रतिशतले थप भएको छ । विनियोजन दक्षतामा सुधार गरी बजेट प्रस्तावलाई यर्थाथपरक बनाउनुपर्दछ ।

६. **बजेट वक्तव्यको कार्यान्वयन** - प्रदेश सरकारका अर्थ मन्त्रीले पेस गरेको २०७९।८० को बजेट वक्तव्यमा प्रदेश स्तरीय जेष्ठ नागरिक ग्राम निर्माण, विद्यार्थी लक्षित "एक विद्यार्थी एक सीप कार्यक्रम", विज्ञान प्रविधि तथा बहुप्राविधिक प्रतिष्ठान स्थापना, अवध बहुप्राविधिक शिक्षालय, थारुवान बहुप्राविधिक शिक्षालय र मगरात बहुप्राविधिक शिक्षालय तोकिएको ठाउँमा स्थापना गर्ने लगायतका कार्यक्रम समावेश छ । बजेटमा उल्लेख भएका यस्ता कार्यक्रमहरू कार्यान्वयनमा आएका छैनन् । मन्त्रालयले बजेट वक्तव्यमा समावेश भएका विषय लाई कार्य योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

७. **आवधिक योजना** - प्रदेश सरकारको आवधिक योजना (२०६७।७७-२०८०।८१) मा निजी स्तरमा सञ्चालित शिक्षण संस्थाहरूको नियमन गर्दै सामाजिक उत्तरदायित्व अभिवृद्धि गर्न निजी स्तरमा सञ्चालित विद्यालय, शैक्षिक तथा परामर्श प्रदायक संस्था सञ्चालनको मापदण्ड बनाई नियमन गरिने, विद्यालयको व्यवस्थापनमा अभिभावक तथा समुदायको सहभागिता बढाइने तथा संस्थागत विद्यालयले दिनुपर्ने छात्रवृत्ति जस्ता सुविधाहरूलाई पारदर्शी गराइने जस्ता विषय उल्लेख छ । मन्त्रालयले यस्ता विषयलाई नीति, कार्यक्रम तथा बजेटमा समावेश गरी कार्यान्वयनमा ल्याएको छैन । मन्त्रालयले नीति, कार्यक्रम तथा बजेट तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

८. **जिम्मेवारी तथा जवाफदेहिता** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ अनुसार मन्त्रालयलाई तोकिएका कार्य जिम्मेवारी पुरा गर्न यस वर्षको विनियोजित बजेटको ७१.८९ प्रतिशत खर्च भएपनि प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा, शैक्षिक परामर्श सेवा, प्रदेशस्तरमा पुस्तकालय, अभिलेखालय, प्रादेशिक शिक्षा, प्राविधिक तथा व्यवसायिक तालिम र छात्रबृत्ति सम्बन्धी नीति तथा कानुन तर्जुमा भएको पाइएन । त्यसै गरी युवा सम्बन्धी प्रादेशिक नीति, पारिवारिक मामिला सम्बन्धी नीति, महिला अधिकार, लैङ्गिक हिंसा, मानव बेचविखन तथा ओसार पसार नियन्त्रण, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र बालबालिकाको हकहित संरक्षण तथा खेलकुद सम्बन्धी प्रादेशिक नीति, मापदण्ड निर्धारण सम्बन्धी कानुन तर्जुमा भएको देखिएन । मन्त्रालयलाई तोकिएका जिम्मेवारीको पालना हुनुपर्दछ ।

९. **प्रगति मूल्याङ्कन** - लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २० मा बजेट तथा कार्यक्रमको कार्यान्वयन अवस्थाको मूल्याङ्कन गरी अर्धवार्षिक र वार्षिक रुपमा सार्वजनिक गर्ने व्यवस्था रहेको छ ।यस वर्षको वार्षिक विकास कार्यक्रम अनुसार मन्त्रालय र मातहतका कार्यालयका लागि १ हजार १०४ क्रियाकलापको लागि रू.७५ करोड ९ लाख ७४ हजार बजेट विनियोजन भएकोमा रू.५० करोड १३ लाख ९३ हजार (६६.७७ प्रतिशत) खर्च भएको छ ।मन्त्रालयको

स्वीकृत कार्यक्रममा समावेश भएका क्रियाकलापहरूको भौतिक र वित्तीय प्रगति खुल्ने गरी एकीकृत प्रगति विवरण तयार नगरेकोले क्रियाकलापगत विश्लेषण गर्न सकिएन । स्वीकृत कार्यक्रम अनुसारको प्रगति विवरण तयार गरी सार्वजनिक हुनुपर्दछ ।

मन्त्रालयले यस वर्ष बाल अधिकार तथा सामाजिक न्याय कार्यक्रमका लागि रू.१३ करोड ७ लाख, लैंगिक सशक्तिकरण तथा मूलप्रवाहीकरण कार्यक्रमका लागि रू.४ करोड ९४ लाख एवं युवा तथा खेलकुद कार्यक्रममा रू.३० करोड १० लाख बजेट विनियोजन भएकोमा क्रमश: रू.१ करोड ९४ लाख ७४ हजार, रू.१ करोड २६ लाख ९६ हजार एवं १३ करोड ५४ लाख ५० हजार खर्च भएको छ । मन्त्रालयले लक्ष्य अनुसार कार्यसम्पादन गर्न सकेको छैन ।

१०. **कार्यक्षेत्रको पालना -** नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले कार्यान्वयन गर्ने कार्यक्रमलाई व्यवस्थित गर्न नेपाल सरकारले सङ्घ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँट सम्बन्धी मापदण्ड, २०७६ लागू गरेको छ। मन्त्रालयले प्रदेश सरकारको सीमाभित्र पर्ने आयोजना वा कार्यक्रमको लागि मात्र बजेट विनियोजन गर्नु पर्नेमा स्थानीय तहको अधिकार क्षेत्रभित्र परेका विद्यालय शिक्षासंग सम्बन्धित कार्यहरू, बाल विकास कार्यक्रम, विशेष प्रकृतिका छात्रवृत्ति रू.५ लाख माथिका विद्यालय भवन निर्माण लगायतका आयोजना वा कार्यक्रममा बजेट विनियोजन गरी कार्यान्वयन गरेको देखिएकाले यसमा नियन्त्रण हुनुपर्दछ।

११. **परामर्श सेवा -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा कुनै व्यक्ति फर्म संस्था वा कम्पनीबाट परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सम्बन्धित मन्त्रालयले परामर्श सेवाको लागत अनुमान सम्बन्धी नर्म्स तयार गरेको भए त्यस्तो नर्म्स एवम् सम्बन्धित परामर्श सेवाको कार्य क्षेत्रगत शर्तका आधारमा परामर्श सेवाको लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ। मन्त्रालयले मन्त्रालय र मातहतका कार्यालयले परामर्श सेवाको लागत अनुमान तयार गर्ने नर्म्स स्वीकृत गरेको छैन । मन्त्रालयले आफ्नो कामको प्रकृति अनुसारको नर्म्स स्वीकृत गर्नु पर्दछ।

१२. **अन्तर सरकारी अख्तियारी -** लुम्बिनी प्रदेश विनियोजन ऐन, २०७९ को दफा ५ मा प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको पूँजीगत तर्फको कुनै आयोजना वा कार्यक्रम नेपाल सरकारका निकाय मार्फत कार्यान्वयन गर्नु पर्ने भएमा प्रदेश सरकारको सम्बन्धित निकायले आर्थिक मामिला तथा सहकारी मन्त्रालयको सहमतिमा संघीय विनियोजन ऐन बमोजिम नेपाल सरकारको सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृति लिई नेपाल सरकारका निकाय मार्फत कार्यान्वयन गर्ने गरी निर्णय गर्न सक्ने व्यवस्था छ। मन्त्रालयले विभिन्न ११ प्राविधिक शिक्षालयहरूलाई रू.८१ करोड ८ लाख खर्च गरेकोमा ऐन बमोजिम स्वीकृती लिएको देखिएन ।

सामाजिक विकास डिभिजन कार्यालयहरू

१३. **अधुरो निर्माण भवन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ मा खरिद सम्झौता कार्यान्वयन सम्बन्धी व्यवस्था छ । सामाजिक विकास डिभिजन कार्यालय रुपन्देही ले ४ भवनको लागि रू.४६ लाख ७७ हजार र दाङ्गले २ भवनको लागि रू.३५ लाख ६७ हजार गरी रू.८२ लाख ४४ हजार खर्च गरेकोमा निर्माणाधिन भवन अधुरो रहेको र २०८०।८१ मा ति भवन निर्माणको

लागि बजेट विनियोजन नभएकोले निर्माणाधिन संरचनाहरू अधुरो तथा प्रयोगविहिन हुने अवस्था छ । निर्माण सुरूभएका निर्माण कार्य सम्पन्न हुनुपर्दछ ।

१४. **कार्यक्रम अनकुलता** - युवा शिक्षा विज्ञान तथा खेलकुद सम्बन्धी कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७९।०८० को नियम ३ मा कार्यक्रमको रुपरेखा तथा अवधारणा र नतिजामूलक अवधारणा अनुरुप शैक्षिक विकास तथा प्राविधिक शिक्षा कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ । सामाजिक विकास कार्यालय रुपन्देहीले यस कार्यक्रमका लागि रू.४ करोड २ लाख बजेट विनियोजन गरी रू.३ करोड ८१ लाख ७६ हजार खर्च गरी सामूदायिक भवन, बालबालिका उद्यमशिल, आमा समूह, धार्मिक जागरण समूह,स्मृती भवनको योजना राखी खर्च गरेको छ । अवधारणा अनुरुप कार्यक्रम छनौंट नभएकाले मार्गदर्शन बमोजिम कार्य हुनुपर्दछ ।

१५. **विद्यालय भवन निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार सार्वजनिक निकायले स्वीकृत डिजाइन अनुसार कार्य गर्नुपर्ने व्यवस्था रहेको छ । सामाजिक विकास कार्यालय, बाँकेले नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधी मन्त्रालय, केन्द्रिय आयोजना कार्यान्वयन ईकाई काठमाण्डौले ४ कोठे विद्यालयको लागि तोकेको स्वीकृत डिजाइन अनुसारको मापदण्ड नपुग्ने भनी स्वीकृत डिजाइन भन्दा फरक हुने गरी गाँउपालिकाले तयार गरेको विस्तृत आयोजना प्रतिवेदन अनुसार एक आधारभुत विद्यालयको ४ कोठे भवन निर्माण बापत रू.१४ लाख भुक्तानी गरी कार्यविधि विपरीतको भवनमा खर्च गरेको छ ।

साविक महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

१६. **नीति तथा कार्यक्रम कार्यान्वयन** - प्रदेश प्रमुखद्धारा प्रस्तुत लुम्बिनी प्रदेश सरकारको २०७९।८० को नीति तथा कार्यक्रममा घोषणा भएका मध्ये ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूको संरक्षणका लागि ज्येष्ठ नागरिक ग्राम र अपाङ्गता नागरिक ग्रामको निर्माण कार्य प्रारम्भ गर्ने, लैङ्गिक तथा घरेलु हिंसा, मानव बेचबिखन पीडित एवं विपद् लगायत अन्य जोखिममा परेका महिलाहरूको तत्काल संरक्षण र सुरक्षाका लागि स्थानीय तहमा सुरक्षित आवास गृह निर्माण एवं सञ्चालन गर्न सहयोग र समन्वय गर्ने, विभिन्न जातजातिको भेष-भूषा तथा संस्कृतिको संरक्षण तथा विकासका लागि "एक जिल्लाः एक सांस्कृतिक ग्राम" निर्माण गर्ने, प्रादेशिक भाषा, साहित्य तथा कला प्रतिष्ठानको स्थापना र सञ्चालन गर्ने, रोल्पाको तिला जनयुद्ध संग्रहालय र पूर्वी रुकुमको चुनवाङ शान्ति संग्रहालयको स्तरोन्नति गर्ने लगायतका कार्यक्रमहरू कार्यान्वयन भएका छैनन् । घोषित नीति तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

१७. **खर्च व्यवस्थापन** - प्रदेश विनियोजन ऐन, २०७९ अनुसार मन्त्रालय र माताहतका कार्यालयका लागि चालु तर्फ रू.१८ करोड ४७ लाख ६२ हजार तथा पुँजीगत तर्फ रू.४० करोड ७२ लाख गरी रू.५९ करोड १९ लाख ६२ हजार बजेट विनियोजन भएकोमा रकमान्तरबाट क्रमशः रू.१६ करोड २४ लाख २० हजार तथा रू.४३ करोड ८४ लाख १६ हजार गरी रू.६० करोड ८ लाख ३६ हजार बजेट कायम भएको छ । मन्त्रालय र मातहतका कार्यालयले चालु तर्फ रू.६ करोड ४४ लाख ५८ हजार र पुँजीगत तर्फ रू.२३ करोड ४९ लाख ८१ हजार समेत रू.२९ करोड ९४ लाख ३९ हजार अर्थात् कायम बजेटको ४९.८४ प्रतिशत खर्च गरेको छन्। मन्त्रालय र मातहतका कार्यालयको खर्च गर्ने क्षमतामा अभिवृद्धि हुनुपर्दछ ।

१८. **रकमान्तर** - लुम्बिनी प्रदेश विनियोजन ऐन, २०७९ को दफा ३ मा कुनै अनुदान संख्यामा बचत हुने र कुनै अनुदान संख्यामा अपुग हुने देखिन आएमा आर्थिक मामिला तथा सहकारी मन्त्रालयले बचत हुने अनुदान संख्याबाट अपुग हुने अनुदान संख्यामा दश प्रतिशतमा नबढ्ने गरी रकमान्तर गर्न सक्ने व्यवस्था छ। यो वर्ष मन्त्रालय र मातहत कार्यालयका लागि चालु तर्फ विनियोजित बजेट रू.१८ करोड ४७ लाख ६२ हजारमा १२.०९ प्रतिशत घटाएको र पुँजीगत तर्फ रू.४० करोड ७२ लाखमा ७.६६ प्रतिशत थप गरी रू.६० करोड ८ लाख ३६ हजार बजेट कायम भएको छ । सुरू अनुमानको तुलनामा १.४९ प्रतिशतले थप भएको छ । विनियोजन दक्षतामा सुधार गरी बजेट प्रस्तावलाई यर्थाथपरक बनाउनुपर्दछ ।

१९. **आवधिक योजना** - प्रदेशको प्रथम आवधिक योजना (२०७६।७७ देखि २०८०।८१) मा उल्लेखित कार्यक्रमहरू मध्ये मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित कार्यनीतिमध्ये ज्येष्ठ नागरिकको लागि प्रत्येक पालिकामा कम्तीमा एउटा ज्येष्ठ नागरिक सेवा केन्द्र सञ्चालन गर्ने, महिला सशक्तिकरणतर्फ १२ वर्षभन्दा बढी समय पति बेपत्ता भएको खण्डमा निजलाई एकल महिला सरहको सुविधा उपलब्ध गराउने, स्थानीय तहको सहकार्यमा सबै गाउँपालिका तथा नगरपालिकामा अल्पकालीन आश्रयस्थल स्थापना गरी व्यवस्थित गर्ने, प्रदेशस्तरमा बाल सुधार गृहहरूको स्थापना गरी सञ्चालन गर्ने र प्रदेशलाई बालश्रम र बालविवाह मुक्त घोषणा गर्ने, प्रदेशमा रहेका विश्वविद्यालयहरू मार्फत भाषा संस्कृति सम्बन्धी अनुसन्धान गर्ने व्यवस्था गर्ने, साहित्यिक एवम् कला पुरस्कारको स्थापना गर्ने लगायतका कार्यक्रमहरू कार्यान्वयन भएका छैनन् ।

सम्पदा संरक्षणका लागि आवश्यक कानूनी तथा संस्थागत संरचनाको व्यवस्था गर्ने, सम्पदा संरक्षणमा कार्य गरिरहेका संघसंस्था र स्थानीय तहसंग सहकार्य गरी सम्पूर्ण प्राकृतिक, ऐतिहासिक एवम् सांस्कृतिक सम्पदाहरूको पहिचान, अभिलेखाकंन, पुनःनिर्माण तथा संरक्षण गर्ने लगायतका कार्यक्रमहरू बजेट तथा कार्यक्रमा समावेश गरी कार्यान्वयन भएका छैनन । आवधिक योजनाको कार्यनीति अनुसार कार्यसम्पादन गरी योजनाको लक्ष्य हाँसिल गर्नुपर्दछ ।

२०. **बजेट वक्तव्यको कार्यान्वयन** - मन्त्रालयले प्रदेश सरकारको २०७९।८० को नीति तथा कार्यक्रममा मानव बेचबिखन प्रभावित तथा हिंसा पिडितहरूको राहत तथा पुनर्स्थापना सेवाको लागि पुनर्स्थापना केन्द्र तथा सुरक्षित आवास गृह सञ्चालनमा सहयोग गर्ने तथा लैङ्गिक हिंसा र मानव बेचबिखन तथा ओसार पसार प्रभावितका लागि दाङ्गको घोराहीमा पुनर्स्थापना केन्द्र निर्माण गर्ने, महिला उद्यमीहरूलाई प्रोत्साहित गर्न प्रदेशका १२ जिल्लाका २४ जना उत्कृष्ट महिला उद्यमीलाई महिला उद्यमी पुरस्कारबाट पुरस्कृत गर्ने, आपतकालीन बाल उद्धार तथा संरक्षण र महिला श्रमिक तथा कर्मचारीहरूका बालबालिकाका लागि दिवा शिशु स्याहार केन्द्र सञ्चालन गर्ने तथा कपिलवस्तुमा सहारा विहिन बालबालिकाको संरक्षण एवम् विकास गर्न प्रदेशस्तरीय आवासीय बाल ग्राम निर्माण गर्ने, ज्येष्ठ नागरिकहरूको दिवा मिलन केन्द्रको रुपमा "बाजे-बज्यै चौतारी" स्थापना र सञ्चालनका गर्ने तथा रुपन्देहीको सैनामैनामा प्रदेशस्तरीय ज्येष्ठ नागरिक ग्राम निर्माण गर्ने कार्य कार्यान्वयन हुन सकेको छैन । प्रदेश सरकारको बजेट तथा कार्यक्रममा समावेश भई बजेट विनियोजन भएका कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ ।

२१. **जिम्मेवारी तथा जवाफदेहिता** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ मा तोकिएका जिम्मेवारी मन्त्रालयले कार्यान्वयन गर्नुपर्दछ। मन्त्रालयले गर्नुपर्ने कामहरू मध्ये प्रदेशभित्र न्यायिक र

अर्ध न्यायिक निकायले गरेका फैसला, कार्यान्वयन, अपराध तथा यातना पीडितको पुनर्स्थापना र क्षतिपूर्ति, पारिवारिक मामिला, सत्यनिरूपण तथा मेलमिलाप र बेपत्ता पारिएका व्यक्ति सम्बन्धी तथा सूचनाको हक सम्बन्धी प्रादेशिक नीति तर्जुमा, लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी नीति तथा कार्ययोजना तर्जुमा, महिला सशक्तिकरण तथा लैङ्गिक समानता, बाल-बालिकाको हकहित संरक्षण सम्बन्धी नीति, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्त, बाल-बालिका र महिला सम्बन्धी कार्यहरूको अनुगमन तथा मूल्याङ्कन, समाजकल्याण र प्रदेशस्तरमा संग्रहालय सम्बन्धी नीति, सांस्कृतिक विकास सम्बन्धी नीति तर्जुमा लगायतका कार्य गरेको छैन । कार्य विभाजन नियमावलीले तोकेको जिम्मेवारी पुरा गर्नुपर्दछ ।

२२. **अनुदान उपयोगको अनुगमन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४० मा कुनै सङ्घ वा संस्थालाई दिएको अनुदान रकम जुन कामको लागि दिइएको हो सो काममा लक्ष्य अनुसार खर्च गरे वा नगरेको र त्यस्तो रकमको कानुन बमोजिम लेखापरीक्षण भए वा नभएको अनुगमन गरी वार्षिक विवरण तयार गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले यो वर्ष रू.२ करोड १४ लाख ७९ हजार अनुदान खर्च लेखेकोमा अनुदान रकम दिइएको प्रयोजनमा खर्च गरी तोकिएको उपलब्धि हासिल भएको तथा अनुदान रकम खर्च नभएको अवस्थामा प्रदेश सञ्चित कोषमा फिर्ता गरेको एवम् अनुदान रकम खर्च गर्दा सार्वजनिक खरिद कानुन बमोजिमको कार्यविधि पूरा गरी खरिद गरेको व्यहोरा खुल्ने गरी अनुगमन प्रतिवेदन तयार गर्नुपर्दछ ।

२३. **कार्यक्षेत्रको पालना -** नेपाल सरकार प्रदेश सरकार तथा स्थानीय तहले कार्यान्वयन गर्ने कार्यक्रमलाई व्यवस्थित गर्न नेपाल सरकारले संघ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँट सम्बन्धी मापदण्ड, २०७६ लागू गरेको छ। मन्त्रालयले प्रदेश सरकारको सीमाभित्र पर्ने आयोजना वा कार्यक्रमको लागि मात्र बजेट विनियोजन गर्नुपर्नेमा स्थानीय तहको अधिकार क्षेत्रभित्र परेका कार्यक्रममा शिवालय मर्मत, गुम्बा मर्मत, मन्दिर मर्मत, विभिन्न भवन मर्मत, घेरापर्खाल निर्माण जस्ता रू.५ लाख देखि १० लाख सम्मका साना बजेट विनियोजन गरी कार्यान्वयन गरेको देखिएकाले यसमा नियन्त्रण हुनुपर्दछ।

२४. **प्रगति मूल्याङ्कन -** लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २० मा बजेट तथा कार्यक्रमको कार्यान्वयन अवस्थाको मूल्याङ्कन गरी अर्धवार्षिक र वार्षिक रुपमा सार्वजनिक गर्ने व्यवस्था रहेको छ ।यस वर्षको वार्षिक विकास कार्यक्रम अनुसार मन्त्रालय र मातहतका कार्यालयका ४८५ क्रियाकलापको लागि रू.६० करोड ८ लाख ३६ हजार बजेट विनियोजन भएकोमा रू.२९ करोड ९४ लाख ३९ हजार खर्च भएको छ। मन्त्रालयको स्वीकृत कार्यक्रममा समावेश भएका क्रियाकलापहरूको भौतिक र वित्तीय प्रगति खुल्ने गरी एकीकृत प्रगति विवरण तयार नगरेकोले क्रियाकलापगत विश्लेषण गर्न सकिएन । स्वीकृत कार्यक्रम अनुसारको प्रगति विवरण तयार गरी सार्वजनिक हुनुपर्दछ ।

२५. **परामर्श सेवा -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा कुनै व्यक्ति फर्म संस्था वा कम्पनीबाट परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सम्बन्धित मन्त्रालयले परामर्श सेवाको लागत अनुमान सम्बन्धी नर्म्स तयार गरेको भए त्यस्तो नर्म्स एवम् सम्बन्धित परामर्श सेवाको कार्य क्षेत्रगत शर्तका आधारमा परामर्श सेवाको लागत अनुमान तयार गर्नु

पर्ने व्यवस्था छ। मन्त्रालयले मन्त्रालय र मातहतका कार्यालयले परामर्श सेवाको लागत अनुमान तयार गर्ने नर्म्स स्वीकृत गरेको छैन । मन्त्रालयले आफ्नो कामको प्रकृति अनुसारको नर्म्स स्वीकृत गर्नुपर्दछ।

२६. **लेखापरीक्षण -** लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३३ बमोजिम प्रत्येक कार्यालयले सबै प्रकारका आय व्यय तथा कारोवारको तोकिए बमोजिमको लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयवाट लेखापरीक्षण गराउनुपर्ने व्यवस्था रहेको छ। विकास समिति ऐन अन्तर्गत गठन भएका तिला जनयुद्ध संग्रहालय, चुन्वाङ्ग शान्ति संग्रहालयले लेखापरीक्षण गराएको छैनन् । ऐनको व्यवस्था बमोजिम लेखापरीक्षण हुनुपर्दछ

२७. **गत वर्षको भुक्तानी -** मन्त्रालयले विनियोजित बजेटलाई पूँजी निर्माणमा सहयोग पुग्ने, रोजगारी सिर्जना गरी जनताको जीवनस्तर अभिवृद्धिमा सघाउ पुग्ने तथा पुरातत्त्व विभागको मापदण्ड र स्थानीय तहले सम्पादन गर्ने कार्यक्रमसंग समन्वय गरी मन्दिर, गुम्वा मस्जिद लगाएका निर्माण कार्य गर्नुपर्नेमा सो विपरीत ६७ उपभोक्ता समूहलाई निर्माण कार्य वापत रू.३ करोड ७५ लाख ९१ हजार गत आर्थिक वर्षको भुक्तानी दिन बाँकी आधारमा खर्च भएको छ । जसमध्ये भाषा तथा संस्कृति कार्यक्रममा रू.२ करोड ५३ लाख ५३ हजार भुक्तानी गर्दा कार्यहरूको लागि योजना छनौटको आधार नै नभएको तथा मन्दिर, गुम्बा, मदरसा, गोत्र विशेषका मन्दिर निर्माण खर्च गर्नाले पूंजी निर्माणमा योगदान पुर्याएको छैन। यस्ता संरचना निर्माण गर्ने मापदण्ड नबनेकोले निर्माण भएका संरचनाको गुणस्तर एकिन भएको छैन। आवश्यकताको पहिचान नगरी, मापदण्ड नबनाई खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

२८. **पुनः स्थापना कोष -** सेवा तथा पुनःस्थापना कोष ऐन, २०७८ बमोजिम घरेलु हिंसावाट पिडितलाई तत्काल सुरक्षा प्रदान गर्न तथा उपचारको क्रममा लाग्ने खर्च व्यवस्थाका लागि सेवा केन्द्र तथा मानव वेचविखन तथा ओसारपसारबाट पिडित व्यक्तिहरूका लागि पुनःस्थापना केन्द्र स्थापना तथा सञ्चालनका सेवा तथा पुनःस्थापना कोष स्थापना गर्न मन्त्रालयले रू.५० लाख विविध कोष खातामा जम्मा गरेको छ । उक्त कोष सञ्चालनका लागि कार्यविधि नभएकाले कोषको रकम परिचालन भएको देखिएन। कार्यविधि बेगर निकासा भएका रकम प्रदेश सञ्चित कोषमा फिर्ता हुनुपर्दछ ।

२९. **बाल उद्धार तथा संरक्षण कोष -** मन्त्रालयको स्वीकृत कार्यक्रम अनुसार आपतकालिन बाल उद्धार तथा संरक्षणका लागि विविध कोषमा रू.५० लाख निकासा गरेको छ । उक्त कोष सञ्चालनको कानुन तथा कार्यविधि नबनेकोले उक्त रकम उपयोग विहिन रुपमा कोषमा मौज्दात रहेको छ । कोष सञ्चालनको कानुन बेगर कोषमा जम्मा गरेको रकम प्रदेश संञ्चितकोषमा फिर्ता हुनुपर्दछ ।

समिति र अन्य संस्था

प्रदेश खेलकुद परिषद्

३०. **लेखा व्यवस्था -** प्रदेश खेलकुद विकास नियमावली, २०७८ मा आर्थिक कार्य सञ्चालन सम्बन्धी व्यवस्था छ । परिषद्को बजेट रू.६ करोड ७५ लाख ३ हजार व्यवस्था भएकोमा रू.४ करोड २३ लाख २० हजार अर्थात् ६२.७ प्रतिशत खर्च भएको छ । खर्च मध्ये रू.२ करोड २५ लाख ७५ हजारको श्रेष्ता तयार गरेको छैन । उक्त खर्चको श्रेस्ता तयार गरी लेखापरीक्षण गराउनुपर्दछ ।

३१. **वार्षिक प्रतिवेदन** - प्रदेश खेलकुद विकास नियमावली, २०७८ को नियम ८ मा समिक्षा प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । परिषद्ले २०७८।०७९ र २०७९।०८० मा गरेका कामको वार्षिक प्रतिवेदन तयार गरेको पाइएन। वार्षिक प्रतिवेदन तयार गरी पेस गर्नुपर्दछ ।

३२. **नवौं राष्ट्रिय खेलकुद** - राष्ट्रिय खेलकुद परिषदबाट नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता २०७९ का लागि रू.५६ लाख पेश्की प्राप्त भएको छ। सो रकम कार्यसञ्चालन कोषमा आम्दानी गरी प्रदेशका १२ जिल्लाका खेलकुद समितिलाई कार्यक्रम सञ्चालन गर्न "क" वर्गका ४ जिल्लालाई ४ लाख र बाँकी ८ जिल्लालाई ३ लाखका दरले रू.४० लाख प्रदान गरेको छ। कार्यक्रम सञ्चालनको आधार र मापदण्ड तयार गरी रकम उपलब्ध गराउनुपर्दछ ।

३३. **पेश्की मापदण्ड** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ अनुसार आवश्यक लागत अनुमान, खर्चका मापदण्ड बमोजिम पेश्की दिनुपर्ने व्यवस्था छ । परिषद्ले लागत अनुमान र खर्चको मापदण्ड तयार नगरी कर्मचारीलाई रू.५९ लाख ८८ हजार पेश्की दिएको छ । यसरी पेश्की दिने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा जिम्मेवारी कार्यान्वय, घोषित नीति तथा कार्यक्रम कार्यान्वयन नभएको, रकमान्तर गरेको, वार्षिक विवरण तथा प्रतिवेदन तयार नगरेको लगायतका व्यहोरा औंल्याएकोमा यो वर्ष पनि सुधार भएको पाइएन। विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।

- **बेरुजु** - यो वर्ष मन्त्रालय र मातहत ९ निकायमा रू.७ करोड १५ लाख ५० हजार वेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.२२ लाख ५० हजार फर्स्यौंट गरेकोले रू.६ करोड ९३ लाख बाँकी रहेको छ । सो मध्ये रू.१ लाख पेश्की वाँकी रहेको छ । यस सम्वन्धी विस्तृत विवरण अनुसुची-९ मा संलग्न छ ।

- यो वर्ष साविक महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय र मातहतका एक निकायको लेखापरीक्षणबाट रू.१ करोड ६ हजार बेरुजु देखिएकोमा फर्स्यौंट नगरेकोले बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची-९ मा संलग्न छ।

- यो वर्ष समिति र अन्य संस्था तर्फ २ निकायको रू.२ करोड ४६ लाख ३६ हजार वेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.५ लाख ७६ हजार फर्स्यौंट गरेकोले रू.२ करोड ४० लाख ६० हजार बाँकी रहेको छ । यस सम्वन्धी विस्तृत विवरण अनुसुची-१० मा संलग्न छ ।

स्वास्थ्य मन्त्रालय

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९ बमोजिम स्वास्थ्य, नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन, औषधि निगरानी तथा औषधिको उचित प्रयोग, खोप र परिवार नियोजन, सरुवा तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम लगायतका कार्यहरू सम्पादन गर्ने उद्देश्यले स्वास्थ्य मन्त्रालयको स्थापना भएको हो। मन्त्रालय र मातहत सरकारी कार्यालय तथा संगठित संस्थासमेत ४३ निकायबाट कार्य सम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय -** यो वर्ष मन्त्रालय र मातहतका २८ निकायहरूको रू.३ अर्ब ७० करोड ३९ लाख ७७ हजारको लेखापरीक्षण सम्पन्न गरीएको छ ।

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
२९९२९९७	१४०७२२	१४५४०८	४२४८५०	३७०३९७७

२. **समिति र अन्य संस्था -** यो वर्ष मन्त्रालय अन्तर्गतका १६ अन्य संस्था समितिको रू.६ अर्ब ५६ करोड ८१ लाख ४३ हजारको लेखापरीक्षण सम्पन्न गरीएको छ ।

३. **नीति तथा कार्यक्रम कार्यान्वयन -** प्रदेश प्रमुखद्धारा प्रस्तुत लुम्बिनी प्रदेश सरकारको २०७९।८० को नीति तथा कार्यक्रममा घोषणा भएका मध्ये लुम्बिनी प्रादेशिक अस्पताल र रास्री प्रादेशिक अस्पतालको भौतिक पूर्वाधारको निर्माणको प्रकृया अगाडी वढाउने, लुम्बिनी प्रदेशिक अस्पताललाई मुलुकै नमूना अस्पताल र प्रादेशिक मेडिकल कलेजको रुपमा विकास गरी सञ्चालनमा ल्याउने, मुलुकका अन्य विशिष्टिकृत अस्पतालहरूसंग समन्वय र सहकार्य गरी लुम्बिनी प्रादेशिक अस्पताल र रास्री प्रादेशिक अस्पतालमा क्यान्सर र मुटुरोगको प्रभावकारी उपचारको व्यवस्था मिलाउने, प्रदेश राजधानीमा रहेको लालमटिया स्वास्थ्य चौकीलाई स्तरोन्ति गरी सुविधा सम्पन्न पचास शैय्याको अस्पतालको रुपमा विकास गर्ने, साथै प्रदेशमा सुविधा सम्पन्न बाल अस्पताल स्थापनाका लागि निर्माणको प्रकृया अगाडी वढाउने लगायतका कार्यक्रमहरू कार्यान्वयन भएका छैनन । घोषित नीति तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

४. **खर्च व्यवस्थापन -** प्रदेश विनियोजन ऐन, २०७९ अनुसार मन्त्रालय र माताहतका कार्यालयका लागि चालु तर्फ रू.३ अर्ब ८ करोड ७ लाख ९९ हजार तथा पुँजीगत तर्फ रू.१ अर्ब ५० करोड ८ लाख ६० हजार गरी रू.४ अर्ब ५८ करोड १६ लाख ५९ हजार बजेट विनियोजन भएकोमा रकमान्तरबाट क्रमशः रू.३ अर्ब २४ करोड ६३ लाख १ हजार तथा रू.१ अर्ब ५३ करोड ३३ लाख गरी रू.४ अर्ब ७७ करोड ९६ लाख १ हजार बजेट कायम भएको छ । मन्त्रालय र मातहतका कार्यालयले चालु तर्फ रू.२ अर्ब ५८ करोड ३६ लाख ७८ हजार र पुँजीगत तर्फ रू.४० करोड ९३ लाख १९ हजार समेत रू.२ अर्ब ९९ करोड २९ लाख ९७ हजार अर्थात् कायम बजेटको ६२.६२ प्रतिशत खर्च गरेको छन्। मन्त्रालय र मातहतका कार्यालयको खर्च गर्ने क्षमतामा अभिवृद्धि हुनुपर्दछ ।

५. **रकमान्तर -** लुम्बिनी प्रदेश विनियोजन ऐन, २०७९ को दफा ३ मा कुनै अनुदान संख्यामा बचत हुने र कुनै अनुदान संख्यामा अपुग हुने देखिन आएमा आर्थिक मामिला तथा सहकारी मन्त्रालयले

बचत हुने अनुदान संख्याबाट अपुग हुने अनुदान संख्यामा दश प्रतिशतमा नबढ्ने गरी रकमान्तर गर्न सक्ने व्यवस्था छ। यो वर्ष मन्त्रालय र मातहत कार्यालयका लागि चालु तर्फ विनियोजित बजेट रू.३ अर्ब ८ करोड ७ लाख ९९ हजार ५.३७ प्रतिशत थप र पुँजीगत तर्फ रू.१ अर्ब ५० करोड ८ लाख ६० हजारमा २.१६ प्रतिशत थप गरी रू.४ अर्ब ७७ करोड ९६ लाख १ हजार बजेट कायम भएको छ । सुरू अनुमानको तुलनामा ४.३२ प्रतिशतले थप भएको छ । विनियोजन दक्षतामा सुधार गरी बजेट प्रस्तावलाई यर्थाथपरक बनाउनुपर्दछ ।

६. **आवधिक योजना -** प्रदेश सरकारको प्रथम आवधिक योजना(२०७६।७७-८०।८१) ले स्वास्थ्य मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित कार्यनीतिमध्ये प्रादेशिक ट्रामा सेन्टर निर्माण सम्पन्न गर्ने लक्ष्य लिएकोमा भवन निर्माण सम्पन्न नभएको, १०९ स्थानीय तहमा १५ शैयाको अस्पताल सञ्चालन गर्ने लक्ष्य लिएकोमा ६ स्थानीय तहमा मात्र स्थापना भएको तथा प्रादेशिक मानसिक अस्पताल स्थापना नभएको अवस्था रहेको छ । यसै गरी प्रदेशका १२ जिल्लामा डायलासिस सेवा उपलब्ध हुने लक्ष्य लिएकोमा ६ जिल्लामा विस्तार भएको, स्वास्थ्य संस्थाहरूमा दरबन्दी अनुसार दक्ष स्वास्थ्य जनशक्ति उपलब्ध गराइने लक्ष्य लिएकोमा दुर्गमका सबै स्वास्थ्य संस्थाहरूमा विशेषज्ञ चिकित्सकको दरबन्दी रिक्त रहेको अवस्था छ। त्यस्तै प्राथमिक तहसम्म फार्मेसी सञ्चालन गर्ने लक्ष्य लिएकोमा आंशिक कार्यान्वयन भएको तथा पोष्टमार्टमको व्यवस्था मिलाउने लक्ष्य लिएकोमा कार्यान्वयन भएको छैन। आवधिक योजनाको कार्यनीति अनुसार कार्यसम्पादन गरी योजनाको लक्ष्य हाँसिल गर्नुपर्दछ ।

प्रदेश सरकारको प्रथम आवधिक योजनाले स्वास्थ्य मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित क्षेत्रहरूमा लिएको लक्ष्य सूचकको उपलब्धीको परिमाणात्मक स्थिति देहायअनुसार रहेको छः

क्र.सं.	सूचक	आधार वर्ष ७५।७६	अन्तिम वर्ष (८०-८१) लक्ष्य	२०७९।८०	
				लक्ष्य	प्रगति
१	जन्मदाको अपेक्षित आयू (वर्षमा)	६९.३	७२	७०.१७	७१
२	बाल मृत्युदर ५ वर्ष मुनी प्रतिहजार	४५	३०	३०	४१
३	स्वास्थ्य संस्थाबाट ४ पटक पूर्व प्रसुति सेवा लिने महिला %	७७.५	९०	९०	८८
४	DPT HIV सुई लिएका शिशु प्रतिशत	८७	१००	१००	९९
५	परिवार नियोजन साधन प्रयोग दर %	३८.९	५०	५०	३२
६	नया HIV संक्रमित व्यक्ति	६६४	४५०	४५०	४३९
७	डेंगू लागेको व्यक्ति	१८९	६०	८०	३५१
८	क्षयरोग प्रकोप दर प्रतिलाख	१३६	११५	११५	१४८
९	कुष्ठरोग प्रकोपदर प्रतिहजार	२.८	०	१	१.९५
१०	मातृ मृत्युदर (प्रति लाख)	२१५		१५१	२०७

६.१. मातृ मृत्युदर प्रतिलाखमा आधार वर्षमा २१५ जना तथा योजनाको अन्तमा १५१ मा झार्ने लक्ष्य रहेकोमा २०७ जना रहेको छ । जुन प्रदेशगत रुपमा सबैभन्दा वढी मृत्युदर रहेको छ ।मातृ मृत्युदर घटाउन संञ्चालित कार्यक्रमहरूको प्रभावकारीता देखिएन ।

६.२. स्वास्थ्य संस्थाबाट ४ पटक पूर्व प्रसुति सेवा लिने महिला आर्थिक वर्ष २०७९।८० मा ९० प्रतिशत पुऱ्याउने लक्ष्य लिएकोमा ८८ प्रतिशत रहेको छ भने यस आर्थिक वर्षमा शत प्रतिशत शिशुले डिपिटी एच. आई. भि. खोप लिएको हुने लक्ष्य रहेकोमा ९९ प्रतिशत रहेको छ । ५ वर्ष मुनिको बाल मृत्युदर २०७९।८० मा प्रतिहजार ३० सम्म रहने लक्ष्य लिएकोमा प्रति हजार ४१ रहेको छ। परिवारनियोजन साधन प्रयोगदर ५० प्रतिशत लक्ष्य लिएकोमा ३२ प्रतिशत रहेको छ । डेंगू लागेको

व्यक्ति, क्षयरोग प्रकोप दर प्रति लाखमा क्रमश ८०,११५ रहेकोमा वास्तविक संक्रमित संख्या क्रमश: ३५१ र १४८ रहेको छ।कुष्ठरोग प्रकोप दर प्रतिहजार १ मा सीमित गर्ने लक्ष्य लिएकोमा १.९५ रहेको छ । आवधिक योजनाको लक्ष्य हासिल गर्न कठिन देखिन्छ। यसको लागि मन्त्रालयले ठोस कदम चाल्नु पर्दछ ।

७. **बजेट वक्तव्य कार्यान्वयन -** मन्त्रालयले प्रदेश सरकारको २०७९।८० को बजेट वक्तव्यमा समावेश भएको लुम्बिनी प्रादेशिक अस्पताललाई मुलुककै नमुना अस्पताल र प्रादेशिक मेडिकल कलेजको रुपमा विकास गरी सञ्चालन गर्ने कार्यक्रम रहेकोमा सोकोलागि भौतिक पूर्वाधारको काम समेत सुरू हुनु नसकेको, लुम्बिनी प्रादेशिक अस्पताल र राप्ती प्रादेशिक अस्पतालमा क्यान्सर तथा मुटु रोगको प्रभावकारी उपचार सेवा उपलब्ध गराईने कार्यक्रम रहेकोमा मेसीनरी उपकरण व्यवस्था हुन नसकेको, लालमटिया स्वास्थ्य चौकीलाई सुविधा सम्पन्न ५० शैय्याको अस्पतालको रुपमा विकास गर्ने लक्ष्य रहेकोमा उक्त कार्य हुन नसकेको तथा प्रदेशमा सुबिधा सम्पन्न बाल अस्पताल स्थापनाको अध्ययन गर्ने कार्यक्रम रहेकोमा उक्त कार्यहरू हुन सकेको देखिएन।प्रदेश सरकारको कार्यक्रममा समावेश भएको कार्यक्रमहरूको कार्यान्वयन गर्नुपर्दछ ।

८. **जिम्मेवारी तथा जवाफदेहिता -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ अनुसार मन्त्रालयबाट सम्पादन गर्नुपर्ने कार्यहरूमध्ये स्वास्थ्य मन्त्रालयका २० कार्य जिम्मेवारी पुरा गर्न यस वर्षको विनियोजित बजेटको ६२.६२ प्रतिशत खर्च भएको देखिएकोमा लक्ष्य अनुसार खर्च गर्न सकेको छैन । मन्त्रालयको कार्यक्षेत्रमा परेको विषय मध्ये स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रादेशिक नीति, मापदण्ड तर्जुमा, स्वास्थ्य सेवा सम्बन्धी प्रदेश स्तरीय प्राज्ञिक, व्यवसायिक र पेशागत संघ संस्थाको दर्ता सञ्चालन अनुमति र नियमन, स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, अनुगमन र नियमन, राष्ट्रिय मापदण्ड बमोजिम औषधिजन्य तथा स्वास्थ्य प्रविधि सम्बन्धी सामग्रीको उत्पादन तथा संञ्चय, अधिकतम् खुद्रा मूल्य निर्धारण, अन्तिम विसर्जन, गुणस्तर तथा मापदण्ड निर्धारण र त्यस्ता सामग्री उत्पादन गर्ने उद्योगको सञ्चालन अनुमति र नियमन, राष्ट्रिय मापदण्ड अनुरुप अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र, उपचार केन्द्र र अन्य स्वास्थ्य संस्था तथा प्रयोगशालाको सञ्चालन अनुमति र नियमन, स्वास्थ्य जन्य फोहोर व्यवस्थापन सम्बन्धी मापदण्ड निर्धारण कार्यान्वयन र नियमन, आयुर्वेदिक, युनानी, आम्ची, होमीयोप्याथीक प्राकृतिक चिकित्सा लगायतका अन्य प्रचलित परम्परागत स्वास्थ्य उपचार सेवा सम्बन्धी प्रदेश स्तरीय मापदण्ड निर्धारण कार्यान्वयन अनुगमन र नियमन सम्बन्धी कार्यहरू कार्यान्वयन भएको पाइएन । आवश्यक नीति, कानुन, मापदण्ड तर्जुमा गरी कार्य जिम्मेवारीहरू प्राथमिकताको आधारमा पुरा हुनुपर्दछ।

९. **परामर्श सेवा -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा कुनै व्यक्ति फर्म संस्था वा कम्पनीबाट परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ।सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सम्बन्धित मन्त्रालयले परामर्श सेवाको लागत अनुमान सम्बन्धी नर्म्स तयार गरेको भए त्यस्तो नर्म्स एवम् सम्बन्धित परामर्श सेवाको कार्य क्षेत्रगत शर्तका आधारमा परामर्श सेवाको लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ।मन्त्रालयले मन्त्रालय र मातहतका कार्यालयले परामर्श सेवाको लागत अनुमान तयार गर्ने नर्म्स स्वीकृत गरेको छैन । मन्त्रालयले आफ्नो कामको प्रकृति अनुसारको नर्म्स स्वीकृत गर्नुपर्दछ।

१०. **अन्तर सरकारी अख्तियारी -** लुम्बिनी प्रदेश विनियोजन ऐन, २०७९ को दफा ५ मा प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको पूँजीगत तर्फको कुनै आयोजना वा कार्यक्रम नेपाल सरकारका निकाय मार्फत कार्यान्वयन गर्नु पर्ने भएमा प्रदेश सरकारको सम्बन्धित निकायले आर्थिक मामिला तथा सहकारी मन्त्रालयको सहमतिमा संघीय विनियोजन ऐन बमोजिम नेपाल सरकारको सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृति लिई नेपाल सरकारका निकाय मार्फत कार्यान्वयन गर्ने गरी निर्णय गर्न सक्ने व्यवस्था छ। मन्त्रालयले यस वर्ष नेपाल सरकारको निकाय भेरी अस्पतालाई रू.४० लाख बजेट विनियोजन गरी रू.१० लाख ७१ हजार १६६ खर्च गरी प्रदेश सरकारको कार्यक्रम कार्यान्वयन गरेकोमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृति लिएको पाइएन। यसै गरी प्रदेश विनियोजन ऐन विपरीत चालु खर्च तर्फ पनि बजेट विनियोजन गरी खर्च गरेको पाइयो। प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटमा समावेश भएको रकम संघीय सरकार मातहतका निकायबाट कानूनी प्रकृया पुरा नगरी खर्च लेख्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

११. **स्वास्थ्य संस्था स्थापना र सञ्चालन-** स्वास्थ्य संस्था स्थापना, सञ्चालन नवीकरण तथा स्तरोन्ती ऐन, २०७६ को दफा ३ मा स्वास्थय सेवा सञ्चालनका लागि अनुमति लिनुपर्ने व्यवस्था रहेको छ। प्रदेश अन्तर्गत २५ देखि २५० शैय्या सम्मका ११ निजी, ४ सामुदायिक सहकारी अस्पताल समेत १५ अस्पताल सञ्चालनमा रहेकोमा १२ ले नवीकरणनै नगराई सञ्चालनमा रहेको देखिएकोमा तोकिए बमोजिम नवीकरण नगराउने अस्पतालको यथाशिघ्र अनुगमन गरी सञ्चालन निरन्तरता सम्वन्धमा निर्णय हुनुपर्दछ ।

११.१. स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त गरेका संस्थाहरूले प्रदान गरेका सेवाको गुणस्तर सम्वन्धमा स्वास्थ्य संस्था स्थापना, सञ्चालन नवीकरण तथा स्तरोन्ती ऐन, २०७६ को दफा १८ बमोजिमको प्राविधिक समितिले अनुगमन गर्नुपर्ने व्यवस्था रहेको छ ।सञ्चालन अनुमति पाएका स्वास्थ्य संस्थाको अनुगमन गरी गुणस्तरीय एवं मापदण्ड अनुरुपको सेवा सुविधा प्रवाह भए नभएको सुनिश्चित हुनुपर्नेमा प्राविधिक समितिवाट अनुगमन भएको पाईएन । गुणस्तरीय सेवा प्रदान भएको तथा मापदण्ड पुरा भएको सुनिश्चित गर्न अनुगमनलाई प्रभावकारी वनाउनुपर्दछ ।

११.२. निजीस्तरमा सञ्चालन हुने निजी र सामुदायिक सहकारी अस्पतालहरूले प्रदान गर्ने सेवाको शुल्क सम्वन्धी मापदण्ड निर्धारण गरेको पाईएन ।सोको कारण एकै प्रकारको सेवाको शुल्कमा विविधता रहेको छ ।अतः उपयुक्त शुल्कमा उपचार सेवा प्राप्त गर्नसक्ने संयन्त्र तयार हुनुपर्दछ ।

११.३. स्वास्थ्य संस्था स्थापना, सञ्चालन नवीकरण तथा स्तरोन्ती ऐन, २०७६ को दफा २१ बमोजिम अनुमति प्राप्त निजी, सामुदायिक सहकारी अस्पतालहरूले कुल शैय्याको दश प्रतिशत शैय्यामा विपन्न, असहाय, वेवारिसे,अपाङ्गता भएका व्यक्ति जेष्ठनागरिक तथा एकल महिला विरामीलाई निशुल्क उपचार सेवा उपलब्ध गराउनुपर्ने व्यवस्था रहेकोमा सम्बन्धित अस्पतालहरूले सेवा सुविधा प्रदान गरेको सम्बन्धमा प्रतिवेदन गरेको पाईएन । अनुगमनलाई प्रभावकारी वनाई निशुल्क उपचार सेवा सुनिश्चित हुनुपर्दछ ।

१२. **न्युनतम सेवा मापदण्ड -** सरकारी अस्पताल तथा स्वास्थ्य संस्थाहरूको न्युनतम सेवा मापदण्ड, २०७५ ले तोकेको न्युनतम मापदण्ड पुरा गरी अस्पताल सञ्चालन गर्नुपर्ने व्यवस्था रहेको छ । यो

वर्ष प्रदेश अन्तर्गत रहेका निम्नानुसार १४ मध्ये १२ सरकारी अस्पतालको अनुगमन गरी नतिजा प्राप्त गरेको छ।

क्र.सं.	अस्पतालको नाम	प्राप्ताङ्क	क्र.सं.	अस्पतालको नाम	प्राप्ताङ्क
१	बर्दिया अस्पताल	९६	२	कपिलवस्तु अस्पताल	९४
३	भिम अस्पताल	९०	४	अर्घाखाँची अस्पताल	९०
५	लुम्बिनी प्रादेशिक अस्पताल	८८	६	रास्री प्रादेशिक अस्पताल	८५
७	रोल्पा अस्पताल	८५	८	प्युठान अस्पताल	७५
९	रामपुर अस्पताल	५९	१०	पाल्पा अस्पताल	५४
१०	रुकुमपुर्व अस्पताल	५१	१२	भालुवाङ्ग अस्पताल	३९

उल्लिखित नतिजा अनुसार १२ मध्ये ५ को ७५ प्रतिशत भन्दा कम नतिजा रहेको छ । त्यस्तै न्युनतम सेवा मापदण्ड अङ्क सबैभन्दा वढी बर्दिया अस्पतालको ९६ प्रतिशत तथा सबैभन्दा कम भालुवाङ अस्पतालको ३९ प्रतिशत रहेको छ । गुल्मी अस्पताल र पृथ्वी चन्द्र अस्पतालको न्युनतम सेवाको मापदण्ड अनुगमन भएको देखिएन । प्रभावकारी नियमनको अभावका कारणले अस्पतालमा न्युनतम सेवाको मापदण्ड पुरा हुन सकेको देखिएन । न्यूनतम सेवा मापदण्ड पुरा नगर्ने अस्पतालको सुधार गरी सेवा प्रवाहमा गुणस्तर वृद्धि गर्नुपर्दछ ।

१३. **प्रगति मूल्याङ्कन -** लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २० मा बजेट तथा कार्यक्रमको कार्यान्वयन अवस्थाको मूल्याङ्कन गरी अर्धवार्षिक र बार्षिक रुपमा सार्वजनिक गर्ने व्यवस्था रहेको छ ।यस वर्षको वार्षिक विकास कार्यक्रम अनुसार मन्त्रालय र मातहतका कार्यालयका लागि १ हजार ३४० क्रियाकलापको लागि रू.१ अर्ब ५३ करोड ३३ लाख बजेट विनियोजन भएकोमा रू.४० करोड ९३ लाख २१ हजार (२६.७ प्रतिशत) खर्च भएको छ । सो मध्ये निम्नानुसारका कार्यक्रममा न्युन प्रगति रहेको छ । मन्त्रालयको स्वीकृत कार्यक्रममा समावेश भएका क्रियाकलापहरूको भौतिक र वित्तीय प्रगति खुल्ने गरी एकीकृत प्रगति विवरण तयार नगरेकोले क्रियाकलापगत विश्लेषण गर्न सकिएन । स्वीकृत कार्यक्रम अनुसारको प्रगति विवरण तयार गरी सार्वजनिक गर्नुपर्दछ ।

क्र.सं.	कार्यक्रम/क्रियाकलाप	बजेट (रू.हजार)	खर्च (रू.हजार)	प्रगति प्रतिशत
१	एकीकृत स्वास्थ्य तथा सरसफाई कार्यक्रमहरू	८५०००	२५३६२	२९.८४
२	प्रादेशिक अस्पताल सुदृढीकरण कार्यक्रम	१४२१९४०	३६३८९७	२५.५९
३	स्वास्थ्य निर्देशनालय	११००	४७७	४३.३२
४	प्रादेशिक अस्पतालहरू	४०३५	३००६	७४.००
५	स्वास्थ्य तालिम केन्द्र	२००	६२	३०.९९
६	प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र	३००	९	२.८३

१४. **कार्यक्षेत्रको पालना -** नेपाल सरकार प्रदेश सरकार तथा स्थानीय तहले कार्यान्वयन गर्ने कार्यक्रमलाई व्यवस्थित गर्न नेपाल सरकारले सङ्घ प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँट सम्बन्धी मापदण्ड, २०७६ लागू गरेको छ। मन्त्रालयले प्रदेश सरकारको सीमाभित्र पर्ने आयोजना वा कार्यक्रमको लागि मात्र बजेट विनियोजन गर्नु पर्नेमा स्थानीय तहको अधिकार क्षेत्रभित्र परेका आधारभूत स्वास्थ्य सेवा, विभिन्न रोग सम्बन्धी रोगथाम, नियन्त्रण, जनचेतना, प्रवर्धनात्मक र उपचारात्मक कार्यक्रम, जिल्ला अस्पताल सञ्चालन र

व्यवस्थापन स्थानीय तहको कार्यक्षेत्रमा समावेश छ । मन्त्रालयले अस्पताल विकास समितितहरू मन्त्रालयको मातहतमा राखेको छ। बजेट विनियोजन गरी कार्यान्वयन गरेको देखिएकाले यसमा नियन्त्रण हुनुपर्दछ।

१५. **अस्पताल भवन निर्माण -** लुम्बिनी प्रादेशिक अस्पताल भवन निर्माणको लागि २०७८।७९ मा रू.६ अर्ब ५९ करोड ६३ लाखको लागत अनुमान स्वीकृत गरी पूर्वाधार विकास प्राधिकरणले बोलपत्र आव्हान गरेकोमा खरिद प्रक्रिया तथा बोलपत्रको शर्तहरूका कारण उजुरी परि रद्ध भएकोमा यो वर्ष उक्त निर्माण कार्यका लागि रू.७० करोड बजेट विनियोजन गरेको भए पनि अस्पताल भवनको डिजाईन परिमार्जनको काम सम्पन्न नभएकोले खरिद कारवाही सुरू हुन नसकि निर्माण कार्यको प्रगति शुन्य रहेको छ । योजनाको खरिद सम्वन्धी प्रकृया पुरा गरी निर्माण कार्य सुरूहुनुपर्दछ ।

प्रादेशिक स्वास्थ्य निर्देशनालय

१६. **आर्थिक सहुलियत -** स्वास्थ्य सम्बन्धी कार्यक्रम सञ्चालन मार्गदर्शन २०७८ मा प्रदेश विपन्न नागरिक स्वास्थ्य उपचार आर्थिक सहुलियत कार्यक्रम (मुटुको भल्भ फेर्ने, मृगौला प्रत्यारोपण र क्यान्सर रोग) का लागि २०७९।८० को कार्यक्रम अन्तर्गत यस वर्ष क्यान्सर बिरामी २ हजार ५१६ लाई रू.९ करोड ५६ लाख १५ हजार, मुटुको भल्भ फेरेको १६ लाई रू.३२ लाख र मृगौला प्रत्यारोपण गरेका ३८ लाई रू.७६ लाख समेत कुल रू.१० करोड ६४ लाख १५ हजार खर्च भएको छ । यो कार्यक्रम असहाय र विपन्न नागरीक लक्षित रहेपनि ती भन्दा अन्यलाई पनि यो सुविधा दिएको छ । क्यान्सर रोगको उपचार र विरामीको हेरचार समेतका लागि प्रति बिरामी रू.२ लाख, मृगौला प्रत्यारोपण गरेका वा गर्नको लागि प्रति बिरामी रू.२ लाखसम्म, मुटुको भल्भ फेरेका वा फेर्नका लागि प्रति विरामी रू.२ लाखसम्म वा विरामीले पेस गरेको वास्तविक उपचार खर्चको आधारमा बढीमा रू.२ लाख सम्म आर्थिक सहायता दिनुपर्नेमा एकमुष्ट रू.२ लाख भुक्तानी गर्ने कार्य निर्देशिका विपरीत देखिन्छ ।

१७. **निशुल्क उपचार -** रास्री प्रादेशिक अस्पतालमा मृगौला डाइलासिस सेवा स्थापना र बिस्तारको लागि ८ थान डाइलासिस मेशिन रू.१ करोड ९७ लाख ६० हजारमा खरिद गरेकोमा उक्त मेशिन संघीय सरकारवाट प्राप्त भई सकेको भनी हाल उक्त अस्पतालमा आवश्यक नभएकोले बर्दिया र कपिलबस्तु जिल्ला अस्पतालमा स्थापना गर्ने निर्णय भएको देखिन्छ तर मृगौला डाइलासिस सेवा स्थापना र सेवा विस्तार भएको देखिदैन। आवश्यकता पहिचान तथा बजेट व्यवस्थापन वास्तविक नहुँदा खरिद भएको मेसिनरी उपकरण उपयोग भई सेवा प्रवाहमा सहजता प्रदान हुन सकेको देखिएन । खरिद भएको मेसिनरी उपकरण उपयोग गरी सेवा प्रवाह हुनुपर्दछ ।

समिति र अन्य संस्था

लुम्बिनी प्रादेशिक अस्पताल

१८. **सेवा प्रवाह -** यस वर्ष बहिरंग बिरामी ३ लाख २ हजार ६९६, अन्तरंग बिरामी २५ हजार ५६२ र आकस्मिक सेवातर्फ ६७ हजार ५६१ जना गरी जम्मा ३ लाख ९५ हजार ८१९ जनालाई सेवा प्रदान गरेको पाइयो । सो मध्ये अन्तरंग बिरामी मृत्युदर ०.५९ प्रतिशत रहेको, अन्यत्र रेफर गरेको संख्या ४२, हेमोडाईलासिस सेवा ११९ लाई प्रदान गरेको छ । अस्पतालमा २६ वेड क्षमताको

आई.सि.यु. र ८ वेड क्षमताको एन.आई.सि.यु. समेत ४०० वेड सञ्चालन रहेकोमा न्यून क्षमताको कारण सघन कक्षमा उपचार गराउनु पर्ने विरामीलाई अन्यत्र रेफर गर्नु परेको देखिन्छ । उपलब्ध वेड मध्ये ५८ वटा मात्र आकस्मिक सेवाका लागि प्रयोगमा ल्याएको कारण आकस्मिक सेवा समेत सुलभ हुनसकेको छैन । अस्पतालमा २० डायलसिस मेसिन प्रयोगमा ल्याएकोमा ११९ जनालाई मात्र सेवा दिन सकेको र प्रतीक्षा सूचिमा १५ विरामी रहेको देखिन्छ । अप्रेशन कक्ष, दक्ष जनशक्ति र उपकरण लगायत समस्याको कारण शल्यचिकित्सा समेत समयमा उपलब्ध नभई नाक, कान, घाँटी, न्यूरो सर्जरी, डेण्डल सर्जरी र ग्याष्टोलोजीमा १ महिना, जनरल सर्जरीमा १.५ महिना, स्त्री तथा प्रसूतिमा २ महिना, अर्थोपेडिकमा ३ महिना र पेडियाट्रिकमा ५ महिना शल्यक्रियाको निमित्त विरामीले प्रतीक्षा गर्नुपरेको देखिन्छ । अस्पतालमा पूर्वाधारको व्यवस्था गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ ।

१९. **प्रयोगविहीन उपकरण -** स्वास्थ्य सेवा प्रवाहका लागि खरिद भएको मेसिन उपकरणहरू चालु हालतमा राखी सेवा प्रवाह प्रभावकारी वनाउनु पर्दछ । ओ.टी. भेण्टीलेटर (एनेस्थेसिया), मेडिकल भेण्टीलेटर, सी आर्म एक्स रे मेसिन,पोर्टेवल एक्सरे मेशिन, कलर डुपर, अल्ट्रासाउण्ड मेशिन, बिसाईड मोनिटर लगायत २२० उपकरण बिग्रिएकोले सेवा प्रवाहमा प्रभाव परेको छ। चालु हालतमा नरहेका मध्ये सिटि स्क्यान मेसिन थान १, अल्ट्रासाउण्ड मेसिन थान ५, एक्स रे मेसिन थान २, ओ.टी. भेण्टिलेटर थान ४ समेत ५८ थान उपकरणहरू को अस्पतालमा अति आवश्यक रहेकोमा मर्मत संम्भार भएको छैन। मर्मत हुन सक्ने उपकरण मर्मत संम्भार गरी उपयोग गर्नुपर्ने देखिन्छ भने अत्यावश्यक उपकरणहरू खरिद गर्नेतर्फ सम्बन्धित पक्षहरूले ध्यान दिनुपर्दछ ।

२०. **पारिश्रमिक कर -** आयकर ऐन, २०५८ (संशोधन सहित)को दफा ८७ मा रोजगारदाताले आफ्ना कर्मचारीले रोजगारीबाट प्राप्त गरेको आय गणना गरी अनुसूची-१ मा रहेको दरले कर गणना गरी स्रोतमा करकट्टी गर्नुपर्ने व्यवस्था छ। विभिन्न २८ चिकित्सकको तलव भत्ता, समिति भत्ता र अतिरिक्त समय काम गरेको विस्तारित अस्पताल सेवा-ई.एच.एस. लगायतको सुविधा रकम भुक्तानी गर्दा कट्टा गर्नुपर्ने रू.२४ लाख ५६ हजार आयकर कट्टा गरी दाखिला भएको नदेखिएकोले अस्पतालबाट प्राप्त आयको सम्पूर्ण विवरण उल्लेख गरिएको विवरणका आधारमा सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट कर चुक्ता प्रमाण पत्र पेस हुनुपर्ने अन्यथा असुल हुनुपर्दछ ।

२१. **औषधिको म्याद -** अस्पतालले आपूर्तकसँग भएको सम्झौतामा खरिद हुने औषधि अस्पतालमा प्राप्त हुन आएको मितिबाट कम्तिमा १८ महिना वा कम्तीमा ८० प्रतिशत उपयोग अवधि म्याद बाँकी हुनुपर्ने उल्लेख छ । यो वर्ष अस्पतालले खरिद गरेको मध्ये ४८ प्रकारका रू.५७ लाख ६४ हजार मूल्य बराबरका औषिधिको खरिद सम्झौता तोकिएको अवधिभन्दा कम उपयोग अवधि भएको खरिद गरेको छ। सम्झौतामा उल्लेखित शर्त अनुसारको औषधिको खरिद हुनुपर्दछ ।

२२. **औषधि खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५(५) मा वोलपत्र मूल्यांकन गर्दा प्रत्येक बोलपत्रको मूल्यांकित रकम अर्को वोलपत्रको मूल्यांकित रकमसँग तुलना गरी दफा २७(१) बमोजिम न्युनतम सारभूत रुपमा प्रभावग्राही बोलपत्र मात्र स्वीकृतीको लागि छनौट गर्नुपर्ने व्यवस्था छ । अस्पतालले रू.४ करोड ६१ लाख २६ हजारको लागत अनुमान तयार गरी वोलपत्र आव्हान गरेकोमा सारभूत रुपमा प्रभावग्राही ठहराई आईटमवाईज खरिदको लागि सिफारिस गरेकोमा प्रत्येक आईटममा न्युनतम दररेटको कबोल गर्ने आपुर्तिकर्ता छनौट गरी खरिद गर्नुपर्नेमा अस्पतालले मेरोपेनम १ एमजी भायल को लागि रू.४९२ को दररेट छनौट नगरी रू.१ हजार दर कबोल गर्ने एक आपुर्तिकर्ता

छनौट गरी खरिद गर्दा ३ हजार ८५४ भायलको रू.१९ लाख ५७ हजार बढि व्ययभार परेको छ। बोलपत्र सम्बन्धि कागजातमा उल्लेख भएको व्यवस्था पालना गरी खरिद कार्य गर्नुपर्दछ ।

रासी प्रादेशिक अस्पताल दाङ

२३. **वालरोग अस्पताल निर्माण -** अस्पताल भवन निर्माणका लागि २०७६।७७ मा रू.१४ करोड ६९ लाख ३६ हजार लागत अनुमान स्वीकृत गरी बोलपत्र भएकोमा रविना अनिसा जे. भि.को रू.११ करोड ३४ लाख ३३ हजारको बोलपत्र स्वीकृत गरी ०७७।६।१३ मा २०७९।१२।१२ भित्र कार्य सम्पन्न गर्ने गरी खरिद सम्झौता भएकोमा रू.१० करोड ६८ लाख ७६ हजारको भुक्तानी भएकोमा कार्य सम्पन्न भएको छैन। साथै निर्मित नयाँ भवनमा पेडियाट्रिक सेवा सञ्चालनका लागि यो वर्ष रू.९२ लाख ९ हजारका उपकरणहरू खरिद भएकोमा भवन निर्माण सम्पन्न भई हस्तान्तरण नभएकोले उक्त उपकरणहरू सञ्चालनमा आएको देखिएन । अस्पताल जस्तो संवेदनशिल विषयलाई समयमानै कार्यसम्पन्न गरी हस्तान्तरण नहुँदा वालरोग अस्पताल सञ्चालनमा समस्या परेको देखिन्छ। कानुन अनुसार यथाशिघ्र भवन निर्माण कार्य सम्पन्न गरी वाल अस्पताल तथा उपकरणहरू सञ्चालनमा ल्याउनुपर्ने देखिन्छ ।

२४. **मेसिनरी उपकरण सञ्चालन -** स्वास्थ्य सेवा प्रवाहका लागि खरिद भएको मेसिन उपकरणहरू चालु हालमा राखी सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ । प्रादेशिक अस्पालमा अल्ट्रा साउण्ड मेसिन थान १, एक्स रे सि आर सिस्टम थान १, वायो केमेष्ट्रि एनलाईजर थान १ सहित विभिन्न १४ प्रकारका रू.९३ लाख १४ हजारका विभिन्न ३२ थान उपकरण तथा मेसिनरीहरू चालु हालतमा रहेका छैनन्। चालु हालतमा नरहेका मेसिनरी उपकरण मर्मत संम्भार गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

अन्य अस्पतालहरू

२५. **उपकरण सञ्चालन** - स्वास्थ्य सेवा प्रवाहका लागि खरिद भएको मेसिन उपकरणहरू चालु हालमा राखी सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ । प्रादेशिक अस्पताल सुदृढिकरण कार्यक्रम अन्तर्गत प्युठान अस्पतालले भोल्टेज स्टेबिलाईजर सहित रू.१ करोड ९२ लाख ३८ हजारमा खरिद गरेको ल्याप्रेस्कपी मेसिन जनशक्ति अभावका कारण सञ्चालनमा रहेका छैन । त्यस्तै अस्पतालमा रहेका एच.डि.यु मेसिन, मसल सिमुलेटर मेसिन, फोटोथेरापी मेसिन, डायलायसिस मेसिन, एम्बुलेन्स लगायतका उपकरण तथा मेसिनरीहरू चालु हालतमा रहेका छैनन, त्यस्तै अर्घाखाँची अस्पतालमा रहेको रू.२ लाख ५२ को मोवाइल एक्स रे थान १ र रू.२५ लाख ९९ हजारको भेन्टिलेटर थान १ आइसियू कक्ष सेट अप नभएको एवं दक्ष जनशक्ति अभावका कारण प्रयोगमा आएको छैनन् ।त्यस्तै भिम अस्पताल, भैरहवामा जडान भएको रू.२ करोड ६१ लाख मूल्यको अक्सिजन प्लान्ट, रू.२७ लाख ४४ हजार मूल्यको सिटी स्क्यान मेसिन क्षमता अनुसार सञ्चालन भएको छैन साथै मूल्य नखुलेका ११ थान भेण्टीलेटर मेसिन प्रयोगमै छैनन् । चालु हालतमा नरहेका समयमा मर्मत गर्नुपर्ने तथा उपचारका लागि खरिद भएका मेसिनरी उपकरण आवश्यक जनशक्ति व्यवस्थापन गरी प्रयोगमा ल्याउनु पर्दछ ।

२६. **जनशक्ति व्यवस्थापन -** अस्पतालको सेवा प्रवाह सहज र सुलभ वनाउन दरबन्दी अनुसार पदपूर्ति हुनुपर्दछ । रोल्पा अस्पतालमा स्वीकृत दरवदी ६० मध्ये विशेषज्ञ डाक्टर ९ सहित २३, चिसापानी अस्पतालमा स्वीकृत दरबन्दी २८ मध्ये विशेषज्ञ डाक्टर सहित १२, प्युठान अस्पतालमा स्वीकृत

दरबन्दी ५४ मध्ये विशेषज्ञ डाक्टर १३ सहित ३४, अर्घाखाँची अस्पतालमा स्वीकृत दरबन्दी ६० मध्ये विशेषज्ञ डाक्टर सहित ४०, पाल्पा अस्पतालमा स्वीकृत दरबन्दी ६० मध्ये विशेषज्ञ डाक्टर सहित ४३, रुकुमपुर्व अस्पतालमा स्वीकृत दरबन्दी ६० मध्ये विशेषज्ञ डाक्टर १५ सहित २४, गुल्मी अस्पतालमा स्वीकृत दरबन्दी ५९ मध्ये विशेषज्ञ डाक्टर सहित ३९ पदहरू रिक्त रहेका छन। दरबन्दी अनुसार पदपुर्ति नहुँदा अस्पतालवाट उपलब्ध हुने स्वास्थ्य सेवा प्रभावित हुने देखिएकोले दरबन्दी अनुसार पदपूर्ति हुनुपर्दछ ।

२७. **औषधि फिर्ता -** अस्पतालमा संञ्चालित फार्मेसीले आपुर्तिकर्तावाट खरिद भएको औषधि म्याद समाप्त भएमा वा टुटफुट भएमा खरिद सम्झौता अनुसार उक्त औषधि आपुर्तकवाट प्रतिस्थापन गराउनुपर्दछ। अर्घाखाँची अस्पतालको फार्मेसिम रू.७ लाख ९४ हजार, तथा गुल्मी अस्पतालमा रू.५ लाख ४ हजारको समेत १२ लाख ९८ हजारका विभिन्न प्रकारका औषधिको म्याद समाप्त भएकोमा सोको प्रतिस्थापन भएको छैन । खरिद सम्झौता अनुसार म्याद नाघेका औषधि आपुर्तकवाट प्रतिस्थापन गराउनुपर्दछ ।

२८. **स्वास्थ्य बीमा -** स्वास्थ्य बीमा नियमावली, २०७५ को नियम २१ मा सेवा प्रदायकले रकम भुक्तानी दाबी गर्दा बीमा व्यवस्थापन सूचना प्रणाली मार्फत् दाबी प्रविष्टी गर्नुपर्ने, सो दावीको मूल्याङ्कन बोर्डले गर्ने र मूल्याङ्कन समाप्त भएको पन्ध्र दिनभित्र दाबी रकम बैंङ्किङ प्रणाली मार्फत् सेवा प्रदायकलाई भुक्तानी गर्नुपर्ने व्यवस्था छ । स्वास्थ्य बीमा कार्यक्रम अन्तरगत अस्पतालहरूले सेवा उपलब्ध गराए बापत रामपुर अस्पतालले दावी गरेको मध्ये रू.९६ लाख ५६ हजार, कपिलवस्तु अस्पतालले दावी गरेको मध्ये रू.१ करोड ३६ लाख ७ हजार, अर्घाखाँची अस्पतालले माग गरेको मध्ये रू.७३ लाख ५ हजार र चिसापानी अस्पताल नवलपरासीले दाबी गरेको रू.४४ लाख ७१ हजार तथा रासी प्रादेशिक अस्पतालले दाबी गरेको मध्ये २० लाख १० हजार गरी रू.३ करोड ७० लाख ४९ हजार बीमा बोर्डबाट सोधभर्ना लिएका छैनन् ।

२९. **रेफर -** अस्पतालमा आवश्यक उपकरण तथा जनशक्तिको व्यवस्थापन गरी स्वास्थ्य सेवा उपलब्ध हुनुपर्दछ । विशेषज्ञ जनशक्ति तथा उपकरण तथा ल्याव सेवा उपलब्ध नभएका कारण चिसापानी अस्पतालले ३७३, प्युठान अस्पतालले २ हजार २८१, अर्घाखाँची अस्पतालले १ हजार ६९६, गुल्मी अस्पतालले २ हजार ६६०, रोल्पा अस्पतालले ७४३ तथा रासी प्रादेशिक अस्पतालले २६८ जना विरामीलाई अन्यत्र अस्पतालमा रेफर गरेको छ । अस्पतालमा उपलब्ध हुनुपर्ने भौतिक तथा जनशक्ति सुविधा उपलब्ध नभएका कारण अस्पतालहरूले विरामीलाई अन्यत्र अस्पतालमा रेफर गरेको देखिएकोले अस्पतालमा आवश्यक पूर्वाधारको व्यवस्था गरी सेवा प्रवाह सुलभ वनाउनुपर्दछ ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा जिम्मेवारी कार्यान्वय, घोषित नीति तथा कार्यक्रम कार्यान्वयन नभएको, रकमान्तर गरेको, वार्षिक विवरण तथा प्रतिवेदन तयार नगरेको, स्वास्थ्यकर्मीको दरबन्दी अनुसार पदपूर्ति नभएको, अस्पतालहरूको न्यूनतम मापदण्ड सेवा मापदण्ड पूरा नभएको, स्वास्थ्य उपकरण प्रयोगमा नआएको, अन्यत्र रेफर गरेको, स्वास्थ्य विमाको सोधभर्ना समयमा नलिएको लगायतका व्यहोरा औंल्याएकोमा यो वर्ष पनि सुधार भएको पाइएन। विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।

- **बेरुजु** - यो वर्ष मन्त्रालय मातहत २७ निकायको लेखापरीक्षणबाट रू.५ करोड २३ लाख ४ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन पश्चात रू.३ लाख ५ हजार फर्स्यौंट भई रू.५ करोड १९ लाख ९९ हजार फर्स्यौंट गर्न बाँकी रहेको छ ।सोमध्ये रू.२ लाख ६० हजार पेश्की बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची-९ मा संलग्न छ।
- समिति र अन्य संस्थातर्फ १६ निकायमा रू.३ करोड २५ लाख १९ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन पश्चात रू.३ लाख ५० हजार फर्स्यौंट भई रू.३ करोड २१ लाख ६९ हजार फर्स्यौंट गर्न बाँकी रहेको छ ।सोमध्ये रू.१ लाख ४० हजार पेश्की बेरुजु रहेको छ । यससम्बन्धी विवरण अनुसूची-१० मा संलग्न छ।

प्रदेश योजना आयोग

प्रदेश सरकारको दीर्घकालिन, आवधिक र वार्षिक विकास योजनाको निर्माण कार्यान्वयन, अनुगमन र मूल्याङकनमा प्रदेश सरकारलाई आवश्यक सल्लाह, सुझाव र सहयोग प्रदान गर्न लुम्बिनी प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०८० बमोजिम प्रदेश योजना आयोग गठन भएको हो ।

१. **सरकारी कार्यालय -** यो वर्ष योजना आयोगको रू.२ करोड १२ लाख ५३ हजारको लेखापरीक्षण सम्पन्न गरीएको छ ।

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
२१०४१	०	०	२१२	२१२५३

२. **खर्च व्यवस्थापन -** प्रदेश विनियोजन ऐन, २०७९ अनुसार मन्त्रालय र मातहतका कार्यालयका लागि चालु तर्फ रू.२ करोड ६५ लाख ४ हजार तथा पुँजीगत तर्फ रू.१ करोड २९ लाख ५० हजार गरी रू.३ करोड ९४ लाख ५४ हजार बजेट विनियोजन भएकोमा चालु तर्फ रू.१ करोड ४४ लाख ४६ हजार र पुँजीगत तर्फ रू.६५ लाख ९४ हजार समेत रू.२ करोड १० लाख ४१ हजार अर्थात् कायम बजेटको ५३.३३ प्रतिशत खर्च गरेको छ ।

३. **दिगो विकास लक्ष्य -** आयोगले कुल १७ वटा दिगो विकास लक्ष्यहरूका १६९ वटा परिमाणात्मक लक्ष्यहरू सन् २०३० सम्म पुरा गर्नु पर्दछ ।संघ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँट सम्वन्धी मापदण्ड, २०७६ अनुसार दिगो विकास लक्ष्यको प्रदेश तहमा आन्तरिकिकरण, कार्यान्वयन तथा समन्वय गर्ने अधिकार प्रदेश सरकारमा रहेको छ । आयोगले प्रदेशको लक्ष्य आन्तरिकिकरण गरेको छैन । दिगो विकासका सूचक र लक्ष्यहरूलाई आन्तरिकीकरण गरी मध्यकालिन सूचकहरू निर्धारण गर्ने र ती सूचकको आधारमा अनुगमन गरी निर्दिष्ट लक्ष्य हासिल गर्न आयोगले तदारुकता दिनु पर्ने देखिन्छ ।

४. **आवधिक योजना -** प्रदेश सरकारको प्रथम पञ्चबर्षीय योजना (२०७६।७७ देखि २०८०।८१) सम्म कार्यान्वयनमा आएको छ । उक्त योजनाको प्रभावकारी कार्यान्वयनको लागि प्रत्येक वर्ष हासिल गर्नु पर्ने लक्ष्य र उपलब्धी निम्नानुसार देखिएको छः

क्र.सं.	प्रादेशिक लक्ष्य एंव सुचक	एकाइ	आधार वर्ष २०७५।७६ को यथार्थ	२०७९।८० को लक्ष्य	२०७९।८० को प्रगति	२०८०।८१ सम्मको लक्ष्य
१	आर्थिक वृद्धि	प्रतिशत	७.४	१०.२	२.२३	९.५
२	मूल्य बृद्धि दर	प्रतिशत	--	--	७.८	६.०
३	निरपेक्ष गरिवको रेखामुनि रहेको जनसंख्या	प्रतिशत	१८.२	--	--	१०.
४	बहुआयिमिक गरिवीको दर	प्रतिशत	२९.९	--	१८.२	१५
५	प्रति व्यक्ति आय	अमेरिकी डलर	८०३	--	११२६	१६००
६	बेरोजगार दर(दि.वि.ल. ८.५.२)	प्रतिशत	११.२	--	८.१	६
७	जन्मदाको अपेक्षित आयू	वर्ष	६९.३	--	७०.९	७२
८	साक्षरता दर १५ वर्ष भन्दा माथी	प्रतिशत	५८	--	७८.८	८५
९	बाल मृत्यु दर(दि.वि.ल. ३.२.१)	प्रति हजार जना	४५	--	४१	२५

१०	माध्यामिक तह(९ देखि १२) मा कुल भर्ना दर(दि.वि.ल. १.२.२)	प्रतिशत	७४.७	--	७९.१	९३
११	खानेपानी सुविधा पुगेको घरपरिवार	प्रतिशत	८९.८३	१००	९०.२	१००
१२	विद्युत सेवा पुगेको जनसंख्या	प्रतिशत	८०.०३	१००	९८.३२	१००
१३	सिंचित क्षेत्र	प्रतिशत	५१	--	५५.७	७०
१४	सडक लम्बाई	कि मि	११२३३	१२३५०	१५०७६	१२५००
१५	पक्की सडकको अंश	प्रतिशत	१७	--	२१.१	२८
१६	इन्टरनेट पहुँच भएका घरपरिवार	प्रतिशत	४९.४		७५.५	८५

विगत तीन आर्थिक वर्षको औसत आर्थिक वृद्धिदर केबल २.२३ प्रतिशत रहेको छ, जुन लक्षित वृद्धिदर १०.२ प्रतिशतभन्दा निकै कम रहेको छ। नेपाल जीवनस्तर सर्वेक्षण चौथो अनुसार २०७९।८० मा यस प्रदेशमा २४.३५ प्रतिशत (सहरी क्षेत्र २४.०८ प्रतिशत तथा ग्रामीण क्षेत्र २४.७६ प्रतिशत) जनता गरिबीको रेखामुनी रहेका छन जुन नेपालको राष्ट्रिय औषत २०.२७ प्रतिशतभन्दा बढी रहेको छ। मूल्य वृद्धिदर लक्षितभन्दा कम रहेको छ। बहुआयामिक गरिबीको दर, जन्मदाको अपेक्षित आयु, खानेपानी सुबिधा पुगेको घरपरिवार, विद्युत सुविधा पुगेको जनसंख्या तथा सडकको लम्बाइसँग सम्बन्धित तथ्याङ्कहरू लक्ष्यको नजिक रहेका छन्। त्यसैगरी इन्टरनेटको पहुँच भएका घरपरिवारसँग सम्बन्धित लक्ष्य पनि हासिल हुने अवस्था देखिन्छ। अर्कोतर्फ, प्रतिव्यक्ति आय, बेरोजगारी दर, साक्षरता दर, बालमृत्यु दर, सिंचित क्षेत्र तथा पक्की सडकको अंशसँग सम्बन्धित लक्ष्यहरू न्यून रहेको छ । निर्धारित लक्ष्यहरू हासिल गर्न सम्बन्धित निकायको ध्यान जानु पर्दछ ।

५. **आवधिक योजना अनुसार खर्च -** प्रदेश सरकारको प्रथम पञ्चबर्षीय योजना (२०७६।७७ देखि २०८०।८१) मा योजना अवधिमा देहाय अनुसार रू.२ खर्ब १० अर्ब ५० करोड ९० लाख खर्च हुने अनुमान रहेकोमा २०७९।८० सम्म रू.१ खर्ब १७ अर्ब ८० करोड खर्च भएको देखिन्छ।

(रकम रू. करोडमा)

आर्थिक वर्ष	अनुमानित बजेट	यथार्थ खर्च
२०७६।७७	३६४१.६०	२५४०.५६
२०७७।७८	३९०५.५०	३२१०.३०
२०७८।७९	४१४२.७०	३००५.४७
२०७९।८०	४६०१.२०	३०२४.४२
२०७९।८० सम्म जम्मा	**१६२९१.०**	**११७८०.७५**
२०८०।८१	४७५९.९०	४०४७.९७ बजेट
जम्मा	**२१०५०.९**	

आवधिक योजनाले अनुमान गरे अनुसार स्रोत परिचालन गरी अपेक्षित नतिजा हासिल गर्नुपर्दछ।

६. **जिम्मेवारी तथा जवाफदेहिता -** लुम्बिनी प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०८० को नियम २२ बमोजिम प्रचलित कानुन बमोजिमका मुख्य ८ तथा सहायक १३ गरी २१ काम, कर्तव्य, अधिकार तोकिए मध्ये दीर्घकालिन सोच, नीति तथा योजना तर्जुमा सम्बन्धमा प्रदेशको समग्र समृद्धिका लागि दूरगामी सोँच सहितको दीर्घकालिन लक्ष्य, मार्गचित्र, नीति तथा योजना तर्जुमा गर्ने, आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, पर्यावरणीय र सुशासनका क्षेत्रमा रणनीतिक प्रकृतिका आवधिक

नीति तथा योजना तयार गर्ने, लाभ लागत लगायतका विविध विश्लेषणको आधारमा आयोजना बैंक (प्रोजेक्ट बैंक) निर्माण गर्ने, अनुगमन र मूल्याङ्कन सम्बन्धी मापदण्ड, कार्यविधि वा ढाँचा बनाउने, कार्यान्वयन गर्ने लगायतका काम कर्तव्य अधिकार तोकिएकोमा सोको प्रभावकारी कार्यान्वयन भएको देखिएन ।तोकिए बमोजिमका कार्यहरू सम्पादन हुनुपर्दछ ।

७. **आयोजना बैंक -** लुम्बिनी प्रदेश सरकारले यस प्रदेशको भौगोलिक विविधतालाई आधार बनाई आयोजना बैंक स्थापना गर्ने निर्णय भएसँगै सात वटा आयोजनाहरू आयोजना बैंकमा राखेको छ। उद्योग क्षेत्रमा १, कृषि तथा सिंचाई क्षेत्रमा १, कृषि उद्यम क्षेत्रमा १, खानी तथा उद्योग क्षेत्रमा २, र खानेपानी क्षेत्रमा १ तथा वन क्षेत्रमा १ आयोजना सञ्चालन गर्ने अवधारणा पत्र तयार भएको छ । यस वर्ष प्रदेश सरकार मातहतका कार्यालयले पुँजीगत अनुसन्धानमा खर्च गरी विस्तृत आयोजना प्रतिवेदन तयार गरेकोमा आयोगमा रहेको आयोजना बैंकमा समावेश गरेको पाइएन।प्रदेश सरकारका निकायले तयार गरेका विस्तृत आयोजना प्रतिवेदनहरू आयोजना बैंकमा जम्मा गरी कार्यान्वयनमा ल्याउनुपर्दछ ।

८. **प्रगति मूल्याङ्कन -** लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २० मा बजेट तथा कार्यक्रमको कार्यान्वयन अवस्थाको मूल्याङ्कन गरी अर्धवार्षिक र वार्षिक रुपमा सार्वजनिक गर्ने व्यवस्था रहेको छ ।यस वर्षको वार्षिक विकास कार्यक्रम अनुसार २१ क्रियाकलापको लागि रू.३ करोड ९४ लाख ५४ हजार बजेट विनियोजन भएकोमा रू.२ करोड १० लाख ४१ हजार खर्च भएको छ। स्वीकृत कार्यक्रममा समावेश भएका क्रियाकलापहरूको भौतिक र वित्तीय प्रगति खुल्ने गरी एकीकृत प्रगति विवरण तयार नगरेकोले क्रियाकलापगत विश्लेषण गर्न सकिएन । स्वीकृत कार्यक्रम अनुसारको प्रगति विवरण तयार गरी सार्वजनिक हुनुपर्दछ ।

९. **एकीकृत प्रगति समीक्षा -** आयोगको गठन आदेश अनुसार प्रदेशको विकास सम्वन्धी नीति योजना, कार्यक्रम तथा आयोजनाको कार्यान्वयनको अवस्था र प्रतिफल तथा प्रभावको प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गरी लागू गर्ने कार्य आयोगको जिम्मेवारीमा रहेको छ । प्रदेश सरकारको वार्षिक कार्यक्रम २०७९।८० मा देहाय अनुसार बजेट विनियोजन भई खर्च भएकोमा आयोजना वा कार्यक्रमको स्वीकृत प्रगति विवरण तयार हुने प्रणालीको विकास नगरेकोले यथार्थ प्रगति विश्लेषण गर्ने आधार भएन ।

(रकम रू. हजारमा)

क्र. सं.	निकायको नाम	आयोजना/ कार्यक्रम संख्या	बजेट रकम	खर्च रकम	खर्च प्रतिशत
१	प्रदेश सभा	६१	१०९८४४	८४७१९	७७.१२
२	प्रदेश लोक सेवा आयोग	१२	१५६००	१४३८४	९२.२०
३	मुख्य न्याधिवक्ताको कार्यालय	८	१२००	१०६१	८८.४१
४	मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१२१	१५०५५०	७५९३५	५०.४३
५	आर्थिक मामला तथा सहकारी मन्त्रालय	१२०	४९९१२	१७१३७	३४.३३
६	उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय	३४२	५११५५	१३१६३	२५.७३
७	उर्जा जलश्रोत तथा सिंचाई मन्त्रालय	१४३९	३५२६७००	२९६४४७९	८४.०५
८	कानुन महिला बालबालिका तथा ज्येष्ठ नागरीक मन्त्रालय	४८५	४३८४१५	२३४९७१	५३.५९

९	कृषि खाद्य व्यवस्था तथा भूमि व्यवस्था मन्त्रालय	१५६७	१४९९४९	५६६४५	३७.७७
१०	आन्तरीक मामला तथा संञ्चार मन्त्रालय	१४०	४१२७१५	२६६८२७	६४.६५
११	वन वातावरण तथा भूसंरक्षण मन्त्रालय	११७०	९२६०५४	७६७५५५	८२.८८
१२	भौतिक पूर्वाधार विकास मन्त्रालय	२०४०	९७९७७७२	७१५०५२६	७२.९८
१३	पर्यटन, ग्रामीण तथा सहरी विकास मन्त्रालय	२६४८	६६७४९९०	५१४८७३१	७७.१३
१४	शिक्षा विज्ञान युवा तथा खेलकुद मन्त्रालय	११०४	७५०९७४	५०१३९३	६६.७६
१५	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	१३४०	१५३३३००	४०९३१९	२६.६९
१६	श्रम रोजगार तथा यातायात व्यवस्था मन्त्रालय	५७	२९१४५	२३०८३	७९.२०
१७	प्रदेश योजना आयोग	२१	१२९५०	६५९४	५०.९१
	जम्मा	**१२६०२**	**२४९२७८९७**	**१७७३६५६८**	**७१.१५**

यस वर्ष १२ हजार ६०२ क्रियाकलाप सञ्चालन गर्न विनियोजन भएको बजेटको ७१.१५ प्रतिशत मात्र खर्च भएको छ ।प्रदेश सरकार मातहतका निकायको विनियोजन एवं खर्च दक्षतामा सुधार गरी स्वीकृत बजेट तथा कार्यक्रमको कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्नुपर्दछ ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा जिम्मेवारी कार्यान्वय, दिगो विकासका लक्ष्य आन्तरिकरण नगरेको, आयोजना बैंकमा रहेका योजनाहरू कार्यान्वयनमा नआएको लगायतका व्यहोरा औंल्याएकोमा यो वर्ष पनि सुधार भएको पाइएन। विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।
- **बेरुजु -** यो वर्ष आयोगको लेखापरीक्षणबाट रू.९५ हजार बेरुजु देखिएकोमा फर्स्यौंट नगरेकोले बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची-९ मा संलग्न छ ।

प्रदेश लोकसेवा आयोग

नेपालको संविधानमा प्रदेशमा प्रदेश लोकसेवा आयोग रहने व्यवस्था छ । प्रदेश निजामती सेवा र प्रदेश प्रहरी सेवा र अन्य सरकारी सेवा, प्रदेश संगठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा, स्थानीय संगठित संस्थाको सेवाको पदमा उपयुक्त उम्मेदवारको छनोट गर्न, प्रदेश सरकार र स्थानीय तहलाई आवश्यक परामर्श दिने उद्देश्यले आयोगको स्थापना भएको हो ।

१. **सरकारी कार्यालय -** आयोगको निम्नानुसार रू.२१ करोड ५० लाख १ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
९१८५४	१२३०३०	११७	-	२१५००१

२. **नीति तथा कार्यक्रम -** प्रदेश र स्थानीय तहमा भर्ना छनौट कार्यलाई प्रभावकारी र विश्वसनीय बनाउन पूर्वाधार र क्षमता अभिवृद्धि गरिने उल्लेख छ । कर्मचारी क्षमता विकास कार्यक्रमको आवश्यकता नीति तथा कार्यक्रमको बजेट वक्तव्यमा प्रदेश निजामती सेवा र स्थानीय सेवाको रिक्त पद यथाशीघ्र पूर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाइने उल्लेख छ। सो व्यवस्थाको कार्यन्वयन हुनुपर्दछ ।

३. **खर्च व्यवस्थापन -** प्रदेश विनियोजन ऐन, २०७९ अनुसार मन्त्रालय र माताहतका कार्यालयका लागि चालु तर्फ रू.३ करोड ३१ लाख ३६ हजार तथा पुँजीगत तर्फ रू.१ करोड ४८ लाख गरी रू.४ करोड ७९ लाख ३६ हजार बजेट विनियोजन भएकोमा रकमान्तरबाट क्रमशः रू.९ करोड ५३ लाख ८९ हजार तथा रू.१ करोड ५६ लाख गरी रू.११ करोड ९ लाख ८९ हजार अन्तिम बजेट कायम भएको छ । आयोगले चालु तर्फ रू.७ करोड ३६ लाख २९ हजार र पुँजीगत तर्फ रू.१ करोड ४३ लाख ८५ हजार समेत रू.९ करोड १८ लाख ५४ हजार अर्थात् कायम बजेटको ८२.७५ प्रतिशत खर्च गरेको छ। आयोगले खर्च गर्ने क्षमता सुधार गर्नुपर्दछ ।

४. **रकमान्तर -** लुम्बिनी प्रदेश विनियोजन ऐन, २०७९ को दफा ३ मा कुनै अनुदान संख्यामा बचत हुने र कुनै अनुदान संख्यामा अपुग हुने देखिन आएमा आर्थिक मामिला तथा सहकारी मन्त्रालयले बचत हुने अनुदान संख्याबाट अपुग हुने अनुदान संख्यामा दश प्रतिशतमा नबढ्ने गरी रकमान्तर गर्न सक्ने व्यवस्था छ।यो वर्ष आयोगका लागि चालु तर्फ विनियोजित बजेट रू.४ करोड ७९ लाख ३६ हजारमा १८७.८७ प्रतिशत थप र पुँजीगत तर्फ रू.१ करोड ५६ लाखमा ५.४० प्रतिशत थप गरी रू.११ करोड ९ लाख ८९ हजार बजेट कायम भएको छ । सुरू अनुमानको तुलनामा १३१.४७ प्रतिशतले थप भएको छ । आयोगको विनियोजन दक्षतामा सुधार गरी बजेट प्रस्तावलाई यर्थाथपरक बनाउनुपर्दछ ।

५. **कार्यसम्पादन -** वार्षिक बजेटमा प्रदेश निजामती सेवा र स्थानीय सेवामा रिक्त पदको पदपूर्ति गर्ने उल्लेख छ । यो वर्ष प्रदेश र स्थानीय सेवाको विभिन्न ३४ पाठ्यक्रम निर्माण, अप्राविधिक र प्राविधिक गरी ५५ विज्ञापनमा १ लाख ८० हजार १७६ दरखास्त संकलन, १ हजार १३८ पदको लागि १ लाख १२ हजार ५५० परिक्षार्थीको लिखित परीक्षा सञ्चालन, १८ विज्ञापनमा लिखित परीक्षाको नतिजा प्रकाशन र २ विज्ञापनमा अन्तर्वाता लिई नियुक्तिको सिफारिस गरेको छ । यो वर्ष

आयोगले खुला तर्फ १ हजार १३८ र आन्तरिक प्रतियोगिता र बढुवा गरी ४१५ समेत १ हजार ५५३ जनशक्ती प्रदेश र पालिकामा नियुक्तिको लागि सिफारिस गरेको छ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा नीति तथा कार्यक्रम कार्यान्वयन नभएको, प्रदेश सेवाका पदहरू पूर्ति नगरेको लगायतका व्यहोरा औंल्याएकोमा यो वर्ष पनि सुधार भएको पाइएन। विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।
- **बेरुजु -** यो वर्ष आयोगको लेखापरीक्षणबाट रू.१० लाख १५ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.६ लाख ६१ हजार फस्यौंट गरेकोले रू.३ लाख ५४ हजार बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची-९ मा संलग्न छ ।

मुख्य न्यायाधिवक्ताको कार्यालय

प्रदेश सरकार र यस मातहतमा रहेका कार्यालयहरूलाई विपक्षी बनाएर दायर भएका मुद्दामा प्रदेश सरकारको तर्फबाट प्रतिरक्षा तथा बहस पैरवी गर्ने साथै प्रदेश सरकार, प्रदेश सरकारको कार्यालय वा प्रदेश सरकारले तोकिदिएको अधिकारीलाई कुनै संबैधानिक वा कानूनी प्रश्नमा राय माग गरेमा कानूनी राय दिने र सोही अनुरुप प्रदेश सरकार र यस मातहतका निकायलाई विपक्षी बनाएका मुद्दामा सर्बोच्च अदालत र अन्य अदालत तथा न्यायिक निकायहरूमा उपस्थित भई बहस पैरवी गर्ने उद्देश्यले यस कार्यालयको स्थापना भएको हो ।

१. **सरकारी कार्यालय –** यो वर्ष विनियोजन रू.१ करोड २१ लाख ५९ हजार र अन्य कारोबार रू.१५ हजार समेत रू.१ करोड २१ लाख ७४ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१२१५९	०	०	१५	१२१७४

२. **खर्च व्यवस्थापन -** प्रदेश विनियोजन ऐन, २०७९ अनुसार मन्त्रालय र माताहतका कार्यालयका लागि चालु तर्फ रू.१ करोड ४५ लाख तथा पुँजीगत तर्फ रू.५ लाख गरी रू.१ करोड ५० लाख बजेट विनियोजन भएकोमा रकमान्तरबाट क्रमशः रू.१ करोड ६४ लाख ८३ हजार तथा रू.१२ लाख गरी रू.१ करोड ७६ लाख ८३ हजार बजेट कायम भएको छ । कार्यालयले चालु तर्फ रू.१ करोड १० लाख ९८ हजार र पुँजीगत तर्फ रू.१० लाख ६२ हजार समेत रू.१ करोड २१ लाख ६० हजार अर्थात् कायम बजेटको ८१.०७ प्रतिशत खर्च गरेको छ । कार्यालयको खर्च गर्ने क्षमता सुधार हुनुपर्दछ ।

३. **मुद्दाको प्रतिरक्षा -** मुख्य न्यायधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्त सम्बन्धी ऐन २०७५, स्वीकृत भई लागू भएको छ । कार्यालयद्वारा गत आर्थिक वर्षबाट जिम्मेवारी सरी आएका ८२ र यसवर्ष थप भएका ६७ गरी कुल १४९ मुद्दा मध्ये ५० फर्स्यौंट भई ९९ मुद्दा फर्स्यौंट हुन बाँकी रहेका छन् । बाँकी मुद्दा मध्ये सर्वोच्च अदालतमा ७५, उच्च अदालत तुलसीपुरमा ११, उच्च अदालत तुलसीपुर बुटवल इजलासमा ८, उच्च अदालत तुलसीपुर नेपालगञ्ज इजलासमा १, उच्च अदालत पाटनमा २ र प्रशासकिय अदालतमा २ मुद्दा बाँकी रहेका छन् ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा मुद्धाको प्रतिरक्षा एवम् आन्तरिक नियन्त्रण लगायतका ब्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार भएको छैन। विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नु पर्दछ।

- **बेरुजु -** यो वर्ष कार्यालयको लेखापरीक्षणबाट रू.३० हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.३० हजार फर्स्यौंट गरेकोले लगति बेरुजु बाँकी रहेको छैन । यससम्बन्धी विवरण अनुसूची-९ मा छ ।

खण्ड

२

स्थानीय तह

स्थानीय तह

नेपालको संविधानको अनुसूची-८ मा व्यवस्था भएका स्थानीय तहका एकल अधिकार एवं अनुसूची-९ मा भएको साझा अधिकारले परिलक्षित गरेका कार्यसम्पादन गर्न स्थानीय तहहरूबाट कानुन निर्माण, आर्थिक तथा मानवीय स्रोत व्यवस्थापन एवं परिचालन गरी स्थानीय तहमा सेवा प्रवाह भइरहेको छ। जनताको सबैभन्दा नजिकको सरकारको रूपमा स्थानीय तहको गठन भई संविधान बमोजिम कानुन निर्माण गर्ने, स्थानीय बासिन्दाको आवश्यकता, माग र प्राथमिकताका आधारमा योजना तर्जुमा गर्ने, आर्थिक स्रोत साधनको अनुमान, व्यवस्थापन र स्रोतको दक्षतापूर्ण उपयोग गर्ने, सहभागितात्मक तवरले विकास निर्माण सञ्चालन गर्ने र स्वामित्वबोध गराउने, शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन तथा वन व्यवस्थापन, फोहोरमैला व्यवस्थापन, स्थानीय सेवा प्रवाह, सार्वजनिक जग्गा संरक्षण र स्थानीय विवाद समाधान गर्ने, आफूले गरेका काम कारबाहीको तथ्याङ्क तथा अभिलेख राख्ने लगायतका कार्यहरू स्थानीय तहबाट सम्पादन भइरहेका छन्।

१. **संवैधानिक र कानूनी व्यवस्था** - नेपालको संविधानको धारा २१४ बमोजिम स्थानीय तहको कार्यकारिणी अधिकार संविधान र संघीय कानुनको अधीनमा रही गाउँपालिका वा नगरपालिकामा निहित हुने र धारा २२१ मा व्यवस्थापकीय अधिकार गाउँ सभा र नगर सभामा रहने व्यवस्था छ। त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा गाउँपालिका र नगरपालिकाको हुने उल्लेख छ।

२. **काम, कर्तव्य र अधिकार** - संविधानको अनुसूची-८ मा उल्लेख भए अनुसार स्थानीय तहको अधिकार क्षेत्र अन्तर्गत स्थानीय कर, दस्तुर, स्थानीय सेवाको व्यवस्थापन, स्थानीयस्तरका विकास आयोजना, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाइ, स्थानीय, ग्रामीण तथा कृषि सडक र सिँचाइ, कृषि तथा पशुपालन, ज्येष्ठ नागरिक, अशक्तहरूको व्यवस्थापन, नगर प्रहरी, सहकारी संस्था, एफ.एम. सञ्चालन लगायतका विषय रहेका छन्। सोबाहेक स्थानीय तहले संघ तथा प्रदेशसँगको सहकार्यमा प्रयोग गर्ने साझा अधिकार संविधानको अनुसूची-९ मा उल्लेख छ। संघ वा प्रदेशले संविधान तथा प्रचलित कानुनबमोजिम आफ्नो अधिकार क्षेत्रभित्रको कुनै विषय स्थानीय तहलाई कानुन बनाई निक्षेपण गर्नसक्ने समेत व्यवस्था छ।

३. **स्थानीय तहको संरचना** - कुल ७५३ स्थानीय तहमध्ये लुम्बिनी प्रदेशमा १०९ स्थानीय तह रहेका छन्। गाउँपालिकामा ५ देखि १५ तथा नगरपालिकामा ९ देखि ३५ वडा रहने गरी स्थानीय तह गठन हुने व्यवस्था छ। स्थानीय तहको संख्या, सिमाना, जनसंख्या, भूगोल, प्रशासनिक सुगमता, पूर्वाधार विकासको अवस्था, आर्थिक सक्षमता, प्राकृतिक स्रोत साधनको उपलब्धता र भाषिक सांस्कृतिक तथा सामुदायिक बनोटको आधारमा ४ उप-महानगरपालिका, ३२ नगरपालिका र ७३ गाउँपालिका रहेका छन्।

४. **कानुन निर्माण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधीनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ५२ नमूना कानुन उपलब्ध गराएको देखिन्छ। स्रोत सङ्कलन विकास निर्माण तथा सेवा प्रवाहको लागि आवश्यक पर्ने सबै कानुन स्थानीय तहले बनाएका छैनन्। आवश्यकता

अनुसारका कानुन बनाउन नसक्दा स्थानीय तहको कार्यसम्पादन, सेवा प्रवाहमा समेत प्रभावकारिता आउनसकेको छैन। कार्यसम्पादन र नतिजा प्राप्तिका लागि आवश्यक कानुन निर्माणमा स्थानीय तह थप सक्रिय हुनुपर्ने व्यहोरा गत वर्ष औंल्याइएकोमा यो वर्ष पनि स्थिति यथावत् छ।

५. **आर्थिक कार्यप्रणाली** - स्थानीय तहको आर्थिक कार्यविधिलाई व्यवस्थित गर्न स्थानीय तहहरूले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ अनुकुल हुने गरी आर्थिक कार्यविधिसम्बन्धी कानुन बनाउन बाँकी रहेको छ। आर्थिक कारोवार सञ्चालन गर्ने कार्य स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्थाअनुसार गरेको देखियो। वित्तीय अनुशासन, जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुनेगरी आर्थिक कारोबार सञ्चालन गर्न तत्सम्बन्धी कानुन बनाई लागू गर्नुपर्दछ।

६. **वित्तीय हस्तान्तरण -** महालेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार यो वर्ष संघीय सञ्चित कोष तथा प्रदेश सञ्चितकोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको स्थिति निम्नानुसार छ ।

(रकम रू. हजारमा)

क्र सं	अनुदानको किसिम	स्वीकृत बजेट रु			यथार्थ हस्तान्तरण रु		
		संघ	प्रदेश	जम्मा	संघ	प्रदेश	जम्मा
१	समानीकरण	१५६५१९००	८५००००	**१६५०१९००**	१४४९३४९०	८५००००	**१५३४३४९०**
२	सशर्त	३३०९६५४४	११२८३००	**३४२२४८४४**	३२५४६९११	१०२७७३२	**३३५७४६४३**
३	विशेष	१३४०४००	१००१०००	**२३४१४००**	१२०८७९१	८८९८०९	**२०९८६००**
४	समपुरक	१०७५३००	१८५५०००	**२९३०३००**	८९११४०	१३५६१९९	**२२४७३३९**
	जम्मा	**५११६४१४४**	**४८३४३००**	**५५९९८४४४**	**४९१४०३३२**	**४१२३७४०**	**५३२६४०७२**

स्थानीय तहका लागि स्वीकृत वित्तीय हस्तान्तरणमध्ये नेपाल सरकारबाट ९६.०४ प्रतिशत तथा प्रदेश सरकारबाट ८५.३५ प्रतिशत हस्तान्तरण भएको छ।

७. **समग्र आय व्यय** - यो वर्ष लेखापरीक्षण भएका १०९ स्थानीय तहको देहाय अनुसार गत वर्षको जिम्मेवारी रू.१३ अर्ब ५९ करोड ३ लाख र यो वर्षको आय रू.८९ अर्ब ७६ करोड ५८ लाख मध्ये रू.९१ अर्ब ९१ करोड ४८ लाख खर्च भएको छ। कुल खर्चमध्ये चालु खर्च रू.४७ अर्ब ६१ करोड १ लाख र पुँजीगत खर्च रू.२५ अर्ब ९५ करोड ३९ लाख र वित्तीय तथा अन्य खर्च रू.१८ अर्ब ३५ करोड ७ लाख गरी रू.११ अर्ब ४४ करोड १२ लाख आगामी वर्षको लागि जिम्मेवारी सरेको छ।

(रकम रू. लाखमा)

क सं	विवरण	संख्या	सुरूमौज्दात	संघीयबाट अनुदान	प्रदेशबाट अनुदान	राजस्व बांडफांट	आन्तरिक आय	अन्य आय	कुल आय	चालु खर्च	पुँजीगत खर्च	वित्तीय खर्च	कुल खर्च	मौज्दात बाँकी
१	उप महानगरपालिका	४	१४१२०	४५३७३	२७३०	१२५९२	१०४१८	१७३८६	८८४९९	५२८८७	२२७०३	१४१७०	८९७६०	१२८५९
२	नगरपालिका	३२	६२५५६	१८२१७२	१७७८१	४७६५०	१५१५२	७०३४८	३३३१०४	१६९५२१	१०१७९१	७२४९६	३४३८०९	५१८५०
३	गाउँपालिका	७३	५९२२७	२७६९४२	२५३२२	६३९४७	९२७८	१००५६६	४७६०५५	२५३६९३	१३५०४५	९६८४१	४८५५७९	४९७०३
	जम्मा	**१०९**	**१३५९०३**	**५०४४८७**	**४५८३३**	**१२४१८९**	**३४८४८**	**१८८३००**	**८९७६५८**	**४७६१०१**	**२५९५३९**	**१८३५०७**	**९१९१४८**	**११४४१२**

उपरोक्त संघीय र प्रदेश अनुदान रकममा अन्तर सरकारी अख्तियारीको रकमसमेत समावेश छ । यस सम्बन्धी विस्तृत विवरण **अनुसूची-१४** मा समावेश छ।

८. **आन्तरिक स्रोत**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५४ देखि ६३ सम्म स्थानीय तहले लगाउन सक्ने कर तथा शुल्क सम्बन्धी व्यवस्था रहेको छ। यो वर्ष लेखापरीक्षण भएका १०९

स्थानीय तहको २०७९।८० को कुल आन्तरिक आय रू.३ अर्ब ४८ करोड ४८ लाख २३ हजार रहेको छ। स्थानीय तहको आन्तरिक आयले चालु खर्चसमेत धान्न नसकेको अवस्था छ। स्थानीय तहको राजश्व क्षमता बढाई आन्तरिक आयमा बृद्धि गर्नुपर्दछ।

९. **खर्च व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा बजेट पेश र पारित तथा दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि उल्लेख छ। लुम्बिनी प्रदेशमा रहेका १०९ स्थानीय तहको कुल खर्चमध्ये चालु खर्च रू.४७ अर्ब ६१ करोड १ लाख (५१.८० प्रतिशत), पुँजीगत खर्च रू.२५ अर्ब ९५ करोड ३९ लाख (२८.२४ प्रतिशत) र वित्तीय तथा अन्य खर्च रू.१८ अर्ब ३५ करोड ७ लाख (१९.९६ प्रतिशत) खर्च भएको छ। यस स्थितिले अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१(४) बमोजिम स्थानीय तहले आफूले उठाएको आन्तरिक राजश्व र राजश्व बाँडफाँटबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजश्व तथा व्ययको अनुमान पेस गर्नु पर्ने प्रावधानको पालना हुन सकेको छैन।

१०. **प्रदेश र स्थानीय तहबीचको सम्बन्ध** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ मा प्रदेश तथा स्थानीय तहले गर्ने काम कारबाहीमा नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँट लगायतका अन्तर सम्बन्धित विषयहरूमा समन्वय कायम गर्न प्रदेश समन्वय परिषद् रहने व्यवस्था छ। प्रदेशले प्रदेश समन्वय परिषद्को बैठक सम्पन्न गरे पनि प्रदेश सरकारले स्थानीय तहमा हस्तान्तरण गर्नुपर्ने साना योजनाहरू आफैंले सञ्चालन गरेको, स्थानीय तहले गर्ने कार्यको लागि समेत प्रदेशस्तरका कार्यालय स्थापना गरेको, स्थानीय तहले राजस्व बाँडफाँट गरी पठाउनुपर्ने सबै रकम प्रदेश सरकारलाई नपठाएको लगायतको स्थिति देखिएको छ। साझा अधिकार सूचीमा रहेका कार्यको कार्यसम्पादनमा प्रभावकारिता ल्याउन र विकास निर्माणमा सन्तुलन कायम गर्न नियमित रूपमा प्रदेश समन्वय परिषद्को बैठकबाट निर्णय गराई आफ्नो कार्यसम्पादनमा सहजता आउने गरी प्रदेश सरकार र स्थानीय तहबीच समन्वय कायम गर्नुपर्दछ।

११. **लेखापरीक्षणमा बेरुजु अङ्क -** यो वर्ष लेखापरीक्षण सम्पन्न भएका १०९ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी उपलब्ध गराइएको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा सैद्धान्तिक ७०९२ दफा र लगति ८१०७ दफाबाट रू.४ अर्ब ७५ करोड ८० लाख ६ हजार बेरुजु औंल्याइएकोमा स्थानीय तहहरूबाट प्राप्त प्रतिकृयाबाट रू.२६ करोड ८७ लाख ८ हजार बेरुजु फर्स्यौट भई रू.४ अर्ब ४८ करोड ९३ लाख १ हजार बेरुजु बाँकी रहेको छ। बाँकी रहेको बेरुजुको वर्गीकरण स्थिति निम्नानुसार छ।

(रकम रू. हजारमा)

वर्गीकरण	बेरुजु अङ्क रु	कुल बेरुजुको प्रतिशत
१. असुल गर्नुपर्ने	**४७७८७४**	**१०.६४**
२. नियमित गर्नुपर्ने	**३७५६०४१**	**८३.६७**
२.१ अनियमित भएको	२३८२६८१	६३.४४
२.२ प्रमाण कागज पेस नभएको	१३७२०९६	३६.५३
२.३ शोधभर्ना नलिएको	१२६४	०.०३
३. पेस्की	**२५५३८६**	**५.६९**
जम्मा बेरुजु	**४४८९३०१**	**१००.००**

द्रष्टव्यः १. उल्लिखित पेस्की अङ्कमा म्याद ननाघेको पेस्की समावेश छैन।

लेखापरीक्षण भएका स्थानीय तहमध्ये स्थानीय तहको किसिम अनुसार लेखापरीक्षण अङ्कमा बेरुजु अङ्क निम्न रहेको छ।

(रकम रू. हजारमा)

क. सं.	स्थानीय तह	स्थानीय तह संख्या	लेखापरीक्षण रकम	पेस्कीसमेत बेरुजु	बेरुजुमध्ये पेस्की रकम	लेखापरीक्षणको तुलनामा बेरुजु प्रतिशत	पेस्की बाहेक बेरुजु प्रतिशत
१	उप महानगरपालिका	४	१७८२५९६७	६१३२४०	३४८३०	३.४४	३.२४
२	नगरपालिका	३२	६७६९११७७	१३०६४६७	७९००५	१.९३	१.८१
३	गाउँपालिका	७३	९६१६३३९१	२५६९५९४	१४१५५१	२.६७	२.५२
जम्मा		**१०९**	**१८१६८०५३५**	**४४८९३०१**	**२५५३८६**	**२.४७**	**२.३३**

१२. **लेखापरीक्षणबाट देखिएका समग्र व्यहोरा** - नेपालको संविधान तथा लेखापरीक्षण ऐन, २०७५ बमोजिम यस प्रदेशका स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा देहाय अनुसार छन् :

- **कानुन निर्माण तथा परिपालना** - संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेका नमूना कानुन अनुसार केही स्थानीय तहमा कानुन निर्माण गर्न बाँकी रहेको, मौजुदा कानुनमा एकरुपता नरहेको, कानुनको परिपालना नभएको लगायत व्यहोरा देखिएका छन् ।

- **वित्तीय विवरण तथा लेखापरीक्षण** - तोकिएको ढाँचामा सबै आर्थिक कारोबार समावेश गरी वित्तीय विवरण तयार नगरेको, एकीकृत वित्तीय विवरण तयार नगरेको, स्वीकृत लेखा फारमहरु प्रयोगमा नल्याएको, गत वर्षको वित्तीय विवरणले देखाएको मौज्दात भन्दा फरक हुने गरी यस वर्ष जिम्मेवारी सारेको, वर्षान्तको मौज्दात फरक परेकोमा बैङ्क हिसाब विवरण तयार नगरेको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीको प्रभावकारी कार्यान्वयन नभएको, सबै आर्थिक कारोबारहरु स्थानीय सञ्चित कोष प्रणाली (सुत्र) बाट नगरेको, आन्तरिक लेखापरीक्षण नगराएको, अन्तिम लेखापरीक्षणबाट देखिएका बेरुजु फर्स्यौंट गरी समयमा सम्परीक्षण नगराएको स्थिति देखिएको छ ।

- **सङ्गठन संरचना तथा मानव संशाधन** - कार्यबोझको आधारमा दरबन्दी स्वीकृति र पदपूर्ति नगरेको, दक्ष र तालिमप्राप्त जनशक्ति व्यवस्थापन नहुँदा विषयगत शाखाबाट सम्पादन हुने कार्य प्रभावकारी हुन नसकेको, दरबन्दी बेगर करार सेवामा नियुक्ति गरेको, कार्यसम्पादन सूचक बेगर अतिरिक्त तथा थप प्रोत्साहन भत्ता खर्च लेखेको, एकमुष्टरुपमा कर्मचारी कल्याण कोषमा रकम ट्रान्फर गरेको, पदाधिकारी तथा कर्मचारीलाई कानुन व्यवस्था नभएका बिभिन्न सुविधा प्रदान गरेको लगायत व्यहोरा देखिएका छन् ।

- **योजना तर्जुमा बजेट तथा कार्यक्रम**- केही स्थानीय तहमा तोकिएको समयमा बजेट पेस नभएको, बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक कार्यविधि स्वीकृत नगरेको, योजना तथा कार्यक्रममा न्यून प्रगति भएको, राजश्व तथा व्ययको अनुमान यथार्थपरक नभएको, बजेट अवण्डामा राखी पटके निर्णयबाट बाँडफाँट गरी खर्च गरेको, सीमाभन्दा बढी रकमान्तर गरेको र विभिन्न कोषमा रहेका रकम प्रयोजन समाप्त भएपछि सम्बन्धित सञ्चित कोषमा फिर्ता नगरेको स्थिति देखिएको छ ।

- **आन्तरिक आय** - लक्ष्य अनुसार सम्पत्ति कर, बहाल कर लगायतका राजश्व असुली नभएको, विभिन्न व्यक्ति वा संस्थाबाट उठ्न बाँकी रकम असुल नगरेको, असुल भएको राजश्व तोकिएको अवधिभित्र सञ्चित कोष दाखिला नगरेको, प्रतिस्पर्धात्मक विधिबाट समयमा नै आय ठेक्का नगरेको एवम् सम्झौता अनुसारको रकम असुल नगरेको, प्रदेश कानुन अनुसार राजश्व बाँडफाँट नगरेको लगायत व्यहोरा देखिएका छन् ।

- **खरिद व्यवस्थापन** - आवश्यकता पहिचान नगरी विस्तृत आयोजना प्रतिवेदन तयार गरेको एवम् पेश भएका प्रतिवेदनहरु स्वीकृत गरी कार्यान्वयन नगरेको, निर्माणस्थलको व्यवस्था नगरी खरिद सम्झौता गरेको, प्रतिस्पर्धात्मक खरिद विधि प्रयोग नगरी सोझै खरिद गरेको, खरिद कार्य समयमा सम्पन्न नगरेको, तोकिएको सीमाभन्दा बढी लागत अनुमान भएका कार्य उपभोक्ता समितिबाट गराएको, उपभोक्ता समितिले सम्झौता अनुसारको योगदान नगरेको, मालसामान खरिदमा ओभरहेड भुक्तानी गरेको, भेरिएसन स्वीकृत नगराई खरिद सम्झौतामा उल्लेख भएको भन्दा बढी परिमाणमा भुक्तानी गरेको, सुत्र एवम् सूचकाङ्क फरक पारी बढी मूल्य समायोजन भुक्तानी गरेको लगायतका व्यहोरा देखिएका छन् ।

- **खर्च व्यवस्थापन** – आन्तरिक आयको विश्लेषण नगरी सुविधा एवं भत्ता वितरण र बजेट खर्च गर्दा प्रचलित कानुनी व्यवस्थाको पूर्ण अनुसरण हुन नसकेको, पेश्की रकम म्याद भित्र फर्स्यौंट नगरेको, विद्यालयका शिक्षकहरुको पारिश्रमिक तथा अन्य रकमहरु बढी निकासा गरेको, निश्चित मापदण्ड बेगर आर्थिक सहायता वितरण गरेको, वितरणमुखी तथा अनुत्पादक खर्च गरेको, अनुदान वितरणको मापदण्ड नबनाएको, वितरित अनुदानबाट प्राप्त नतिजाको अनुगमन नगरेको, कार्यालय सञ्चालन तथा विविध खर्चमा मितव्ययिता हुन नसकेको, खर्च नभई बाँकी रहेको अनुदान रकम सम्बन्धित सञ्चित कोषमा फिर्ता नगरेको लगायत व्यहोरा देखिएका छन् ।

- **अभिलेख तथा अनुगमन** - स्थानीय तहले सार्वजनिक सम्पत्तिको अभिलेख नराखेको, पालिकामा प्रयोग भएका सफ्टवेयरको प्राप्ति, प्रयोग र क्षमताको अभिलेख नराखेको, फर्स्यौंट हुन बाँकी पेश्की र बेरुजुको अभिलेख नराखेको अवस्था छ । लक्षितवर्गमा दिने अनुदान सो समूहमा पुगे नपुगेको अनुगमन नगरेको, सामुदायिक विद्यालयको शैक्षिक उपलब्धि एवम् गुणस्तरको अनुगमन नगरेको, पालिकाभित्र उत्पादन भएका फोहोरको वातावरणमैत्री व्यवस्थापन गर्न नसकेको, आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी नरहेको, कार्यक्षेत्रभित्रका सहकारी संस्थाको कार्यसम्पादनको न्यून अनुगमन गरेको लगायतका अवस्था देखिएका छन्।

स्थानीय तहले स्रोत र साधनको प्राप्ति र परिचालन, विकास निर्माण, सेवा प्रवाह तथा जिम्मेवारी एवं जवाफदेहिताको पालना सम्बन्धमा देखिएका व्यहोराहरु सम्बन्धित स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएको छ ।

१३. **बेरुजु फर्स्यौंट तथा सम्परीक्षण** - लुम्बिनी प्रदेशका १०९ स्थानीय तहको गत वर्षसम्मको कुल बेरुजु रू.२० अर्ब ४३ करोड ४४ लाख १७ हजार रहेकोमा यो वर्ष समायोजन तथा सम्परीक्षणबाट रू.७२ करोड ९८ लाख ४८ हजार फर्स्यौंट भई रू.१९ अर्ब ७० करोड ४५ लाख ६९ हजार बाँकी रहेकोमा यस वर्षको लेखापरीक्षणबाट थप भएको रू.४ अर्ब ४८ करोड ९३ लाख १ हजार समेत रू.२४ अर्ब १९ करोड ३८ लाख ७० हजार बेरुजु बाँकी रहेको छ।

१३.१. लेखापरीक्षण ऐन, २०७५ को दफा २० मा प्रत्येक गाउँपालिका र नगरपालिकाले महालेखा परीक्षकको कार्यालयबाट लेखापरीक्षण गराउनुपर्ने, महालेखापरीक्षकले लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र यसरी जारी भएको प्रतिवेदन स्थानीय तहको प्रचलित कानुन बमोजिम गाउँसभा वा नगरसभामा पेस गरी छलफल गर्नुपर्ने व्यवस्था छ। अधिकांश स्थानीय तहहरूले यस सम्बन्धी कानुन निर्माण गर्न बाँकी रहेकोले प्रतिवेदन छलफल र बेरुजु असुल फस्यौंट एवं नियमित गर्ने कार्यविधिको सम्बन्धमा अस्पष्टता रहेको छ।

१३.२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ मा सभाले आफ्नो कार्य प्रणालीलाई व्यवस्थित गर्न नियमावली बनाई कुनै सदस्यको संयोजकत्वमा लेखा समिति लगायतका समिति गठन गर्न सक्ने उल्लेख छ।स्थानीय तहले लेखा समितिको गठन, कार्यक्षेत्र, बेरुजु फस्यौंटको विधि र प्रक्रियासमेत खुलाई स्पष्ट कानूनी व्यवस्था गरी बेरुजु फस्यौंटमा तदारूकता ल्याउनुपर्दछ।

परिच्छेद

8



लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति

परिच्छेद - ४

लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति

प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३५ बमोजिम महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भई प्रारम्भिक प्रतिवेदनमा औल्याइएका बेरुजुका सम्बन्धमा सो बेरुजुको सूचना प्राप्त भएको ३५ दिनभित्र सम्बन्धित कार्यालयले तोकिएबमोजिम फर्स्यौंट तथा सम्परीक्षण गरी महालेखापरीक्षकको कार्यालयलाई जानकारी गराउनुपर्ने व्यवस्थाअनुसार बेरुजुको कारबाहीको विवरण प्राप्त भएको छ ।

१. **प्रतिवेदन कार्यान्वयन** — लेखापरीक्षण ऐन, २०७५ को दफा १९ (५) मा महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष पेश गरेको प्रतिवेदन मुख्यमन्त्रीमार्फत प्रदेश सभामा पेश गर्ने व्यवस्था छ । महालेखापरीक्षकले गत वर्षसम्म प्रदेशका ५ वटा प्रतिवेदन प्रदेश प्रमुख समक्ष पेश गरेको भएतापनि प्रदेश सभाको सार्वजनिक लेखा समितिमा ३ प्रतिवेदनको दफाबार छलफल भएको देखिएन । महालेखापरीक्षकको वार्षिक प्रतिवेदन सार्वजनिक लेखा समितिमा यथासक्य छिटो छलफल गराई टुंग्याउनुपर्दछ ।

२. **बेरुजु फर्स्यौंट** - यो वर्ष प्रदेशको सरकारी कारोबारतर्फ २६७ कार्यालयको लेखापरीक्षण भएकोमा २०८ कार्यालयको सैद्धान्तिक दफा २ हजार ३१७ र लगती दफा १ हजार ४३७ बाट रू.१ अर्ब ९ करोड ९ लाख ६ हजार बेरुजु देखिएकोमा ३५ कार्यालयको प्रमाण तथा प्रतिक्रिया पेश भई सैद्धान्तिक दफा २ र लगती दफा १०९ को रू.४ करोड ९३ लाख ६१ हजार फर्स्यौंट भई रू.१ अर्ब ४ करोड १५ लाख ४५ हजार बाँकी रहेको छ । समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षण भएका २१ निकायको सैद्धान्तिक दफा २९९ र लगती दफा २९१ बाट रू.८ करोड ५७ लाख ८५ हजार बेरुजु देखिएकोमा ६ निकायको लगती दफा ३२ को रू.९ लाख ८५ हजार बेरुजु प्रतिक्रियाबाट फर्स्यौंट भई रू.८ करोड ४८ लाख बाँकी रहेको छ । कानुनबमोजिम बेरुजु असुल फर्स्यौंट गर्नुपर्दछ ।

३. **सम्परीक्षण** - गत वर्ष प्रदेशको सरकारी कार्यालय, समिति तथा अन्य संस्थातर्फको रू.३ अर्ब ५ करोड ८१ लाख ७५ हजार बेरुजु रहेकोमा रू.१६ करोड ३७ लाख ३९ हजार सम्परीक्षण तथा रू.१ लाख ८८ हजार बेरुजु थप भई रू.२ अर्ब ८९ करोड ४६ लाख २४ हजार बेरुजु बाँकी रहेको छ । सोमा यो वर्ष रू.१ अर्ब १२ करोड ६३ लाख ४५ हजार थप भई रू.४ अर्ब २ करोड ९ लाख ६९ हजार बाँकी रहेको छ ।

४. **बेरुजु न्यूनीकरण** - प्रदेश सरकारको आर्थिक कारोबारमा महालेखापरीक्षकबाट औंल्याइएको त्रुटिलाई सुधार गरी आर्थिक अनुशासनको स्थिति मजबुत बनाउनु पर्दछ । प्रदेश कार्यालयहरूको आन्तरिक नियन्त्रण प्रणाली स्थापना, प्रभावकारी आन्तरिक लेखापरीक्षण, खरिदलगायतका कानुनको पालना, अनुगमन तथा नियमन र कर्मचारीतन्त्रमा जिम्मेवारी वहनको स्थितिमा बढोत्तरी गरी बेरुजु न्यूनीकरणमा ध्यान दिनुपर्दछ ।

परिच्छेद

५



भविष्यमा गर्नुपर्ने सुधार

परिच्छेद - ५

भविष्यमा गर्नुपर्ने सुधार

स्रोत साधनको प्राप्ति र प्रभावकारी परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्न प्रदेशले आवश्यक नीति तथा कानुन तर्जुमा गरी सोअनुसार संगठनात्मक संरचना व्यवस्थापन, पूर्वाधार विकास, सामाजिक विकास, आर्थिक क्रियाकलाप सञ्चालन तथा परिचालनलगायतका कार्यहरू गर्नुपर्दछ । प्रदेश सरकारको कार्य सञ्चालनमा आर्थिक अनुशासन र वित्तीय सुशासन कायम गर्न देहायका पक्षहरूमा सुधार गर्नुपर्ने देखिएको छः

नीतिगत तथा कानुनी व्यवस्था

१. **नीति निर्माण**- प्रदेश सरकारको कार्य जिम्मेवारी पुरा गर्न विभिन्न मन्त्रालय तथा निकायसँग सम्बन्धित दीर्घकालीन तथा अल्पकालीन नीति निर्माण र सो को कार्यान्वयनको लागि वित्तीय एवम् अन्य स्रोत साधन व्यवस्थापन गरी अनुगमनसमेत गर्नुपर्दछ ।

२. **कानुन तर्जुमा** - प्रदेशले नेपालको संविधानको अनुसूचीमा उल्लेख भएका प्रदेशको एकल तथा साझा अधिकार सूचीअनुसारका आवश्यक सबै कानुन तर्जुमा गरी कार्यसम्पादन प्रभावकारी बनाउनुपर्दछ।

३. **कानुन कार्यान्वयन**- प्रचलित कानुनको पालना मार्फत आर्थिक अनुशासन, वित्तीय जवाफदेहिता एवम् कार्यान्वयन पारदर्शिता कायम गर्नुपर्दछ । कर्मचारी एवम् पदाधिकारीलाई कानुन पालना गर्न सजग र जिम्मेवार बनाउनुपर्दछ ।

४. **सेवा/सुविधा** - प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक तथा सुविधासम्बन्धी ऐनअनुसार तोकिएका सेवा/सुविधा मात्र प्रदान गर्ने विषयलाई कडाइका साथ पालना गर्नुपर्दछ । कानुनमा व्यवस्था नगरी पदाधिकारी तथा कर्मचारीलाई सुविधा प्रदान गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ।

संगठन तथा मानव संसाधन व्यवस्थापन

५. **संरचना हेरफेर**- प्रदेश मन्त्रालयहरूको संख्या तथा संरचना पटक पटक थपघट हुँदा कार्य जिम्मेवारीमासमेत हेरफेर भएको छ । जसका कारण प्रशासनिक खर्च बढ्नुका साथै जनशक्ति एवम् भौतिक पूर्वाधार व्यवस्थापनमा कठिनाई हुने तथा जिम्मेवारी र जवाफदेहिता कमजोर हुनेलगायतका समस्या देखिएकोले यसमा सुधार हुनुपर्दछ।

६. **मानव संशाधन व्यवस्थापन** - प्रदेश तहमा यथासमयमा दरबन्दीबमोजिम जनशक्तिको पदपूर्ति हुन नसकेकोले विषयगत र विकास निर्माणलगायतका कार्यसम्पादन गर्न दक्ष प्राविधिक जनशक्ति कमी रहेको छ । तसर्थ दरबन्दीअनुसार पदपूर्ति गरी सेवा प्रवाह तथा कार्यसम्पादन प्रभावकारी बनाउनुपर्दछ।

७. **संगठन संरचना**– संघीय तथा स्थानीय तहबाट सम्पादन हुने कार्यका लागिसमेत प्रदेश छुट्टै कार्यालय स्थापना गरेका कारण संगठन संरचनामा दोहोरोपना देखिएको छ । संघ, प्रदेश र स्थानीय

तहबीच काममा दोहोरोपना नहुने गरी संगठन संरचना निर्माण गर्नुपर्दछ । संगठन संरचना चुस्त र छरितो बनाई सेवा प्रवाह प्रभावकारी बनाउन ध्यान दिनुपर्दछ ।

८. **सेवा प्रवाह** - सेवा प्रवाह मितव्ययी, प्रभावकारी र दक्षतापूर्वक सञ्चालन गर्न टोकन प्रणाली, विद्युतीय व्यवस्थापन प्रणाली, एकद्वार सेवा तथा हेल्पडेस्क व्यवस्थापनलगायतका व्यवस्था कार्यान्वयनमा ल्याउनुपर्दछ । सार्वजनिक तथा सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ, सेवाग्राही सन्तुष्टि सर्वेक्षण जस्ता माध्यमबाट सार्वजनिक सेवाका सम्बन्धमा पृष्ठपोषण लिई सेवा प्रवाहलाई पारदर्शी र जवाफदेही बनाउनुपर्दछ।

९. **अन्तरतह समन्वय**–नेपालको संविधानको धारा २३५ मा संघ, प्रदेश र स्थानीय तहबीच समन्वय कायम गर्न संघीय संसद्ले आवश्यक कानुन बनाउने व्यवस्था छ । विकास कार्यक्रम र आयोजनाको वर्गीकरण तथा बाँडफाँटसम्बन्धी मापदण्ड, २०७६ अनुसार संघ, प्रदेश तथा स्थानीय तहबीच आयोजना तथा कार्यक्रम विभाजन गरी कार्यान्वयन गर्नुपर्दछ । कार्यक्रम सञ्चालन गर्दा संघ, प्रदेश र स्थानीय तहबीच दोहोरो पर्ने समस्या देखिएकोले आवश्यक समन्वय गरी यस्ता समस्या निराकरण गर्नुपर्दछ ।

१०. **प्रदेश समन्वय परिषद्**–प्रदेश तथा स्थानीय तहले गर्ने काम, कारबाहीमा नीतिगत सामञ्जस्यता, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोतसाधनको बाँडफाँट सम्बन्धमा समन्वय गर्न प्रदेश समन्वय परिषद्ले प्रभावकारी भूमिका निभाउनुपर्दछ ।

बजेट व्यवस्थापन

११. **बजेट तर्जुमा** - क्षेत्रगत प्राथमिकता, स्रोत साधनको उपलब्धता, पूर्वाधार विकासको अवस्था, सरोकारवालाको अपेक्षा तथा जनसहभागितालगायतका पक्षमा ध्यान दिई कार्यान्वयनयोग्य बजेट तर्जुमा गर्नुपर्दछ ।

१२. **बजेट अनुशासन** - पूर्व अनुमान गर्न सकिने प्रयोजनका लागिसमेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गर्ने परिपाटीबाट वित्तीय अनुशासन कमजोर हुने र वर्षान्तमा भएका विकास निर्माण कार्यको गुणस्तरमासमेत समस्या आउन सक्ने हुँदा यस्तो प्रवृत्तिमा सुधार हुनुपर्दछ।

१३. **विनियोजन दक्षता** - बजेटअनुसार खर्च हुन नसकेका कारण मन्त्रालयहरूको विनियोजन दक्षता सन्तोषजनक देखिदैन । क्षमता विश्लेषण गरी बजेट विनियोजन तथा कार्ययोजनाअनुसार बजेट तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

१४. **अनुदान उपयोग** —उद्यमशीलता तथा क्षमता विकास, व्यवसायीकरण, आधुनिकीकरण, रोजगारी प्रवर्द्धनलगायतका आधारमा अनुदान प्रदान गर्नुपर्दछ । उत्पादन र उत्पादकत्व वृद्धि हुनेगरी नतिजामूलक क्षेत्रमा अनुदान दिने व्यवस्था गरिनुपर्दछ । अनुदान वितरणको मापदण्ड बनाई वितरित अनुदानको परीपालन बारे अनुगमन गर्नुपर्दछ । अनुदानबाट आम नागरिकले प्राप्त गर्ने सुविधा सुनिश्चित गरिनुपर्दछ ।

१५. **चालु खर्च नियन्त्रण** - प्रदेश सरकारको चालु खर्च वर्षेनी बढ्दै गएको देखिन्छ । छरितो सङ्गठन संरचना र कार्य प्रणाली तर्जुमा गरी चालु खर्चलाई वाञ्छित सीमाभित्र राखिनुपर्दछ ।

१६. **आन्तरिक नियन्त्रण** - प्रदेश मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्य मितव्ययी, दक्षतापूर्वक र प्रभावकारी ढंगबाट सम्पादन गर्न कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

आयोजना तथा कार्यक्रम व्यवस्थापन

१७. **आयोजना व्यवस्थापन**- प्रदेशले निश्चित सूचक र मापदण्डको आधारमा आयोजनाको प्राथमिकीकरण तथा छनोट गर्नुपर्दछ । दिगो विकास लक्ष्य, आवधिक योजना, मध्यमकालीन खर्च संरचना तथा बजेट बीच सम्बन्ध हुनेगरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ । आयोजना बैङ्क तयार गरी सो भन्दा बाहिरका आयोजना बजेटमा समावेश नगर्ने व्यवस्था गरिनुपर्दछ ।

१८. **परामर्श सेवा तथा प्रतिवेदन कार्यान्वयन**– संगठनको जनशक्तिबाट गर्न सकिने कार्य बाह्य परामर्शदाताबाट गराउने प्रवृत्तिमा सुधार हुनुपर्दछ । सम्भाव्यता अध्ययन तथा विस्तृत आयोजना प्रतिवेदनको अभिलेख राखी वार्षिक कार्यक्रम र बजेटसंग आबद्ध गर्नुपर्दछ ।

खरिद व्यवस्थापन

१९. **नर्म्स** - निर्माण कार्य एवम् परामर्श सेवाको लागत अनुमान तयार गर्न प्रयोग हुने नर्म्सलाई प्रविधिमा भएको परिवर्तनअनुसार अद्यावधिक गर्नुपर्दछ । साथै स्वीकृत नर्म्सको पालना गरी खर्च गर्नुपर्दछ।

२०. **खरिद सम्झौता कार्यान्वयन** - खरिद कार्यको प्रारम्भिक चरणमा गरिसक्नुपर्ने जग्गा प्राप्ति, वातावरणीय प्रभाव अध्ययन, अन्तरनिकाय समन्वयलगायतका कार्यहरू सम्पन्न भएपछि मात्र खरिद गर्नुपर्दछ। सम्झौताअनुसारको काम समयमै सम्पन्न गर्न कार्यतालिका बनाई कार्यान्वयन गर्ने, समयमा कार्य सम्पन्न नगरेकोमा क्षतिपूर्ति लिने व्यवस्था कडाइका साथ कार्यान्वयन गर्ने, सार्वजनिक खरिद कानुनको पालना गर्ने, खरिद कार्यमा संलग्न पदाधिकारीले जिम्मेवारी र जवाफदेहिता पालना गर्न अनुगमनलाई प्रभावकारी बनाउनेलगायतका कार्य गरी खरिद कार्य व्यवस्थित गर्नुपर्दछ ।

२१. **प्रतिस्पर्धा** - सार्वजनिक खरिदमा प्रतिस्पर्धा सीमित हुने गरी कामलाई टुक्रा पारी सोझै खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ । खरिदलाई प्रतिस्पर्धायुक्त बनाउन विद्युतीय बोलपत्र सूचना प्रणाली अवलम्बन गर्नुपर्दछ।

२२. **उपभोक्ता समिति परिचालन**- सार्वजनिक खरिद नियमावलीमा उल्लिखित सीमाभन्दा बढीको काम टुक्रापारी उपभोक्ता समितिलाई दिने, उपभोक्ता समितिले निर्माण व्यवसायीबाट काम गराउने र बोलपत्र प्रतिस्पर्धा गर्नुपर्ने कार्यसमेत उपभोक्ता समितिबाट गरे, गराएको देखिँदा यस्तो परिपाटी नियन्त्रण गरिनुपर्दछ ।

२३. **गुणस्तर परीक्षण** - सार्वजनिक निर्माण कार्य दिगो र प्रतिफलमुखी बनाउन डिजाइन, स्पेसिफिकेशन र गुणस्तर आश्वस्तता योजनाअनुसार निर्माणमा प्रयोग हुने सामग्री र सम्पन्न निर्माण कार्यको गुणस्तर परीक्षण गर्ने व्यवस्था अनिवार्य गर्नुपर्दछ । सम्पन्न आयोजनाको प्रभावसमेत मूल्याङ्कन गर्नुपर्दछ ।

भौतिक पूर्वाधार विकास

२४. पूर्वाधार विकास - प्रदेश मातहतका सबै जिल्लामा सडक, सिँचाइ, खानेपानी, पर्यटन, दूरसञ्चार, विद्युत, विद्यालय, स्वास्थ्यलगायतका पूर्वाधारको विकास हुनेगरी स्रोत व्यवस्थापन गर्नुपर्दछ । त्यसैगरी प्रदेश राजधानी रहने स्थानमा भवनसहितका पूर्वाधार संरचनाको विकास गर्नुपर्दछ ।

२५. **जोखिम न्यूनीकरण** - विपद् व्यवस्थापन अन्तर्गत जोखिमको आकलन, पूर्व तयारीको व्यवस्था, राहत तथा पुनर्स्थापना एवम् पुनर्निर्माण र समन्यायीकरणको अवस्था निर्माण गर्न आवश्यक योजना र तयारीको कार्य गर्नुपर्दछ । सोका लागि आवश्यक पर्ने स्रोतसाधनको व्यवस्थापनमा ध्यान दिनुपर्दछ।

२६. **प्रविधिको प्रयोग** - प्रदेश सरकारले सम्पादन गर्ने विकास निर्माण र सेवा प्रवाहलाई प्रभावकारी बनाउन प्रविधिजन्य पूर्वाधारको प्राप्ति, परिचालन र नतिजामा सहजता आउने संयत्रहरूको विकास गर्दै जानुपर्दछ।

सार्वजनिक स्रोत र सम्पत्ति संरक्षण

२७. **सम्पत्ति व्यवस्थापन** - संघबाट प्रदेश तथा स्थानीय तहमा प्राप्त जिन्सी सामान, सवारी साधन, भवन लगायत हस्तान्तरण भएका सम्पत्ति तथा विद्यमान अन्य सम्पत्तिको अभिलेख सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा अद्यावधिक गर्नुपर्दछ। त्यसैगरी ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पुरातात्विक महत्वका सम्पदा लगायत अन्य सार्वजनिक जग्गा, भवन लगायतको सम्पत्तिको उचित अभिलेख राखी उपयोग र संरक्षण गर्नुपर्दछ ।

राजस्व परिचालन

२८. **आन्तरिक राजस्व** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४बमोजिम प्रदेश सरकारको अधिकार क्षेत्रमा पर्ने घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्कलगायतका क्षेत्रमा अध्ययन गरी राजस्वको दायरामा बढोत्तरी गर्नुपर्दछ। कानुनमा व्यवस्था नगरी कर तथा शुल्कमा छुट दिने कार्य नियन्त्रण गर्नुपर्दछ ।

२९. **विभाज्य कोष** – संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार अन्तर्गत सङ्कलन भएको सबै राजस्व सम्बन्धित विभाज्य कोषमा जम्मा गरी समयमै बाँडफाँट गर्नुपर्दछ ।

वित्तीय प्रशासन तथा आर्थिक अनुशासन

३०. **आन्तरिक लेखापरीक्षण** – आन्तरिक लेखापरीक्षणको प्रभावकारिता अभिवृद्धि गर्न पेशागत कार्यात्मक स्वतन्त्रता र सक्षमता अभिवृद्धि गर्ने र आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका व्यहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै सुधार गर्ने गरी निकायहरूले भूमिका खेल्नुपर्दछ ।

३१. **आचारसंहिता पालना** – सार्वजनिक जवाफदेहिताको पदमा बहाल पदाधिकारीका लागि प्रचलित कानुनमा उल्लेख भएका आचरणगत व्यवस्था कडाइका साथ परिपालना एवम् सोको अनुगमन गर्ने व्यवस्था मिलाउनुपर्दछ । सार्वजनिक पदाधिकारी वित्तीय, पारिवारिक तथा व्यवसायलगायतका स्वार्थ बाझिने क्रियाकलापमा संलग्न हुन नपाउने व्यवस्था गर्नुपर्दछ ।

३२. **प्रतिवेदन कार्यान्वयन** - आन्तरिक र अन्तिम लेखापरीक्षण प्रतिवेदन र अन्य नियमनकारी निकायबाट पेश भएका प्रतिवेदनमा औंल्याइएका व्यहोराको सम्बन्धमा सयममा कारबाही टुङ्गो लगाई आर्थिक अनुशासन कायम गर्नु, गराउनु पर्दछ ।

३३. **अनुगमन र मूल्याङ्कन** - प्रदेशको वित्तीय प्रशासन र आर्थिक अनुशासन सबल बनाउन अनुगमन, मूल्याङ्कन, जिम्मेवारी र जवाफदेहिता पालना गर्नुपर्ने व्यवस्था कार्यान्वयनमा ल्याउनुपर्दछ ।

उपर्युक्तअनुसारका नीतिगत, कानुनी, व्यवस्थापकीय र प्रक्रियागत विषयमा सुधार गरी असल वित्तीय व्यवस्थापनका माध्यमबाट सार्वजनिक जवाफदेहिता, आर्थिक सुशासन तथा पारदर्शिता प्रवर्द्धन भई सेवा प्रवाह प्रभावकारी हुने, पूर्वाधार क्षेत्रको विकासका माध्यमबाट अधिकतम प्रतिफल प्राप्त भई जीवनस्तरमा सुधार आउने अपेक्षा गरिएको छ ।



अनुसूचीहरू

अनुसूचीहरू

अनुसूची -१
(प्रतिवेदनको परिच्छेद १ सँग सम्बन्धित)

लेखापरीक्षण गरिएका सरकारी कार्यालयहरूको विवरण
(विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
२०७९।८०

(रकम रू. हजारमा)

क्र. सं.	मन्त्रालय र निकायको नाम	कार्यालय संख्या	बेरुजु भएका कार्यालयको संख्या	बेरुजु रकम
१	प्रदेश सभा सचिवालय	१	१	१५०३२
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१२	४	१३५
३	आन्तरिक मामिला, कानुन तथा सहकारी मन्त्रालय	२३	१४	८८२२
४	आर्थिक मामिला मन्त्रालय	१३	५	३९८
५	उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय	१४	१४	१७७९
६	कृषि तथा भूमि व्यवस्था मन्त्रालय	७८	४७	५३०२१
७	खानेपानी, ग्रामीण तथा सहरी विकास मन्त्रालय	१९	१९	२४७००९
८	भौतिक पूर्वाधार विकास मन्त्रालय	३३	३३	५३२५१३
९	वन तथा वातावरण मन्त्रालय	२१	२१	४९२३६
१०	सामाजिक विकास मन्त्रालय	९	९	६९३००
११	स्वास्थ्य मन्त्रालय	२८	२७	५१९९९
१२	श्रम रोजगार तथा यातायत व्यवस्था मन्त्रालय (साविक)	१०	९	१८४६
१३	महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय (साविक)	२	२	१०००६
१४	प्रदेश योजना आयोग	१	१	९५
१५	प्रदेश लोक सेवा आयोग	१	१	३५४
१६	मुख्य न्यायाधिवक्ताको कार्यालय	१	१	०
	जम्मा	**२६६**	**२०८**	**१०४१५४५**

अनुसूची -१ (क)
(प्रतिवेदनको परिच्छेद १ सँग सम्बन्धित)

लेखापरीक्षण गरीएका सरकारी कार्यालयहरूको विवरण

२०७९।८०

क्र.सं	मन्त्रालय र निकायको नाम	कार्यालय संख्या
१	**प्रदेश सभा सचिवालय**	**१**
२	**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**	**१२**
२.१	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेश	१
२.२	जिल्ला समन्वय समितिको कार्यालयहरु	११
३	**आन्तरिक मामिला, कानुन तथा सहकारी मन्त्रालय**	**२३**
३.१	आन्तरिक मामिला, कानुन तथा सहकारी मन्त्रालय	१
३.२	जिल्ला प्रशासन कार्यालयहरु	४
३.३	जिल्ला प्रहरी कार्यालयहरु	१२
३.४	लुम्बिनी प्रदेश ट्राफिक प्रहरी कार्यालय, बुटवल	१
३.५	लुम्बिनी प्रदेश दंगा नियन्त्रण प्रहरी गण	१
३.६	लुम्बिनी प्रदेश प्रहरी अस्पताल, नेपालगञ्ज	१
३.१८	लुम्बिनी प्रदेश प्रहरी तालिम केन्द्र, बुटवल	१
३.१९	प्रदेश सहकारी दर्ता अधिकारीको कार्यालय, रासी उपत्यका	१
३.२०	सहकारी प्रशिक्षालय	१
४	**आर्थिक मामिला मन्त्रालय**	**१३**
४.१	आर्थिक मामिला मन्त्रालय	१
४.२	प्रदेश लेखा नियन्त्रक कार्यालय	१
४.३	प्रदेश लेखा इकाइ कार्यालयहरु	११
५	**उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय**	**१४**
५.१	उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय	१
५.२	उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय	१
५.३	घरेलु तथा साना उद्योग कार्यालय	१०
५.४	घरेलु तथा साना उद्योग विकास समिति	२
६	**कृषि तथा भूमि व्यवस्था मन्त्रालय**	**७८**
६.१	कृषि तथा भूमि व्यवस्था मन्त्रालय, लुम्बिनी प्रदेश	१
६.२	कृषि विकास निर्देशनालय, रुपन्देही	१
६.३	कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र	१
६.४	पशुपन्छि तथा मत्स्य विकास निर्देशनालय, रुपन्देही	१
६.५	एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालयहरु	३
६.६	कृषि ज्ञान केन्द्रहरु	९
६.७	भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र	९
६.८	कुखुरा विकास फार्म, बाँके	१
६.९	पशु रोग अन्वेषण प्रयोगशाला, नवलपरासी ब सु प	१
६.१०	पशु सेवा तालिम केन्द्र	१
६.११	बाली संरक्षण प्रयोगशाला, खजुरा	१
६.१२	बीउ विजन प्रयोगशालाहरु	२
६.१३	मत्स्य विकास केन्द्र, महादेवपुरी	१
६.१४	माटो तथा मल परिक्षण प्रयोगशाला	१
६.१५	नापी कार्यालयहरु	२१
६.१६	विशेष नापी कार्यालयहरु	२
६.१७	मालपोत कार्यालयहरु	२२
७	**खानेपानी, ग्रामीण तथा सहरी विकास मन्त्रालय**	**१९**

क्र.सं	मन्त्रालय र निकायको नाम	कार्यालय संख्या
७.१	खानेपानी, ग्रामीण तथा सहरी विकास मन्त्रालय	१
७.२	खानेपानी तथा सरसफाई डिभिजन कार्यालय	९
७.३	शहरी विकास तथा भवन कार्यालयहरु	५
७.४	पर्यटन डिभिजन कार्यालयहरु	२
७.५	पर्यटन विकास परिषद्, रुपन्देही	१
७.६	प्रदेश राजधानी निर्माण आयोजना कार्यान्वयन इकाइ	१
८	**भौतिक पूर्वाधार विकास मन्त्रालय**	**३३**
८.१	भौतिक पूर्वाधार विकास मन्त्रालय, लुम्बिनी प्रदेश	१
८.२	उर्जा, जलस्रोत तथा सिचाई मन्त्रालय	१
८.३	यातायात पूर्वाधार निर्देशनालय	१
८.४	सडक पूर्वाधार विकास कार्यालयहरु	११
८.५	जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालयहरु	१२
८.६	भुमिगत जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालयहरु	३
८.७	प्रगन्ना बड्कापथ सिंचाई व्यवस्थापन कार्यालय	१
८.८	वाणगंगा सिंचाई व्यवस्थापन कार्यालय,कपिलवस्तु	१
८.९	ग्रामीण सडक सञ्जाल सुधार आयोजना कार्यान्वयन इकाई, बुटवल	१
८.१०	माडी लुङ्ग्रि सिंचाइ आयोजना	१
९	**वन तथा वातावरण मन्त्रालय**	**२१**
९.१	वन तथा वातावरण मन्त्रालय	१
९.२	प्रदेश वन निर्देशनालय	१
९.३	डिभिजन वन कार्यालयहरु	१४
९.४	भू तथा जलाधार व्यवस्थापन कार्यालय	४
९.५	वन अनुसन्धान तथा प्रशिक्षण केन्द	१
१०	**सामाजिक विकास मन्त्रालय**	**९**
१०.१	सामाजिक विकास मन्त्रालय	१
१०.२	शिक्षा विकास निर्देशनालय	१
१०.३	शिक्षा तालिम केन्द्र	१
१०.४	सामाजिक विकास डिभिजन कार्यालय	६
११	**स्वास्थ्य मन्त्रालय**	**२८**
११.१	स्वास्थ्य मन्त्रालय	१
११.२	स्वास्थ्य निर्देशनालय, राप्ती उपत्यका	१
११.३	स्वास्थ्य तालिम केन्द्र, बुटवल	१
११.४	प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, बुटवल	१
११.५	प्रदेश जनस्वास्थ्य प्रयोगशाला, भैरहवा	१
११.६	स्वास्थ्य कार्यालयहरु	१२
११.७	आयुर्वेद स्वास्थ्य केन्द्र	१०
११.८	लुम्बिनी आयुर्वेद चिकित्सालय, बुटवल	१
१२	**श्रम रोजगार तथा यातायत व्यवस्था मन्त्रालय (साविक)**	**१०**
१२.१	श्रम रोजगार तथा यातायत व्यवस्था मन्त्रालय (साविक)	१
१२.२	यातायात व्यवस्था कार्यालय	४
१२.३	यातायात व्यवस्था सेवा कार्यालय	५
१३	**महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय (साविक)**	**२**
१३.१	पाल्पा दरबार सङ्ग्रहालय	१
१३.२	महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, लुम्बिनी प्रदेश	१
१४	**प्रदेश योजना आयोग**	**१**
१५	**प्रदेश लोक सेवा आयोग**	**१**
१६	**मुख्य न्यायाधिवक्ताको कार्यालय**	**१**
	जम्मा	**२६६**

अनुसूची - १(ख)
(प्रतिवेदनको परिच्छेद १ सँग सम्बन्धित)

लेखापरीक्षण गरिएका समिति र अन्य संस्थाहरुको विवरण

क्र.सं.	समिति र अन्य संस्थाको नाम		संख्या
१.	**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**		**२**
	१.१	प्रदेश प्रशिक्षण प्रतिष्ठान	१
	१.२	प्रदेश पूर्वाधार विकास प्राधिकरण	१
२.	**आन्तरिक मामिला, कानुन तथा सञ्चार मन्त्रालय**		**१**
	२.१	सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठान	१
३.	**सामाजिक विकास मन्त्रालय**		**३**
	३.१	लुम्बिनी प्राविधिक विश्वविद्यालय	१
	३.२	प्रदेश युवा परिषद विकास समिति	१
	३.३	प्रदेश खेलकुद परिषद	१
४.	**स्वास्थ्य मन्त्रालय**		**१६**
	४.१	भीम अस्पताल विकास समिति	१
	४.२	लुम्बिनी प्रादेशिक अस्पताल विकास समिति	१
	४.३	रोल्पा अस्पताल विकास समिति	१
	४.४	रामपुर अस्पताल विकास समिति	१
	४.५	राप्ती प्रादेशिक अस्पताल विकास समिति	१
	४.६	राप्ती आयुर्वेद चिकित्सालय विकास समिति	१
	४.७	बर्दिया अस्पताल विकास समिति	१
	४.८	प्रादेशिक आयुर्वेद चिकित्सालय विकास समिति	१
	४.९	प्युठान अस्पताल समिति	१
	४.१०	पृथ्वीचन्द्र अस्पताल विकास समिति	१
	४.११	पाल्पा अस्पताल विकास समिति	१
	४.१२	रुकुम पूर्व अस्पताल विकास समिति	१
	४.१३	चिसापानी अस्पताल विकास समिति	१
	४.१४	गुल्मी अस्पताल विकास समिति	१
	४.१५	कपिलवस्तु अस्पताल विकास समिति	१
	४.१६	अर्घाखाँची अस्पताल विकास समिति	१
		कुल जम्मा	**२२**

अनुसूची - २

प्रतिवेदनको परिच्छेद १ को दफा १ सँग सम्बन्धित

प्रदेश कार्यालयको लेखापरीक्षण रकम

२०७९।८०

(रकम रू. हजारमा)

क्र.स	मन्त्रालय/निकाय	विनियोजन				राजस्व				धरौटी				अन्य कारोबार				लेखापरीक्षण सम्पन्न रकम
		लेखापरीक्षण हुनुपर्ने		सम्पन्न		लेखापरीक्षण हुनुपर्ने		सम्पन्न		लेखापरीक्षण हुनुपर्ने		सम्पन्न		लेखापरीक्षण हुनुपर्ने		सम्पन्न		
		इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	
१	प्रदेश सभा सचिवालय	१	२२४०५२	१	२२४०५२	१	७१	१	७१	१	३९८२	१	३९८२	१	१२४४१	१	१२४४१	२४०५४६
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१२	६७०४७०	१२	६७०४७०	३	१५९९	३	१५९९	५	२२८७३	५	२२८७३	९	३३२२५	९	३३२२५	७२८१६७
३	आन्तरिक मामिला, कानुन तथा सहकारी मन्त्रालय	२३	४०२७७३	२३	४०२७७३	१५	८२५	१५	८२५	२२	२५८९४	२२	२५८९४	१४	३५२०२१	१४	३५२०२१	७८१५१३
४	आर्थिक मामिला मन्त्रालय	१३	१३०००८	१३	१३०००८	१५	१११११५८२९	१५	१११११५८२९	१३	१५८३७	१३	१५८३७	१२	२२६६२	१२	२२६६२	११२८४३३६
५	उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय	१४	२५८१७४	१४	२५८१७४	२५	१११०७८	२५	१११०७८	१५	१४४२१	१५	१४४२१	१२	१५४२८४	१२	१५४२८४	५३७९५७
६	कृषि तथा भूमि व्यवस्था मन्त्रालय	७८	१४६४७२२	७८	१४६४७२२	३१	२३४९०	३१	२३४९०	२९	२३१२७	२९	२३१२७	७	४४०४७८	७	४४०४७८	१९५१८१७
७	खानेपानी, ग्रामीण तथा सहरी विकास मन्त्रालय	१९	५३४८७१६	१९	५३४८७१६	१८	१७७५५	१८	१७७५५	१८	६०८९५१	१८	६०८९५१	२	७८४	२	७८४	५९७६२०६
८	भौतिक पूर्वाधार विकास मन्त्रालय	३३	१०४४६५१९	३३	१०४४६५१९	२९	३३३५२८	२९	३३३५२८	३१	१६५४३५६	३१	१६५४३५६	३	२७९१	३	२७९१	१२४३७१९४
९	वन तथा वातावरण मन्त्रालय	२१	१५३६३२७	२१	१५३६३२७	१६	२१०९०८	१६	२१०९०८	२०	२७११२०	२०	२७११२०	१३	२११९५४	१३	२११९५४	२२३०३०९
१०	सामाजिक विकास मन्त्रालय	९	२०३६४१८	९	२०३६४१८	३०	६७३२२	३०	६७३२२	१२	११८८७	१२	११८८७	५	१२०३२	५	१२०३२	२१२७६५९
११	स्वास्थ्य मन्त्रालय	२८	२९९२९९७	२८	२९९२९९७	३७	१४०७२२	३७	१४०७२२	३८	१४५४०८	३८	१४५४०८	३५	४२४८५०	३५	४२४८५०	३७०३९७७
१२	श्रम रोजगार तथा यातायत व्यवस्था मन्त्रालय (साविक)	१०	१८२९८८	१०	१८२९८८	८	३१४२९१२	८	३१४२९१२	७	१६५९	७	१६५९	१	८४	१	८४	३३२७६४३
१३	महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय (साविक)	२	२९९४३९	२	२९९४३९	२	८७	२	८७	२	५८२५	२	५८२५	१	१००००	१	१००००	३१५३५१
१४	प्रदेश योजना आयोग	१	२१०४१	१	२१०४१	०	०	०	०	०	०	०	०	१	२१२	१	२१२	२१२५३
१५	प्रदेश लोक सेवा आयोग	१	९१८५४	१	९१८५४	१	१२३०३०	१	१२३०३०	१	११७	१	११७	०	०	०	०	२१५००१
१६	मुख्य न्यायाधिवक्ताको कार्यालय	१	१२१५९	१	१२१५९	०	०	०	०	०	०	०	०	१	१५	१	१५	१२१७४
१७	अर्थ विविध		१७५८		१७५८	०	०	०	०	०	०	०	०	०	०	०	०	१७५८
१८	स्थानीय तह वित्तीय हस्तान्तरण	०	४१२३७४०	०	४१२३७४०	०	०	०	०	२	८३	२	८३	४	१५८९	४	१५८९	४१२५४१२
	जम्मा	**२६६**	**३०२४४१५५**	**२६६**	**३०२४४१५५**	**२३१**	**१५२८९१५६**	**२३१**	**१५२८९१५६**	**२१६**	**२८०५५४०**	**२१६**	**२८०५५४०**	**१२१**	**१६७९४२२**	**१२१**	**१६७९४२२**	**५००१८२७३**
	वक्यौता	१	८८५०	१	८८५०	१	३२	१	३२	१	१०५६	१	१०५६	०	०	०	०	९९३८
	कुल जम्मा	**२६७**	**३०२५३००५**	**२६७**	**३०२५३००५**	**२३२**	**१५२८९१८८**	**२३२**	**१५२८९१८८**	**२१७**	**२८०६५९६**	**२१७**	**२८०६५९६**	**१२१**	**१६७९४२२**	**१२१**	**१६७९४२२**	**५००२८२११**

अनुसूची - ३

(प्रतिवेदनको परिच्छेद १ को दफा २ सँग सम्बन्धित)

समिति तथा अन्य संस्थाको लेखापरीक्षण विवरण

२०७९।८०

(रकम रू. हजारमा)

क्र.सं.	मन्त्रालय र निकायको नाम	लेखापरीक्षण		प्रतिवेदन		लेखापरीक्षण सम्पन्न रकम
		हुनुपर्ने	सम्पन्न	अन्तिम	प्रारम्भिक	
१.	अस्पताल विकास समितिहरू	१५	१४	०	१४	६४००७०५
२.	आयुर्वेद चिकित्सालय विकास समितिहरु	२	२	०	२	१६७४३९
३	प्रतिष्ठानहरु	२	२	०	२	२५९५२१
४	विश्वविद्यालय	१	१	०	१	१५७४०७
५	विकास समिति	१	१	०	१	३७१०
६	प्राधिकरण	१	१	०	१	८३२३८४
७	परिषद्	१	१	०	१	६६५५२
	जम्मा	**२३**	**२२**	**०**	**२२**	**७८८७७१८**

अनुसूची-३ (क)
(प्रतिवेदनको परिच्छेद ३ को दफा ३२ सँग सम्बन्धित)

समिति तथा अन्य संस्थाको वक्यौता विवरण
२०७९।८०

क्र.स.	समितिको नाम	आर्थिक वर्ष
१	रुकुम पूर्व अस्पताल विकास समिति	२०७७।७८

अनुसूची – ४

(प्रतिवेदनको परिच्छेद १ को दफा १.२ सँग सम्बन्धित)

समिति तथा अन्य संस्था लेखापरीक्षण रकम, बेरुजु र सञ्चालन नतिजा

२०७९।८०

(रकम रू. हजारमा)

क्र. सं	कार्यालयको नाम	लेखापरीक्षण रकम	बेरुजु रकम	वर्षको सुरु मौज्दात	आय				व्यय					यो वर्षको बचत	वर्षान्तको मौज्दात
					बिक्री / सेवा शुल्क	अनुदान	अन्य आय	जम्मा	प्रत्यक्ष	संचालन खर्च	कर्मचारी खर्च	अन्य खर्च	जम्मा खर्च		
१	प्रदेश प्रशिक्षण प्रतिष्ठान, बाँके	१७८०४८	२२७३४	१६२०	०	८८८७३	०	८८८७३	८८८७३	०	०	३०२	८९१७५	-३०२	१३१८
२	प्रदेश पूर्वाधार विकास प्राधिकरण	८३२३८४	५८३७	५५४७	०	३७७०७०	४६५०५	४२३५७५	०	३५८६०४	१८४६५	३१७३९	४०८८०९	१४७६६	२०३१३
३	सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठान	८१४७४	०	३०	०	१५५२१	२५४३२	४०९५३	२५०००	०	१५५२१	०	४०५२१	४३२	४६२
४	लुम्बिनी प्राविधिक विश्वविद्यालय	१५७४०७	९०७	०	१२	१०००००	८५४	१००८६६	५६५४१	०	०	०	५६५४१	४४३२५	४४३२५
५	प्रदेश युवा परिषद विकास समिति, रुपन्देही	३७१०	०	०	०	१८५५	०	१८५५	०	१८५५	०	०	१८५५	०	०
६	प्रदेश खेलकुद परिषद, लुम्बिनी	६६५५२	२३१५३	०	०	३३२७६	०	३३२७६	३६५९	०	२९३	२९३२३	३३२७६	०	०
७	भीम अस्पताल विकास समिति	४४१४१८	२०४९	१२७३५	०	१२६८१७	९२०२९	२१८८४६	२४८९६	१२५३४	८२५१७	१०२६२४	२२२५७२	-३७२६	९००९
८	लुम्बिनी प्रादेशिक अस्पताल विकास समिति	३३३०५१३	९०८४	२३०९०४	८४३१३३	६०९५२३	१४२४१७	१५९५०७३	३८७५५१	७२४९९९	६०९५२३	१३३६८	१७३५४४०	-१४०३६८	९०५३६
९	रोल्पा अस्पताल विकास समिति	२४२३३३	०	१६८७४	५२०८०	५६५५८	१४२०८	१२२८४५	२२४१३	३३९३६	३२२१८	३०९२२	११९४८८	३३५८	२०२३२
१०	रामपुर अस्पताल विकास समिति	१५४५१२	०	५७८६	११५२४	२९२६३	३९७३८	८०५२५	९४४	२२४८८	१०८१७	३९७३८	७३९८७	६५३८	१२३२३
११	रासी प्रादेशिक अस्पताल, दाङ	५८४३१४	१८२२	४९४७	१०१९६५	१६४९२०	३२१६०	२९९०४५	१३३५६	१९५०२७	७६३५१	५३६	२८५२६९	१३७७६	१८७२२
१२	रासी आयुर्वेद चिकित्सालय, दाङ	२८९५८	०	०	०	१४४७९	०	१४४७९	०	०	०	१४४७९	१४४७९	०	०
१३	बर्दिया अस्पताल विकास समिति	१६७६२५	०	१४८७	२४४९०	१८३२५	४०४९५	८३३१०	५३०५८	१६४९९	१४७५८	०	८४३१५	-१००६	४८१
१४	प्रादेशिक आयुर्वेद चिकित्सालय अस्पताल विकास समिति	१३८४८१	१००	५९२८	१५९५३	५३४५१	८७३	७०२७७	६३६७	५३४५१	६७९१	१५९६	६८२०४	२०७३	८००१
१५	प्युठान अस्पताल अस्पताल विकास समिति	३२४८०२	२५०४	८१२३	०	८५४४६	७९६६५	१६५१११	८५४४६	७३०५६	०	११८९	१५९६९१	५४२०	१३५४४
१६	पृथ्वीचन्द्र अस्पताल विकास समिति	२३१४३६	२८६४	७९७०	११२२६	६४९६६	४००७३	११६२६४	३१७१२	११२०४	३३२५४	३९००२	११५१७२	१०९२	९०६२
१७	पाल्पा अस्पताल विकास समिति	१५९००५	५५९३	२३०८२	३६१३५	३९०७१	६१४४	८१३५०	१९४६१	२६७७७	३०५०२	९१४	७७६५५	३६९५	२६७७७
१८	रुकुम पूर्व अस्पताल विकास समिति	१०७८०८	७४०	१०८५	१२८४३	४०७६५	३१५	५३९२३	४०७६५	०	०	१३१२०	५३८८५	३८	११२३
१९	चिसापानी अस्पताल विकास समिति	४५८५०	४४७१	३२००	१६४६९	७३६१	०	२३८३०	१०७४९	१२८४	३६१३	६३७३	२२०२०	१८११	५०११
२०	गुल्मी अस्पताल विकास समिति	२६०९८८	८९८	११८६८	८६५९४	५३५०५	०	१४००९८		२११३०	४६०९९	५३६६२	१२०८९०	१९२०८	३१०७६
२१	कपिलवस्तु अस्पताल विकास समिति	१५०९७७	२०४४	४८४६	७६३९६	१२००	३२९९	८०८९५	३९३४०	१००६१	१९१६२	१५२०	७००८२	१०८१३	१५६५९
२२	अर्घाखाँची अस्पताल विकास समिति	१९९१२३	०	५४३	५८६९७	४६४१७	४७८	१०५५९३	३०८७९	४६४८४	१५५३८	६२८	९३५३०	१२०६३	१२६०६
	जम्मा	**७८८७७१८**	**८४८००**	**३४६५७४**	**१३४७५१७**	**२०२८६६२**	**५६४६८३**	३९४०८६२	**९४१०१०**	**१६०९३८९**	**१०१५४२२**	**३८१०३५**	**३९४६८५६**	**-५९९४**	**३४०५८०**

अनुसूची –५

(प्रतिवेदनको परिच्छेद २ को दफा ४.६ सँग सम्बन्धित)

पेश्की बाँकीको विवरण

२०७९।८०

(रकम रू. हजारमा)

सि.नं.	मन्त्रालय र निकायको नाम	गत सम्मको बाँकी	यो वर्षको फर्स्यौट	गत सम्मको बाँकी	यो वर्ष थप	कुल जम्मा
१	सरकारी कार्यालय तर्फ	१२९८२५९	५७६८३२	७२१४२७	१०२६३८९	१७४७८१६
२	समिति तथा अन्य संस्था तर्फ	२९५६९	०	२९५६९	०	२९५६९
	जम्मा	**१३२७८२८**	**५७६८३२**	**७५०९९६**	**१०२६३८९**	**१७७७३८५**

अनुसूची - ६

(प्रतिवेदनको परिच्छेद २ को दफा ४.७ सँग सम्बन्धित)

कुल असुली विवरण

२०७९।८०

